# स्वास्थ्य मन्त्रालयबाट विनियोजित बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

## आ.व.२०८१/०८२

२०८१/०४/२८

स्वास्थ्य मन्त्रालय

कोशी प्रदेश, बिराटनगर,नेपाल।

### *१. प्रत्येक कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित निकायले देहाय बमोजिम पालना गर्नु/ गराउनुपर्नेछः*

- स्वीकृत बजेट तथा कार्यक्रम उद्देश्य परिपूर्ति हुने गरी अग्रिम रुपमा संचालन प्रक्रिया र वार्षिक कार्य योजना एवं बार्षिक खरिद योजना तयार गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्रहरुले स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले सबै कार्यालयबाट आएको कार्ययोजनालाई एकीकृत गरी साथै आफ्नो वार्षिक कार्ययोजना समेत बनाई स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।
- प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल र प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरले वार्षिक कार्ययोजना तथा खरिद योजना तयार गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।
- स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०८१/०८२, च.नं. ०३ मिति २०८१/०४/०१को (माननीय मन्त्रीस्तर) बजेट कार्यान्वयन सम्बन्धमा  स्वीकृत भएको मार्गदर्शन बमोजिम गर्नुपर्नेछ।
- प्रत्येक कार्यक्रम संचालन गर्दा विनियोजित बजेट, कार्यक्रमको उद्देश्य अनुरूप कार्यक्रमको प्रकृति र बजेटको परिधि भित्र रही अधिकतम उपलब्धि प्राप्त गर्ने गरी **प्रचलित "सार्वजनिक खरिद ऐन,२०६३", सार्वजनीक खरिद नियमावली, २०६४, "भ्रमण ऐन तथा नियमावली, "सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९"** को आधारमा खर्च गरी व्यवस्थापन गर्नुपर्नेछ।
- कार्यान्वयनको क्रममा यस मार्गदर्शन बमोजिम कुनै बजेट तथा कार्यक्रम सञ्चालनका लागि कुनै किसिमको दुविधा तथा बाधा उत्पन्न भएमा सम्बन्धित कार्यालयले स्वास्थ्य मन्त्रालयसँग समन्वय गरेपश्चात मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
- योजना अनुसार क्रियाकलाप सम्पन्न भए पश्चात आर्थिक, भौतिक र वित्तीय प्रगति तथा उपलब्धि सहितको प्रतिवेदन सम्बन्धित अधिकारी र निकायमा अनिवार्य पेश गर्नु पर्दछ ।
- करार सेवामा कर्मचारी नियुक्त गर्दा प्रदेश सरकारको स्वास्थ्यकर्मी करार सम्बन्धी कार्यविधि, २०७९ (संशोधन भएमा सो समेत) को व्यवस्था बमोजिम करार गरी पदपूर्ति गर्नुपर्नेछ ।
- यसमा उल्लेखित कुराहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका फोकल पर्सनको हुनेछ।फोकल पर्सन विषयसँग सम्बन्धित हुनुपर्नेछ।यदि विषयसँग सम्बन्धित फोकल पर्सन नभएको खण्डमा उक्त विषयमा दक्ष कर्मचारीलाई फोकल व्यक्तिको जिम्मेवारी दिनुपर्नेछ।

**Abbreviations**

**AC**: Air Conditioner

**AES:** Acute Encephalitis Syndrome

**AFP:** Acute Flaccid Paralysis

**AHMIS**: Ayurveda Health Management Information System

**AMR**: Antimicrobial Resistance

**BMET**: Biomedical Equipment Technician

**CAC/PAC**: Comprehensive Abortion care/ Post Abortion Care

**CE:** Conformitê Europêenne

**CTS**: Clinical Training Skills

**DHIS–2:** District Health Information System- 2

**DMT**: Decision Making Tool

**e-LMIS**: Electronic- Logistic Management Information System

**ESR**: Erythrocyte Sedimentation Rate

**ESRD**: End Stage Renal Disease

**ENT**: Ear Nose Throat

**GA:** General Anesthesia

**GMP/ WHO:** Good Manufacturing Practice/ World Health Organization

**IEC**: Information Education Communication

**ISO:** International Organization for Standardization

**IUCD**: Intrauterine Contraceptive Device

**LBC**: Liquid Based Cytology

**LPEP**: Leprosy Post-Exposure Prophylaxis

**MA**: Medical Abortion

**MSS:** Minimum Service standard

**OPG X-ray**: Orthopantogram X-ray

**PDI:** Post Delivery Inspection

**PPE**: Personnel Protective Equipment

**RDQA**: Routine Data Quality Assurance

**RRT**: Rapid Response Team

**SBA:** Skilled Birth Attendant

**TIMS:** Training Information Management System

**TNA**: Training Need Assessment

**USFDA**: United States Food and Drug Administration

**VIA:** Visual Inspection with Acetic Acid

## विषयसुची

१. प्रत्येक कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित निकायले देहाय बमोजिम पालना गर्नु / गराउनुपर्नेछः .................... 1

**जनस्वास्थ्य सेवा सवलीकरण तथा विस्तार कार्यक्रम ३७००११०३ ........................................ ११**

२. शंकास्पद कुष्ठरोगीको सक्रिय खोजपड्ताल र सम्पर्क परीक्षण (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड:(२.७.२२.१३०३) 11

३. Leprosy Post Exposure Prophylaxis कार्यक्रम सञ्चालन (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड:२.६.६.१)......... 12

४. हाइड्रोसिलको सर्जरीका लागि निःशुल्क शल्यक्रिया (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड:२.७.२२.४०)........... 12

५. आपतकालीन/आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन (खर्च शिर्षक नं.:२२५२२, क्रियाकलाप कोड:२.७.२२.७१)....... 14

६. स्वास्थ्य कार्यालयमा जनस्वास्थ्य प्रयोगशाला संचालन (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड:७.२.११.७) ......... 15

७. प्रादेशिक एम्बुलेन्स तथा पूर्व अस्पताल व्यवस्थापन समिति व्यवस्थापन खर्च (खर्च शिर्षक नं.:२२५२२ क्रियाकलाप कोड:2.5.11.44) .................................................................................................... 16

८. जिल्ला स्तरमा RRT बैठक तथा समीक्षा, स्वास्थ्य क्षेत्रको प्रतिकार्य योजना अध्यवधिक गर्ने (खर्च शिर्षकनं. :२२५२२, क्रियाकलाप कोड:२.७.२५.२०)...................................................................................................... 17

९. Routine Data Quality Assurance का लागि कार्यक्रम (खर्चशिर्षक नं.:२२५२२, क्रियाकलाप कोड:२.७.२२.१३३०) .... 18

१०. विद्यालय नर्स कार्यक्रम संचालन खर्च (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:२.७.२२.१३) ............................ 19

११. प्रजनन स्वास्थ्य सम्बन्धी आङ्ग खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, प्रसब - फिस्टुला तथा निःसन्तान सम्बन्धी व्यवस्थापनका लागि स्वास्थ्यकर्मीलाई अनसाइट कोचिङ्ग तथा सेवा प्रवाहका लागि आवश्यक व्यवस्थापन(खर्च शिर्षक नं. २२५२२, २.७.२२.१३११) ......................................................................... 20

१२. विद्यालय नर्स समीक्षा सँगै देखाइ सम्बन्धी समस्या (Refraction Error) तथा दन्तरोग (Dental Caries) पहिचान तथा व्यवस्थापन अभिमुखीकरण गर्ने (खर्च शिर्षक नं.: २२५१२, क्रियाकलाप कोड:2.6.6.10)........................................ 24

१३. नसर्ने रोग व्यवस्थापनका लागि सामुदायिक स्क्रिनिङ्ग तथा स्वस्थ व्यक्तिलाई सक्रिय र स्वस्थ राख्न व्यक्तिगत, पारिवारिक, स्वस्थ प्रबर्द्धनका गतिविधिहरु सञ्चालन गर्ने (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:२.५.११.३५).......... 25

१४. सरोकारवाला संघ संस्थासँग समन्वयमा वृद्दाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम आदिमा आश्रितका लागि निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम (खर्च शिर्षक : २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३०१) ......................................... 28

१५. प्रयोगशाला परीक्षण गुणस्तर सुधारका लागि प्रयोगशाला परीक्षण केन्द्रहरुको अनसाइट कोचिङ्ग (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.५.११.३६) ...................................................................................... 30

१६. उद्योगधन्दा, कलकारखाना लगायत कार्यस्थलमा हुनसक्ने स्वास्थ्य जोखिम पत्ता लगाई स्क्रिनिङ्ग तथा व्यवस्थापन गर्ने (खर्च शिर्षक : २२५२२, क्रियाकलाप कोड:२.५.११.३७)....................................................................... 31

१७. स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि न्युनतम सेवा मापदण्डको कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.५.११.३८)..................................................... 32

१८. एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१० 33

१९. Human centered design सम्बन्धी स्वास्थ्य शाखाका कर्मचारीहरुलाई अभिमुखीकरण (खर्च शिर्षक: २२५१२, क्रियाकलाप कोड:२.६.६.९)........33

२०. फार्मेसी सुपरभाइजर करार (खर्च शिर्षक: २२४१९, क्रियाकलाप कोड:२.५.१०.४०)........34

२१. जनस्वास्थ्य अधिकृत करार (खर्च शिर्षक नं.:२२४१९, क्रियाकलाप कोड: २.५.१०.२८)........35

२२. पब्लिक हेल्थ नर्स करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:२.५.१०.३४)........37

२३. विद्यालय नर्सिङ कार्यक्रम सेवा करार तलब (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:2.5.10.15)........38

२४. कोल्ड चेन असिस्टेन्ट करार (खर्च शिर्षक नं.:२२४१९, क्रियाकलाप कोड:2.5.10.33)........39

२५. स्वास्थ्य संस्था नवीकरण/अनुगमन (खर्च शिर्षक नं.: २२६११, क्रियाकलाप कोड:2.8.1.4)........40

२६. अस्पताल तथा स्वस्थ्य सेवा सुदृढीकरणका लागि निःशुल्क तथा अन्य औषधि तथा औषधिजन्य सामाग्रिहरु (नसर्ने रोग, महामारीजन्य व्यवस्थापन तथा बफर स्टकको लागि) (खर्च शिर्षक: २७२१३, क्रियाकलाप कोड: ७.२.११.६)........42

२७. एचआइभी संक्रमित बालबालिका (CAWA) हरुलाई पोषण खर्च (खर्च शिर्षक : २७१११, क्रियाकलाप कोड: ७.१.२.२)43

२८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वीमा कार्यक्रम (खर्च शिर्षक: २७१११, क्रियाकलाप कोड:७.१.१.२)........43

२९. Walk in cooler को Backup को लागि जेनेरेटर खरिद (खर्च शिर्षक:३११२२, क्रियाकलाप कोड: ११.३.२२.८)........44

३०. Walk in cooler लगायत अन्य बिद्युतीय उपकरण सञ्चालनका लागि ट्रान्सफर्मर खरिद (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड:११.३.२२.१८)........45

३१. भ्याक्सिन तथा कोल्ड चेन तापक्रम व्यवस्थापनका लागि एसि (AC) खरिद (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड: ११.३.२२.१९)........46

३२. अनसाइट कोचिङ्ग मेन्टरिङ्ग पश्चात मापदण्ड अनुरुप स्थानीय तहका प्रसुति केन्द्र सञ्चालनका लागि औजार उपकरण व्यवस्थापन (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड: ११.३.९.९२)........46

३३. नयाँ भवनका लागि फर्निचर्स फिक्सचर्स खरिद (खर्च शिर्षक: ३११२३, क्रियाकलाप कोड:११.६.१३.२)........47

३४. निर्मित भवनको संरचनात्मक सुधार (तालिम हल निर्माण, सोलुखुम्बु) (खर्च शिर्षक : ३११६१, क्रियाकलाप कोड:११.५.४२.२)........48

३५. चार पाङ्ग्रे सवारी साधन (खर्च शिर्षक: ३११२१, क्रियाकलाप कोड: ११.३.२.३)........48

३६. परिवार नियोजन सेवाका लागि IUCD, Implant, साधनको व्यवस्थापन सहित तालिम (खर्च शिर्षक २२५१२, क्रियाकलाप कोड:२.६.४.१२ )........49

३७. स्थायी बन्ध्याकरण (महिला+ पुरुष) सम्बन्धी तालिम (खर्च शिर्षक २२५१२, क्रियाकलाप कोड:२.६.४.११)........50

३८. नँया नियुक्ति भएका विद्यालय नर्सहरुलाइ दक्षता अभिबृद्वि गर्न जनस्वास्थ्य कार्यक्रकमको तालिम(खर्च शिर्षक २२५११, क्रियाकलाप कोड:2.6.1.17)........51

३९. Operation Theater Technique Management तालिम (खर्च शिर्षक २२५१२, क्रियाकलाप कोड:2.6.4.11)........52

४०. डायलाइसिस सेवा सञ्चालन लागि स्वास्थ्यकर्मीलाई क्षमता अभिवृद्वि तालिम (खर्च शिर्षक: २२५१२, क्रियाकलाप कोड:२.६.४.९)........53

४१. सुरक्षित गर्भपतन तालिम CAC (खर्च शिर्षक २२५२२, क्रियाकलाप कोड:२.७.२२.६७)........54

४२. MA तालिम (खर्च शिर्षक २२५२२, क्रियाकलाप कोड:2.7.22.51) ........ 56

४३. कम्पाउण्डवाल निर्माण (खर्च शिर्षक ३११११२, क्रियाकलाप कोड: ११.१.२.१५) ........ 56

४४. मोटर साइकल / स्कुटर खरिद, (खर्च शिर्षक: ३११२१, क्रियाकलाप कोड:११.३.२.१) ........ 57

४५. समुदायमा शिविर संचालन गरी स्वास्थ्य सेवा प्रदान गर्नका लागि Mobile Van खरिद (खर्च शिर्षक: ३११२१, क्रियाकलाप कोड:११.३.२.४) ........ 58

४६. माइक्रस्कोप खरिद (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड:११.३.९.१९) ........ 60

४७. प्रदेशमार्फत स्थानीय तहमा e-HMIS कार्यक्रम सञ्चालन गर्ने (खर्च शिर्षक:३११३४, क्रियाकलाप कोड:११.६.३.७) ........ 61

४८. Kathmandu Institute of Children Hospital (KIOCH) संचालन अनुदान (खर्च शिर्षक नं.: २६४१३, क्रियाकलाप कोड:१७.२.१.२) ........ 62

४९. स्वास्थ्य सेवा परिमार्गन (Tracking) का लागि विस्तृत पार्श्वचित्र निर्माण तथा कार्यान्वयन (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड:२.७.२२.१३१४) ........ 63

५०. शल्यक्रियाद्वारा हुने प्रसुति दर न्यूनीकरणका IEC Materials निर्माण, छपाई तथा वितरण (खर्च शिर्षक नं: २२३१५, क्रियाकलाप कोड:२.४.१२.१०) ........ 67

५१. खोप, कोल्डचेनको फारम, बाल स्वास्थ्य कार्ड, नया खोप तालिका (नियमित/Delay), विभिन्न सर्वेक्षण फारम/रजिस्टर आदि जिल्ला र पालिकाको लागि छपाई र वितरण (खर्च शिर्षक नं. २२३१५, क्रियाकलाप कोड:२.४.१२.९) ........ 69

५२. विद्यालय नर्स कार्यक्रम संयोजकको तलव/ विद्यालय नर्सिङ्ग कार्यक्रमको संयोजकद्वारा अनुगमन (खर्च शिर्षक:२२४१९/२२६११, क्रियाकलाप कोड:२.५.१०.३०/२.८.१.२) ........ 69

५३. आई.टि. ईन्जिनियर करार (खर्च शिर्षक: २२४१९, क्रियाकलाप कोड:२.५.१०.३९) ........ 71

५४. डी.आर.TB व्यवस्थापन तालिम (खर्च शिर्षक: २२५१२, क्रियाकलाप कोड:२.६.४.१३) ........ 72

५५. समुदाय केन्द्रित Health Literacy कार्यक्रम (खर्च शिर्षक: २२५22, क्रियाकलाप कोड:२.7.22.१313) ........ 73

५६. विद्यालय नर्स कार्यक्रमसँग समेत एकीकृत गरी स्थानीय तहहरुको समेत समन्वय र साझेदारीमा विद्यालय स्तरमा मुख स्वास्थ्य (Oral Health) समस्याको पहिचान तथा उपचार (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:२.७.२२.१३१५) ........ 74

५७. महामारी रोग रोकथाम, नियन्त्रण, तथा विपद व्यवस्थापन, ए.ई.एफ.आई व्यवस्थापन र जनशक्ति परिचालन (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:२.७.२२.१३१७) ........ 76

५८. विशेषज्ञ सेवा सहितको कोशी प्रदेश घुम्ती स्वास्थ्य शिविर संचालन तथा व्यवस्थापन (खर्च शिर्षक नं.: २२५२२, : २.७.२२.१३१८) ........ 77

५९. सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा र श्रवण दृष्टिविहिन नागरिकहरुको स्वास्थ्य उपचार लगायत अन्य सेवा सहजीकरणका लागि राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेशलाई १४ जिल्लामा दोभासे करार (खर्च शिर्षक नं.: २६४१३, क्रियाकलाप कोड: ५.१.९.१) ........ 79

६०. वृद्धाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रममा आश्रित वृद्धवृद्धा तथा असहाय, द्वन्द प्रभावित एवं एम्बुलेन्स चालक वीमा (खर्च शिर्षक नं.: २७१११, क्रियाकलाप कोड:७.१.१.३) ........ 80

६१. कर्मचारी करार परिक्षा सचालन (खर्च शिर्षक २२५२२, २.७.१०.१) ........ 81

६२. Automated ESR analyzer खरिद (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड:११.३.२२.२२) ....... 82

६३. Water Distillation plant with filter system खरिद तथा जडान (खर्च शिर्षक ३११२२, कोड नं.११.३.९.४५) ... 83

६४. AMR सर्भिलेन्स साईटका लागि सुदृढीकरणका लागि औजार उपकरण खरिद तथा व्यवस्थापन (खर्च शिर्षक ३११२२, कोड नं.११.३.९.९४)....... 83

६५. प्रयोगशालाको नमुना संकलन कक्षमा आवश्यक संरचना निर्माण ( खर्च शिर्षक नं.: ३११६१, क्रियाकलाप कोड:११.५.४२.४ ) ....... 84

६६. Computerized Billing System ल्याव रिपोर्टिङका लागि सफ्टवेयर खरिद (खर्च शिर्षक नं.:३११३४, क्रियाकलाप कोड:११.६.४.२) ....... 85

६७. कर्मचारी करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड: २.५.१०.३१ / २.५.१०.२५ / २.५.१०.४ / २.५.१०.३२ / ८.३.१.१ / २.५.१०.६) ....... 86

६८. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिको लागि TB Modular तालिम २ समुह (खर्च शिर्षक नं: २२५१६, क्रियाकलाप कोड:२.६.४.१४ ) ....... 86

६९. AMR सर्भिलेन्सका लागि प्रयोगशालाकर्मीलाई क्षमता अभिवृद्धि तथा अनसाईट कोचिङ्ग (१४ दिने) (खर्चशिर्षक नं.: २२५१२, क्रियाकलाप कोड: २.६.४.१६) ....... 87

७०. सर्भाइकल क्यान्सर स्क्रिनिङ्ग (LBC Method) कार्यक्रम व्यवस्थापन (खर्च शिर्षक नं.२२५२२, क्रियाकलाप कोड: २.७.२२.१३०८ ) ....... 88

७१. खानेपानी गुणस्तर निगरानी (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.२३२) ....... 89

७२. क्षयरोग प्रयोगशालाका लागि केमिकल तथा अन्य सामाग्री खरिद (खर्च शिर्षक नं.२७२१३, क्रियाकलाप कोड:७.२.११.१० ) 90

७३. AMR सर्भिलेन्सका लागि साईट केमिकल्स तथा रिएजेन्ट खरिद तथा व्यवस्थापन (खर्च शिर्षक नं: २७२१३, क्रियाकलाप कोड: ७.२.११.८) ....... 91

७४. ल्याव केमिकल्स तथा रिएजेन्ट (खर्च शिर्षक नं.:२७२१३, क्रियाकलाप कोड: ७.२.९.७) ....... 91

**अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम बजेट उप शिर्षक ३७००२१०३ ....... ९२**

७५. अस्पतालको ढल निकासको व्यवस्थापन र लन्ड्री रुम निर्माण (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.१.२.१८) ....... 92

७६. अस्पतालमा सेवा निरन्तरताका लागि औजार उपकरण खरिद (खर्च शिर्षक नं : ३११२२, क्रियाकलाप कोड: ११.३.९.३) ....... 94

७७. कलर डप्लर ईको प्रोब सहितको USG machine (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड: ११.३.९.१००) ....... 95

७८. अस्पतालको भौतिक संरचना निर्माण/सुधार Ramp निर्माण (खर्च शिर्षक नं.: ३११६१, क्रियाकलाप कोड:11.१.३.१) .. 96

७९. नि:सन्तान उपचार तथा स्त्रि रोग शल्यक्रिया सेवा विस्तार र संचालन का लागि Laparoscopy तथा Colposcopy उपकरण खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.९९) ....... 97

८०. सेन्ट्रल हिटिंग सिस्टम खरिद तथा जडान (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.१०६) ....... 98

८१. Blood Culture machine खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.९८) ....... 99

८२. GA मेसिन खरिद तथा जडान (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.२३) ...... 100
८३. डायलाइसिस सेवा सञ्चालनका लागि बेड खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.२२.२३) ...... 100
८४. नयाँ अस्पताल भवनमा अक्सिजन पाइप लाईन विस्तार (संखुवासभा) (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.१०८) ...... 101
८५. पोस्टमार्टम भवन निर्माण (खर्च शिर्षक नं: ३१११२, क्रियाकलाप कोड: ११.१.२.१९) ...... 102
८६. निर्मित भवनको संरचनात्मक सुधार खर्च शिर्षक नं.: ३११६१, क्रियाकलाप कोड:११.५.४२.२) ...... 103
८७. अटो क्लेभ मेसिन खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.१०९) ...... 104
८८. Placenta पिट निर्माण (खर्च शिर्षक नं.: ३१११२, क्रियाकलाप कोड:११.१.२.२०) ...... 105
८९. Fully Automated Biochemistry Analyser खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.३४) ...... 106
९०. ख वर्ग एम्बुलेन्स खरिद (खर्च शिर्षक नं.: ३११२१, क्रियाकलाप कोड:११.३.५.२) ...... 107
९१. Endoscopy Machine खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.११०) ...... 108
९२. Maternity Ward निर्माण (खर्च शिर्षक नं.: ३१११२, क्रियाकलाप कोड: ११.१.२.७) ...... 109
९३. जेनेरेटर खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.७.२) ...... 110
९४. टोकन सिस्टम मेसिन खरिद तथा व्यवस्थापन (खर्च शिर्षक नं.: ३११३४, क्रियाकलाप कोड:११.३.२२.२४) ...... 111
९५. सिटिस्क्यान मेसिन खरिद (खर्च शिर्षक नं.: ३११३४, क्रियाकलाप कोड:११.३.९.११९) ...... 112
९६. सिसिटिबि खरिद तथा जडान (खर्च शिर्षक नं.: ३११३४, क्रियाकलाप कोड:११.३.२२.२५) ...... 113
९७. स्वास्थ्यकर्मीहरुको NICU/ICU Exposure (खर्च शिर्षक नं.: २२५१२, क्रियाकलाप कोड: २.७.२२.१३२१) ...... 113
९८. क्लिनिकल तालिम साइट सुदृढीकरण (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.५.११.४१) ...... 114
९९. क्लिनिकल तालिम साइट सुदृढीकरण (खर्च शिर्षक नं.:२२५२२, क्रियाकलाप कोड:२.५.११.४१) ...... 115
१००. सेवा निरन्तरताका लागि विशेषज्ञ चिकित्सक करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:२.५.१०.१७) ...... 116
१०१. मेडिकल ल्याब टेक्नोलोजिकष्ट (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:२.५.१०.२५) ...... 117
१०२. स्वास्थ्यकर्मी करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड :२.५.१०.१५) ...... 118
१०३. बायोमेडिकल ईन्जिनियर करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:२.५.१०.१) ...... 118
१०४. BMET करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:२.५.१०.२६) ...... 119
१०५. सेवा निरन्तरताका लागि फिसियोथेरापिस्ट करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:२.५.१०.१३) ...... 120
१०६. फिजियोथेरापि सहायक करार (खर्च शिर्षक नं : २२४१९, क्रियाकलाप कोड :२.५.१०.२७) ...... 121
१०७. करार कर्मचारी पोशाक खर्च (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड: २.५.१०.६) ...... 121
१०८. आङ्ग खस्ने समस्या भएका महिलाहरूको निःशुल्क शल्यक्रिया कार्यक्रम (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड :२.७.२२.११) ...... 122
१०९. प्रदेश स्तरीय स्वास्थ्य संस्था तथा सरकारी अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड :२.७.२२.३५) ...... 123

११०. Maternity Waiting Home (प्रसुति प्रतिक्षा कक्ष) सञ्चालन खर्च (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड:२.७.२२.२) ........ 124

१११. अस्पतालमा निःशन्तान उपचार सेवा विस्तार तथा सञ्चालनका लागि आवश्यक औषधि तथा औषधिजन्य सामाग्री खरिद (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३१२) ........ 125

११२. प्रसुती जटिलताका लागि रिफरल सेवा (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:२.७.२२.४) ........ 125

११३. प्रसुति सेवा सञ्चालन लागि skill Enhancement and Rotation (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:2.7.22.४८) ........ 126

११४. संक्रमण रोकथाम तथा सरसफाइ सामाग्री खरिद (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड:७.२.११.१) ........ 127

११५. आपतकालिन आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:२.७.२२.७१) 128

११६. गर्भवती सुत्केरी सेवामा अस्पतालहरुबाट निदानात्मक सेवा (प्रयोगशाला र भिडियो एक्सरे) र १० वर्ष मुनिका लक्षित वर्गका बालबालिकाहरुको निःशुल्क उपचार सेवा (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड:२.७.२२.१३००) ........ 129

११७. अस्पतालजन्य फोहोर मैला व्यवस्थापन (खर्च शिर्षक नं.: २५५२२, क्रियाकलाप कोड:२.७.२५.१८) ........ 130

११८. आई. टि. सव इन्जिनियर करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:२.५.१०.४१) ........ 130

११९. औजार उपकरणहरुको Standard Specification तयारीको लागि सम्बन्धित विज्ञ सहितको कार्यशाला गोष्ठी २ दिन (खर्च शिर्षक २२५११, २.६.३.२७) ........ 131

१२०. Biomedical Hub Center स्थापनाका लागि औजार उपकरण खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.२२.६) ........ 132

१२१. एक्सरे DR मेसिन 500 MA खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.१०४) ........ 133

१२२. OPG- एक्सरे मेसिन खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१०५) ........ 134

१२३. अटो क्लेभ मेसिन खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.१०९) ........ 135

१२४. Color Foetal Doppler मेसिन खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.१११) ........ 136

१२५. Radiant Baby Warmer खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.११२) ........ 137

१२६. ग्रामिण अल्ट्रासाउन्ड खरिद (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड:११.३.९.११८) ........ 138

१२७. Delivery bed खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड :११.३.९.११४) ........ 139

१२८. USG Machine खरिद (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड: ११.३.९.११७) ........ 139

१२९. Pulse Oxymeter (Table top type) खरिद (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड: ११.३.९.११५) ........ 140

१३०. प्रयोगशाला सपोर्ट Semi Analyzer machine खरिद (खर्च शिर्षक नं.:३११२२ ,क्रियाकलाप कोड: ११.३.९.२६) ........ 141

१३१. विद्यालय नर्स कार्यक्रमका लागि औजार उपकरण खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.३०) ........ 142

१३२. Fully Automated Biochemistry Analyzerखरिद (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड: ११.३.९.३४) ........ 143

१३३. Mortuary (शव गृह) का लागि फ्रिज खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.५) ........ 144

१३४. Hematology analyzer (5 parts) खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.६) ........ 146

१३५. Echocardiography (ECG) मेसिन खरिद (खर्चशिर्षकनं.: ३११२२, क्रियाकलाप कोड:११.३.९.८६) .................. 147
१३६. Stretcher खरिद (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड:११.३.९.११६) .................. 148
१३७. एक्सरे मेसिन (डिजिटल सिस्टम) खरिद (खर्च शिर्षक नं:३११२२, क्रियाकलाप कोड: ११.३.९.९५) .................. 148
१३८. परिवार नियोजन सेवाका लागि आवश्यकऔजार उपकरण खरिद तथा व्यवस्थापन (खर्च शिर्षक नं.:३११२२, क्रियाकलाप कोड:११.३.९.९७) .................. 149
१३९. औषधिहरुको गुणस्तर परीक्षण (खर्च शिर्षक नं.:२२५२२ क्रियाकलाप कोड:२.७.२२.१३१०) .................. 150
१४०. निःशुल्क औषधी तथा अन्य औषधी खरिद (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड:७.२.९.१) .................. 151
१४१. हेमोफिलिया बंशाणुगत रोगहरुको व्यवस्थापनको लागि औषधी खरिद (खर्च शिर्षक नं.:२७२१३, क्रियाकलाप कोड:७.२.९.३१) .................. 152
**आयुर्वेद तथा वैकल्पिक चिकित्सा तर्फ सञ्चालन गरिने कार्यक्रमहरू..........१५३**
१४२. आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुको न्युनतम सेवा मापदण्डको अनुगमन तथा समीक्षा .................. 153
१४३. विद्यालय नर्सलाई आयुर्वेद तथा योग शिक्षा सम्बन्धि अभिमुखिकरण .................. 154
१४४. आयुर्वेद स्वास्थ्यकर्मीहरुका लागि पञ्चकर्म-पूर्वकर्म तालिम .................. 155
१४५. प्रादेशिक आयुर्वेद अस्पतालमा पञ्चकर्म सेवाको सञ्चालन तथा सुदृढीकरण .................. 155
१४६. प्रादेशिक आयुर्वेद अस्पतालमा सेवा सुदृढीकरण एवं विस्तार .................. 156
१४७. आयुर्वेद स्वास्थ्य केन्द्र/ अस्पतालमा EMR प्रणाली सञ्चालन .................. 157
१४८. आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुको न्युनतम सेवा मापदण्ड सुधार कार्यक्रम .................. 158
१४९. आयुर्वेद सम्बन्धि सूचना सन्देश/डकुमेन्टरी निर्माण .................. 160
१५०. सःशुल्क आयुर्वेद अस्पताल फार्मेसी सञ्चालन .................. 161
१५१. नागरिक आरोग्य कार्यक्रम सेवा केन्द्र विस्तार एवं अभियान सञ्चालन .................. 162
१५२. स्वस्थ जीवन प्रवर्द्धनका लागि योगाभ्यास कार्यक्रम .................. 163
१५३. USG मेसिन खरिद .................. 164
१५४. डिजिटल X-ray मेसिन खरिद तथा जडान .................. 166
१५५. आयुर्वेद स्वास्थ्य केन्द्र/ अस्पतालमा EMR प्रणाली सञ्चालनका लागि कम्प्युटर प्रिन्टर खरिद.................. 167
१५६. आयुर्वेद औषधि खरिद (खर्च शिर्षक नं: २७२१३, क्रियाकलाप कोड: ७.२.९.८) .................. 168
१५७. आयुर्वेद सेवा कार्यक्रम सम्बन्धि समन्वयात्मक समीक्षा .................. 168
१५८. महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम .................. 169
१५९. कर्मचारी करार परीक्षा सञ्चालन .................. 170
१६०. चिकित्सक स्वास्थ्यकर्मी तथा हेल्पर करार .................. 170
१६१. होमियोप्याथि औषधि खरिद (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड: ७.२.९.६) .................. 173

१६२. नि:शुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर ........ 174

१६३. नि:शुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य शिविर ........ 174

१६४. आयुर्वेद चिकित्सकहरुलाई CME कार्यक्रम ........ 175

१६५. कार्यालय परीसरमा नमुना जडीबुटी उद्यान निर्माण ........ 176

**आ.व. २०८१/०८२ स्थानीय तहबाट सञ्चालन हुने बजेट तथा कार्यक्रम सञ्चालन मार्गदर्शन..........१७८**

अनुसूची -१........ 180

पञ्चकर्म कक्षमा प्रयोग गरिने मुख्य उपकरणहरु........ 180

अनुसूची-२ ........ 180

पञ्चकर्ममा प्रयोगहुने मुख्य औषधि सामाग्रीहरू........ 180

अनुसुची-३ ........ 181

प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बाट खरिद भई वितरण हुने स्वास्थ्यका औजार उपकरण सामाग्री वितरण गर्नुपर्ने जिल्ला तथा स्थानीय तहको नाम) ........ 181

*अनुसुची-४*........ 189

*गर्भावस्थामा गर्नुपर्ने जाँचहरुको सुची*........ 189

*अनुसुची-५* ........ 190

*गर्भाबस्था तथा प्रसुतिमा महिलाहरुलाई उपलब्ध गराइएका जाँचहरुको अभिलेख तथा प्रतिवेदन फाराम*........ 190

*अनुसुची-६*........ 190

*गर्भाबस्था तथा प्रसुतिमा महिलाहरुलाई उपलब्ध गराइएका जाँचहरुको माशिक रुपमा सस्थामा टास गर्नुपर्ने फाराम*190

*अनुसुची-७* ........ 190

*१० वर्षमुनिका बालबालिकालाई उपलब्ध गराइएका स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन फाराम*........ 190

*अनुसुची-८*........ 190

*१० वर्षमुनिका बालबालिकालाई उपलब्ध गराइएका स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन फाराम*........ 190

*अनुसुची-९*........ 190

*स्थानीय तह तहतका न्यनतम सेवा मापदण्ड* (MSS) *समीक्षा गर्नुपर्ने सरकारी अस्पतालहरुको नामावली*........ 190

## *जनस्वास्थ्य सेवा सवलीकरण तथा विस्तार कार्यक्रम ३७००११०३*

### *२. शंकास्पद कुष्ठरोगीको सक्रिय खोजपड्ताल र सम्पर्क परीक्षण (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: (२.७.२२.१३०३)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | • कुष्ठरोगका विरामीहरु पहिचान (Screening) गरी छालारोग विशेषज्ञ मार्फत अन्तिम निदान तथा वर्गीकरण एवं प्रमाणीकरण गरी निःशुल्क उपचार मार्फत कुष्ठरोग निवारण गर्न सहजीकरण गर्ने।<br>• कुष्ठरोगीका सम्पर्कमा रहेका परिवार तथा छिमेकीहरुको सम्पर्क जाँच (Contact tracing) गरी रोग लाग्न नदिन तथा शुरु अवस्थामा नै रोग पत्ता लगाई उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गर्ने। |
| अपेक्षित उपलव्धी | कुष्ठरोगी तथा सम्पर्कमा आएका व्यक्तिहरुको पहिचान, निदान तथा उपचार भई कुष्ठरोगको संक्रमण दरमा कमी आउनेछ। |
| सञ्चालन प्रक्रिया | • संघीय सशर्तबाट विनियोजन भएको बजेट तथा कार्यक्रमसँग नजुध्ने गरी कुष्ठरोगी विरामीहरुको पहिचान (Screening) तथा व्यवस्थापनका लागि स्थानीय तह छनौट गर्ने।<br>• छनौट गरिएका स्थानीय तहमा स्थलगत अनुशिक्षण गरी गुणस्तरीय कुष्ठरोग पहिचान, निदान तथा उपचारमा सहजीकरण गर्ने।<br>• कुष्ठरोगीको पहिचान (Screening) गर्ने। यदि स्क्रिनिङ्गमा पोजिटिभ आएमा सो पश्चात कुष्ठरोगी प्रमाणीकरणका लागि LPEP Protocol अनुसार छालारोग विशेषज्ञ मार्फत निदान गर्ने ।<br>• कुष्ठरोगीको सम्पर्कमा आएका व्यक्तिहरु (परिवार तथा छिमेकी) Protocol बमोजिम पहिचान (कन्ट्र्याक्ट ट्रेसिङ) गरी निजहरुको स्वास्थ्य परीक्षण गर्ने।<br>• कुष्ठरोगीको सम्पर्कमा आएका व्यक्तिहरु (परिवार तथा छिमेकी) Protocol बमोजिम पोस्ट-एक्सपोजर प्रोफाइल्याक्सिसको लागि "Leprosy Post Exposure Prophylaxis कार्यक्रम सञ्चालन" बाट व्यवस्थापन गर्नुपर्नेछ।<br>• साथै विरामीलाई उपचारका लागि सेवा उपलब्ध हुने स्वास्थ्य संस्थामा प्रेषण गर्नुका साथै कुनै समस्या भए आवश्यक व्यवस्थापन तथा परामर्श दिनुपर्नेछ।<br>• औषधि, प्रचार सामाग्रीको मौज्दात तथा समयावधी समाप्त, Stock out भए/नभएको यकिन गर्ने र सो सम्बन्धी व्यवस्थापन गर्ने।<br>• खर्च गर्दा कार्यक्रमको अनुगमन तथा नियमनमा बढीमा १० प्रतिशतमात्र खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामाग्री | • कुष्ठरोग नियन्त्रण राष्ट्रिय कार्य संचालन निर्देशिका २०७५<br>• प्रचलित राष्ट्रिय कुष्ठरोग रणनीति तथा कार्ययोजना, २०२१-२०२५ |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य कार्यालय झापा, मोरङ्ग र सुनसरीबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालय पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा, मोरङ्ग र सुनसरी। |

### ३. Leprosy Post Exposure Prophylaxis कार्यक्रम सञ्चालन (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.६.६.१)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | कुष्ठरोगीका सम्पर्कमा आएका परिवार तथा छिमेकीहरुलाई सम्पर्क जाँच (Contact tracing) बाट पहिचान गरी कुष्ठरोग विरुद्धको औषधि Rifampicin को एक मात्रा (Single dose Rifampicin) खुवाई सो Post Exposure Prophylaxis मार्फत कुष्ठरोगको संक्रमणलाई न्यूनीकरण तथा निवारण गर्ने। |
| अपेक्षित उपलव्धी | कुष्ठरोगी विरामीहरुको पहिचान तथा सम्पर्कमा रहेका व्यक्तिहरुलाई कुष्ठरोग विरुद्धको औषधि Rifampicin को एक मात्रा (Single dose Rifampicin) खुवाई समुदायमा कुष्ठरोगको संक्रमण दरमा कमी आउनेछ। |
| सञ्चालन प्रक्रिया | • संघीय सशर्तबाट विनियोजन भएको बजेट तथा कार्यक्रमसँग नजुध्ने गरी स्थानीय तह छनौट गर्ने।<br>• कुष्ठरोगीको सम्पर्कमा आएका व्यक्तिहरु (परिवार तथा छिमेकी) Protocol बमोजिम पहिचान (कन्ट्याक्ट ट्रेसिङ) गरी निजहरुको स्वास्थ्य परीक्षण गर्ने।<br>• कन्ट्याक्ट ट्रेसिङ गरिएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण गरी पोस्ट-एक्सपोजर प्रोफाइल्याक्सिसको रुपमा एकल डोज रिफाम्पिसिन खुवाउने।<br>• खर्च गर्दा कार्यक्रमको अनुगमन तथा नियमनमा बढीमा १० प्रतिशत मात्र खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामाग्री | • कुष्ठरोग नियन्त्रण राष्ट्रिय कार्य संचालन निर्देशिका २०७५<br>• राष्ट्रिय कुष्ठरोग रणनीति तथा कार्ययोजना (२०२१-२०२५) |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य कार्यालय झापा, मोरङ्ग र सुनसरीबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालय पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा, मोरङ्ग र सुनसरी। |

### ४. हाइड्रोसिलको सर्जरीका लागि निःशुल्क शल्यक्रिया (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड: २.७.२२.४०)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | हाइड्रोसिल भएका विरामीहरुलाई निःशुल्क शल्यक्रिया सेवा प्रदान गरी हात्तीपाईले रोग निवारणमा टेवा पुर्याउने। |
| अपेक्षित उपलव्धी | हात्तीपाईले रोग निवारण कार्यक्रमको राष्ट्रिय रणनीति बमोजिम सन् २०३० सम्म हात्तीपाईले रोगका कारण भएका रुग्णता दरलाई घटाउँदै जाने लक्ष्य बमोजिम |

| | |
|---|---|
| | हाइड्रोसिल भएका विरामीहरुलाई निःशुल्क शल्यक्रिया सेवा प्रदान गरी निजहरुको स्वस्थ जीवनयापनमा सहयोग पुग्ने। |
| सञ्चालन प्रक्रिया | • यस शिर्षकमा विनियोजित बजेटबाट स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी हात्तीपाईले रोगको प्रकोप बढी भएको स्थान छनौट गर्नुपर्नेछ।<br>• छनौट भएका स्थानीय तहहरुमा हाइड्रोसिलका रोगीहरुको पहिचान गर्न स्थानीय तहको समन्वयमा वडा स्तरमा स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्नु पर्दछ।<br>• त्यस्ता समुदायमा हाइड्रोसिलका बारेमा जानकारीमूलक विवरण समावेश गरी पर्चा, पम्प्लेट तयार गरी उपलब्ध गराउनु पर्दछ।<br>• स्वास्थ्य संस्था मार्फत समुदायमा रहेका हाइड्रोसिलका विरामीहरुको विवरण संकलन गर्न स्वास्थ्य कार्यालयले फारम/रजिष्टर तयार गरी उपलब्ध गराउनु पर्दछ।<br>• प्राप्त विवरणको आधारमा थप उपचार, निःशुल्क शल्यक्रियाको लागि सरकारी अस्पताल लाई प्राथमिकतामा राखी स्वास्थ्य कार्यालयले विनियोजित बजेटको परिधिभित्र रही सेवा प्रदान गर्न सक्ने सरकारी, नीजि तथा सहकारी अस्पताल, मेडिकल कलेजसँग प्रचलित नियमानुसार शल्यक्रिया सेवा प्रदान गर्ने सम्झौता गर्नुपर्नेछ।<br>• निजी, सहकारी तथा मेडिकल कलेजहरुबाट अधिकतम रू ७०००।०० भित्र सेवा प्रदान गर्न प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली वमोजिम सम्झौता गर्नुपर्नेछ। सम्झौतामा प्रतिकेश छुट्याइएको रकमबाट नै विरामीलाई शल्यक्रिया गर्दा र सो पश्चात लाग्ने आवश्यक औषधि तथा अन्य सामाग्री तथा परीक्षण (प्रयोगशाला तथा रेडियोलोजिकल जाँच), र अपरेशन कार्यका लागि प्रत्यक्ष रूपमा संलग्न हुने कर्मचारीका लागि प्रोत्साहन खर्च समेत रकम बाट व्यवस्था गर्ने गरी हुनुपर्नेछ।<br>• उपचार तथा शल्यक्रियाका लागि निःशुल्क सेवा प्रदान गर्न सम्झौता भएका अस्पतालहरुमा प्रेषण गर्न स्वास्थ्य संस्थाहरुलाई जानकारी गराउने साथै स्थानीय एफ.एम./रेडियो/ भिडियो बाट समेत सूचना प्रवाह गर्ने।<br>• हाइड्रोसिल शल्यक्रियाको स्थानीय रूपमा प्रचार प्रसारका लागि निःशुल्क सेवा, सेवा प्रदायक अस्पताल, शल्यक्रियाको फाइदा आदि लगायत प्रचलित ऐन तथा नियम अनुसार स्थानीय एफ.एम. रेडियोहरुमा सूचना प्रसारण, व्यानर तथा अन्य सन्देश सामाग्री तयार गर्नका लागि खर्च गर्न सकिनेछ। यस कार्यका लागि बढीमा रु. ५००००।-(रूपियाँ पचास हजार सम्म मात्र।-) खर्च गर्न |

| | |
|---|---|
| | सकिनेछ। अपुग भएमा स्थानीय तह, साझेदार निकायहरुसँग समन्वय गर्नु पर्दछ।<br>• शल्यक्रिया सेवा बापत सम्झौता गरेका अस्पताललाई प्रतिकेस सम्झौता बमोजिम शोधभर्ना रकम उपलब्ध गराउनुपर्नेछ। अपरेशन गरेका विरामीलाई कुनै जटिलता भएमा समेत यही बाँडफाँडको परिधि भित्र रही व्यवस्थापन गर्नुपर्नेछ ।कुनै बिरामीको हर्नीयको समेत शल्यक्या गर्नुपरेमा स्वास्थ्य बीमाले निर्धारण गरेको दर अनुसार व्यवस्थापन गर्न सकिनेछ।<br>• संघीय सशर्तबाट आएको बजेटसँग नदोहोरिने गरी सञ्चालन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • स्वास्थ्य सूचना प्रणाली (DHIS-2) मा समेत प्राप्त तथ्याङ्क प्रविष्ट गर्नुपर्नेछ।<br>• लाभग्राहीको संख्या सहित विस्तृत विवरण स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले ४ वटा जिल्लाबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय मोरङ्ग, सुनसरी, झापा र उदयपुर। |

### *५. आपतकालीन/आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.७१)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | विभिन्न प्रकारका महामारी तथा प्राकृतिक विपद्ले निम्त्याउने स्वास्थ्य समस्याको समयमै रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलब्धि | महामारी तथा प्राकृतिक विपद्ले निम्त्याउने स्वास्थ्य समस्याको समयमा नै प्रतिकार्य, व्यवस्थापन प्रभावकारी रुपमा हुनेछ। |
| सञ्चालन प्रक्रिया | • विगतमा आइपरेका महामारीजन्य रोग, बदलिँदो रोगको फैलावट तथा प्राकृतिक विपदले निम्त्याउन सक्ने आपतकालीन स्वास्थ्य समस्याको आकलन गरी सोही बमोजिम रोकथाम, नियन्त्रण तथा समाधानका लागि आवश्यक गतिविधिहरु सञ्चालन गर्न सकिनेछ।<br>• यस शिर्षकबाट अस्पतालहरुमा महामारीजन्य रोग, बदलिँदो रोगको फैलावट तथा प्राकृतिक विपदबाट आएका स्वास्थ्य समस्याको व्यवस्थापन तथा उपचार गर्नुका साथै रोगको प्रकृति अनुरुप आइसोलेसन कक्ष व्यवस्थापन, स्वास्थ्यकर्मीहरुलाई आवश्यक सुरक्षाका सामग्री, अन्य औषधीजन्य सामग्री व्यवस्थापन गर्नुपर्नेछ।<br>• आपतकालीन अवस्थामा विपद् व्यवस्थापनका लागि स्थलगत टोली खटाउनुपर्ने भएमा Rapid Response Team परिचालन यस शिर्षकको बजेटबाट गर्न सकिनेछ।<br>• स्वास्थ्य कार्यालयहरुले विपद्को अवस्थापमा तत्काल आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीको व्यवस्थापन, स्थलगत अनुगमन लगायत समन्वयकारी कार्य गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले मातहतका निकायहरुबाट माग भए बमोजिमका आकस्मिक रुपमा चाहिने औषधि तथा स्वास्थ्य सामाग्री खरिद गरी मौज्दात राख्नुपर्नेछ।<br>• खरिद तथा व्यवस्थापन पश्चात आपुर्तिकेन्द्रले उक्त सामाग्रीहरु सम्बन्धित अस्पताल तथा स्वास्थ्य कार्यालयमा उपलब्ध गराई सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालय तथा अस्पतालहरुले यो कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले सबै स्वास्थ्य कार्यालय तथा अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, अस्पतालहरु सबै (१४ वटा), स्वास्थ्य कार्यालयहरु सबै (१४ वटा)। |

## *६. स्वास्थ्य कार्यालयमा जनस्वास्थ्य प्रयोगशाला संचालन (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड: ७.२.११.७)*

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि/परिचय | जनस्वास्थ्य समस्याको रुपमा रहेका सरुवा तथा संक्रामक रोगहरु दादुरा, क्षयरोग, कालाजार, मलेरिया, पोलियो, एच.आई.भी./एड्स आदिको अन्तराष्ट्रिय, राष्ट्रिय लक्ष्य, उद्देश्य अनुरूप नियन्त्रण, निवारण र उन्मुलन तथा अन्य संभावित प्रकोप र महामारी नियन्त्रण र व्यवस्थापनका लागि रोगको सर्भिलेन्स र रोग पहिचान, निदानमा तिव्रता दिन आवश्यक भएको र प्रयोगशाला परीक्षणको गुणस्तर समेत यकिन गर्न स्वास्थ्य कार्यालयमा प्रयोगशाला शाखा एवं जनशक्तिको समेत व्यवस्था रहेको छ। उक्त कार्यलाई प्रभावकारी रूपमा संचालन व्यवस्थापनको लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | स्वास्थ्य कार्यालयहरुमा प्रयोगशाला स्थापना तथा सञ्चालन लागि आवश्यक सामग्री खरिद गरी गुणस्तरीय निदानात्मक सेवा संचालन गर्ने। |
| अपेक्षित उपलव्धी | • लक्ष्य तोकिएका रोगहरुको सर्भिलेन्स, रोग पहिचान, निदान भई रोग नियन्त्रण , निवारण, उन्मुलनको अवस्थाको मूल्याङ्कन भई लक्ष्य हासिल गर्न टेवा पुग्ने छ । |
| सञ्चालन प्रक्रिया | • सम्बन्धित कार्यालयका प्रयोगशाला तर्फका कर्मचारीको संयोजनमा प्रयोगशाला शाखाको कार्य विवरण अनुसार संचालन गर्नु पर्ने सेवा, समसामयिक अवस्था समेतलाई ध्यानमा राखी प्रयोगशालाको न्युनतम आधारभूत पूर्वाधारको मूल्याङ्कन र विश्लेषण गरी सेवा संचालन गर्न प्रयोगशालामा आवश्यक औषधी तथा औषधीजन्य सामग्री (kit, reagent) लगायत निर्धारण गर्ने।<br>• प्रयोगशालाको लागि Reagent/Test Kit खरिद गर्नको लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालामा कार्यरत प्रयोगशालाकर्मि (प्रदेश तहको) बाट स्पेशिफिकेसन निर्माणमा समन्वय गरेर मात्र खरिद गर्नुपर्नेछ ।<br>सामग्री आपूर्ति गरी प्रयोगशाला संचालन पश्चात को कार्य : |

| | |
|---|---|
| | • स्वास्थ्य कार्यालयको प्रयोगशालामा क्षयरोग, औलो, कालाजार, आकस्मिक अवस्था / महामारी (जस्तै Dengue) तथा तोकिएका समुहको एच.आई.भी. को परीक्षण गर्ने।<br>• AES, शंकास्पद दादुरा, AFP को नमुना संकलन, भण्डार र ढुवानी गर्ने।<br>• स्वास्थ्य कार्यालय र जिल्ला भित्रका अन्य प्रयोगशालामा भएका माथि उल्लेखित परीक्षणको अभिलेख अध्यावधिक गरी मासिक प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रतिवेदन गर्ने। |
| प्रतिवेदन प्रणाली | • कार्यक्रम सम्पन्न पश्चात त्रैमासिक प्रतिवेदन प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाउनुपर्नेछ ।<br>• जनस्वास्थ्य प्रयोगशालाले सबै स्वास्थ्य कार्यालयबाट आएको प्रतिवेदन एकीकृत बनाई स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु सबै (१४ जिल्ला)। |

### ७. *प्रादेशिक एम्बुलेन्स तथा पूर्व अस्पताल व्यवस्थापन समिति व्यवस्थापन खर्च (खर्च शिर्षक नं.: २२५२२ क्रियाकलाप कोड:2.5.11.44)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय/ पृष्ठभूमि | जिल्ला तहमा संचालनमा रहेका एम्बुलेन्सहरुको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन तथा "राष्ट्रिय एम्बुलेन्स निर्देशिका,२०७८" बमोजिम नियमन समेत गर्न जिल्ला एम्बुलेन्स समितिहरूको नियमित बैठक बसी समीक्षा एवं थप व्यवस्थापन गर्न यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम एम्बुलेन्स सेवा लाई थप प्रभावकारी बनाउने। |
| अपेक्षित उपलव्धी | जिल्लामा रहेका एम्बुलेन्सहरूको गुणस्तर नियमन तथा सेवा सञ्चालन प्रक्रियामा आवश्यक सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • "राष्ट्रिय एम्बुलेन्स निर्देशिका,२०७८" मा रहेको ब्यवस्था बमोजिम गठित जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको नियमित बैठक बस्नुपर्नेछ।<br>• सो समितिले उक्त निर्देशिकामा भएको व्यवस्था अनुसार (परिमार्जन भएमा सो समेत) बमोजिमका कार्य गरी निर्णयहरुको अभिलेख अध्यावधिक गरी राख्नुपर्नेछ।<br>• एम्बुलेन्स खरिद तथा सेवा सञ्चालन गर्ने अनुमतिको सिफारिस पनि सोही समितिले प्रदेश मन्त्रालय, प्रदेश एम्बुलेन्स प्रेषण केन्द्रमा गर्नुपर्नेछ।<br>• आवश्यकता अनुसार अनुगमन, बैठक भत्ता र सो सँग सम्बन्धित अन्य खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | • स्वास्थ्य कार्यालयले यस क्रियाकलापको त्रैमासिक प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।<br>• स्वास्थ्य निर्देशनालयले सबै स्वास्थ्य कार्यालयबाट आएको प्रतिवेदन एकीकृत गरी एकमुष्ट प्रतिवेदन स्वास्थ्य मन्त्रालय पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरू सबै (१४ जिल्ला) |

## ८. जिल्ला स्तरमा RRT बैठक तथा समीक्षा, स्वास्थ्य क्षेत्रको प्रतिकार्य योजना अध्यावधिक गर्ने (खर्च शिर्षक नं. : २२५२२, क्रियाकलाप कोड: २.७.२५.२०)

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि/परिचय | महामारी तथा प्राकृतिक प्रकोपबाट हुन सक्ने स्वास्थ्य समस्या, जोखिम न्यूनीकरण, नियन्त्रण रोकथामको लागि तत्काल टिम परिचालन गर्न यस अघि नै RRT को ब्यवस्था रहेको र सो टिमलाई तयारी अवस्थामा राख्नु पर्ने भएकोले सो को आवश्यकता अनुसार पुनर्गठन, अभिमुखीकरण, तथा परिचालनको लागि यो बजेट ब्यवस्था गरिएको छ। |
| उद्देश्य | प्राकृतिक प्रकोप तथा महामारीबाट हुने स्वास्थ्य समस्याको तत्काल रोकथाम नियन्त्रणको लागि टिम परिचालन र व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलव्धी | • शिघ्र प्रतिकार्य टोली मार्फत जिल्लाभित्र सम्भावित प्राकृतिक प्रकोप, महामारी बाट उत्पन्न हुने स्वास्थ्य समस्याको समयमा नै पहिचान गरी रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गरी स्वास्थ्यजन्य जोखिम न्यूनीकरण हुनेछ । |
| सञ्चालन प्रक्रिया | • जिल्ला स्तरमा RRT Team गठन तथा संचालन निर्देशिका बमोजिम आबश्यकता अनुसार पुनर्गठन गर्नुपर्नेछ।<br>• पुनर्गठन गर्दा तोकिए अनुसार चिकित्सक,स्वास्थ्यकर्मी र अन्य व्यक्ति समेतको सहभागिता (स्थानीय तह बाट समेत सहभागी गराई) मा टिम बनाउनु पर्नेछ।<br>• निर्देशिका बमोजिम RRT Team को अभिमुखीकरण गर्नुपर्नेछ।<br>• विगत वर्षहरुको महामारी अवस्था, RRT Team परिचालन अवस्थाको समीक्षा र टिम परिचालनको योजना बनाउनुपर्नेछ।<br>• प्राकृतिक प्रकोप, महामारीजन्य रोगहरुको सम्भाव्यता अध्ययन गरी सोही बमोजिम योजना, पुर्वतयारी तथा कार्यान्वयन (सर्भिलेन्स, नमुना संकलन, ढुवानी, परीक्षण आदी) मा समेत RRT टिम बाट सम्बन्धित व्यक्तिहरूलाई परिचालन गर्ने सम्बन्धी निर्णय गर्नुपर्नेछ।<br>• यो कार्यक्रममा बिनियोजित बजेटबाट सम्बन्धित कार्यालयले एक आर्थिक वर्षभरी बिपद् तथा महामारिमा आवश्यक पर्ने खर्च तथा कार्यक्रम सञ्चालन गरी आपतकालीन व्यवस्थापन गर्नुपर्नेछ। |

| | |
|---|---|
| वित्तीय व्यवस्थापन/प्रतिवेदन प्रणाली | • विनियोजित बजेटबाट जिल्लाको विगतको अवस्था हरुको समेत समीक्षाको आधारमा सम्भावित जोखिमको अनुमान समेत गरेर RRT टिम पुनर्गठन, अभिमुखीकरण बैठक, परिचालन आदि लाई प्राथमिकतामा राखी खर्च योजना र व्यवस्थापन गर्नेछ ।<br>• यो कार्यको त्रैमासिक प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।<br>• स्वास्थ्य निर्देशनालयले सबै स्वास्थ्य कार्यालयबाट आएको प्रतिवेदन एकीकृत गरी एकमुष्ट प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु सबै (१४ जिल्ला)। |

## ९. Routine Data Quality Assurance का लागि कार्यक्रम (खर्चीशिर्षक नं: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३३०)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | तथ्यांकको गुणस्तरीयता अभिबृद्धि हुने । तथ्यांकमा गुणस्तरीयता कायम भएको सुनिश्चितता हुने । तथ्यांकको व्यवहारिक प्रयोगमा अभिबृद्धि हुने । गुणस्तरीय तथ्यांकको आपुर्तिबाट पारदर्शिताको अभिबृद्धि हुन गई तथ्यमा आधारित योजना तर्जुमा सहयोग पुग्ने । |
| अपेक्षित उपलव्धी | प्रत्येक स्थानीय तहका स्वास्थ्य संस्थाबाट प्रवाह हुने व्यवस्थापन गर्न आवश्यक सुचकहरु पहिचान गरी कार्य योजना निर्माण हुनेछ। तथ्यांक प्रति सम्बन्धित स्वास्थ्य संस्थाका कमर्चारीको जिम्मेवारीको भावना अभिबृद्धि हुनेछ । |
| सञ्चालन प्रक्रिया | **स्वास्थ्य संस्था छनौट**<br>• स्वास्थ्य कार्यालयमा यस अघिको स्वास्थ्य तथ्यांक व्यवस्थापन समुहले ROUTINE DATA QUALITY ASSURANCE का लागि जिल्ला भरीका स्वास्थ्य संस्थाहरूबाट सकेसम्म सबै स्थानीय तह समेटिने गरी बजेटको परिधिमा रही यस बर्ष RDQA गरिने स्वास्थ्य संस्थाहरूको सुची र कार्य सञ्चालन पात्रो (तालिका) साउन महिना भित्र तयार गरी सक्नु पर्नेछ ।<br>**बजेट खर्च**<br>• RDQA सञ्चालन गरिने स्वास्थ्य संस्थामा स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुख उप्रमुख र सम्बन्धित स्वास्थ्य शाखाका कर्मचारीहरूको उपस्थितिमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयको वेभमा आधारित Routine Data Quality Assessment System अनुसार RDQA क्रियाकलाप सञ्चालन गर्नु पर्दछ। यसरी RDQA गर्दा सम्बन्धित पालिकाका उपस्थित कर्मचारीलाइ प्रचलित आर्थिक ऐन नियमानुसारको सहभागी भत्ता (प्रतिव्यक्ति रू ७००) , खाजा खर्च (रू २००) , स्टेशनरी ( प्रति सहभागी रू १००) , प्रतिवेदन (रू १५००) र बिबिध (एक मुष्ठ रू १०००) खर्च गर्न सकिनेछ । जिल्लाबाट RDQA सञ्चालन गर्न जाने कर्मचारीको नियमानुसारको दैनिक भ्रमण भत्ता खर्च लेख्न सकिनेछ ।<br>**अनसाइट कोचिंग** |

| | |
|---|---|
| | • RDQA सञ्चालन हुने स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थाको नियमित काम लाई बाधा नपुर्याइ सबै कर्मचारीको उपस्थितीमा प्रणालीका बारेमा एउटा सेसन सञ्चालन गर्नु पर्नेछ र अर्को पटकको Assessment संस्था आँफैले वेबमा गर्न प्रतिबद्धता गराउनु पर्नेछ ।<br>**सुचक छनौट**<br>• Routine Data Quality Assessment System मा सुचक छनौट गर्दा कम्तीमा २ वटा स्वास्थ्यका कार्यक्रमहरूबाट कम्तीमा पांच वटा सुचक छनौट गर्नु पर्दछ । अफलाइनबाट ROUTINE DATA QUALITY ASSESSMENT SYSTEM सञ्चालन गर्नु पर्ने स्वास्थ्य संस्थाहरूको डाटा ASSESSMENT भएको एक साता भित्रमा WEB Synchronize गरीसक्नु पर्नेछ । |
| सन्दर्भ सामग्री | नियमित तथ्यांक गुणस्तर परीक्षण प्रणाली संचालन निर्देशिका, २०७५ |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम विनियोजित बजेटको अधिनमा रही प्रदेश सरकारको आर्थिक ऐन नियम र आर्थिक कार्यविधिको आधारमा खर्च व्यवस्थापन गर्नुपर्नेछ।<br>यो कार्यक्रम सम्पन्न भए पश्चात सो को भौतिक, वित्तीय विस्तृत प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | सबै स्वास्थ्य कार्यालयहरु। |

## १०. विद्यालय नर्स कार्यक्रम संचालन खर्च (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | विद्यालय नर्स मार्फत विद्यालय तहमा संचालन हुने कार्यक्रमको प्रभावकारी संचालन र व्यवस्थापनको लागि आवश्यक सामाग्री उपलब्ध गराउने साथै कार्यक्रम व्यवस्थित गर्ने |
| अपेक्षित उपलव्धी | विद्यालय तहमा बालबालिका तथा किशोर किशोरीहरूको समग्र स्वास्थ्य, सरसफाई र पोषण अवस्थामा सकारात्मक परिवर्तन हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य कार्यालयमा कार्यरत कार्यक्रमको फोकल पर्सनले (पब्लिक हेल्थ नर्स) यो कार्यक्रमको योजना तयारी गर्ने ।<br>• कार्यविधिको अधीनमा रही वार्षिक रुपमा विद्यालयमा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्री स्वास्थ्य कार्यालयसँग भएको मौज्दात तथा स्थानीय तहसँग समेत समन्वय गरी व्यवस्थापन गर्नुपर्नेछ। विद्यालय नर्सलाई दैनिक कार्य सञ्चालनका लागि आवश्यक मसलन्द, स्टेसनरी लगायत विद्यालयमा आवश्यक कार्यक्रम संचालन गर्नका लागि सामग्रीको व्यवस्थापन यसै शिर्षकबाट गर्नुपर्नेछ।<br>• जिल्ला स्तरमा हुने समीक्षा कार्यक्रममा मौज्दात अवस्थाको विश्लेषण गरी आवश्यकता निर्धारण गरेर सामाग्री खरिद र वितरण गर्नुपर्नेछ।<br>• सम्बन्धित स्वास्थ्य कार्यालय र विद्यालयले विद्यालय नर्सलाई "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम संचालन कार्यविधि"अनुसारको काम, कर्तव्य, अधिकार र कार्यजिम्मेवारी दिई उपयुक्त वातावरण प्रदान गर्न/गराउन सहजीकरण गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • कार्यक्रम संचालन गर्दा सरकारी तथा गैह सरकारी संघ संस्था (NGO, INGO) हरूसँग (स्थानीय तह, समुदाय तथा विद्यालय स्तरमा) समन्वय गरी स्वास्थ्यका क्रियाकलापहरू योजना बनाई समुदाय तथा विद्यालयमा संचालन गर्न सकिनेछ।<br>• जिल्लाले आयोजना गर्ने समीक्षा भाद्र मसान्त भित्र सबै जिल्लाको समीक्षा सम्पन्न भएको सुनिश्चित गर्नुपर्नेछ।<br>• आ.व. २०८१/०८२ को समीक्षासँगै Refraction error र Dental caries को अभिमुखीकरण समेत भएको हुनाले प्रत्येक जिल्लाको विद्यालय नर्स समीक्षा सँगै देखाइ सम्बन्धी समस्या (Refraction Error) तथा दन्तरोग (Dental Caries) पहिचान तथा व्यवस्थापन अभिमुखीकरणमा विद्यालय नर्स संयोजक र स्वास्थ्य निर्देशनालयका कम्युनिटि डेन्टिस्ट अनिवार्य उपस्थित भई सो कार्यक्रमलाई प्रभावकारी बनाउने। सँगसँगै Refraction Error को अभिमुखिरणका लागि विद्यालय नर्स संयोजक जिल्लाको नजिकैको आखा अस्पतालसँग समन्वय गरी दक्ष जनशक्ति व्यवस्थापन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम विनियोजित बजेटको अधिनमा रही प्रदेश सरकारको आर्थिक ऐन नियम र आर्थिक कार्यविधिको आधारमा खर्च व्यवस्थापन गर्नुपर्नेछ।<br>यो कार्यक्रम सम्पन्न भए पश्चात सो को भौतिक, वित्तीय विस्तृत प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय सबै। |

## ११. प्रजनन स्वास्थ्य सम्बन्धी आङ्ग खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, प्रसब - फिस्टुला तथा नि:सन्तान सम्बन्धी व्यवस्थापनका लागि स्वास्थ्यकर्मीलाई अनसाइट कोचिङ्ग तथा सेवा प्रवाहका लागि आवश्यक व्यवस्थापन(खर्च शिर्षक नं. २२५२२, २.७.२२.१३११)

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | प्रादेशिक स्तरमा आङ्ग खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, Obstetric Fistula, स्तन क्यान्सर, बाँझोपन (नि:शन्तान) जस्ता समस्याहरु भएका महिलाहरुको एकीकृत रुपमा पहिचान (Screening) गर्न स्वास्थ्य संस्थामा आएका लक्षित समूह भित्रका सेवाग्राही महिला वा दम्पतिलाई सम्पूर्ण प्रजनन रुग्णताको परीक्षण (Screening) तथा कन्जरभेटिभ व्यवस्थापन साथै आवश्यक्तानुसार प्रेषण समेत गर्ने व्यवस्था मिलाउन सम्बन्धित जिल्लामा यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • लक्षित वर्गका महिलाहरुको दैनिक ओपिडी बेसिसमा नै स्तन क्यानसर, आङ्ग खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, Obstetric Fistula र बाँझोपन जस्ता समस्याहरुको नि:शुल्क परीक्षण (Screening) गरी प्रारम्भिक व्यवस्थापन(Conservative Management) गर्ने।<br>• प्रजनन् रुग्णताको स्क्रिनिङ्गको क्रममा समस्या पहिचान भई थप उपचारको आवश्यकता परेमा सम्बन्धित जिल्ला तथा सेवासँग सम्बन्धित अस्पतालमा प्रेषण गरी उपचारको सुनिश्चितता गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलव्धी | • लक्षित जनसंख्याको स्तन क्यानसर, आङ्ग खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर, Obstetric Fistula र बाँझोपन जस्ता समस्याहरुको आवश्यकता अनुसार प्रारम्भिक व्यवस्थापन गरिएको हुने।<br>• समस्या पहिचान भएका महिला वा दम्पतिलाई आवश्यकतानुसार थप उपचारको लागि प्रेषण गरी उपचार पाएको सुनिश्चितता। |
| संचालन प्रक्रिया | • जिल्लाभित्रका स्वास्थ्य संस्थाको सुची तयार पार्नुपर्नेछ।<br>• सुचीभित्रका स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीहरुको सुची तयार पार्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य तालिमकेन्द्र वा स्वास्थ्य निर्देशनालय वा स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी एकीकृत प्रजनन रुग्णता सेवाको तालिम TOT लिएका कर्मचारीको सुची तयार पार्ने।<br>• नीति योजना तथा जनस्वास्थ्य सेवा महाशाखाले **"एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन"** सम्बन्धी तालिम पुस्तिकाको निर्माण गर्नुपर्नेछ।<br>• उदयपुर, मोरङ्ग स्वास्थ्य कार्यालयमा पहिलो पटक प्रदेश तर्फबाट र संघबाट सुनसरी स्वास्थ्य कार्यालयमा कार्यक्रममा बजेट विनियोजन भएको हुनाले पहिलो ब्याच तालिम सञ्चालन गर्दा लक्षित समुहका सेवाग्राही महिला धेरै हुने स्वास्थ्य संस्थालाई मध्यनजर गरी दैनिक ओपिडिबाट सेवा प्रवाह हुने गरी प्रत्येक स्वास्थ्य संस्थाबाट २-२ जना नर्सिङ्ग कर्मचारी समावेश गरी तालिम सञ्चालन गर्नुपर्नेछ। त्यसपछि वजेटको परिधीभित्र रहि क्रमशः स्वास्थ्य संस्था विस्तार गर्नुपर्नेछ।<br>• तालिम सञ्चालन गर्दा **"एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन"** सम्बन्धी तालिम पुस्तिका स्वास्थ्य मन्त्रालयको वेवसाइट moh.koshi.gov.np बाट लिई गर्नुपर्नेछ।<br>• "एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन" सम्बन्धी तालिम पुस्तिका बमोजिम कम्तीमा १ हप्ता अगाडी नै पुर्ण रुपमा तयारी भएको सुनुश्चितता गर्नुपर्नेछ।<br>• **तालिम जम्मा ५ दिनको हुनेछः** २ दिन र आधा दिन सैद्धान्तिक सेसन, आधा दिन सबै सहभागीलाई डमीमा अभ्यास गराउने त्यसपछिको २ दिन जिल्ला अस्पतालमा दैनिक ओपिडीमा आएका महिला वा जिल्लाभित्रका धेरै सेवाग्राही भएको र व्यवस्थीत स्वास्थ्य संस्थामा शिविर सञ्चालन गरी अभ्यास गराउनुपर्नेछ।<br>• अभ्यास गराउदा चहिने निःशुल्क उपलव्ध हुने औषधी तथा औषधिजन्य सामाग्री स्वास्थ्य कार्यालयको भण्डार र प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी व्यवस्थापन गर्नुपर्नेछ। निःशुल्क बाहेकका औषधी तथा औषधीजन्य सामाग्री एवं सिलिकन रिङ्ग पेसरी रु. २०००० प्रति ब्याचमा नबढ्ने गरी खरिद गरी व्यवस्थापन गर्न सकिने छ। शिविरको |

| | |
|---|---|
| | अन्य व्यवस्थापन (प्रचारप्रसार, स्थानीय भत्ता तथा दैनिक भ्रमण भत्ता) का लागि बढिमा रु. १०००० खर्च गर्न सकिनेछ।<br>• तालिम सञ्चालन पश्चात  एकीकृत प्रजनन स्वास्थ्य रुग्णता सेवा सुचारुका लागि  "एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन"  मार्गदर्शनमा भएको सेवा सञ्चालनका लागि आवश्यक न्युनतम सामाग्रीहरु बमोजिमको सामाग्री स्वास्थ्य संस्थामा भएको सुनिश्चित गर्नुपर्नेछ।<br>• तालिम सञ्चालन गर्नु पुर्व तालिममा सहभागी बोलाइएको स्वास्थ्य संस्थामा **एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन"** सम्बन्धी तालिम  पुस्तिका बमोजिमको सामाग्रीको तथ्यांक संकलन गरी सो सामग्री पुर्णनभएमा पुर्ण गरी सेवा सुचारुका लागि मिलेसम्म निःशुल्क उपलव्ध हुने औषधी तथा औषधिजन्य सामाग्री स्वास्थ्य कार्यालयको भण्डार र प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी व्यवस्थापन गर्नुका साथै सो मार्फत व्यवस्थापन गर्न नसकिने अन्य औषधी तथा औषधिजन्य सामाग्री तथा औजार उपकरण सो समेत खरिद गरी सम्बन्धित संस्थाका सहभागीलाई तालिम सञ्चालन पश्चात  हस्तान्तरण गरी सेवा सुचारुको सुनिश्चितता गर्नुपर्नेछ।<br>• तालिम लिएर गएका स्वास्थ्यकर्मीले पहिलो एक महिनामा १०० जना सेवाग्राहीलाई सेवा उपलब्ध गराएपश्चात मात्र प्रमाणपत्र उपलब्ध गराउने।प्रमाणपत्र प्रदेश स्वास्थ्य तालिम केन्द्रसंग समन्वय गरी उपलब्ध गराउनुपर्नेछ।<br>• वजेट विनियोजन भएका स्वास्थ्य कार्यालय संखुवासभा र जिल्ला अस्पताल धनकुटाको हकमा जिल्लाभरिका स्वास्थ्य संस्थाबाट सेवा सुचारु हुनेगरी तालिम सञ्चालन भएको हुनाले यस बजेटबाट देहाय बमोजिमका गतिविधीहरु सञ्चालन गर्न सकिने छः<br>**(क)** Visual Inspection of Acetic Acid (VIA) तथा योनीको जाँच गर्दा संक्रमण देखिएमा "एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन" निर्देशिका बमोजिम उपचारका लागि **एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन"** सम्बन्धी तालिम पुस्तिका बमोजिमको औषधि समेत खरिद गरी सम्बन्धित स्वास्थ्य संस्थामा सेवा प्रदायकको जिम्मा हुने गरी निःशुल्क उपचारका लागि उपलव्ध गराउने र सो औषधीहरु अन्य सेवामा प्रयोग गर्न पाइनेछैन।<br>**(ख)** सेवा प्रवाह गर्ने क्रममा **एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन"** सम्बन्धी तालिम पुस्तिका बमोजिमका सामाग्रीहरु आवश्यक परेमा मिलेसम्म निःशुल्क उपलव्ध हुने औषधी तथा औषधिजन्य सामाग्री स्वास्थ्य कार्यालय, संखुवासभा तथा जिल्ला अस्पताल, धनकुटाको भण्डार एवं प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी व्यवस्थापन गर्नुका साथै सो मार्फत व्यवस्थापन गर्न |

| | |
|---|---|
| | नसकिने अन्य औषधी तथा औषधिजन्य सामाग्री तथा औजार उपकरण खरिद गरी वितरण तथा सेवा निरन्तरताको सुनिश्चतता गर्ने।<br>**(ग)** सेवा उपलब्ध गर्ने क्रममा सेवा प्रदायकको दक्षतामा कमी भएमा एक दिनको Onsite coaching समेत गरी सेवाको गुणस्तरीयतालाई कायम राख्ने।<br>**(घ)** Onsite coaching गर्न जाँदा कम्तीमा १०-१५ जना महिलालाई Screening तथा व्यवस्थापन गर्ने गरी बढीमा २ जना (मेन्टर तथा कार्यक्रम संयोजक) को योजना बनाईमात्र कोचिङ्ग गर्नुपर्नेछ। Onsite coaching गर्न जाँदा जिल्ला अस्पतालका मेन्टरले थर्मोकोगुलेसन मेसिन समेत लिएर जानुपर्नेछ। यदी सो समयमा VIA Positive आएमा स्थलगत उपचार (थर्मोकोगुलेसन) समेत गर्नुपर्नेछ।<br>• **वजेट विनियोजन भएको जिल्ला अस्पताल संखुवासभाको हकमा अस्पतालबाट नियमित सेवा सुचारु हुनेगरी देहाय बमोजिमका गतिविधीहरु सञ्चालन गर्न सकिने छ:**<br>**(क)** Visual Inspection of Acetic Acid (VIA) तथा योनीको जाँच गर्दा संक्रमण देखिएमा "एकीकृत प्रजनन स्वास्थ्य रुग्णता पहिचान (Screening) तथा व्यवस्थापन" निर्देशिका बमोजिम उपचारका लागि अनुसुची-१ बमोजिमको औषधि समेत खरिद गरी सम्बन्धित सेवा प्रदायक तथा इकाईको जिम्मा हुने गरी निःशुल्क उपचारका लागि उपलब्ध गराउने र सो औषधीहरु अन्य सेवामा प्रयोग गर्न पाइनेछैन।<br>**(ख)** सेवा प्रवाह गर्ने क्रममा अनुसुची-२ बमोजिमका सामाग्रीहरु आवश्यक परेमा मिलेसम्म निःशुल्क उपलब्ध हुने औषधी तथा औषधिजन्य सामाग्री स्वास्थ्य कार्यालय, संखुवासभा तथा जिल्ला अस्पताल, धनकुटाको भण्डार एवं प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी व्यवस्थापन गर्नुका साथै सो मार्फत व्यवस्थापन गर्न नसकिने अन्य औषधी तथा औषधिजन्य सामाग्री तथा औजार उपकरण खरिद गरी वितरण तथा सेवा निरन्तरताको सुनिश्चतता गर्ने।<br>**(ग)** सेवा उपलब्ध गर्ने क्रममा सेवा प्रदायकको दक्षतामा कमी भएमा Onsite coaching समेत गरी सेवाको गुणस्तरीयतालाई कायम राख्ने।<br>• यो कार्यक्रमको फोकल पर्सनको रुपमा स्वास्थ्य कार्यालयमा पब्लिक हेल्थ नर्स र अस्पतालमा मातृशिशु क्लिनिकको प्रमुखको जिम्मेवारी पाएको नर्सिङ्ग कर्मचारी तोक्नुपर्नेछ।<br>• तालिम लिइसकेका धनकुटा र संखुवासभाका स्वास्थ्यकर्मीहरुलाई ५ वटा सेवामध्ये एउटा कम्पोनेन्ट बाझोपन (निःसन्तान) सम्बन्धी बाँकी रहेको हुनाले सो सम्बन्धी आवश्यक सामाग्री (भिडियो) स्वास्थ्य मन्त्रालयको आधिकारीक वेवसाइटबाट हेरेर सोही बमोजिम पहिचान (Screening) गरी प्रेषण गर्नुपर्नेछ।<br>• प्रेषण गर्दा सकेसम्म सरकारी जिल्ला अस्पताललाई प्राथमिकतामा राखी प्रेषण गर्नुपर्नेछ। आ.व.२०८१/०८२ मा संखुवासभा, उदयपुर, धनकुटा अस्पतालबाट निःशुल्क |

| | |
|---|---|
| | निःशन्तान उपचार सेवा विस्तार तथा संचालनमा बजेट विनियोजन गरेको छ। प्रेषण गर्दा यि अस्पतालहरु पायक पर्ने भएमा प्राथमिकतामा राखी समन्वय गरी प्रेषण गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • स्वास्थ्य सूचना प्रणाली (TIMS) मा तालिम प्राप्त स्वास्थ्यकर्मीको विवरण प्रविष्ट तथा प्रमाणपत्रका लागि प्रदेश स्वास्थ्य तालिम केन्द्रमा प्रतिवेदन पठाउनुपर्नेछ।<br>• तालिम तथा सेवाग्राहीको विस्तृत विवरण सहितको प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।<br>• स्वास्थ्य निर्देशनालयले ४ वटा जिल्लाबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालय पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | बजेट विनियोजन भएका स्वास्थ्य कार्यालयहरु तथा जिल्ला अस्पतालहरु। |

### *१२. विद्यालय नर्स समीक्षा सँगै देखाइ सम्बन्धी समस्या (Refraction Error) तथा दन्तरोग (Dental Caries) पहिचान तथा व्यवस्थापन अभिमुखीकरण गर्ने (खर्च शिर्षक नं.: २२५१२, क्रियाकलाप कोड: 2.6.6.10)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | • जिल्लाका विभिन्न स्थानीय तह अन्तर्गतका विद्यालयहरुमा कार्यरत विद्यालय नर्सिङ्ग कार्यक्रमको प्रभावकारीता, कार्यक्रम कार्यान्वयनका विविध पक्षहरुका बारे समीक्षा गर्ने।<br>• बालबालिकामा बढ्दै गरेको देखाइ सम्बन्धी समस्या (Refraction Error) तथा दन्तरोग (Dental Caries) पहिचान तथा व्यवस्थापनका लागि विद्यालय नर्सलाई दक्ष बनाउने। |
| अपेक्षित उपलव्धी | विद्यालय नर्सिङ्ग कार्यक्रमलाई थप प्रभावकारी र परिष्कृत रुपमा सञ्चालन गर्न मार्गप्रशस्त हुनुका साथै बालबालिकामा बढ्दै गरेको देखाइ सम्बन्धी समस्या (Refraction Error) तथा दन्तरोग (Dental Caries) पहिचान तथा व्यवस्थापनका लागि विद्यालय नर्समा सिपको विकास हुनेछ। |
| सञ्चालन प्रक्रिया | • यस शिर्षकमा विनियोजित रकमबाट स्वास्थ्य कार्यालयले जिल्लाभर यो कार्यक्रम लागू भएका विद्यालयका विद्यालय नर्स, जिल्ला भरिबाट २ वा ३ जना मात्र प्रधानाध्यापक, २ वा ३ जना मात्र स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य निर्देशनालयमा कार्यरत विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजकलाई समावेश गरी १ दिन कार्यक्रमको समीक्षा, २ दिन देखाइ सम्बन्धी समस्या (Refraction Error), दन्तरोग (Dental Caries) र मानसिक समस्याको पहिचान तथा परामर्शको अभ्यास सहितको सिप विकास हुने गरी कार्यक्रमको आयोजना गर्नुपर्नेछ।<br>• देखाइ सम्बन्धी समस्या (Refraction Error) र दन्तरोग (Dental Caries) को सिप विकासका लागि कार्यक्रम संयोजकसँग समन्वय गरेरमात्र सञ्चालन गर्ने। साथै मानसिक समस्याको पहिचान तथा परामर्शको सिपका लागी १ वा २ सेशन प्रदेशभित्रका मनोसामाजिक मनोबिमर्शकर्ताबाट सहजिकरण गराउनुपर्नेछ। |

| | |
|---|---|
| | • १४ जिल्लाकै उक्त कार्यक्रममा कार्यक्रम संयोजकको अनिवार्य उपस्थीति हुनेगरी मात्र तालिका तय गर्ने। जसवाट आएको कार्यक्रमको हाल सम्मको उपलब्धि र आगामी कार्यदिशाबारे दिशानिर्देश गर्ने दस्तावेज निर्देशनालयले कार्यक्रम संयोजक मार्फत तयार गर्नुपर्नेछ।<br>• समीक्षाको लागि प्रस्तुत गर्नुपर्ने विषयको टेम्प्लेट अनिवार्य रुपमा कार्यक्रम संयोजकले तयार गरी प्रत्येक जिल्लामा पहिलो चौमासीकमा नै र सम्बन्धित जिल्लाले विद्यालय नर्स भएको स्थानीय तहमा ।स्वास्थ्य कार्यालयको कार्यक्रम फोकल पर्सनले उक्त टेम्पलेट समीक्षा हुनु १५ दिन अगाडि नै स्थानीय तह मार्फत पत्राचार गरी समीक्षामा आउदा ल्याउनु पर्ने विवरण (सामाग्रीको मौज्दात अवस्था, संचालित क्रियाकलाप, अनुभव/सिकाई, समस्या आदि) विद्यालय नर्स समक्ष सो को सुनिश्चितता कार्यक्रम संयोजकले गर्नुपर्नेछ।<br>• समीक्षामा कार्यक्रमको अवस्था, श्रोत साधनको अवस्थाको समेत विश्लेषण गरी स्थानीय तहबाट गरिने साझेदारीको समेत योजना बनाएर कार्यन्वयन सहजीकरण गर्नुपर्दछ। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले सबै जिल्लाको एकिकृत गरि स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | १४ वटा स्वास्थ्य कार्यालयहरु। |

### *१३. नसर्ने रोग व्यवस्थापनका लागि सामुदायिक स्क्रिनिङ्ग तथा स्वस्थ व्यक्तिलाई सक्रिय र स्वस्थ राख्न व्यक्तिगत, पारिवारिक, स्वस्थ प्रबर्द्धनका गतिविधिहरु सञ्चालन गर्ने (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.५.११.३५)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय | बदलिँदो जीवनशैली, आहार बिहार, वातावरणीय असन्तुलन आदिका कारणले हाल नेपाल लगायत विश्व समुदायमा नसर्ने रोगको प्रकोप बढ्दो छ। समुदायमा लुकेर रहेका यस्ता रोगबाट ग्रसित मानिसहरुलाई समयमै पहिचान गरी आवश्यकता अनुरुप स्वास्थ्य सेवा प्रदान गर्न सके रोगले निम्त्याउने जटीलता कम गर्न सकिन्छ। प्रदेश सरकारले आ.व. २०७८/७९ देखि यो कार्यक्रम मोरंग जिल्लाबाट सुरु गरी सञ्चालनमा ल्याएको छ। |
| उद्देश्य | समुदायमा आधारित भएर नसर्ने रोगको रोकथाम, पहिचान तथा प्रेषण गर्ने। |
| अपेक्षित उपलव्धी | समुदायमा आधारित भएर नसर्ने रोगको समयमै रोकथाम, पहिचान वा प्रेषण गरी नसर्ने रोगबाट हुन सक्ने जटिलताको भार कम हुने। |
| सञ्चालन प्रक्रिया | १. स्वास्थ्य कार्यालयले सम्बन्धित जिल्लाको कम्तीमा ४ वटा स्थानीय तह (विगतमा ग्रामीण आमा स्वास्थ्य सूरक्षा कार्यक्रम लागू भएकालाई प्राथमिकतामा राखी) छनौट गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। |

२. यो कार्यक्रम पहिला सञ्चालन भएका स्थानिय तहमा नदोहोरिने गरी गर्नुपर्नेछ।

३. छनौट भएका स्थानीय तह/स्वास्थ्य संस्थाका कर्मचारी एवं जनप्रतिनिधिहरुलाई कार्यक्रमको महत्व, संचालन प्रक्रिया, अभिलेख प्रतिवेदन आदि बारे १ दिने अभिमुखीकरण गरी कार्यक्रम संचालन गर्ने वडा, समुदाय  यकिन गरी योजना बनाउने ।

- यही कार्यक्रममा प्रत्यक वडा बाट कम्तीमा २ जना लेखपढ, अंग्रेजी पढ्न लेख्न जान्ने महिला स्वास्थ्य स्वयम्सेविकाहरु छनौट गर्नु पर्नेछ ।
- यसरि कार्यक्रम संचालन गर्न स्थानीय तहको अगुवाई, साझेदारीको लागि समन्वय गर्ने
- छनौट भएका वडा स्वास्थ्य संस्थामा स्थानीय तह/स्वास्थ्य संस्था मा स्वास्थ्य कार्यालयबाट स्वयंसेविकाहरुलाई ३ दिने अभिमुखीकरण गर्नुपर्नेछ। अभिमुखिकरणमा देहायका बिषयहरुलाई प्राथमिकतामा राखी गर्नुपर्नेछः

  - कार्यक्रमको महत्व (नसर्ने रोग, उच्च रक्तचाप, मधुमेह को पहिचान र प्रेषण गर्नुपर्ने अवस्थाबारे जानकारी) बारे बुझाउने।
  - उच्च रक्तचाप, मधुमेह,प्रेषण गर्नुपर्ने अवस्थाबारे पहिचान गर्न डिजिटल प्रणालीबाट रक्तचाप तथा रगतमा चिनीको मात्रा नाप्नका लागि सीप बिकास गर्ने।
  - अभिलेख प्रतिवेदन फर्म , फर्मेट र प्रतिवेदन प्रणाली बारे।
  - कार्यक्रम संचालन हुने वडा/स्थान, मिति र समय।
  - उक्त कार्यक्रम स्थलमा आवश्यक सामाग्री र व्यवस्थापन।
  - प्रचार प्रसार आदि बारे छलफल गराई जिम्मेवारी समेत बाँडफाँड गर्ने।
- यो अभिमुखीकरण/तालिममा स्वास्थ्य कार्यालय बाट कम्तीमा १ जना प्रशिक्षकको व्यवस्था गर्नु पर्दछ।
- यो कार्यक्रम सञ्चालनका लागि तपशिल बमोजिम Recording Reporting Tools छपाई गरी प्रयोग गर्नुपर्नेछ।

| | |
|---|---|
| १. | महिला स्वास्थ्य स्वंम सेविकाले प्रयोग गर्ने रजिस्टर |
| २. | महिला स्वास्थ्य स्वंम सेविकाले सम्बन्धित स्वास्थ्य संस्थामा रिपोर्टिंग गर्ने फारम |
| ३. | स्वास्थ्य संस्थाले पालिकामा रिपोर्टिंग गर्ने फारम |
| ४. | पालिकाले जिल्लामा रिपोर्टिंग गर्ने फारम |
| ५. | जिल्लाले मन्त्रालयमा रिपोर्टिंग गर्ने फर्म |
| ६. | महिला स्वास्थ्य स्वंम सेविकाले प्रयोग गर्ने रेफरल स्लिप तथा फारम |
| ७. | महिला स्वास्थ्य स्वंम सेविकाले प्रयोग गर्ने रोग पहिचान भएका व्यक्तिहरुको नामावली टिपोट गर्ने फारम |
| ८. | स्वास्थ्य संस्था स्तरीय त्रैमासिक समीक्षा वैठक बसने फारम |

| | |
|---|---|
| ९. | स्वास्थ्य संस्थाले रेफर भई आएका विरामीको अभिलेख राखने रजिस्टर |
| १०. | उपचारमा रहेका विरामीहरुको लागि सम्पर्क कार्ड/स्वाथ्य सेवा कार्ड/अनुगमन जांच कार्ड |
| ११. | स्वास्थ्यकर्मीले महिला स्वास्थ्य स्वंम सेविकालाई अनुगमन गर्ने चेकलिस्ट फारम |
| १२. | अन्य नसर्ने रोग सम्बन्धीका अभिलेख प्रतिवेदनहरु |

- सम्बन्धित स्थानीय तहका अभिमुखिकरणमा सहभागी कम्तीमा १ जना स्वास्थ्यकर्मी लाई कार्यक्रम संचालन भएको दिन सहजीकरण, अनुगमनको लागि अनिवार्य परिचालन गर्नु पर्नेछ ।
- रक्तचाप मापन गर्ने गुणस्तर प्रमाणित डिजिटल उपकरण र ग्लुकोमिटर खरिद गरी आवश्यक अभिलेख तथा प्रतिवेदन सामाग्री सहित छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई वितरण गर्नुपर्नेछ।
- मेडिकल उपकरण (Digital Blood Pressure Monitoring Machine, Glucometer) बायोमेडिकल ईन्जिनियर सहित सम्बन्धित विज्ञ को टिमबाट CE Certified Digital Screen with rechargeable AA battery मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।
- Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।
- स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।
- खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।
- खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।
- ग्रामीण आमा स्वास्थ्य सूरक्षा कार्यक्रमलागू भएका पालिका/स्वास्थ्य संस्थाहरू छनौट भएमा खरिद सामाग्री दोहोरो नहुने गरी व्यवस्थापन गर्नुपर्नेछ।
- सम्बन्धित स्वास्थ्य संस्थाले यो कार्यक्रममा पहिचान भएका विरामीहरुको मासिक अनुगमन र सकेसम्म स्वयम्सेविकाहरु समेत त्रैमासिक समीक्षा गर्ने र प्रतिवेदन तयार गरी स्वास्थ्य कार्यालयमा पठाउनुपर्नेछ।
- कार्यक्रम लागू भएका स्थानीय तहमा मधुमेह र उच्च रक्तचापको औषधि अपुग भएमा स्थानीय तह र जिल्लाको मौज्दातको विश्लेषण गरी कार्यक्रम संचालन मा बाधा भएमा यसै शिर्षकबाट खरीद गर्न सकिने छ ।

| | |
|---|---|
| | **कार्यक्रमको अनुगमन सुपरिवेक्षण**<br>• यो कार्यक्रम अत्यन्तै महत्वपूर्ण र सम्वेदनशील भएकोले यसको व्यवस्थापनमा स्वास्थ्य कार्यालय, स्थानीय तह र स्वास्थ्य संस्था बाट अनिवार्य सुपरिवेक्षण, सहजीकरण को लागि स्वास्थ्य कर्मचारी परिचालन गर्नुपर्दछ ।<br>कार्यक्रम संचालनको अवसरमा नसर्ने रोगको कारण र रोकथाम, खानपान, बानी व्यबहारको बारेमा सामुहिक रूपमा स्वास्थ्य शिक्षा दिनुपर्दछ । |
| वित्तीय व्यवस्थापन | • विनियोजित बजेट बाट माथि उल्लेखित क्रियाकलाप संचालनको लागि अनुमानित खर्च योजना अग्रिम तयार गर्नुपर्दछ ।<br>• यो बजेट बाट बैठक, अभिमुखीकरण, दैनिक भ्रमण भत्ता, खाजा, यातायात, ढुवानी, स्टेशनरी, शैक्षिक सामाग्री छपाई, सूचना संचार, खाजा नास्ता खर्च र उपकरण,औषधिखरिद आदिमा खर्चा गर्न सकिनेछ ।<br>**खर्च भुक्तानीः**<br>• स्थानीय तह/स्वास्थ्यसंस्था बाट परिचालन हुने सुपरिबेक्षक लाइ दैनिक रू ७००।०० यातायात खर्च (एक वडामा अधिकतम ३ दिन)<br>• कार्यक्रम संचालनमा खट्ने स्थानीय स्वयम्सेविकाहरुलाई Performance Based Incentive को रूपमा सिद्वान्तको आधारमा बिधिपूर्वक रक्तचाप मापन गरेको प्रतिव्यक्ति रू. १०।०० र रगतमा चिनीको मात्रा मापन गरेको प्रति व्यक्ति रू १०।०० गरी जम्मा रू.२०।०० यातायात खर्च वापत उपलब्ध गराउनु पर्नेछ । यसै शिर्षकबाट ग्लुकोमिटर र BP set मा आबश्यक ब्याट्री लगायत अन्य सामन्य मर्मतको ब्यबस्था गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालयले कार्यक्रमको मासिक प्रगति प्रतिवेदन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य निर्देशनालयले ७ वटा स्वास्थ्य कार्यालयको प्रतिवेदन एकिकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय मोरङ्ग, संखुवासभा, ताप्लेजुङ्ग, ईलाम, ओखलढुंगा, झापा, सुनसरी। |

## *१४. सरोकारवाला संघ संस्थासँग समन्वयमा वृद्वाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम आदिमा आश्रितका लागि निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम (खर्चशिर्षक: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३०१)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | वृद्वाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम आदिमा आश्रित नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा उपलव्ध गराई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितता गर्ने। |
| अपेक्षित उपलव्धी | वृद्वाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम आदिमा आश्रित नागरिकलाई निःशुल्क स्वास्थ्य सेवाको पहुँच सुनिश्चितता गर्ने। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • जिल्लाभित्रका वृद्दाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम संख्या सम्बन्धित स्थानीय तहसँग समन्वय गरी संख्या सुनिश्चित गर्ने। सँगसंगै तत् तत् स्थानमा आश्रित नागरिकको संख्या यकिन गर्ने।<br>• स्थानीय तहसँग समन्वय गरी आश्रित २५ जनासम्मलाई १ जना सोभन्दा माथि प्रत्येक २५ जनाका लागि १ जना थप हुनेगरी स्वास्थ्यकर्मी व्यवस्थापन गरी स्वास्थ्य (ब्लड पेसर नाप्ने, ग्लुकोमिटर मार्फत ब्लड सुगर एवं अन्य स्वास्थ्य जाँच साथै वृद्दाश्रममा आखाँको तथा बाल आश्रममा आखाँ तथा दाँतको जाँच समेत) जाँच गर्ने। साथै कार्यक्रम व्यवस्थापनका लागि स्वास्थ्य कार्यालयवाट १ जनाको दैनिक भ्रमण भत्ता हुनेगरी व्यवस्थापन गर्ने।<br>• आँखा जाँचको लागि जिल्लामा स्थित आँखा अस्पताल (विमा सेवाप्रदायक सो नभएमा अन्य) सँग समन्वय गरी १ जना चिकित्सक र दाँतको जाँचका लागि स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी कम्युनिटि डेन्टिस्टको व्यवस्थापन गर्ने। कम्युनिटि डेन्टिस्टको दैनिक भ्रमण भत्ता स्वास्थ्य निर्देशनालयबाट व्यवस्थापन हुने गरी बजेट विनियोजन गरिएको छ। वा जिल्ला अस्पतालसँग समन्वय गर्न सकिने छ।<br>• स्वास्थ्य जाँच गर्ने क्रममा तथा आश्रमको प्रकृति तथा त्यहाँ देखिएका स्वास्थ्य समस्याको आधारमा स्वास्थ्य साक्षरता तथा स्वास्थ्य शिक्षा सञ्चालन गर्ने। सोको लागि पब्लिक हेल्थसँग सम्बन्धित सामान्य जानकारीमुलक सामाग्री (भिडियो, अडियो) प्रोजेक्टर सहित लिएर जाने।<br>• औषधी सेवन गर्ने दिर्घ रोगीहरुलाई चिकित्सकको पुर्जीको आधारमा निःशुल्क औषधी उपलव्ध गराउने। उक्त औषधी निःशुल्क (९८ प्रकार) औषधीभित्र पर्ने भएमा प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र वा जिल्ला को Store वा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी नियमित उपलब्ध गराउने।<br>• निःशुल्क औषधी (९८ प्रकार) भित्र नपर्ने भएमा स्वास्थ्य बिमामार्फत सहजीकरण गर्ने र बिमाबाट पनि Cover नहुने औषधी भएमा बजेटको परिधीभित्र रहि खरिद गरी वा सोही आश्रम व्यवस्थापकसँग समन्वय गरी नियमित उपलव्ध गराउने व्यवस्था गर्ने।<br>• वृद्दाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रम आदिमा आश्रित नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा स्वास्थ्य निर्देशनालयले गर्ने भएको हुनाले उक्त समुहका नागरिकको निःशुल्क स्वास्थ्य बिमा भएको यकिन गरी उक्त स्किनिङ्गमा कुनै नागरिकको स्वास्थ्य समस्या देखिएमा स्वास्थ्य बिमा मार्फत सेवा प्रदायक अस्पतालसँग समन्वय गरी सेवा पाएको सुनिश्चितता गर्ने।<br>• बजेटको परिधीभित्र रहि यो क्रियाकलाप वर्षमा २ पटक एउटै आश्रममा follow-up समेत हुने गरी जिल्लाका सबै आश्रममा सञ्चालन गर्नुपर्नेछ।<br>• सेवा उपलव्ध गराएको सम्पुर्ण विवरण रजिस्टरमा राखुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को भौतिक तथा वित्तिय प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले ७ वटा जिल्लाको एकीकृत प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय पाँचथर, ईलाम, झापा, मोरङ्ग, सुनसरी, धनकुटा र संखुवासभा। |

### १५. प्रयोगशाला परीक्षण गुणस्तर सुधारका लागि प्रयोगशाला परीक्षण केन्द्रहरुको अनसाइट कोचिङ्ग (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.५.११.३६)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | जिल्लाभित्रका सरकारी, निजी, सहकारी तथा सामुदायिक अस्पतालहरुवाट गुणस्तरीय प्रयोगशाला सेवा प्रवाह गर्नका लागि सम्बन्धित संस्थामा गएर सेवाको बारे ज्ञान, सीप र क्षमता विकास गर्ने। |
| अपेक्षित उपलव्धी | अनसाइट कोचिङ्गमार्फत ज्ञान, सीप, क्षमता विकास गर्नुका साथै न्युनतम मापदण्ड पूरा गर्न सहजीकरण गरी जिल्लाभित्रका सरकारी, निजी, सहकारी तथा सामुदायिक अस्पतालहरुबाट गुणस्तरीय प्रयोगशाला सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | • जिल्लाभित्र सेवा प्रदान गरीरहेका प्रयोगशालाहरु (सरकारी, निजी, सामुदयिक, सहकारी) को सूची तयार गर्ने।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशालासँग समन्वय गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालाले तयार गरेको अनसाइट कोचिङ्ग सम्बन्धी चेकलिस्ट वा कार्यविधि बमोजिम जिल्लाको कार्यक्षेत्र भित्र पर्ने प्रयोगशालाहरुको अनसाइट कोचिङ्ग गर्ने।<br>• यो कार्यका लागि स्वास्थ्य कार्यालयबाट प्रयोगशालासँग सम्बन्धित कर्मचारीमात्र खटिई काम गर्नुपर्नेछ।<br>• प्रयोगशाला सेवाको न्युनतम मापदण्ड पूरा गर्नका लागि अनसाइट कोचिङ्ग गर्दा देखा परेका समस्या तथा सुधार गर्नुपर्ने विषयहरु सम्बन्धित स्वास्थ्य संस्था (व्यवस्थापन समिति समेतको उपस्थिति खटिई) वा आवश्यकतानुसार स्थानीय तहसँग समेत समन्वय गरी कार्ययोजना तयार गर्ने। सो कार्ययोजना बमोजिम कार्य भए नभएको अनुगमन गरी गुणस्तरीय प्रयोगशाला सेवाको सुनिश्चितता गर्ने। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को भौतिक तथा वित्तिय प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले १४ वटै जिल्लाको एकीकृत प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | सबै स्वास्थ्य कार्यालयहरु (प्रति जिल्ला एक लाख पचास हजारका दरले)। |

## १६. उद्योगधन्दा, कलकारखाना लगायत कार्यस्थलमा हुनसक्ने स्वास्थ्य जोखिम पत्ता लगाई स्क्रिनिङ्ग तथा व्यवस्थापन गर्ने (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.५.११.३७)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | कार्यस्थलमा हुनसक्ने स्वास्थ्य जोखिम पत्ता लगाई स्क्रिनिङ्ग तथा व्यवस्थापन गरी स्वस्थ वातावरण सिर्जना गर्ने। |
| अपेक्षित उपलब्धी | उद्योगधन्दा, कलकारखाना लगायत कार्यस्थलमा हुने स्वास्थ्य जोखिम पत्ता लगाई स्क्रिनिङ्ग तथा व्यवस्थापन गरी स्वस्थ वातावरणको सिर्जना हुनेछ। |
| सञ्चालन प्रक्रिया | • जिल्लाभित्र रहेका उद्योगधन्दा, कलकारखानाको सुची तयार गर्ने।<br>• स्वास्थ्य मन्त्रालयबाट अभिमुखीकरण (Orientation) गरेपश्चात मात्र यो कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• सुची तयार गरिएका १०० जनाभन्दा बढी मजदुर तथा कर्मचारी भएको उद्योगधन्दा, कलकारखाना छनौट गर्ने।<br>• छनौट गरिएका उद्योगधन्दा, कलकारखानाको स्थलगत निरिक्षण (Walk Through Survey) गरी पेशागत स्वास्थ्य जोखिम पत्ता लगाउने।<br>• स्थलगत निरिक्षण पश्चात देखिएका स्वास्थ्य जोखिमलाई उद्योगधन्दा, कलकारखाना व्यवसायीसँग समन्वय गरी Hierarchy of Control को आधारमा व्यवस्थापन गर्न पहल गर्ने।<br>• उद्योगधन्दा, कलकारखाना व्यवसायसँग सम्बन्धित Personnel Protective Equipment को बारेमा अभिमुखीकरण गर्ने।<br>• उद्योगधन्दा, कलकारखानामा काम गर्ने मजदुर तथा कर्मचारीको कामको प्रकृतिको आधारमा स्वास्थ्य परीक्षण गर्ने।<br>• स्वास्थ्य परीक्षणको आधारमा स्वास्थ्य जोखीम तथा समस्या भएमा आवश्यक व्यवस्थापन तथा उपचार गर्ने। व्यवस्थापनका लागि स्वास्थ्य कार्यालयले स्वास्थ्य मन्त्रालयसँग समन्वय गर्ने। स्वास्थ्य मन्त्रालयले १०० बेड भन्दा माथिका निजि तथा सरकारी अस्पतालसँग समन्वय तथा सहकार्य गरी नि:शुल्क उपचार तथा सहुलियतका लागि पहल गर्ने। निजि अस्पतालले नि:शुल्क उपचार प्रदान गर्नका लागि १०% नि:शुल्क भित्रबाट गर्नुपर्नेछ।<br>• श्रम ऐन,२०७४ (संशोधन समेत) बमोजिम कामदार तथा कर्मचारिहरुको स्वास्थ्य बिमा तथा अन्य स्वास्थ्य सम्बन्धी सेवा सुविधाको सुनिश्चितताका लागि आवश्यक पहल गर्ने।<br>• माथि भनिएका गतिविधी सञ्चालनका लागि स्वास्थ्य मन्त्रालयको वेबसाइट www.moh.gov.np मा राखिएको "**कामदारहरूका लागि व्यावसायिक स्वास्थ्य, सुरक्षा तथा यसको व्यवस्थापन**" (Occupational Health, Safety and its management for Workers) सम्बन्धी निर्देशीका तथा सामाग्री प्रयोग गर्नुपर्नेछ।<br>• "**कामदारहरूका लागि व्यावसायिक स्वास्थ्य, सुरक्षा तथा यसको व्यवस्थापन**" (Occupational Health, Safety and its management for Workers) सम्बन्धी निर्देशीका तथा सामाग्री नीति, योजना तथा जनस्वास्थ्य सेवा महाशाखाले तयार गर्नेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को विस्तृत प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले ५ वटा स्वास्थ्य कार्यालयको एकीकृत प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय ईलाम, झापा, मोरङ्ग, सुनसरी र संखुवासभा। |

## *१७. स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि न्युनतम सेवा मापदण्डको कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.५.११.३८)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवाका लागि आधारभूत अस्पतालको न्यूनतम सेवा उपलव्धताको अवस्था बारे मूल्याङ्कन गर्ने र सुधारका लागि कार्ययोजना बनाउने। |
| अपेक्षित उपलव्धी | आधारभूत अस्पतालको न्यूनतम सेवा मापदण्डको समीक्षा र अनुगमनबाट कार्यक्रमको हालसम्मको उपलवधी र समस्याको पहिचान भई आगामी दिनमा कार्यक्रम सञ्चालन गर्न सहज हुने र गुणस्तर अभिबृद्धि हुने। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रम अनुसुची-७ बमोजिमका स्थानीय तहका आधारभुत अस्पतालहरुमा गर्नुपर्नेछ।<br>• आधारभूत अस्पतालको कर्मचारीहरु, सम्बन्धित स्थानीयतहको स्वास्थ्य संयोजक र सह संयोजनलाई सहभागी गराई १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• आधारभूत अस्पतालको कर्मचारीहरु, सम्बन्धित स्थानीय तहको स्वास्थ्य संयोजक र सह संयोजनलाई सहभागी गराई २ दिने लेखाजोखा तथा समीक्षा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• न्यूनतम सेवा मापदण्डको संयुक्त लेखाजोखा तथा मूल्याङ्कन कार्यान्वयन गर्न सम्बन्धित तालिम प्राप्त श्रोतव्यक्ति कर्मचारीलाई परिचालन गर्न दैनिक भ्रमण भत्ता र कार्यक्रममा सहभागीलाई खाजा, खाना वापतको रकम यस शिर्षकबाट भुक्तानी गर्नुपर्नेछ।<br>• समीक्षा कार्यक्रममा आधारभूत अस्पतालको न्यूनतम सेवा मापदण्डको हालसम्मको प्रगतिको अवस्था, देखा परेका समस्या र चुनौतिको बारेमा विस्तृत छलफल गर्नुपर्नेछ।<br>• लेखाजोखाबाट आएको सुधार गर्नुपर्ने सुचकलाई आधार मानेर आधारभूत अस्पतालले कार्ययोजना बनाएर आफ्नो स्थानीय तहको स्वास्थ्य सेवा गुणस्तरको सुनिश्चितता तथा व्यवस्थापन सुदृढीकरण समिति र स्वास्थ्य कार्यालय/ प्रदेश अस्पताललाई उपलव्ध गराउनुपर्नेछ।<br>• कार्यक्रम सञ्चालनमा सहजीकरणको लागि स्वास्थ्य निर्देशनालयबाट आवश्यकता अनुसार प्रतिनिधि बोलाउनुपर्नेछ। |
| सन्दर्भ सामगी | आधारभुत अस्पतालको न्यनतम सेवा मापदण्ड समीक्षा सम्बन्धी सामाग्रीहरु। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को भौतिक तथा वित्तिय प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले १४ वटै जिल्लाको स्वास्थ्य कार्यालय तथा अस्पतालको एकीकृत प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | • स्वास्थ्य कार्यालय झापा, मोरङ्ग, सुनसरी, धनकुटा, ओखलढुंगा र उदयपुर।<br>• जिल्ला अस्पताल संखुवासभा, उदयपुर,ईनरुवा, ताप्लेजुङ्ग,पाँचथर, ओखलढुङ्गा,खोटाङ्ग, तेह्रथुम, भोजपुर र सोलुखुम्बु। |

## १८. एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१०

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पुर्याउँदै आएको निःस्वार्थ सेवाको सम्मानका साथै सामुदायिक स्वास्थ्य सहभगिताको प्रवर्द्धनमा सहयोग पुर्याउने। |
| अपेक्षित उपलव्धी | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु सामुदायिक स्वास्थ्य कार्यक्रमहरुमा काम गर्न थप प्रोत्साहित भई सामुदायिक स्वास्थ्य सहभगिताको प्रवर्द्धनमा टेवा पुग्नेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी स्थानीय तहको सिफारिसमा प्रत्येक स्थानीय तहबाट एक-एक जना हुने गरी महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका छनौट गर्नुपर्दछ।<br>• सिफारिस भई छनौट भएका महिला सामुदायिक स्वास्थ्य स्वास्थ्य स्वयं सेविकालाई सकेसम्म महिला सामुदायिक स्वास्थ्य स्वास्थ्य स्वयं सेविका दिवस डिसेम्बर ५ को दिनमा विनियोजन बजेटको परिधिभित्र रही वर्षमा एकपटक स-सम्मान प्रति व्यक्ति एकमुष्ट नगद रु. १२०००।-(अक्षेरेपी रुपैंया बाह्र हजार मात्र।) प्रदान गर्नुपर्दछ।<br>• यस क्रियाकलापमा प्रति स्थानीय तह रु.१५००० का दरले छुट्याइएको हुनाले बाँकी रु. ३००० को प्रमाणपत्र, दोसल्ला लगायत अन्य व्यवस्थापकीय कार्यका खर्च गर्न सकिने छ। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालयहरुले प्रत्येक वर्ष सम्मान गरिएका महिला सामुदयिक स्वास्थ्य स्वयं सेविकाको विवरण अध्यावधिक गरी सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।स्वास्थ्य निर्देशनालयले सबै जिल्लाको प्रतिवेदनलाई एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | सबै स्वास्थ्य कार्यालयहरु। |

## १९. Human centered design सम्बन्धी स्वास्थ्य शाखाका कर्मचारीहरुलाई अभिमुखीकरण (खर्च शिर्षक: २२५१२, क्रियाकलाप कोड: २.६.६.९)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | यस क्रियाकलापको उद्देश्य स्वास्थ्य शाखाका कर्मचारीहरुलाई Human Centered Design सम्बन्धी अभिमुखीकरण गरी स्थानीय तह अन्तर्गतका स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका मानिसहरुलाई सेवा प्रदान गर्ने योजना बनाउन सक्षम बनाउने रहेको छ । |
| अपेक्षित उपलब्धि | मानब केन्द्रित डिजाइन सेवाग्राही सँगै बसेर सिर्जनात्मक तरिकाले समस्या समाधान गर्ने एक प्रक्रिया हो । यसको लक्ष्य भनेको सेवाग्राहीसँग निरन्तर छलफल गरी सान्दर्भिक प्रश्नहरु सोधेर उनीहरुको निर्णय प्रक्रियामा प्रभाब पार्ने सामाजिक, आर्थिक, वातावरणिय र व्यवहारिक तत्वहरुको पहिचान गर्नु र उनीहरुको आवश्कता र अवधारण बुझेर स्वीकार्य |

| | |
|---|---|
| | र गुणस्तरीय सेवा प्रदान गर्नु हो । स्थानीय तहमा वार्षिक योजना तर्जुमा गर्दा तथा कार्यक्रम सञ्चालनको कार्ययोजना बनाउदा स्वास्थ्य शाखाका कर्मचारीहरु स्वास्थ्य सेवाको पहुँच बाट बाहिर रहेका मानिसहरु आवश्यकता पहिचान गर्ने सिर्जनात्मक पद्धती अपनाई सबै लाई स्वीकार्य सेवा प्रवाह हुनेछ । |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य शाखा प्रमुख र अन्य कर्मचारीहरुलाई बजेटको परिधिमा रहि Human Centered Design सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्नुपर्नेछ।<br>• अभिमुखीकरण कार्यक्रम १ दिन फिल्ड कार्य सहित ३ दिनको हुनेछ ।<br>• स्वास्थ्य कार्यालयले अभिमुखीकरण कार्यक्रम सकजिकरण गर्न यस अघि प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त प्रशिक्षकहरु राष्ट्रिय तथा प्रदेशिक स्वास्थ्य तालिम केन्द्र सँग समन्वय गरी आवश्यक प्रवन्ध गर्नु पर्नेछ ।सहयोग संस्थाहरु सँग समन्वय गरी थप प्रशिक्षकको व्यवस्था पनि गर्न सकिनेछ ।<br>• Human Centre Design सम्बन्धी अभिमुखीकरण तालिम सामाग्री स्वास्थ्य मन्त्रालयको website बाट लिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।<br>• |
| प्रतिवेदन प्रणाली | कार्यक्रम समन्पन्न भएपछि पृष्ठपोषण सहितको विस्तृत कार्यसम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालय अनिवार्य पठाउनुपर्नेछ।साथै स्वास्थ्य निर्देशनालयले ३ वटा स्वास्थ्य कार्यालयबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा, मोरङ र सुनसरी (प्रति जिल्ला २ लाखका दरले)। |

## *२०. फार्मेसी सुपरभाइजर करार (खर्चशिर्षक: २२४१९, क्रियाकलाप कोड: २.५.१०.४०)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्य कार्यालय मार्फत हुने औषधी तथा औषधीजन्य सामाग्रीको भण्डारण, माग तथा वितरणको उचित व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलव्धी | फार्मेसी सुपरभाइजर जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य कार्यालय मार्फत हुने औषधी तथा औषधीजन्य सामाग्रीको भण्डारण, माग तथा वितरणको उचित व्यवस्थापन हुनेछ। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि,२०७९ बमोजिम सम्बन्धित स्वास्थ्य कार्यालयबाट करार नियुक्ति तथा सम्झौता गर्नुपर्नेछ। सम्झौता गर्दा कार्य जिम्मेवारी सहित पारिश्रमिक प्रदेश सरकारको पाँचौ तह बराबर हुनेगरी गर्नुपर्नेछ।<br>• करार सम्झौता पछि ४ दिनको प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रसँग समन्वय गरी अनसाइट कोचीङ्ग पश्चात मात्र कार्य जिम्मेवारी दिइ मात्र काम गर्न लगाउनुपर्नेछ। |

| | |
|---|---|
| | • करार नियुक्त भई आएका कर्मचारीलाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सोको जानकारी स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ । |
| कार्य जिम्मेवारी | **फार्मेसी सुपरभाइजर पदको कार्य विवरण**<br>• e-LMIS संचालन, सुपरिवेक्षण तथा अनुगमन<br>• औषधि तथा औषधि जन्य सामग्रीको भन्डारण ,वितरण तथा लगत राख्ने परिमाण निर्धारण तथा प्रक्षेपण कार्यमा सहयोग पुर्याउने।<br>• स्थानीय तहको आवस्यकता माग तथा मौज्दात आंकलन गरी प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र संग माग गर्ने।<br>• क्षयरोग, मलेरिया, कालाजार, यौन रोग, एच आइ भि लगायत परिवार नियोजनका सामग्रीहरुको स्टक एनालाइसिस गरी कतै फ्रिज, डम्प वा म्याद गुज्रेर जाने अवस्था आउन नदिने।<br>• स्वास्थ्य संस्था दर्ता नविकरण कार्यमा फार्मेसी मापदन्ड पालना भएको नभएको यकिन गर्ने।<br>• स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाहरुमा फार्मेसी सेवाको विस्तार गरी e-LMIS प्रणालीलाइ सुदृढीकरण गर्ने। |
| प्रतिवेदन प्रणाली | करार प्रक्रिया सम्पन्न पश्चात प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।स्वास्थ्य निर्देशनालयले स्वास्थ्य कार्यालय झापा, मोरङ्ग र सुनसरीबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालय पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा, मोरङ्ग र सुनसरी। |

## *२१. जनस्वास्थ्य अधिकृत करार(खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड: २.५.१०.२८)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय/ पृष्ठभूमि | हालको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका पद तथा जनशक्तिको कमी भएको कारण जनस्वास्थ्य सेवा संचालनमा नकारात्मक असर पर्ने भएकोले त्यस्ता जिल्लाहरुमा जनस्वास्थ्य अधिकृतहरु करारमा नियुक्ति गरी सेवा प्रभावकारी बनाउन यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | जनस्वास्थ्यका स्वास्थ्य जनशक्ति परिपुर्ती गरी गुणस्तरीय सेवा प्रवाहमा सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | जनस्वास्थ्य अधिकृत करार भई कार्यालयको सेवा प्रवाह र स्वास्थ्यका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि,२०७९ (प्रचलित) बमोजिम प्रदेश स्वास्थ्य निर्देशनालयबाट करार नियुक्ति भई आएका जनस्वास्थ्य अधिकृतहरुलाई करार सम्झौता अनुसार तोकिएको अवधिको तलव भत्ता प्रदान गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • सो कार्यविधि अनुसार यस अघि नै सेवा करारमा नियुक्ति भई कार्य सन्तोषजनक भएको पाइएमा स्वास्थ्य निर्देशनालयले सेवा करार निरन्तरता गर्न सक्नेछ।<br>• सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व.मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थप भएका जनस्वास्थ्य अधिकृतहरुको समेत स्वास्थ्य कार्यालयले यसै शिर्षक बाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |
| प्रतिवेदन प्रणाली | • करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ। स्वास्थ्य निर्देशनालयले सम्पुर्ण करारको एकीकृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय मोरङ्ग, पाँचथर, ताप्लेजुङ्ग, भोजपूर, खोटाङ्ग, ओखलढुङ्गा, तेह्रथुम, संखुवासभा, सोलुखुम्बु, स्वास्थ्य मन्त्रालय। |

## २२. पब्लिक हेल्थ नर्स करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड: २.५.१०.३४)

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | प्रजनन् स्वास्थ्य, आमा सुरक्षा ,परिवार योजना र विद्यालय नर्सिङ्ग कार्यक्रमहरु संचालन गर्नपब्लिक हेल्थ नर्स नभएका जिल्लाहरुमा कठिनाई भएको र सूचांकहरुमा अपेक्षित उपलब्धि देखिएको छैन। उक्त कार्यक्रमहरु प्रभावकारी बनाउन पब्लिक हेल्थ नर्सहरुको मुख्य भूमिका रहेकाले चालु आ.व.मा दरबन्दी रिक्त रहेका जिल्लाहरुमा यो कार्यक्रमको व्यवस्था गरिएको छ। |
| उद्देश्य | लामो समयदेखि दरबन्दी रिक्त भएको र कार्यक्रम संचालनमा कठिनाई उत्पन्न भई स्वास्थ्य सेवा प्रवाहमा समस्या हुने देखिएको । |
| अपेक्षित उपलव्धी | प्रजनन् स्वास्थ्य कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, परिवार योजना र विद्यालय नर्सिङ्ग कार्यक्रमहरु थप प्रभावकारी हुनेछन् । |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य कार्यालयले प्रदेश सरकारको स्वास्थ्यकर्मी करार सम्बन्धी कार्यविधि, २०७९ (संशोधन भएमा सो समेत) को व्यवस्था बमोजिम पदपूर्ति गर्नुपर्नेछ ।<br>• उक्त कार्यक्रम संचालन गर्नका लागि आवश्यक परेमा स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयसँग समन्वय गर्नसकिनेछ ।<br>• सो कार्यविधि अनुसार अघिल्लो आ.व. मा नै सेवा करारमा नियुक्ति भई कार्यरत रहेमा र सेवा करार थपका लागि कार्य सम्पादन सन्तोषजनक भएमा सम्बन्धित स्वास्थ्य कार्यालयले सेवा निरन्तर गर्न सक्नेछ।<br>• यसरी सेवा निरन्तर गरिएका त्यस्ता कर्मचारी हरुलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेटबाट भुक्तानी गर्नुपर्नेछ।<br>• करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |
| प्रतिवेदन प्रणाली | करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।स्वास्थ्य निर्देशनालयले सम्पुर्ण करारको एकीकृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| संचालन गर्ने निकाय | स्वास्थ्य कार्यालय ओखलढुङ्गा, खोटाङ्ग, पाँचथर। |

## २३. विद्यालय नर्सिङ कार्यक्रम सेवा करार तलब (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:2.5.10.15)

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि | नेपालको राष्ट्रिय स्वास्थ्य नीति, शिक्षा नीति, बिभिन्न अन्तराष्ट्रिय अभ्यासहरु, अनुसन्धानका नतिजाहरुबाट विद्यालय स्वास्थ्य प्रवर्द्धनका लागि नर्सिङ्ग सेवा कार्यक्रमको अपरिहार्यता पुष्टि भएको छ। प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम बमोजिम यस प्रदेशका सबै स्थानीय तहहरु समेटेर जम्मा १७३ विद्यालयहरुमा प्रदेश सरकारमार्फत यो कार्यक्रम सञ्चालनमा रहेको छ।उक्त कार्यक्रम को व्यवस्थापन अन्तर्गत विद्यालय नर्सको तलव, भत्ता र पोशाक खर्च भुक्तानीको लागि यो बजेट ब्यवस्था गरिएको छ । |
| उद्देश्य | विद्यालय तहमा विद्यालय नर्स मार्फत बालबालिका तथा किशोर किशोरीको समग्र स्वास्थ्य, सरसफाई, मानसिक स्वास्थ्य, पोषण प्रवर्द्धन, यौन तथा प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य कार्यक्रम संचालन गर्ने |
| अपेक्षित उपलव्धी | विद्यालय तहमा बालबालिका तथा किशोर किशोरीहरूको समग्र स्वास्थ्य, सरसफाई र पोषण अवस्थामा सकारात्मक परिवर्तन हुनेछ। |
| सञ्चालन प्रक्रिया | सेवा करार निरन्तरता तलब तथा पोशाक खर्च व्यवस्थापन<br>• विद्यालय नर्सका लागि विनियोजित बजेट बाट प्रदेश सराकरबाट जारी भएको विद्यालय नर्सिङ्ग सेवा सम्बन्धी कार्यविधि बमोजिम तलव भत्ता ,वार्षिक चाडबाड खर्च र पोशाक खर्च विनियोजित शिर्षकबाट भुक्तानी गर्नुपर्नेछ । |
| वित्तीय व्यवस्थापन/ प्रतिवेदन प्रणाली | • विद्यालयले विद्यालय नर्स मार्फत प्रदान गरिएको सेवा तथा क्रियाकलापहरु मासिक रुपमा google spread sheet अनलाइन भरेर र सोको hard copy स्वास्थ्य कार्यालयमा र स्थानीय तहमा बुझाउनुपर्नेछ।<br>• स्वास्थ्य कार्यालयले सो को त्रैमासिक प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजकसँग पुग्नेगरी पठाउनुपर्नेछ ।<br>• विद्यालय नर्सिङ्ग कार्यक्रम संयोजकले सबै स्वास्थ्य कार्यालयबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।<br>• विद्यालय नर्सहरुलाई मासिक भुक्तानी गरेको खर्च विवरण लेखा शाखाले अद्यावधिक गरेर राख्नुपर्दछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालयहरु सबै (१४ जिल्ला)। |

## २४. कोल्ड चेन असिस्टेन्ट करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड:2.5.10.33)

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि/ परिचय | खोप अति सम्वेदनशील औषधीजन्य सामग्री भएको र सबै जिल्लाहरुमा जिल्ला खोप भण्डार संचालनमा छ। जिल्लाले स्थानीय तह, वडा र खोप केन्द्र तह सम्मको खोप र खोपजन्य सामाग्री आपूर्ति, भण्डार र वितरण गर्नु पर्दछ । खोप भण्डारण मा खोपको गुणस्तर कायम गर्न कोल्डचेन व्यवस्थापन निरन्तर गर्नुका साथै आपूर्ति, वितरण, अभिलेख प्रतिवेदन अध्यावधिक गर्न कोल्डचेन व्यवस्थापनको छुट्टै कर्मचारीको दरवन्दी रहेकोमा केहि जिल्लाहरुमा त्यस्ता कर्मचारी रिक्त भई कार्यक्रम संचालनमा बाधा हुने भएकोले सो सेवा प्रभावकारी रूपमा संचालन गर्न करारमा कर्मचारी व्यवस्था गरीकार्य संचालन गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | • जिल्ला तथा स्थानीय तहमा संचालन गरिने नियमित खोप तथा अभियानका क्रियाकलापहरुको व्यवस्थापन, संचालन र सहजीकरणमा थप सहयोग पुर्याउन।<br>• जिल्ला कोल्ड रुमको प्रभावकारी व्यवस्थापनका साथै खोप कार्यक्रमको अभिलेख तथा प्रतिवेदनमा सहजीकरण गर्न। |
| अपेक्षित उपलव्धी | • खोप कोल्डचेनको प्रभावकारी व्यवस्थापन भई गुणस्तरीय खोप उपलब्ध हुनेछ ।<br>• पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्यक्रममा निरन्तरता हुनेछ ।<br>• जिल्ला तथा स्थानीय तहको क्रियाकलापहरुमा प्राविधिक सहयोग उपलब्ध भई कार्यक्रमहरु प्रभावकारी हुनेछन् । |
| सञ्चालन प्रक्रिया | • बजेट विनियोजित भएका जिल्लाहरुले प्रदेश सरकारको स्वास्थ्यकर्मी करार सम्बन्धी कार्य बिधि २०७९ (प्रचलित)बमोजिम करार प्रक्रिया गर्नुपर्नेछ।<br>• विनियोजित बजेटबाट प्रदेश सरकारको चौथो तह बरावर तोकिएको तलव र सुविधा उपलब्ध गराउनु पर्नेछ।<br>• खोप सेवा अति संवेदनशिल सेवा भएकोले कर्मचारी करारमा लिँदा वा सेवा करार लिँदा यस अघि खोप सेवामा संलग्न अनुभवी, दक्ष र सकेसम्म खोप तालिम लिएको व्यक्ति करारमा लिनु पर्दछ।<br>• यदि यस अघि देखिने सेवा करार निरन्तरता भई कार्यरत रहेको भएमा र कार्य सन्तोषजनक भएमा प्रचलित ऐन कानुन बमोजिम यसै बजेट बाट सेवा सुविधा उपलब्ध गराउने गरी करार निरन्तरता गर्न सकिने छ।<br>• नियमित कार्यक्रम अन्तर्गत जिल्ला, प्रदेशमा सञ्चालन हुने खोप तालिममा सहभागी गराउने व्यवस्था गर्नुपर्दछ।<br><br>मुख्य जिम्मेवारी:<br><br>१. भ्याक्सिन तथा अन्य खोप सामाग्रीहरुको वितरण तथा व्यवस्थापन गर्ने,<br>२. निर्धारित फाराम/रजिष्टरमा अभिलेख राख्ने र सो आधारमा मासिक प्रतिवेदन तयार गरी सम्बन्धित स्वास्थ्य कार्यालयमा बुझाउने।<br>३. जिल्ला खोप भण्डारणको व्यवस्थापन र संचालनमा सहयोग गर्ने। |

| | |
|---|---|
| | ४. स्वास्थ्य कार्यालयको निर्देशन र अनुगमनमा खोपसँग सम्बन्धित तालिम, गोष्ठि बैठकहरुको संचालन व्यवस्थापन र सहजीकरणमा सहयोग गर्ने।<br>५. जिल्ला अन्तर्गत पूर्ण खोप सुनिश्चितता निर्देशिका अनुसार पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्य तथा सरसफाई प्रवर्द्धन को क्रियाकलाप संचालनमा प्रत्यक्ष संलग्न भई स्थानीय तह, वडाहरुमा सहजीकरण र अनुगमन गर्ने।<br>६. अभियानको रूपमा सञ्चालन हुने खोप कार्यक्रममा सहयोग र सहजीकरण गर्ने।<br>७. जिल्लाभरिको खोप कार्यक्रमको प्रगतिको समायोजन, विश्लेषण र पृष्ठपोषण कार्यमा सहयोग गर्ने।<br>८. स्वास्थ्य कार्यालयले दिएको थप कार्य र करार सम्झौतामा भए अनुसारको जिम्मेवारी बहन गर्ने ।<br><br>करार भङ्ग गर्ने र नयाँ करार गर्ने<br><br>• करार सेवामा लिएको व्यक्तिले सम्झौता अनुसार कुनै महिनामा सेवा प्रदान नगरेमा वा कार्यालयले दिएको जिम्मेवारी बहन नगरेमा निज व्यक्तिसँग भएको करार सम्झौता जुनसुकै बेला भङ्ग गरी अर्को व्यक्तिबाट सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने।<br>• करार सेवामा लिएका व्यक्तिको सेवा सन्तोषजनक भएमा र बजेट व्यवस्था भएमा अर्को आ.व.मा समेत निजको सेवा निरन्तर गर्न सकिनेछ।यसरी सेवा करार अवधि थप गर्दा प्राप्त बजेट र कार्यक्रमको परिधिभित्र रही गर्नुपर्नेछ। |
| सेवा संचालन गर्ने निकाय | • यो कार्यक्रमको व्यवस्थापन, सञ्चालन र अनुगमन गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित स्वास्थ्य कार्यालय र खोप तथा कोल्डचेन शाखाको हुनेछ।<br>• कर्मचारी करार सेवा लिने प्रमुख जिम्मेवारी सम्बन्धित स्वास्थ्य कार्यालयको हुनेछ । |
| प्रतिवेदन प्रणाली | करार सेवा सम्बन्धीको र भुक्तानीको सबै विवरण स्वास्थ्य कार्यालयले अद्यावधिक गरी स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले दुवै जिल्लाबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय ताप्लेजुङ्ग र सोलुखुम्बु। |

## २५. *स्वास्थ्य संस्था नवीकरण/अनुगमन (खर्च शिर्षक नं.: २२६११, क्रियाकलाप कोड:2.8.1.4)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय | नेपालको संवैधानिक व्यवस्था अनुरुप स्वास्थ्य सेवाको संरचना तथा सेवा प्रणाली संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा बिभाजन गरिएको छ। प्रदेश सरकार र मातहतका निकायबाट ईजाजत लिई सञ्चालनमा रहेका तथा नवीकरण गर्नुपर्ने स्वास्थ्य संस्थाहरुले मापदण्ड बमोजिम सेवा प्रदान गरे/नगरेको साथै स्वास्थ्यका विभिन्न कार्यक्रमहरुको अनुगमन तथा नियमन गर्ने दायित्व सम्बन्धित निकायको रहन्छ।सोही प्रयोजनार्थ स्वीकृत कार्यविधिको अधिनमा रही स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरु मार्फत तोकिएका स्वास्थ्य संस्थाहरुको स्थलगत अनुगमन गर्नका लागि यो कार्यक्रम राखिएको हो। |

| | |
|---|---|
| उद्देश्य | • स्वास्थ्य संस्था सञ्चालन तथा स्थापनाको स्वीकृत मापदण्ड पूरा भएको यकिन गरी सो संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने।<br>• स्वास्थ्यका विभिन्न कार्यक्रमहरुको अनुगमन तथा अनसाइट कोचिङ्ग गरी स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताका लागि पहल गर्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य संस्था सञ्चालन तथा स्थापनाका लागि स्वीकृत मापदण्ड पूरा गर्नुका साथै स्वास्थ्यका विभिन्न कार्यक्रमहरुको अनुगमन तथा अनसाइट कोचिङ्ग गरी सो संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य संस्थाहरुको इजाजत, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी प्रदेश सरकारको स्वीकृत कार्यविधि अनुरुप स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको स्थलगत अनुगमन गर्नुपर्नेछ।<br>• मापदण्ड बमोजिम भौतिक पूर्वाधार, मानव संसाधन, सेवा प्रवाह लगायत अन्य व्यवस्था भए/नभएको यकिन गरी आवश्यक प्रक्रिया सम्पन्न गर्नुपर्नेछ।<br>• अनुगमन टोलीले अनिवार्य रुपमा सन्दर्भ सामाग्रीमा भनिएका नियमावलि, मापदण्ड तथा निर्देशिकामा भएको Standard Checklist प्रयोग गरी स्थलगत निरिक्षणका क्रममा Checklist भरी प्रतिवेदन गर्नुपर्नेछ।<br>• यस कार्यक्रममा स्वास्थ्य संस्थाहरुको इजाजत, नवीकरण, अनुगमन तथा नियमन वाहेक स्वास्थ्यका अन्य कार्यक्रमहरुको पनि अनुगमन/सुपरिवेक्षण गर्न सकिनेछ। सो क्रममा देखिएका सवल र सुधार गर्नुपर्ने कार्यहरुको बारेमा तत्काल सम्बन्धित स्वास्थ्य संस्था/स्वास्थ्य व्यवस्थापन समितीहरुलाई जानकारी गराई सुधारका लागि पहल गरी सो को सुनिश्चितता गर्ने।<br>• विनियोजित बजेट भ्रमण खर्च ऐन र भ्रमण खर्च नियमावली,२०६४ बमोजिम खर्च गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • स्वास्थ्य संस्थाहरुको ईजाजत, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी प्रदेश सरकारको स्वीकृत कार्यविधि अनुरुप स्थलगत अनुगमन गरी नवीकरण तथा सिफारिस गरेका स्वास्थ्य संस्थाको विवरण त्रैमासिक रुपमा स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन गर्नु पर्नेछ।<br>• ईजाजतपत्रका लागि सिफारिस गरिएका स्वास्थ्य संस्थाको हकमा अनुगमनका क्रममा प्रयोग भएका प्रमाणित Checklist हरु समेत संलग्न गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्नुपर्नेछ।<br>• स्वास्थ्य निर्देशनालयले जिल्लागत रुपमा सबै विवरण एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | सबै स्वास्थ्य कार्यालयहरु र स्वास्थ्य निर्देशनालय। |

| | |
|---|---|
| सन्दर्भ सामाग्री | १. प्रचलित स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७०<br>२. स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७<br>३. जनस्वास्थ्य सेवा नियमावली, २०७७<br>४. अनुगमन गर्नुपर्ने कार्यक्रमको मार्गदर्शन/निर्देशीकामा भएको अनुगमन चेक लिस्ट |

## २६. *अस्पताल तथा स्वस्थ्य सेवा सुदृढीकरणका लागि निःशुल्क तथा अन्य औषधि तथा औषधिजन्य सामाग्रिहरु (नसर्ने रोग, महामारीजन्य व्यवस्थापन तथा बफर स्टकको लागि) (खर्च शिर्षक: २७२१३, क्रियाकलाप कोड: ७.२.११.६)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्राकृतिक प्रकोप तथा विभिन्न किसिमका महामारि व्यवस्थापनका लागि समयमा नै आवश्यक औषधी तथा औषधिजन्य सामाग्री खरिद गरी सम्बन्धित स्वास्थ्य संस्थामा उपलब्ध गराउने। |
| अपेक्षित उपलव्धी | • प्राकृतिक प्रकोप तथा विभिन्न किसिमका महामारी व्यवस्थापनका लागि समयमा नै आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीहरु खरिद हुनेछ।<br>• खरिद भएका औषधि तथा औषधिजन्य सामाग्रीहरु सम्बन्धित स्वास्थ्य संस्थामा उपलब्ध भई प्राकृतिक प्रकोप तथा विभिन्न किसिमका महामारी भएमा समयमै व्यवस्थापन हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य कार्यालयमा गठन भएको Rapid Response Team (RRT) को नियमित बैठकबाट सिफारिस भए अनुरुप महामारी व्यवस्थापनका लागि आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीको विवरण तयार गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रको हकमा प्रादेशीक स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्र, स्वास्थ्य मन्त्रालयका महाशाखाहरुसँग बैठक वसी आपतकालीन अवस्थामा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरुको सुचि तयार गर्नुपर्नेछ।<br>• औषधीको स्पेसिफिकेसन प्रतिस्पर्धी हुने गरी तयारी गरी औषधी खरिद गर्दा WHO-GMP र औषधीजन्य सामाग्री खरिद गर्दा ISO Certified हुनुपर्नेछ।<br>• खरिद पश्चात खरिद गरिएका औषधीहरुको अनिवार्य रुपमा Post Delivery Inspection (PDI) गर्नुपर्नेछ।<br>• खरिद भएका औषधी तथा औषधीजन्य सामाग्रीहरु आवश्यक्तानुसार सम्बन्धित स्थानमा ढुवानी गर्नुपर्नेछ।<br>• स्वास्थ्यजन्य विपद तथा महामारिको प्रकृति हेरी आवश्यक्तानुसार औषधी तथा सामाग्रीहरु Buffer Stock मा समेत राख्नुपर्नेछ।<br>• कार्यक्रम सञ्चालन गर्दा जिल्लाको Rapid Response Team (RRT) को फोकल पर्सनसँग समन्वय गरी गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • स्वास्थ्य कार्यालयहरुले खरिद तथा सो को व्यवस्थापन कार्य सकाए पश्चात विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य |

| | |
|---|---|
| | निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले सबै जिल्लाको प्रतिवेदनलाई एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले आवश्यक कार्वाही पश्चात सोको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र तथा सबै स्वास्थ्य कार्यालयहरु। |

### २७. एचआइभी संक्रमित बालबालिका (CAWA) हरुलाई पोषण खर्च(खर्चशिर्षक: २७११९, क्रियाकलाप कोड: ७.१.२.२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेशमा रहेका १८ वर्ष मूनिका एचआइभी संक्रमित बालबालिकाहरुको पोषण अवस्था सुधार गर्ने। |
| अपेक्षित उपलव्धी | प्रदेशमा रहेका १८ वर्ष मूनिका एचआइभी संक्रमित बालबालिकाहरुको पोषण अवस्थामा सुधार आई उपचार प्रक्रियामा सकारात्मक प्रभाव देखिनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य कार्यालयले स्थानीय तह तथा एचआइभी/एड्स सम्बन्धी कार्य गर्ने साझेदार संघ संस्थाहरुसँग समन्वय गरी १८ वर्षमुनिका एचआइभी/एड्स संक्रमित बालबाकिकाहरुको तथ्यांक (संख्या) सङ्कलन गर्ने।<br>• प्रतिव्यक्ती मासिक रु. १००० का दरले पोषणभत्ता (करकट्टी नगरी) स्वरुप सम्बन्धित बालबालिकाको बैंक खातामा वार्षिक एकमुस्ट रकम जम्मा गर्नुपर्नेछ।<br>• रकम जम्मा गरेको प्रमाणित हुनेगरी प्रतिवेदन तयार तथा प्रमाणित गरी स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालयहरुले कार्यक्रम सम्पन्न गरेपश्चात प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले ३ वटै जिल्लाको प्रतिवेदनलाई एकीकृत गरी स्वास्थ्य मन्त्रालय पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा, मोरङ्ग र सुनसरी। |

### २८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वीमा कार्यक्रम(खर्चशिर्षक: २७११९, क्रियाकलाप कोड:७.१.१.२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | • महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको निःशुल्क स्वास्थ्य बिमा गरी Universal Health Coverage मा सहजीकरण गर्ने।<br>• महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत लक्षित समुदायका परिवारको स्वास्थ्य बिमामा आबद्दताको वृद्दी गरी स्वास्थ्यको सहज पहुँचमा सहयोग गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलव्धी | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको निःशुल्क स्वास्थ्य बिमा गरी निज मार्फत लक्षित समुदायका परिवारको स्वास्थ्य बिमामा आबद्दतामा अभिवृद्धि गरी Universal Health Coverage मा सहजीकरण हुने। |
| सञ्चालन प्रक्रिया | • स्थानीय तहसँग समन्वय गरी महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्या यकिन गर्ने।<br>• स्वास्थ्य बीमा नियमावली,२०७५ को दफा १६ (घ) बमोजिम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका संलग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्ने भनीएको हुनाले सो ५०% स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी नेपाल सरकार मार्फत गर्ने।<br>• बाँकी ५०% स्वास्थ्य कार्यालयमा विनियोजन भएको बजेटबाट स्वास्थ्य बिमामा आवद्ध नभएका वा नवीकरण श्रावण देखि असोज मसान्तभित्र गर्नुपर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको मंसिर १ गतेदेखि लागु हुनेगरी स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी ५०% प्रतिशत प्रिमियम शुल्क बराबरको शुल्क रु. १७५० तिरी ५ जना वराबरको परिवारको पुर्ण रुपमा निःशुल्क हुनेगरी स्वास्थ्य विमा गर्ने।<br>• नियमित स्वास्थ्य बीमामा आवद्ध महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको हकमा नवीकरण गर्ने समयमा स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी प्रिमियम तिर्ने। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालयहरुले स्वास्थ विमाको प्रिमियम तरिसके पश्चात सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य निर्देशनालय मार्फत तिरिएका स्वास्थ्य बीमाको प्रिमियमको प्रतिवेदन सहित एकीकृत प्रतिवेदन तयार गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय सबै। |

## २९. Walk in cooler को Backup को लागि जेनेरेटर खरिद (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड: ११.३.२२.८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | खोप तथा खोपजन्य सामग्री भण्डारणमा तापक्रमको उचित व्यवस्थापन गर्न विद्युत आपुर्ति निरन्तरता भई भ्याक्सिनको गुणस्तर कायम गर्न जेनेरेटर खरिद गरी व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलव्धी | जेनेरेटर खरिद गरी खोप तथा खोपजन्य सामग्री भण्डारणमा तापक्रमको उचित व्यवस्थापन गर्न विद्युत आपुर्ति निरन्तरता भई भ्याक्सिनको गुणस्तर कायम हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश भित्रका मेकानिकल/इलेक्ट्कल ईन्जिनियरबाट USFDA र CE/ISO प्रमाणित जेनेरेटरको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract (कम्तीमा ३ वर्ष हुनेगरी) को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ। |

| | |
|---|---|
| | • खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरीद पश्चात सो जेनेरेटर सञ्चालनमा ल्याउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा। |

### *३०. Walk in cooler लगायत अन्य बिद्युतीय उपकरण सञ्चालनका लागि ट्रान्सफर्मर खरिद (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड: ११.३.२२.१८)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | खोप तथा खोपजन्य सामग्री भण्डारणमा तापक्रमको उचित व्यवस्थापन गर्न विद्युत आपुर्ति निरन्तरताका साथै भोल्टेज आपुर्ति Fluctuation हुनबाट बचाई भ्याक्सिनको गुणस्तर कायम गर्न ट्रान्सफर्मर खरिद गरी जडान गर्ने। |
| अपेक्षित उपलव्धी | विद्युतीय प्रसारण लाइनमा ट्रान्सफर्मर गरी जडान गरी खोप तथा खोपजन्य सामग्री भण्डारणमा तापक्रमको उचित व्यवस्थापन गर्न गुणस्तरीय विद्युत आपुर्ति हुनुका साथै भोल्टेज आपुर्ति Fluctuation हुनबाट न्युनीकरण भई भ्याक्सिनको गुणस्तर कायम हुनेछ। |
| सञ्चालन प्रक्रिया | • सरकारी मेकानिकल/इलेक्ट्कल ईन्जिनियर सहित को टिम बाट USFDA वा CE/ISO प्रमाणित ट्रान्सफर्मर प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।<br>• खरिद पश्चात ट्रान्सफर्मर स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच सम्बन्धित इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरीद पश्चात सो ट्रान्सफर्मर सञ्चालनमा ल्याउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा र उदयपुर। |

### ३१. भ्याक्सिन तथा कोल्ड चेन तापक्रम व्यवस्थापनका लागि एसि (AC) खरिद (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड: ११.३.२२.१९)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | खोप तथा खोपजन्य सामग्री भण्डारणमा तापक्रमको उचित व्यवस्थापन गरी भ्याक्सिनको गुणस्तर कायम गर्न कोल्डचेन रुममा एसि जडान गर्ने। |
| अपेक्षित उपलब्धी | कोल्डचेन रुममा एसि जडान भई खोप तथा खोपजन्य सामग्रीको भण्डारणमा तापक्रमको उचित व्यवस्थापन भई भ्याक्सिनको गुणस्तर कायम हुनेछ। |
| सञ्चालन प्रक्रिया | • एसीको खरिद कार्यका लागि सम्बन्धित प्राबिधिकबाट प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी खरिद गर्नुपर्नेछ। Specification स्वास्थ्य मन्त्रालयको वेवसाइटबाट समेत आधार लिई गर्न सकिनेछ।<br>• कम्तीमा ४ वटा एसी खरीद गरी जिल्लाको खोप भण्डारण कक्षमा जडान गरी सञ्चालनमा ल्याउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | यो कार्यक्रम सम्पन्न भए पश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय झापा र मोरङ्ग। |

### ३२. अनसाइट कोचिङ्ग मेन्टरिङ्ग पश्चात मापदण्ड अनुरुप स्थानीय तहका प्रसुति केन्द्र सञ्चालनका लागि औंजार उपकरण व्यवस्थापन (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड: ११.३.९.९२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गर्भवती देखि सुत्केरी (ANC to PNC) अवस्थाका महिलाहरुलाई प्रसुतिकेन्द्रमा न्युनतम सेवा मापदण्ड पूरा गरी सुरक्षित र गुणस्तरीय गर्भवती देखि सुत्केरी (ANC to PNC Continuum of care) सेवा प्रदान गरी मातृ तथा शिशुमृत्यदर न्युनीकरण गर्ने। |
| अपेक्षित उपलब्धी | प्रसुति केन्द्रमा न्युनतम सेवा मापदण्ड पूरा भई लक्षित समुहका महिलाहरुले गुणस्तरीय संस्थागत प्रसुती सेवा प्राप्त गर्नेछन जसबाट मातृ तथा शिशु मृत्युदर न्युनीकरण भएको हुनेछ। |
| सञ्चालन प्रक्रिया | • संघीय सशर्तबाट विनियोजन भएको बजेटबाट प्रसुतीकेन्द्रमा SBA Clinical Coaching Guideline for Clinical Mentor निर्देशिका, SBA Coaching and Mentoring Tool for MNH Service Providers (SBA and non-SBA) tool बमोजिम ३ दिन अनसाइट कोचिङ्ग एण्ड मेन्टोरिङ्ग गर्नुपर्दछ।<br>• सो अनसाइट कोचिङ्ग एण्ड मेन्टोरिङ्ग गरेपश्चात न्युनतम सेवा मापदण्ड पूरा गर्नका लागि स्वास्थ्य संस्थाको व्यवस्थापन समिति समेत वसी छलफल गरी कार्ययोजना बनाउनु पर्दछ जसमा समयसीमा र जिम्मेवार व्यक्ति अनिवार्य तोकिएको हुन्छ।<br>• उक्त कार्ययोजनामा उल्लेख भएबमोजिम पुजीगत तर्फका प्रदेश वा जिल्लास्तरको जिम्मेवारीभित्र परेका समस्यालाई बजेटको परिधीभित्र रही सकेसम्म धेरैवटा प्रसुतीकेन्द्र व्यवस्थापन हुने गरी सम्बोधन गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • खरीद पश्चात सो सामाग्रीहरु सम्बन्धित प्रसुतीकेन्द्रमा हस्तान्तरण गर्नुपर्नेछ।र सो सञ्चालन भई सेवा प्रवाह भएको सुनिश्चित गर्ने। |
| प्रतिवेदन प्रणाली | स्वास्थ्य कार्यालयहरुले कार्यक्रम सम्पन्न गरेपश्चात प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा ।स्वास्थ्य निर्देशनालयले सबै जिल्लाको प्रतिवेदनलाई एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | सबै स्वास्थ्य कार्यालयहरु (प्रति स्वास्थ्य कार्यालय २ लाखका दरले) |

### *३३. नयाँ भवनका लागि फर्निचर्स फिक्सचर्स खरिद (खर्च शिर्षक: ३११२३, क्रियाकलाप कोड: ११.६.१३.२)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | कार्यालय तथा अस्पतालको भवनमा आवश्यक फर्निचर तथा फिक्सचर्सको व्यवस्थापन गरी काम गर्न सहज वातावरण सिर्जना गर्ने। |
| अपेक्षित उपलब्धि | कार्यालय तथा अस्पतालको भवनमा आवश्यक फर्निचर तथा फिक्सचर्सको व्यवस्थापन भई कर्मचारीलाई काम गर्न सहज वातावरण हुने साथै सेवाग्राहीलाई सेवा लिन समेत सहज हुने। |
| सञ्चालन प्रक्रिया | १. बजेट बिनियोजन भएका निकायले प्रचलित नियमानुसार नवनिर्मित भवन हस्तान्तरण प्रकृया सम्पन्न गरेपश्चातमात्र यस शिर्षकमा बिनियोजित बजेट खर्च गर्नुपर्नेछ।<br>२. कार्यालय तथा अस्पतालमा आवश्यक फर्निचर तथा फिक्सचर्सको संख्याहरुको सुची तयार गर्नुपर्दछ।<br>३. खरिद गर्दा १ नं. को बुँदामा भएको सुची सम्बन्धित विज्ञ (प्राबिधिक) को टिमबाट प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>४. Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>५. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ।<br>६. खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।<br>७. खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो सामाग्रिको जाँच सम्बन्धित प्राविधिकबाट गराउनु पर्नेछ।<br>८. खरिद पश्चात फर्निचर तथा फिक्सचर्सलाई कार्यालय तथा अस्पतालमा सहज तरिकाले मिलाउने। |

| | |
|---|---|
| | ९. स्वास्थ्य कार्यालय सोलुखुम्बुले निर्माण गर्ने तालिम हलको समेत फर्निचर यसै बजेटबाट व्यवस्थापन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | आधिकारिक अनलाइन सूचना प्रणाली (e-LMIS/ PAMS) मा Entry गरी प्रतिवेदन गर्ने। |
| सञ्चालन गर्ने निकाय | • जिल्ला अस्पताल संखुवासभा र पाँचथर।<br>• स्वास्थ्य कार्यालय मोरङ्ग र सोलुखुम्बु। |

### ३४. *निर्मित भवनको संरचनात्मक सुधार (तालिम हल निर्माण, सोलुखुम्बु) (खर्च शिर्षक: ३११६१, क्रियाकलाप कोड: ११.५.४२.२)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्य कार्यालय सोलुखुम्बुको कार्यालयमा तालिम हल निर्माण गर्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य कार्यालयबाट सञ्चालन हुने तालिम, गोष्ठि, सेमिनार मितव्ययी तरिकाले सञ्चालन हुनेछ। |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य कार्यालय सोलुखुम्बुको कार्यालय वा परिसरमा तालिम हल निर्माणका लागि लगत अनुमानतथा स्पेसिफिकेसन तयार गरी तालिम हल निर्माण कार्य गर्नुपर्नेछ।<br>• तालिम हल निर्माण पश्चात कार्यालयबाट सञ्चालन हुने तालिम,गोष्ठि,सेमिनारहरु सोही तालिम हलबाट गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | तालिम हल निर्माण पश्चात स्वास्थ्य निर्देशनालयलाई निर्माण सम्पन्न प्रतिवेदन । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य कार्यालय सोलुखुम्बु। |

### ३५. *चार पाङ्ग्रे सवारी साधन (खर्च शिर्षक: ३११२१, क्रियाकलाप कोड: ११.३.२.३)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | कार्यालयबाट उपलव्ध हुने स्वास्थ्य सेवा प्रभावकारी प्रवाह गर्न चार पाङ्ग्रे सवारी साधन खरिद गर्ने। |
| अपेक्षित उपलव्धी | चार पाङ्ग्रे सवारी साधन खरिद गरी सम्बन्धित कार्यालयबाट उपलव्ध हुने स्वास्थ्य सेवा प्रभावकारी प्रवाह गर्न सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • चार पाङ्ग्रे गाडी खरिद गर्दा गाडी खरिदका लागि अटोमोबाइल र मेकानिकल ईन्जिनियरबाट प्रतिस्पर्धी हुनेगरी ISO/CE प्राप्त गरेको प्रमाणित गाडीको स्पेसिफिकेसन तयार गरी व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्ष)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो गाडिको जाँच सम्बन्धित इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• चार पाङ्ग्रे सवारी साधन खरीद गरी कार्यालयवाट प्रवाह हुने सेवाको प्रभावकारिताको लागि सञ्चालनमा ल्याउनुपर्नेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको चार पाङ्ग्रे सवारी साधन विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै सञ्चालन सहितको प्रतिवेदन स्वास्थ्य निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल सोलुखुम्बु, स्वास्थ्य कार्यालय ताप्लेजुङ्ग, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, उदयपुर र प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा । |

### ३६. परिवार नियोजन सेवाका लागि IUCD, Implant, साधनको व्यवस्थापन सहित तालिम (खर्च शिर्षक २२५१२, क्रियाकलाप कोड: २.६.४.१२)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | सेवाग्राहीहरूको परिवार योजना सेवामा पहुँच वृद्धि गर्न आवश्यक रहेको हुँदा सो क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई IUCD र Implant तालिम गर्न आवश्यक रहेको हुँदा यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | सरकारी, गैर सरकारी अस्पतालहरूबाट गुणस्तरीय परिवार योजना सेवा विस्तारका लागि सेवा प्रदायकको क्षमता अभिवृद्धि गरी सेवा बिस्तार गर्न। |
| लक्षित समुह | सरकारी, गैर सरकारी अस्पतालहरूबाट गुणस्तरीय परिवार योजना सेवा विस्तारका लागि सेवा प्रदायकको क्षमता अभिवृद्धि भई परिवार नियोजन सेवाको विस्तार भएको हुने। |
| अपेक्षित प्रतिफल | यस कार्यक्रम संचालन पश्चात सरकारी, गैर सरकारी तथा निजी स्वास्थ्य संस्थाका परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि भई गुणस्तरीय परिवार नियोजन सेवा सर्वसुलभ हुनेछ । |
| कार्यक्रम सन्चालन प्रक्रिया | कार्यक्रम संचालन गर्ने निकायः प्रादेशिक स्वास्थ्य तालिम केन्द्र<br>• जिल्ला अस्पतालहरु, स्वास्थ्य कार्यालयहरु र स्थानीय तहसंग समन्वय गरी परिवार योजना सेवा (IUCD, Implant) तालिम संचालन गर्नु पर्नेछ ।<br>• तालिमका लागि सहभागी छनौट गर्दा तालिम नभएकै कारण IUCD, Implant सेवा संचालन हुन नसकेका संस्थाबाट प्रथमिकताको आधारमा गर्नुपर्नेछ। सहभागीहरु स्वास्थ्य संस्था वा अस्पतालमा कार्यरत परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा प्रदायक नै हुनुपर्नेछ।<br>• नीजि तथा गैर स्वास्थ्य संस्थाचाट पब्लिक प्राईभेट पार्टनरसिप कार्यक्रम मार्फत तालिमको लागि माग भई आएमा ती स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई तालिममा सहभागी गराउन सकिनेछ। |
| सन्दर्भ सामाग्री | IUCD, Implant तालिम प्याकेज, D.M.T. फ्लिपचार्ट, WHO MEC (Medical Eligibility Criteria) Wheel, कार्य संचालन निर्देशिका |
| प्रतिवेदन प्रणाली | • तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र धनकुटा। |

## ३७. स्थायी बन्ध्याकरण (महिला+ पुरुष) सम्बन्धी तालिम (खर्चशिर्षक २२५१२, क्रियाकलाप कोड: २.६.४.११)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्यकर्मी दक्ष भई प्रत्येक जिल्ला अस्पतालबाट उच्च गुणस्तरको भ्यासेक्टोमि सेवा निरन्तर प्रदान गर्नको लागि सक्षम भ्यासेक्टोमि सेवा प्रदायक तयार गर्न । |
| तालिम अवधि | १२ कार्य दिन। |
| अपेक्षित प्रतिफल | परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि भई गुणस्तरीय परिवार नियोजन सेवा सर्वसुलभ र निरन्तर हुनेछ । |
| कार्यक्रम सन्चालन प्रक्रिया | • यो क्षमतामा आधारित १२ दिने तालिम चिकित्सकहरुको लागि सेवाग्राहीहरुलाई स्वैच्छिक रुपमा परिवार नियोजनको स्थाई विधि भ्यासेक्टोमि (local anesthesia दिएर) को गुणस्तरीय सेवा प्रदान गर्न सक्षम बनाउनको लागि तयार गरिएको हो। यो तालिम भ्यासेक्टोमि सेवा प्रदान गरीरहेका स्वास्थ्य संस्था (कम्तीमा हप्तामा एक दिन) वा तालिम पश्चात तुरुन्तै सेवा दिन सक्ने स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकको लागि आवश्यक पर्दछ ।<br>• यस १२ दिनको तालिम अवधिमा, क्लिनिकल अभ्यासको लागि पर्याप्त मात्रामा सेवाग्राहीहरु आउने संस्था हुनु पर्दछ र क्लिनिकल अभ्यासका सबै चरणहरु तालिम प्राप्त सुपरिवेक्षक वा क्लिनिकल कोचको उपस्थितिमा पूरा गर्नु पर्दछ ।<br>• सहभागीहरुले भ्यासेक्टोमि सेवा प्रदान गर्नको लागि आवश्यक सीपका सम्पूर्ण चरणहरु पूरा गरी ज्ञानमा कम्तीमा ८५ प्रतिशत अंक ल्याएको व्यहोरा सम्बन्धित प्रशिक्षकहरुले सिफारीश गरे पछि मात्र तालिम केन्द्रले प्रमाणपत्र प्रदान गर्नु पर्दछ ।<br><u>सहभागी तथा प्रशिक्षकको संख्या प्रति ब्याच</u><br>सहभागीहरु : २ जना<br>प्रशिक्षकहरु १ जना<br>प्रशिक्षक तथा सहभागीको अनुपात : १:२<br><u>सहभागी छनोटका आधारहरु</u><br>• नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सक<br>• परिवार नियोजन सेवा प्रदान गर्न प्रतिवद्ध<br>कार्यरत संस्थाको हकमा पर्याप्त मात्रामा सेवाग्राहीहरु आउने (कम्तीमा ३ देखि ४ जना प्रति दिन वा हप्तामा एक दिन परिवार नियोजन सेवा प्रदान गर्ने) हुनुपर्दछ ।<br>• परिवार नियोजन सेवा प्रदान गर्नको लागि योग्य र तयार संस्था (मुल्याङन पश्चात)हुनुपर्दछ ।<br>• तालिमको लागि संस्था छनोट गर्दा जहाँ उक्त सेवा दिनको लागि अरु सेवा प्रदायकहरु छैनन त्यहि संस्थालाई प्राथमिकतामा राख्नु पर्नेछ । |

| | |
|---|---|
| | • बजेटको परिधि भित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिनेछ।<br><br>प्रशिक्षक छनोटका आधारहरुः<br>• भ्यासेक्टोमि तालिम लिएको प्रमाणपत्र प्राप्त सेवा प्रदायक चिकित्सक<br>• क्लिनिकल सीप तालिम लिएको |
| सन्दर्भ सामाग्री | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा सम्बन्धित महाशाखाबाट तयार सन्दर्भ सामाग्रीहरू |
| प्रतिवेदन प्रणाली | • तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र धनकुटा। |

### ३८. नँया नियुक्ति भएका विद्यालय नर्सहरुलाइ दक्षता अभिबृद्धि गर्न जनस्वास्थ्य कार्यक्रकमको तालिम(खर्च शिर्षक २२५११, क्रियाकलाप कोड:2.6.1.17)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | नेपालमा स्कूल हेल्थ नर्स कार्यक्रम विद्यालय जाने उमेरका बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्न, स्वस्थ विद्यालय वातावरणलाई प्रवर्द्धन गर्न र समग्र स्वास्थ्य परिणामहरूमा सुधार गर्न यो कार्यक्रम डिजाइन गरिएको हो। |
| उद्देश्य | विद्यालय नर्सहरुमा स्वास्थ्यका सबै पक्षमा प्रबर्द्धनात्मक, प्रतिकारात्मक तथा प्राथमिक उपचार सम्बन्धी आवश्यक पर्ने सीप, क्षमता र ज्ञान हासिल गराई स्वास्थ्य विद्यालय स्वस्थ विद्यार्थी,र कर्मचारी बनाउन सहजीकरण गर्ने। |
| लक्षित समुह | तालिम नलिएका र नँया नियुक्ति भएका विद्यालय नर्सहरु। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य विद्यालय स्वस्थ विद्यार्थी,र कर्मचारी बनाउन सहजीकरणका लागि विद्यालय नर्सहरुमा स्वास्थ्यका सबै पक्षमा प्रबर्द्धनात्मक, प्रतिकारात्मक तथा प्राथमिक उपचार सम्बन्धी आवश्यक पर्ने सीप, क्षमता र ज्ञान हासिल गराईनेछ। |

| | |
|---|---|
| कार्यक्रम सन्चालन प्रक्रिया | **सहभागी छनोटका आधारहरु तथा सञ्चालन गर्ने तरिका:**<br>• स्वास्थ्य निर्देशनालय संग समन्वय गरी विद्यालय नर्सहरु कार्यरत विद्यालयको सुची तयार पार्ने र सम्बन्धी जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तह संग समन्वय गरी आवश्यकताको आधारमा सहभागी छनोट गर्नु पर्नेछ ।<br>• एक ब्याच तालिमा २० देखि २५ जना सहभागी राख्न सकिनेछ।<br>• तालिम सामाग्री नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखासँग समन्वय गर्नुपर्नेछ। साथै अन्य विद्यालय नर्सिङ्ग सेवा सञ्चालन भएका प्रदेशहरुसँग समन्वय समेत गरी तयार गर्नुपर्नेछ।<br>• सम्बन्धित विषयको विज्ञ वा सम्बन्धी विषयमा प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त सहजकर्ता द्वारा तालिम संचालन गर्ने ।<br>• कम्तीमा ६ कार्य दिन हुनेगरी तालिम संचालन गर्ने । |
| सन्दर्भ सामाग्री | पहिला कोशी प्रदेश तालिम केन्द्रले सञ्चालन गरको तालिम सामाग्री, विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ , सम्बन्धित महाशाखाबाट तयार सन्दर्भ सामाग्रीहरू। |
| प्रतिवेदन प्रणाली | • तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र धनकुटा। |

### ३९. *Operation Theater Technique Management तालिम (खर्च शिर्षक २२५१२, क्रियाकलाप कोड:2.6.4.11)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | सहभागीहरुलाई अस्पतालमा शल्य कक्षका सदस्यहरु संग मिलेर शल्यक्रिया अघि, शल्यक्रियाको क्रममा र शल्य क्रिया पश्चात विरामीलाई प्रभावकारी स्याहार गर्न उचित निर्णय लिन सक्ने बनाउन तथा विरामीको गोपनियता कायम गरी स्वस्थ हुने र सम्मान पुर्वक बाच्न पाउने अधिकारलाई सुनिश्चित गर्नको लागि शल्यक्रिया अवधिभर शल्य कक्ष नर्सिङ सेवा प्रदान गर्न सक्षम बनाउन । |
| लक्षित समुह | कम्तीमा प्रमाणपत्र उर्तिण गरेका नर्सिङ स्टाफ। |
| अपेक्षित प्रतिफल | प्रभावकारी र दक्ष शल्य कक्ष नर्सिङ सेवा प्रदान गर्न सक्षम हुनेछन । |
| कार्यक्रम सन्चालन प्रक्रिया | • यो तालिम ४२ दिनको हुन्छ । ६ दिन कक्षा कोठामा प्रशिक्षण र दक्ष सुपरिवेक्षकको मातहतमा रही क्लिनिकल अभ्यास गर्नको लागि छुट्याईन्छ ।<br>• एउटा क्लिनिकल तालिम केन्द्रमा हरेक ब्याचमा ९ देखि १२ जना नर्सिङ स्टाफ समावेश गराउनु पर्दछ ।<br>• हरेक ब्याचको लागि ३ जना तालिम प्राप्त नर्सिङ स्टाफहरुलाई प्रशिक्षकको रुपमा समावेश गराउनु पर्दछ । |

| | |
|---|---|
| | • यो तालिम क्षमतामा आधारीत भएकोले हरेक सहभागीले क्लिनिकल अभ्यासका सम्पूर्ण चरणहरु पूरा गरी तालिम सम्बन्धी ज्ञानमा कम्तीमा ८५ प्रतिशत अंक ल्याएमा प्रशिक्षकले प्रमाणपत्र प्रदान गर्न प्रदेश स्वास्थ्य तालिम केन्द्रलाई सिफारिश गर्नु पर्दछ ।<br>सहभागी तथा प्रशिक्षकको संख्या प्रति ब्याच<br>सहभागीहरु: ९ देखि १२ जना<br>प्रशिक्षकहरु: ४ जना<br>प्रशिक्षक तथा सहभागीको अनुपात: १:३<br>शल्यक्रिया सेवा प्रदान गरीरहेका प्रदेश भित्रका अस्पतालहरु संग सवंमन्य गरी सहभागी आवश्यकताको अधारमा सहभागी छनोट गर्ने ।<br>**सहभागी छनौटका आधारहरु**<br>• कम्तीमा स्टाफ नर्स कोर्ष उतिर्ण गरी नेपाल नर्सिङ परिषदमा दर्ता गरेको (प्रदेशमा समायोजन भइ कार्यरतलाई) प्राथमिकता दिनुपर्नेछ।<br>• सहभागी नियमित रुपमा शल्यक्रिया भइरहेको शल्यकक्ष उपलब्ध अस्पतालमा कार्यरत<br>• सहभागी छनौट गर्दा शल्य कक्ष प्रविधि तथा व्यवस्थापन गर्नको लागि जनशक्तिको आवश्यकता भएको शल्यक्रिया सम्बन्धी कार्य भइरहेको अस्पताल मा कार्यरत कम्तीमा स्टाफ नर्सलाई प्राथमिकता दिनु पर्दछ ।<br>प्रशिक्षक छनौटका आधारहरु<br>• शल्य कक्ष प्रविधि तथा व्यवस्थापन तालिम लिएको<br>• क्लिनिकल सीप तालिम लिएका स्टाफ नर्स वा नर्सिङ अधिकृत<br>• शल्य कक्ष प्रविधि तथा व्यवस्थापन मा अनुभवि<br>• प्रशिक्षक OT skill मा Skill standardization तालिम लिएको<br>• सह प्रशिक्षक भएर कम्तीमा २ ब्याच शल्य कक्ष प्रविधि तथा व्यवस्थापन तालिम |
| सन्दर्भ सामाग्री | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा सम्बन्धित महाशाखाबाट तयार सन्दर्भ सामाग्रीहरू |
| प्रतिवेदन प्रणाली | तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र धनकुटा। |

### ४०. *डायलाइसिस सेवा सञ्चालन लागि स्वास्थ्यकर्मीलाई क्षमता अभिवृद्धि तालिम (खर्च शिर्षक: २२५१२, क्रियाकलाप कोड: २.६.४.९)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय | मृगौला रोगीहरुलाई नियमित स्वास्थ्य परीक्षण डाएलासिस सेवा दिनुपर्ने भएकोले सोही युनिटमा कार्यरत मेडिकल अधिकृतहरु, नर्सिङ स्टाफ, पारामेडिक्स (हे. अ.) को ज्ञान र सीपलाई |

| | |
|---|---|
| | अध्यावधिक गर्न र कार्य कुशलतामा वृद्धि गरी रोगीलाई डाएलासिस सेवा प्रदान गर्ने यस कार्यक्रमको अभिप्राय रहको छ । |
| उद्देश्य | मृगौलाका रोगीहरु जो End Stage of Renal Disease (ESRD) भई अस्पतालमा भर्ना भएका विरामीको उपचारमा कार्यरत मेडिकल अधिकृतहरुलाई तालिमको माध्यम बाट कार्य क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रदान गर्नु यस तालिमको मुख्य उद्देश्य रहेको छ । |
| लक्षित समुह | अस्पतालहरु कार्यरत मेडिकल अधिकृतहरु |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मको डायलाइसिस गर्ने ज्ञान र सिपको विकास भई गुणस्तरीय डायलाइसिस सेवा प्रदान गर्न सक्षम हुनेछ । |
| तालिम अवधि | २ महिना |
| कार्यक्रम सन्चालन प्रक्रिया | कार्यक्रम संचालन गर्ने निकायः प्रादेशिक स्वास्थ्य तालिम केन्द्र<br>प्रदेश भित्रका डायलाइसिस सेवा प्रदान गरीरहेका अस्पतालहरु संग समवंन्य गरी आवश्यकता अनुसार सहभागी छनोट गर्ने ।<br>सहभागी छनोटका आधारहरुः<br>नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सक(मेडिकल अधिकृत) ।<br>प्रशिक्षक छनौटका आधारहरुः<br>• सम्बन्धित विषय विज्ञ (Nephrologist) र सेवा प्रदायक<br>• डायलाइसिस तालिम प्राप्त सेवा प्रदायक स्वास्थ्यकर्मी<br>• क्लिनिकल सीप तालिम (CTS) लिएको<br>सहभागी तथा प्रशिक्षक संख्याः<br>सहभागी : १० देखि १५ जना प्रति ब्याच<br>प्रशिक्षकः ३ देखि ४ जना प्रति ब्याच |
| सन्दर्भ सामाग्री | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा सम्बन्धित महाशाखाबाट तयार सन्दर्भ सामाग्रीहरू |
| प्रतिवेदन प्रणाली | • तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र धनकुटा। |

### ४१. सुरक्षित गर्भपतन तालिम CAC (खर्च शिर्षक २२५२२, क्रियाकलाप कोडः २.७.२२.६७)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | कोशी प्रदेशमा सुरक्षित गर्भपतन सम्बन्धी गुणस्तरीय सेवा सञ्चालन गर्न आवश्यक छ । गुणस्तरीय र सुरक्षित गर्भपतन सेवाका माध्यमबाट सेवा आवश्यक रहेको समूहमा रूग्णता तथा मृत्युदरमा कमी ल्याउन सुरक्षित गर्भपतन तालिम CAC (स्टाफ नर्स वा सो भन्दा माथि वा मे.अ.) सञ्चालन गर्नु अपरिहार्य रहेको छ । |

| | |
|---|---|
| उद्देश्य | मे.अ. तथा स्टाफ नर्सको वा सो भन्दा माथिको सीप, दक्षता र क्षमताको विकास गरी असुरक्षित गर्भपतन सेवालाई न्युनीकरण गर्ने। |
| अपेक्षित उपलब्धि | असुरक्षित गर्भपतन सेवालाई न्युनीकरण गर्न मे.अ. तथा स्टाफ नर्सको सो भन्दा माथिको सीप सीप, दक्षता र क्षमताको विकास गरी सेवाप्रदायक सुचिकृत हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश स्वास्थ्य तालिम केन्द्रले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको सुरक्षित गर्भपतन तालिम संचालन निर्देशिका अनुसार तालिम संचालन गर्नुपर्ने।<br>• विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ संस्थाहरुको सूची तयार गरी तालिम सञ्चालनका लागि समन्वय र सम्झौता (वार्षिक रुपमा) गर्ने।<br>• प्रदेश मातहतका अस्पताल, हिमाली र पहाडी जिल्ला स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय तथा Training Need Assessment गरी सहभागी छनौट गरी योजना बनाउने।<br>• सहभागीको सूची तयार गर्दा पहिला प्रदेश मातहतका अस्पतालमा कम्तीमा २ जना हुनेगरी र त्यसपछि हिमाली र पहाडी जिल्लाका धेरै असुरक्षित गर्भपतन हुने गरेका दुर्गम स्वास्थ्य संस्थाहरुलाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ।<br>• पहिला तालिम लिईसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>• सहभागी छनौटको अन्य मापदण्डहरु तालिम केन्द्र आफैले निर्धारण गर्नेर सहभागीलाई पायक पर्ने स्थानमा तालिमको स्थान छनौट गर्नुपर्नेछ ।<br>• बजेटको परिधि भित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिनेछ।<br>• सहभागीले तालिम पश्चात स्वास्थ्य संस्था वा आफू कार्यरत संस्थामा गईसके पश्चात संस्थाको सम्पूर्ण स्टाफसँग आफूले तालिममा सिकेको सीप र ज्ञानको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्नु साथै सेवा सुचारु गर्नुपर्नेछ। सो को अनुगमन तालिम केन्द्रले गर्नुपर्नेछ ।<br>• तालिम पश्चात यसै बजेटबाट follow-up monitoring गर्न सकिनेछ । |
| सहभागी | मे.अ. वा स्टाफ नर्सको वा सो भन्दा माथिको नर्सिङ स्टाफ सहभागी हुन पाउनेछन् । |
| प्रशिक्षक छनोटका अधारहरू | CAC र PAC तालिमको प्रशिक्षक प्रशिक्षण प्राप्त चिकित्सक, नर्स तथा विषयविज्ञ चिकित्सक मध्ये क्लिनिकल स्किल तालिम प्राप्त साथै राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र वा प्रादेशिक स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक रोष्टरमा सूचीकृत विज्ञ व्यक्ति हुनु पर्नेछ । |
| सन्दर्भ सामाग्री | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा सम्बन्धित महाशाखाबाट तयार सन्दर्भ सामाग्रीहरू। |
| प्रतिवेदन प्रणाली | • तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र धनकुटा। |

### ४२. MA तालिम (खर्चशिर्षक २२५२२, क्रियाकलाप कोड:2.7.22.51)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | नर्सिङ्ग स्टाफको सीप, दक्षता र क्षमताको विकास तथा सुचिकृत गरी असुरक्षित गर्भपतन सेवालाई न्युनीकरण गर्ने। |
| अपेक्षित उपलब्धि | असुरक्षित गर्भपतन सेवालाई न्युनीकरण गर्न नर्सिङ्ग स्टाफको सीप, दक्षता र क्षमताको विकास गरी व्यक्ति सुचिकृत हुनेछ। |
| सञ्चालन प्रक्रिया | १. विषयसँग सम्बन्धित तालिम प्रदायक अस्पताल तथा संघ संस्थाहरुको सूची तयार गरी तालिम सञ्चालनका लागि समन्वय र वार्षिक रुपमा सम्झौता गर्ने।<br>२. स्वास्थ्य कार्यालयहरूसँग समन्वय गरी मातहतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई सहभागी गराई तालिम सञ्चालन गर्ने गरी योजना बनाउनुपर्नेछ।<br>३. पहिला तालिम लिईसकेका स्वास्थ्यकर्मीलाई तालिममा सहभागी गराउन पाईने छैन ।<br>४. तालिमका लागि सहभागीलाई कम्तीमा ७ दिन पहिले पत्र वा Mail र फोन वा दुवै मार्फत जानकारी गराउने र सहभागिताको लागि सुनिश्चीतता गर्ने ।<br>५. सहभागीले तालिम पश्चात स्वास्थ्य संस्था वा आफू कार्यरत संस्थामा गईसके पश्चात संस्थाको सम्पूर्ण स्टाफसँग आफूले तालिममा सिकेको सीप र ज्ञानको प्रस्तुतीकरण अनिवार्य रुपमा गर्नुपर्नेछ।सो को अनुगमन तालिम केन्द्रले गर्नुपर्नेछ।<br>६. बजेटको परिधि भित्र रही तालिम सञ्चालनको लागि आवश्यक सामग्री खरिद गर्न सकिनेछ।<br>७. तालिम पश्चात यसै बजेटबाट follow-up monitoring गर्न सकिनेछ । |
| प्रशिक्षक छनोटका अधारहरू | MA, CAC र PAC तालिमको प्रशिक्षक प्रशिक्षण प्राप्त चिकित्सक, नर्स तथा विषयविज्ञ चिकित्सक मध्ये क्लिनिकल स्किल तालिम प्राप्त साथै राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र वा प्रादेशिक स्वास्थ्य तालिम केन्द्रको प्रशिक्षक रोष्टरमा सूचीकृत विज्ञ व्यक्ति हुनु पर्नेछ । |
| सन्दर्भ सामाग्री | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा सम्बन्धित महाशाखाबाट तयार सन्दर्भ सामाग्रीहरू। |
| प्रतिवेदन प्रणाली | • तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र धनकुटा। |

### ४३. कम्पाउण्डवाल निर्माण (खर्चशिर्षक ३११२२,क्रियाकलाप कोड: ११.१.२.१५)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य निर्देशनालयको कम्पाउण्ड सुरक्षित गरी कार्यालय, कार्यालयको उपकरण , सामाग्री तथा फुलबारी बगैचाको समेत सुरक्षाको लागि निर्देशनालय परिसरमा कम्पाउण्ड वाल घेर्ने तथा |

| | |
|---|---|
| | बजेटको परिधिमा रही भवनको अन्य मर्मत सम्भार समेत गर्नको लागि यो बजेट विनियोजन गरिएको हो। |
| उद्देश्य | कार्यालयको सुरक्षाको लागि कम्पाउण्डवाल निर्माण र अन्य आबश्यक मर्मत सम्भार गरी कार्यालयको सुरक्षाको सुनिश्चित गर्ने |
| अपेक्षित उपलब्धि | कार्यालय, औजार, उपकरण एवम फुलबारी, बगैचाको सुरक्षा भई कार्य संचालनमा सहज हुने साथै सरकारी सम्पतिको सुरक्षामा सहज हुनेछ । |
| सञ्चालन प्रक्रिया | यो कार्य निर्माण तथा मर्मत संग सम्बन्धित भएकोले निम्नानुसार गर्ने:<br>• कम्पाउण्डवाल निर्माण गर्नु पर्ने स्थान, क्षेत्र र परिमाण (लम्वाई) निर्धारण गर्ने।<br>• निर्देशनालयको प्रमुख, स्टोरशाखा र अन्य शाखाका कर्मचारी हरू समेतको बैठक र छलफल बाट कार्यालय भवनको मुख्य निर्माण कार्य कम्पाउण्डवाल निर्माण र अन्य मर्मत, सम्भार ( प्लास्टर मर्मत , छत मर्मत/ सुरक्षा,ढल निकास, मुख्य ठाउमा टुटे फुटेको मर्मत, टोइलेट बाथरुमको मर्मत तथा अत्यावश्यक सामाग्री मर्मत र फेर्ने, मुख्य स्थानमा रंग रोगन आदि) गर्न पर्ने कार्यको विवरण तयार गर्ने ।<br>• सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन)कार्यालयमा समन्वय गरी तयार गर्ने।<br>• कम्पाउण्डवाल सरकारी कार्यालयको कार्यालय सुरक्षाको दृष्टिकोण बाट न्युनतम मापदण्ड पूरा गरी उचाई, मोटाई, चौडाई निर्धारण गरेर निर्माण गराउने।<br>• कम्पाउण्डवालको उचाई मध्ये वालमाथि कम्तीमा २ फिट आइरन खम्बा र काडेतार बाट निर्माण गर्ने।<br>• बजेटको परिधिमा रही कम्पाउण्डवाल निर्माण गरी बजेट बचत हुने भएमा अग्रिम प्राथमिकता निर्धारण भए अनुसार प्रतिस्पर्धी हुने गरी लगत अनुमान अनुसार अन्य मर्मतको कार्य समेत गराउने।<br>• यो कार्यको योजना पहिलो त्रैमासिक बाटै शुरु गरी दोश्रो त्रैमासिकमा सम्पन्न गर्ने । डिजाइन, ल.ई. अनुसार फरक फरक कार्य सम्बन्धित गराउनु परेमा सम्बन्धित फर्म/संस्था/ व्यक्ति बाट गराउन सकिने छ । |
| प्रतिवेदन | कार्य सम्पन्न भएपछि सो को विस्तृत विवरण (प्राविधिक प्रतिवेदन सहित) सहित प्रतिवेदन कार्यालयमा अध्यावधिक गर्नुको साथै १ प्रति प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय । |

### ४४. मोटर साइकल/स्कुटर खरिद, (खर्च शिर्षक: ३११२१, क्रियाकलाप कोड:११.३.२.१)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आयुर्वेदतर्फका कार्यक्रमको अनुगमन/ सुपरिवेक्षण, कार्य सम्पादन छिटो तथा सहज बनाई गुणस्तरीय कार्य संचालन गर्न । |
| अपेक्षित उपलब्धि | आयुर्वेदतर्फका कार्यक्रम संचालन को अनुगमन / र सहजिकरंमा सहजता भई छिटो, छरीतो र गुणस्तर सेवा प्रवाह हुनेछ । |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • विनियोजन भएको बजेटको परिधिभित्र रही स्वास्थ्य निर्देशनालयको खरिद समितिबाट मोटर साइकल/स्कुटरको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच सम्बन्धित प्राविधिकबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशनालयको आयुर्वेद शाखाबाट प्रयोगमा ल्याउनुपर्नेछ।<br>• मोटर साइकल / स्कुटरको खरिद पहिलो त्रैमासिकमा नै गरी सञ्चालन गर्ने । |
| प्रतिवेदन | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय । |

### *४५. समुदायमा शिविर संचालन गरी स्वास्थ्य सेवा प्रदान गर्नका लागि Mobile Van खरिद (खर्च शिर्षक: ३११२१, क्रियाकलाप कोड: ११.३.२.४)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश भित्रका भौगोलिक विकट, हिमाली, पहाडी लगायत अन्य क्षेत्रका जनतालाई विशेषज्ञ / चिकित्सकिय सेवा प्रदान गर्न विभिन्न शिविरहरु संचालन गर्न र उक्त कार्यमा चिकित्सक, औषधि, उपकरण समेत सहजै पुर्याई छिटो छरितो सेवा प्रदान गर्नको लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | विकट तथा स्वास्थ्य सेवा बाट बन्चित हुने समुदायस्तर सम्म विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर संचालन गर्न मोबाइल भ्यान खरिद गर्ने। |
| अपेक्षित उपलब्धि | तोकिएका स्थानहरूमा विभिन्न शिविर हरु संचालन गर्दा चिकित्सक/स्वास्थ्यकर्मीको परिचालन र औषधि उपकरण सहितको दुर्गम, विकट क्षेत्रमा समेत गुणस्तरीय स्वास्थ्य शिविर संचालन भई आम समुदाय लाभान्वित हुनुका साथै सेवा प्रवाह गर्न सहज हुनका लागि मोबाइल भ्यान खरिद हुनेछ । |
| सञ्चालन प्रक्रिया | • स्वीकृत बजेटको परिधिभित्र रही स्वास्थ्य निर्देशनालयले मोबाइल भ्यान (पहाडी, हिमाली क्षेत्रमा समेत उपयोग हुने) को उपलब्धता र प्रयोग (पहाडी, हिमाली क्षेत्रमा समेत उपयोग हुने) को बारेमा अग्रिम अध्ययनका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र तथा सरोकारवाला सरकारी निकायमा कार्यरत मेकानिकल इन्जिनियरको प्राविधिक सहयोगमा स्वास्थ्य शिविरका लागि आवश्यक मोबाइल भ्यानको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ। |

| | |
|---|---|
| | • स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच सम्बन्धित इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी आवश्यक्ताको आधारमा सञ्चालन गर्नुपर्नेछ। |
| प्रतिवेदन | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको भ्यानको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय । |

### ४६. माइक्रस्कोप खरिद (खर्च शिर्षक: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१९)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश भित्रका बिभिन्न असपताल (जिल्ला/स्थानीय तहहरुका) हरुमा क्षयरोग र मलेरियाको गुणस्तरीय परीक्षणमा सुधार गरी तोकिएका मईक्रोस्कोपिक केन्द्र हरुबाट विरामीको पहिचान दर वृद्धि एवं उक्त रोग नियन्त्रण, निवारणमा तिव्रता दिन यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | तोकिएका मईक्रोस्कोपिक सेन्टरहरु बाट क्षयरोग र मलेरियाको विरामीको परीक्षण र निदान सुनिश्चित भई उपचारमा सहजता ल्याउने । |
| अपेक्षित उपलब्धि | • क्षयरोग/ मलेरिया जस्ता निवारण लक्षित रोगको निदानमा गुणस्तर भई विरामीको पहिचान, उपचार गर्न सहज हुनेछ ।<br>• तोकिएका स्थानहरूमा जीर्ण र गुणस्तर नभएका उपकरणको सट्टा यी उपकरण उपलब्ध गराउदा सेवा प्रभावकारी हुनेछ ।<br>• आबश्यकता अनुसार माइक्रोस्कोपिक सेन्टर थप गरी उपकरण उपलब्ध गराएर सेवा बिस्तार भई रोग पहिचान , उपचारमा पहुँच वृद्धि हुनेछ । |
| सञ्चालन प्रक्रिया | • प्रदेश जनस्वास्थ्य प्रयोगशालासँग समन्वय गरी तोकिएका माइक्रोस्कोपिक सेन्टर हरुको माइक्रोस्कोपको अवस्था, परीक्षणमा गुणस्तर र सेवा थप गर्नु पर्ने स्थान र सम्भाव्यता एवं उपकरण थप गर्नु पर्ने विवरण तयार गरी माइक्रस्कोप खरिदका लागि परिमाण निर्धारण गर्ने।<br>• प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियरबाट USFDA र CE/ISO प्रमाणित माइक्रस्कोपको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद प्रक्रिया पहिलो त्रैमासिकमा शुरुवात गरी यथाशक्य चाडै खरिद तथा उपलब्ध र जडान गर्ने ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो माइक्रस्कोपको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गरी जडान तथा संचालन गर्ने। |

| | |
|---|---|
| प्रतिवेदन | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय । |

### ४७. प्रदेशमार्फत स्थानीय तहमा e-HMIS कार्यक्रम सञ्चालन गर्ने (खर्च शिर्षक: ३११३४, क्रियाकलाप कोड: ११.६.३.७)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | वेबमा आधारित अभिलेखीकरण प्रणालीको स्थापना गरी मासिक पाक्षिक वा तोकिएको समयावधिमा समिष्टिगत तथ्यांक प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु । |
| अपेक्षित उपलव्धी | रूटिन डाटा प्रणालीलाइ चुस्त दुरूस्त हुन गई समयमा तथ्यांकको विश्लेषण हुन गई तथ्यमा आधारित निर्णय प्रक्रियालाइ सहज र सुलभ बन्ने छ । |
| सञ्चालन प्रक्रिया | १. <u>प्रादेशिक स्वास्थ्य तथ्यांक व्यवस्थापन कार्यविधि निर्माण गर्ने</u><br><br>सरोकारवालाहरूसंगको अन्तरक्रिया र छलफलबाट प्रादेशिक स्वास्थ्य तथ्यांक व्यवस्थापन कार्यविधि निर्माण गर्ने ।यस कार्यविधिले e-HMIS सञ्चालनमा प्रयोगकर्ता, व्यवस्थापक लगायत प्रणाली सञ्चालकहरूको काम कर्तव्य र जिम्वेवारी किटानगरी तहगत अधिकार सुनिश्चितता गर्नेछ साथै राष्ट्रिय स्वास्थ्य तथ्यांकका प्रचलित मानकहरू समानजस्यता हुने गरी कार्यविधिले स्पष्ट गर्नेछ । सूचना प्रवाह, प्रादेशिक तथ्यांक भण्डारण सर्भरको सञ्चालन प्रक्रिया समेत किटान गरिनेछ ।<br><br>२. <u>वेब बेस सफ्टवेयर खरिद तथा सञ्चालन गर्ने</u><br><br>प्रचलित खरिद ऐन, नियामवली लगायत प्रचिलत ऐन, नियमावलीका अधिनमा रहि स्वास्थ्य निर्देशनालयले कम्तीमा ३ वर्षको सफ्टवेयर सञ्चालनमा प्राविधिक सपोर्टको सुनिश्चता सहित सबै एच एम आइ एसको टुल्सहरू भएको, मासिक प्रतिवेदन प्रणालीमा सञ्चालनमा रहेको DHIS-2 संग स्वचालित आवद्धता भएको, संघीय सरकारको स्वास्थ्य मन्त्रालयबाट इजाजत प्राप्त सफ्टवेयर निर्माणकर्तासंग खरिद सम्झौता गरी सफ्टवेयर खरिद गर्नु पर्नेछ । अभिलेख प्रणालीबाट सिर्जना हुने डाटा स्वास्थ्य तथ्यांक व्यवस्थापन कार्यविधिले तोकेको प्रदेश सरकार मातहतको सर्भरमा र नेपाल सरकार अन्तरगत भएको कुनै पब्लिक सर्वरमा भण्डारण हुने व्यवस्था प्रदेश स्वास्थ्य मन्त्रालयले गर्नु पर्नेछ । यसरी खरिद गरिने सफ्टवेयरमा प्रत्येक स्वास्थ्य संस्था डाटा इन्ट्री प्रयोगकर्ता हुनेछन्। हाल सञ्चालनमा रहेका वा भविष्यमा थप, घट हुने स्वास्थ्य संस्थाको छुट्टा छुट्टै एकाउन्ट बनाउन मिल्ने हुनु पर्नेछ ।भविष्यमा थप, घट वा परिमार्जन हुने HMIS Register, Form लाइ सफ्टवेयरमा समाहित गर्न मिल्ने हुनु पर्नेछ ।डाटा प्रयोगकर्ताको संख्यालाइ पाँच वर्षको प्रक्षेपण गरी सफ्टवेयरले वेभ ट्राफिक सहज व्यवस्थापन गर्न सक्ने हुनु पर्नेछ ।खरिद सम्झौता भएको एक बर्ष |

| | |
|---|---|
| | भित्र निर्देशनालयले तोकेका ३ जना अधिकृतस्तरका कर्मचारीलाइ सफ्टवेयर निर्माताले System Administrator को तालिम प्रदान गर्नु पर्नेछ ।<br><br>३. **MTOT तालिम सञ्चालन**<br><br>यो प्रणालीबाट स्थापना हुने वेब बेस सफ्टवेयर सञ्चालनका लागि Teaching Module बनाइ ३ दिवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम प्रत्येक जिल्लाको कम्तीमा २ जना सहभागी हुने गरी सञ्चालन गर्नु पर्नेछ र यी Module को Video Tutorials बनाइ समाजिक सन्जालमा राख्नुपर्नेछ। यस सम्बन्धी आवश्यक निर्देशिका सफ्टवेयर बिक्रेताले नै उपलब्ध गराउनु पर्नेछ । यो ३ नम्बर क्रियाकलाप सञ्चालनका लागि संघीय सरकारको बिनियोजित वजेट "प्रदेशअन्तर्गत डिजिटलाइजेसन सम्बन्धी एमटिओटी, टिओटी कार्यक्रम" बाट कार्यक्रम सञ्चालन हुने सबै जिल्ला सञ्चालन गर्नुपर्नेछ।<br><br>पुस महिना भित्र पाइलट प्रोजेक्टका रूपमा ४ जिल्लाका कम्तीमा ३ वटा पालिकामा वेब बेस e-HMIS प्रणालीको शुरूवात गर्ने । मंसिर महिना भित्र प्रत्येक जिल्लाको एउटा गाउँपालिका सहित कम्तीमा ३ वटा स्थानीयतहको छनौट गरी e-HMIS सञ्चालन प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्ने ।<br><br>नोटः यस्तै प्रकृतिको कार्यक्रम संघीय सरकारबाट विनियोजन भएको जिल्ला बाहेक अन्य संघीय सरकारबाट विनियोजन नभएको ४ वटा जिल्लाको कम्तीमा प्रत्येक जिल्लाको ४ वटा स्थानीय तहसँग समन्वय गरेर अझ प्रभावकारी र बिस्तार गरी संचालन गर्नु पर्नेछ । |
| प्रतिवेदन प्रणाली | • भाद्र महिना भित्र तथ्यांक व्यवस्थापन कार्यविधि निर्माण गरी स्वीकृतीका लागि स्वास्थ्य मन्त्रालयमा पेश गर्ने ।<br>• कार्तिक महिना भित्र खरिद सम्झौता सम्पन्न गरी स्वास्थ्य मन्त्रालयमा प्रतिवेदन पेश गर्ने ।<br>• स्वास्थ्य पंजिकरणमा आवद्ध स्वास्थ्य संस्थाहरूलाइ प्रबिधि मैत्री प्राथमिकताका आधारमा बर्गिकरण गरी पाइलट प्रोजेक्ट सञ्चालनका लागि उपयुक्त स्थानीय तहको सुची स्वास्थ्य मन्त्रालयमा असोज महिना भित्र पेश गर्ने । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

### ४८. Kathmandu Institute of Children Hospital (KIOCH) संचालन अनुदान(खर्च शिर्षक नं.: २६४१३, क्रियाकलाप कोड: १७.२.१.२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेशका बालबालिकालाई सर्वसुलभ तथा विश्वव्यापी स्वास्थ्य कभरेज हुने गरी स्वास्थ्य सेवाको पहुँचमा आबद्ध तथा वृद्धि गर्ने। |
| अपेक्षित उपलव्धी | प्रदेश भरीका बालबालिकाले सर्वसुलभ तथा विश्वव्यापी स्वास्थ्य कभरेज वृद्दिहुने गरी स्वास्थ्य सेवाको पहुँच वृद्दि गर्नका लागि सशर्त अनुदान उपलब्ध गराइनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य निर्देशनालयले Kathmandu Institute of Children Hospital (KIOCH) बाट उपलब्ध हुने सेवाको गुणस्तर वृद्दि तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा आवश्यक विषयवस्तु सहित प्रस्तावना माग गर्ने।<br>• कम्तिमा ३ जना हुने गरी आन्तरीक अध्ययन समिति बनाई आएको प्रस्तावना उपर छलफल गरी यस कार्यक्रमको उद्देश्य पूरा हुने गरी मात्र सम्झौता गर्ने।<br>• यो अनुदान सशर्त भएको हुनाले शर्त सहित सम्झौता गरी कार्यसम्पादन र स्थलगत निरिक्षण समेतको आधारमा तीन किस्तामा अनुदान रकम उपलब्ध गउनुपर्नेछ।<br>• पहिलो किस्ता कुल अनुदानको ३०%, दोस्रो किस्ता ४०% र तेस्रो किस्ता ३०%। |
| प्रतिवेदन | प्रत्येक पटकको अनुदान पश्चात विस्तृत विवरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

### ४९. *स्वास्थ्य सेवा परिमार्गन (Tracking) का लागि विस्तृत पार्श्वचित्र निर्माण तथा कार्यान्वयन (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३१४)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय | स्वास्थ्य सेवा पाउनु जनताको नैसर्गिक अधिकार हो र राज्यले गुणस्तरीय सेवा प्रदान गर्नु आफ्नो जिम्मेवारी हो। स्वास्थ्यमा सर्वव्यापी पहुचको अवधारणा अनुसार सेवा दिनको लागि हाम्रो अवस्था के छ र के कस्तो व्यवस्था मिलाउन सके सेवाको पहुच वढ्ने हुन्छ सो को पहिचान गर्नु आवश्यकता पर्दछ , यसैको लागि श्रोत पहिचान, श्रोतसाधनको अध्यावधिकरण र मार्गचित्र स्पष्ट हुनु आवश्यक पर्दछ। यिनै विषयलाई समेटेर पार्श्वचित्र निर्माण र सो मा भएका सूचनालाई आधार वनाई कार्यान्वयन पक्ष्य वलियो बनाईनेछ। स्वास्थ्य सेवा स्तरीय वनाउन सरोकारवालाहरुलाई जिम्मेवारी बाँडफाँड र काम भए नभएको परिमार्गन गरी सेवा नतिजामुलक भएको ठहर गरिने कार्यक्रमको रुपमा लिइन्छ।<br><br>यो कार्यक्रमबाट एउटा खाका तयार हुन्छ जसलाई अवलम्बन गरेर कोशी प्रदेशका लागि एक बलियो स्वास्थ्य सेवा ट्र्याकिङ प्रोफाइल सिर्जना गर्न सकिनेछ, जसले स्वास्थ्य सेवा वितरण र जनसंख्या स्वास्थ्य व्यवस्थापनमा ठुलो योगदान पुऱ्याउँनेछ। |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा वृद्धि गर्ने, स्वास्थ्य समस्याको ट्रेन्ड मुल्याङ्कन गर्ने र स्वास्थ्यको सेवा तथा नतिजामा सुधार गर्ने। |
| अपेक्षित उपलव्धी | पार्श्वचित्र निर्माण तथा कार्यन्वयनमा स्वास्थ्य सेवाको परिमार्गनले सबैले स्वास्थ्य सेवा पाएको सुनिश्चितता हुनेछ। |

<table>
<tr>
<td>सञ्चालन प्रक्रिया</td>
<td>
यो बजेट तथा क्रियाकलापबाट यस प्रदेशभित्रका कम्तीमा एउटा स्थानीय तह छनौट गरि सञ्चालन तथा अध्ययन गर्नुपर्नेछ।
स्थानिय तह छनौट गर्दा समग्र स्वास्थ्यका सुचकहरु तुलनात्मक रुपमा अन्य जिल्लाहरुको भन्दा राम्रो भएको जिल्लाको स्थानिय तह हुनुपर्नेछ।
यो क्रियाकलापबाट सम्पुर्ण स्वास्थ्यको ट्रेन्डको अध्ययन तथा मूल्याङ्कनका लागि प्रस्तावना तयार गर्नुपर्नेछ। जसको लागि देहाय बमोजिमको खाका प्रयोग गर्न सकिनेछ।
<u>ट्र्याक गर्न डाटा पोइन्टहरू</u>
जनसांख्यिकीय जानकारी:<br>नाम, उमेर, लिङ्ग, जाति, ठेगाना।
<u>स्वास्थ्य मेट्रिक्स:</u>
<ul>
<li>महत्त्वपूर्ण संकेतहरू (रक्तचाप, हृदय गति)।</li>
<li>तौल, उचाई, BMI।</li>
<li>रोग व्याप्तता (जस्तै, मधुमेह, उच्च रक्तचाप)।</li>
</ul>
स्वास्थ्य व्यवहार:
<ul>
<li>धुम्रपान, मदिरा सेवन, शारीरिक क्रियाकलाप।</li>
<li>आहार ढाँचा (पोषण सेवन)।</li>
</ul>
स्वास्थ्य सेवाको उपयोगिता:
<ul>
<li>स्वास्थ्य सेवा केन्द्रहरूको भ्रमण, उपभोग गरिएका स्वास्थ्य सेवाहरूको प्रकार।</li>
<li>औषधि प्रेस्क्रिपसन तथा उपभोगको शैली तथा तरिकाको इतिहास।</li>
</ul>
<u>प्रोफाइलको लागि ढाँचा तयार गर्ने।</u>
<ul>
<li>Digital Platform: Develop a secure, cloud-based electronic health record (EHR) system. (एक सुरक्षित, क्लाउड-आधारित इलेक्ट्रोनिक स्वास्थ्य रेकर्ड (EHR) प्रणाली विकास गर्नुपर्नेछ।)</li>
<li>Templates: Customize templates to capture specific data points relevant to Koshi Province (कोशी प्रान्तसँग सान्दर्भिक विशिष्ट डेटा बिन्दुहरू क्याप्चर गर्न टेम्प्लेटहरू निर्माण गर्नुपर्नेछ।)</li>
</ul>
</td>
</tr>
</table>

| | |
|---|---|
| | • Localization: Ensure the system supports Nepali language and cultural nuances. (ढाँचाले नेपाली भाषा र सांस्कृतिक मुल्यमान्यताहरूलाई समर्थन गरेको सुनिश्चित गर्नुपर्नेछ।) <br><br> गोपनीयता र सुरक्षा सुनिश्चित गर्नुपर्नेछ। <br><br> • Compliance: Adhere to Nepal's health data privacy laws and regulations. (नेपालको स्वास्थ्य तथ्या गोपनीयता कानून र नियमहरूको पालना गर्नुपर्नेछ।) <br> • Data Encryption: Implement strong encryption protocols for data security. ( डाटा सुरक्षाको लागि बलियो ईन्क्रिप्शन प्रोटोकलहरू लागू गर्नुपर्नेछ।) <br> • Access Controls: Define roles and permissions for different stakeholders (healthcare providers, administrators). (विभिन्न सरोकारवालाहरू स्वास्थ्य सेवा प्रदायकहरू, प्रशासकहरू) को भूमिका र अनुमतिहरू परिभाषा गर्नुपर्नेछ।) <br><br> कार्यान्वयन चरणहरू <br><br> आवश्यकता मूल्याङ्कनः स्थानीय स्वास्थ्य अधिकारीहरू र समुदायहरूसँगको सहकार्यमा व्यापक आवश्यकता मूल्याङ्कन सञ्चालन गर्नुपर्नेछ। <br><br> पूर्वाधार सेटअपः <br><br> • IT पूर्वाधार (सर्भर, नेटवर्किङ) स्थापना गर्ने वा हाल भइरहेको सरकारी स्वास्थ्य सूचना प्रणालीहरू प्रयोग गर्न सकिनेछ। <br> • स्वास्थ्य सेवामा इन्टरनेट जडान सुनिश्चित गर्नुपर्नेछ। <br><br> तालिम र क्षमता निर्माण <br><br> • हेल्थकेयर प्रदायकहरू: EHR प्रयोग, डाटा प्रविष्टि, र गोपनीयता मा प्रशिक्षण प्रदान गर्नुपर्नेछ। <br> • सामुदायिक स्वास्थ्य कार्यकर्ताहरू: मोबाइल उपकरणहरू प्रयोग गरेर डेटा सङ्कलन र आधारभूत स्वास्थ्य ट्र्याकिङमा तालिम सञ्चालन गर्नुपर्नेछ। <br><br> एकीकरण र अन्तरक्रियाशीलता (Integration and Interoperability) <br><br> • Health Devices: Integrate with devices like glucometers, blood pressure monitors for seamless data capture. (सिमलेस डाटा क्याप्चरको लागि ग्लुकोमिटरहरू, रक्तचाप मनिटरहरू जस्ता उपकरणहरूसँग एकीकृत गर्नुपर्नेछ।) <br> • Health Information Exchange: Enable interoperability with neighbouring provinces and national health systems for continuity of care. (हेरचाहको निरन्तरताको लागि छिमेकी प्रदेश तथा राष्ट्रिय स्वास्थ्य प्रणालीहरूसँग अन्तरक्रियाशीलतालाई बलियो तथा सक्षम बनाउनुपर्नेछ।) |

| | |
|---|---|
| | अनुगमन र मूल्याङ्कन<br><br>• Regular Review: Monitor data quality and completeness regularly. (नियमित रूपमा डाटा गुणस्तर र पूर्णता निगरानी गर्नुपर्नेछ।)<br>• Evaluation: Assess impact on healthcare delivery and health outcomes periodically. (आवधिक रूपमा स्वास्थ्य सेवा वितरण र स्वास्थ्य परिणामहरूमा प्रभाव मूल्याङ्कन गर्नुपर्नेछ।)<br><br>सामुदायिक संलग्नता<br><br>• Awareness Programs: Conduct community awareness programs on the benefits of health data tracking. (स्वास्थ्य डेटा ट्र्याकिङका फाइदाहरूमा सामुदायिक सचेतना कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।)<br>• Feedback Mechanism: Establish feedback channels to incorporate community input into system improvements. (प्रणाली सुधारहरूमा समुदाय इनपुट समावेश गर्न प्रतिक्रिया च्यानलहरू स्थापना गर्नुपर्नेछ।)<br><br>स्केलिंग र दिगोपना (Scaling and Sustainability)<br><br>• Scalability Plan: Design the system to accommodate future growth and increased data volume. (भविष्यको वृद्धि र बढेको डेटा भोल्युम समायोजन गर्न प्रणाली डिजाइन गर्नुपर्नेछ।)<br>• Financial Sustainability: Explore funding mechanisms (government grants, partnerships) for long-term maintenance and updates. (दीर्घकालीन मर्मत र अद्यावधिकहरूको लागि कोष संयन्त्र (सरकारी अनुदान, साझेदारी) अन्वेषण गर्नुपर्नेछ।)<br><br>जोखिम व्यवस्थापन( Risk Management)<br><br>• Contingency Plans: Develop contingency plans for data breaches, system downtime, and other potential risks. (डाटा उल्लंघन, प्रणाली डाउनटाइम, र अन्य सम्भावित जोखिमहरूको लागि आकस्मिक योजनाहरू विकास गर्नसकिनेछ।<br>• Disaster Preparedness: Ensure data backup and recovery protocols are in place. (डाटा ब्याकअप र रिकभरी प्रोटोकलहरू ठाँउ- ठाउँमा छन् भन्ने सुनिश्चित गर्नुपर्नेछ।)<br><br>कानूनी र नैतिक विचारहरू (Legal and Ethical Considerations)<br><br>• Informed Consent: Ensure patients' informed consent for data collection and use. (डेटा सङ्कलन र प्रयोगको लागि विरामीहरूको सूचित सहमति सुनिश्चित गर्ने।) |

| | |
|---|---|
| | • Ethical Guidelines: Adhere to ethical principles in data handling and research activities. (डाटा ह्यान्डलिंग र अनुसन्धान गतिविधिहरूमा नैतिक सिद्धान्तहरूको पालना गर्नुपर्छ।)<br><br>शासन र नेतृत्व (Governance and Leadership)<br><br>• Steering Committee: Form a governance committee involving key stakeholders to oversee implementation and policy decisions. (कार्यान्वयन र नीतिगत निर्णयहरूको निरीक्षण गर्न मुख्य सरोकारवालाहरू सम्मिलित शासन समिति गठन गर्नुपर्नेछ।)<br>• Leadership: Appoint a project manager or coordinator responsible for day-to-day operations and stakeholder engagement. (दैनिक कार्यहरू र सरोकारवालाहरूको संलग्नताको लागि जिम्मेवार परियोजना प्रबन्धक वा संयोजक नियुक्त गर्नुपर्नेछ।)<br><br>सहयोग र साझेदारी (Collaboration and Partnerships)<br><br>• Public-Private Partnerships: Collaborate with private sector entities for technical expertise and resource mobilization. (प्राविधिक विशेषज्ञता र स्रोत परिचालनका लागि निजी क्षेत्रका संस्थाहरूसँग सहकार्य गर्न सकिनेछ।)<br>• NGO Engagement: Partner with NGOs for community outreach and support. (सामुदायिक पहुँच र समर्थनको लागि एनजीओहरूसँग साझेदार गर्नुपर्नेछ।)<br><br>कागजात र रिपोर्टिङ (Documentation and Reporting)<br><br>• Documentation: Maintain comprehensive documentation of processes, protocols, and system updates. (प्रक्रियाहरू, प्रोटोकलहरू, र प्रणाली अद्यावधिकहरूको सम्पुर्ण कागजातहरू राख्नुपर्नेछ।)<br>• Reporting: Generate periodic reports for stakeholders (e.g., government agencies, donors) on system performance and health outcomes. (प्रणाली प्रदर्शन र स्वास्थ्य परिणामहरूमा सरोकारवालाहरू (जस्तै, सरकारी निकायहरू, दाताहरू) को लागि आवधिक रिपोर्टहरू जेनेरेट गर्नुपर्नेछ।) |
| प्रतिवेदन प्रणाली | • काम सम्पन्न पश्चात स्वास्थ्य मन्त्रालय कोशी प्रदेशमा अध्ययन प्रतिवेदन पेश गर्नुपर्नेछ।<br>• प्रतिवेदन स्वास्थ्य निर्देशनालयको वेवसाइटमा समेत राख्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय धनकुटा। |

### ५०. शल्यक्रियाद्वारा हुने प्रसुति दर न्यूनीकरणका IEC Materials निर्माण, छपाई तथा वितरण (खर्च शिर्षक नं: २२३१५, क्रियाकलाप कोड: २.४.१२.१०)

| शिर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| परिचय | हाल कोशी प्रदेशमा शल्क्रियाद्वारा सुत्केरी गराउनेको र गर्ने संख्या अधिक र अस्वाभाविक देखिएको हुदा सो बारे सरोकारवाला हरुमा सामान्य सुत्केरी, सुत्केरीको जटिलता र शल्यक्रिया गर्नु/ गराउनु पर्ने अवस्थाको बारेमा जानकारी गराई मापदण्ड अनुसार सामान्य/ प्राकृतिक सुत्केरी गराउन प्रोत्शाहनको लागि जानकारी गराई शल्यक्रिया बाट सुत्केरी गराउने संख्या न्युनीकरणको लागि जानकारीमुलक सामाग्री छपाई र वितरणको लागि यो क्रियाकलाप व्यवस्था गरिएको हो । |
| उद्देश्य | सामान्य र शल्यक्रियाद्वारा सुत्केरी गराउने अवस्था (फाइदा र बेफाइदा) हरुको बारेमा सरोकारवालाहरू लाई जानकारी गराई शल्यक्रियाबाट हुने प्रसुतीदर न्युनीकरण गर्न। |
| अपेक्षित उपलव्धी | सामान्य तथा शल्यक्रिया बाट सुत्केरी गराउदा हुने फाइदा,बेफाइदा तथा जटिलताबारे सेवा प्रदायक र सेवाग्राहीलाई जानकारी भई सुत्केरी गराउने मापदण्डको अनुशरण र शल्यक्रियाबाट हुने सुत्केरी दरमा कमी आउनेछ। |
| सञ्चालन प्रक्रिया | **<u>यो अति सम्वेदनशील बिषय र अवस्था भएकोले सामाग्रीहरु तयारी तथा बितरण गर्दा निम्नानुसार गर्नुपर्नेछः</u>**<br>• सूचना राष्ट्रिय निर्देशिकाहरु, मार्गदर्शन तथा कार्यविधिबाट सुरक्षित मातृत्त्व विशेष गरी सुत्केरी गराउने मापदण्ड (सामान्य, जटिल तथा शल्यक्रिया), साथै रोवसन क्लासिफिकेशन आधार मानी साथै गर्भवती सेवा/सुत्केरी सेवा प्रदायक, बिशेषज्ञ र सूचना संचार बिज्ञहरु समेतको सहयोग लिई तयार गर्नुपर्नेछ।<br>• सूचनाहरू आमा र नवशिशुको स्वास्थ्यमा पार्ने प्रभावको बारेमा केन्द्रित हुने गरी तयार गर्नुपर्नेछ।<br>• सूचनामुलक सामाग्री बिशेष गरी गर्भवती सेवा लिन आउने संस्था/ स्थान ( MCH Clinic, स्वास्थ्य संस्था) र सुत्केरी गराउने संस्थाहरुमा प्रदर्शन गर्ने र आमा हरुलाई जानकारी हुने/गराउने प्रकारको हुनुपर्नेछ।<br>• तयार भएको सूचनालाई सकेसम्म धेरै समय स्वास्थ्य संस्थामा राख्न मिल्ने गरी राम्रो सामाग्री प्रयोग गरी कम्तीमा ३X५ फिटको फ्लेक्स तलमाथि मेटलको डन्डी लगाई झुण्डयाउन मिल्ने गरी प्रदेश भरीका सबै स्वास्थ्य संस्थामा एउटा- एउटा पुग्ने गरी छपाई गर्नुपर्नेछ।<br>• छपाई पश्चात प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगरसँग समन्वय गरी खोप ढुवानीसँगै वितरण गरी समबन्धीत स्वास्थ्य संस्थामा पुगी प्रयोग भएको सुनिश्चित गर्नुपर्नेछ।<br>• यी सामाग्रीहरु बिशेष गरी धेरै गर्भवती परीक्षण हुने, सुत्केरी हुने स्थान सबै अस्पताल (निजी समेत), MCH Clinic हरु र बर्थिंग सेन्टर हरुमा उपलब्ध गराई सोको उपयोगिताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • छपाईका लागि तयार गरिएको सूचना सामाग्री सकेसम्म धेरै नागरिकले पढ्न र देख्न र सुन्न पाउने माध्यम (डिजिटल प्रबिधिको माध्यम जस्तैः वेबसाइट, आधिकारिक फेसबुक पेज, यु-ट्युब च्यानल आदि) प्रयोग गरी जानकारी गराउनु पर्नेछ। |

| | |
|---|---|
| | • यो कार्य सम्पन्न गरी विस्तृत विवरण सहित प्रतिवेदन तयार गरेर स्वास्थ्य मन्त्रालयमा पेश गर्नु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

### ५१. खोप, कोल्डचेनको फारम, बाल स्वास्थ्य कार्ड, नया खोप तालिका (नियमित/Delay), विभिन्न सर्वेक्षण फारम/रजिस्टर आदि जिल्ला र पालिकाको लागि छपाई र वितरण (खर्च शिर्षक नं. २२३१५, क्रियाकलाप कोड: २.४.१२.९)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | नियमित खोप कार्यक्रमको सुदृढीकरणको लागि खोप तालिका, आवश्यक कार्ड, फर्म फर्मेट हरुको व्यवस्थापन र पूर्णखोप सुनिश्चितता दिगोपनाको लागि घर धुरी सर्वेक्षण गर्दा सहज र एकरुपताको लागि आवश्य फर्म रजिस्टर छपाई र वितरणको लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | खोप कार्यक्रमको अभिलेख प्रतिवेदन चुस्त दुरुस्त बनाई कार्यक्रमको विश्लेषण र सुधार गर्ने। |
| अपेक्षित उपलव्धी | कार्यक्रमको लागि आवश्यक फर्म, फर्मेट, रजिस्टारको उपलब्धता बाट सेवा निरन्तर गर्न र अभिलेख प्रतिवेदनमा एकरुपता समेत हुनेछ। |
| सञ्चालन प्रक्रिया | • छपाई गर्नुपर्ने सामग्रीको आबश्यकता तथा संख्या निर्धारण गरी डिजाईन तथा स्पेशिफिकेसन तयार गर्ने।<br>• फर्म फर्मेटको तयारी गर्दा स्वास्थ्य निर्देशनालयका अन्य प्राविधिक हरुको समेत पृष्ठपोषण लिने।<br>• प्रदेश तहको समीक्षामा आबश्यकता बारे छलफल र फारम, रजिस्टरहरुको नमुना प्रस्तुत गरी प्रयोग र वितरणको बारेमा जानकारी गर्ने।<br>• पूर्णखोप सुनिश्चितताको घर धुरी सर्वेक्षणको लागि निर्देशिकाको अनुसूचिमा थप सुधार गरी फर्म/रजिस्टर तयार गरी वडा तह सम्म उपलब्ध गराउने<br>• यो संगै अन्य कार्यक्रम- ५ वर्ष मुनिको बच्चाको पोषण अनुगमन (पाखुराको नाप) गर्ने फारम समेत समावेश गर्न सकिने छ।<br>• फर्म फरमेट छपाई पश्चात सम्बन्धित स्वास्थ्य संस्थामा ढुवानी गरी प्रयोग गरेको सुनिश्चितता गर्नुपर्नेछ।<br>• यो कार्य पहिलो त्रैमासिकमा नै सम्पन्न गर्नु पर्नेछ । |
| प्रतिवेदन प्रणाली | यो कार्य सम्पन्न गरे पश्चात छपाई गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

### ५२. विद्यालय नर्स कार्यक्रम संयोजकको तलव/ विद्यालय नर्सिङ्ग कार्यक्रमको संयोजकद्वारा अनुगमन (खर्च शिर्षक: २२४१९/२२६११, क्रियाकलाप कोड: २.५.१०.३०/२.८.१.२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | विद्यालय नर्सहरुसँग समन्वयकारी भुमिका निर्वाह गरी विद्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पुर्याई बालबालिका तथा किशोर किशोरीको समग्र स्वास्थ्य, सरसफाई, मानसिक स्वास्थ्य, पोषण प्रवर्द्धन, यौन तथा प्रजनन् स्वास्थ्य, सामुदायिक स्वास्थ्य अवस्थामा सुधार गरी विद्यार्थी तथा समुदायको जीवनशैलीमा सकरात्मक परिवर्तनका लागि उत्प्रेरित गर्ने। |
| अपेक्षित उपलव्धी | विद्यालय तहमा बालबालिका तथा किशोर किशोरीहरूको समग्र स्वास्थ्य, सरसफाई र पोषण अवस्थामा सकारात्मक परिवर्तनका लागि विद्यालय नर्सहरुलाई तयार तथा मार्गदर्शन प्रदाब हुनेछ। |
| सञ्चालन प्रक्रिया | **सेवा करार निरन्तरता तलब**<br><br>विनियोजित बजेटको परिधि भित्र रही गत आ.व.मा प्रदेश स्वास्थ्य निर्देशनालयबाट करार नियुक्ती भएका विद्यालय नर्स संयोजकलाई करार सम्झौता अनुसार तोकिएको अवधिको तलव भत्ता प्रदान गर्नुपर्नेछ।<br><br>• सो कार्यविधि अनुसार यस अघि (आ.व. २०८०/०८१) नै सेवा करारमा नियुक्ति भई कार्य सन्तोषजनक भएमा स्वास्थ्य निर्देशनालयले सेवा करार निरन्तरता गर्न सक्नेछ।<br>• सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व.मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थप भएका समेत विद्यालय नर्स संयोजकलाई स्वास्थ्य निर्देशनालयले यसै शिर्षक बाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भएका कर्मचारीलाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन।.<br><br>**विद्यालय नर्सिङ्ग कार्यक्रमको संयोजकद्वारा अनुगमन**<br><br>• स्वास्थ्य निर्देशनालयले कार्यक्रम संयोजकको संलग्नतामा कार्ययोजना बनाई प्रदेशभर कार्यक्रम लागू भएका विद्यालयहरुको स्थलगत अनुगमन गरी कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सहजीकरण गर्नुपर्नेछ। अनुगमन गर्न जादा एउटा विद्यालयमा कार्यक्रम संयोजक सहित बढीमा २ जनामात्र खटिनुपर्नेछ। |

| | |
|---|---|
| | • स्थलगत अनुगमनमा जाँदा अनिवार्य रुपमा कार्यक्रम संयोजकले जानु अगाडी नै विद्यालयसँग समन्वय गरी विद्यालय व्यवस्थापनसँग बैठक बसी यस कार्यक्रमको उद्देश्य तथा महत्त्वबारे जानकारी गराई विद्यालय नर्सलाइ काम गर्ने वातावरण सिर्जना गर्ने।<br>• अनुगमनका क्रममा देखा परेका चुनौति, समाधानका उपायहरु, कार्यक्रमको सवल पक्षसहित यथार्थ अवस्थाबारे विस्तृत छलफल विद्यालय व्यवस्थापनसँग बैठकमा गर्ने।<br>• अनुगमन टोलीले समय-समयमा विद्यालयहरु बिच समन्वय गर्ने, स्वास्थ्य कार्यालय र स्थानीय तहहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने वातावरणको सिर्जना गर्न सहजीकरण गर्नुपर्नेछ।<br>• विद्यालय नर्सलाई स्थानीय तहबाट सञ्चालन गर्ने सम्बन्धित तालिममा सहभागी गराउन समन्वय गर्ने।<br>स्वास्थ्य निर्देशनालयले स्वास्थ्य कार्यालयसँग समन्वय गरी आपतकालीन अवस्थामा सम्बन्धित विद्यालय र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी विद्यालय नर्सलाई खटाउन सक्नेछ। कार्यक्रमसँग सम्बन्धित अन्य क्रियाकलापहरु "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम संचालन कार्यविधि " बमोजिम गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | अनुगमनको विस्तृत प्रतिवेदन तयार तथा प्रमाणित गरी सो को १ प्रति सम्बन्धित विद्यालयलाई, १ प्रति सम्बन्धित स्थानीय तहलाई, १ प्रति सम्बन्धित स्वास्थ्य कार्यालयलाई र १ प्रति सम्बन्धित स्वास्थ्य मन्त्रालयलाई पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

## ५३. आई.टि. ईन्जिनियर करार (खर्च शिर्षक: २२४१९, क्रियाकलाप कोड: २.५.१०.३९)

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि/परिचय | स्वास्थ्य निर्देशनालयको आई.टि./प्राविधिक उपकरण सामाग्रीको संचालन तथा आई.टि. सम्बन्धी अन्य कर्मचारीहरू लाइ सहयोग गरी सेवा बिस्तार र सन्चाल को लागि स्वीकृत संरचना र दरबन्दी अनुसार रिक्त भई रहेको पद पूर्ति गरी उक्त कार्यमा सहजता र प्रभावकारिता ल्याउन यो क्रियाकलापको व्यवस्था गरिएको हो । |
| उद्देश्य | स्वीकृत दरबन्दी संरचना अनुसार रिक्त रहेको वा सूचना प्रबिधिलाई थप प्रभावकारी बनाउन आई.टि. ईन्जिनियर करार गरी निर्देशनालयमा भएको सूचना प्रबिधिको क्रियाकलापहरु संचालनमा सहजता र प्रभावकारी बनाउने । |
| अपेक्षित उपलव्धी | प्रदेश स्वास्थ्य निर्देशनालयको सूचना प्रविधिको संचालन, सुधार भई क्रियाकलापहरुको संचालन, कार्यन्वयनमा प्राविधिक एवं व्यबस्थापकीय सुधार हुनको साथै प्रगति गर्न सहज हुनेछ। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रचलित कर्मचारी करार कार्यविधि बमोजिम प्रदेश स्वास्थ्य निर्देशनालयले आई.टि. ईन्जिनियरलाई प्रदेश सरकारको सातौ तह बराबरको सेवा सुविधा तथा कार्य जिम्मेवारी समेत तोकी करार नियुक्ति तथा सम्झौता गर्नुपर्नेछ।<br>• सेवा करार निरन्तरता भएका आई.टि. ईन्जिनियरलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • सो कार्यविधि अनुसार यस अघि नै सेवा करारमा नियुक्ति भई कार्य सन्तोषजनक भएको पाइएमा सम्बन्धित निकायले सेवा करार निरन्तरता गर्न सक्नेछ।<br>• सेवा करार निरन्तरता भएका आई.टि. ईन्जिनियरलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व.मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थप भएका समेत सम्बन्धित कार्यालयले यसै शिर्षक बाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ ।<br>• करार सेवामा नियुक्ति भएका आई.टि ईन्जिनियर्हरूको कार्य विवरण सहित करार सम्झौता गरी कार्य गराउने जिम्मेवारी नियुक्ति गर्ने निकायको हुनेछ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |
| प्रतिवेदन प्रणाली | करार प्रक्रिया सम्पन्न गरेपश्चात सो को जानकारी नियुक्ति गरी काममा परिचालन गर्ने निकाय (निर्देशनालय) ले स्वास्थ्य मन्त्रालयमा नियुक्ति भएको कर्मचारीको विवरण सहित जानकारी गराउनु पर्नेछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

## *५४. डी.आर.TB व्यवस्थापन तालिम (खर्च शिर्षक: २२५१२, क्रियाकलाप कोड: २.६.४.१३)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय | विश्व स्वास्थ्य संगठनद्वारा सिफारिस गरिएको रोग पहिचान र उपचार बिधि DOTS को सफलताको लागि औषधि प्रतिरोधात्मक क्षयरोग प्रमूख खतराको रुपमा रहेको छ। औषधि प्रतिरोधी क्षयरोगको उत्पति क्षयरोग आशंकित विरामीहरुमा अनुचित रुपमा औषधिको प्रयोगबाट हुन्छ। नया नियुक्त भई आएका र डि अर सेन्टर र सव सेन्टरमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई डि अर क्षयरोग सम्बन्धित ज्ञान सीप. र क्षमता अनभवृद्धि गरी डि अर क्षयरोगको उचित निदान तथा उपचार व्यवस्थापनका लागि यो तालिम राखिएको हो । |
| उद्देश्य | डि आर क्षयरोगको निदान तथा उपचार व्यवस्थापनमा स्वास्थ्यकर्मीहरूको ज्ञान सीप र क्षमता अभिवृद्धि गर्ने। |
| अपेक्षित उपलव्धी | डि आर क्षयरोगको निदान तथा उपचार व्यवस्थापनमा स्वास्थ्यकर्मीहरूको ज्ञान सीप र क्षमता अभिवृद्धि भई क्षयरोग अन्त्यको लागि सहजता हुनेछ । |
| सञ्चालन प्रक्रिया | • प्रदेश अन्तरगतका डि आर केन्द्र र उप केन्द्रहरूमा कार्यरत तालिम नपाएका स्वास्थ्य कर्मीहरू २० देखि २५ जना सहभागीहरू छनैट गरी तालिम सञ्चालन गर्ने।<br>• तालिम अवधी ५ दिनको हुनेछ। |

| | |
|---|---|
| | • तालिमको कार्य योजना १५ दिन अगावै बनाई सहभागी संस्था र स्वास्थ्य कर्मीलाइ जानकारी गराउने।<br>• तालिम सञ्चालनका लागि सहजीरणका लागि राष्ट्रिय क्षयरोग केन्द्र संग समन्वय गरी सहजकर्ताहरू व्यवस्थापन गर्ने।<br>• आवश्यक तालिम पुस्तिका राष्ट्रिय क्षयरोग केन्द्रवाटै आपूर्ति गर्ने र अन्य शैक्षिक सामाग्री तयार गरी तालिम सञ्चाल गर्ने।<br>• तालिमको शुरू र अन्त्यमा पूर्व परीक्षा तथा उत्तर परीक्षा को व्यवस्थापन गरी तालिमको प्रभावकारीताको मूल्याङकन गर्ने। |
| प्रतिवेदन प्रणाली | तालिम सम्पन्न पश्चात विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय ,धनकुटा। |

## ५५. समुदाय केन्द्रित Health Literacy कार्यक्रम (खर्च शिर्षक: २२५2२, क्रियाकलाप कोड:२.7.22.१३13)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्य सेवालाई जनमुखी बनाउन र समसामायिक जनस्वास्थ्यका साधारण विषयहरुमा जनसमुदायलाई साक्षर बनाउन सामुदाय केन्द्रित Health Literacy कार्यक्रम गर्ने समुदायमा केन्द्रित health literacy कार्यक्रम गर्ने। |
| अपेक्षित उपलव्धी | समुदायमा प्राथमिकतामा परेका र समसामायिक जनस्वास्थ्यका विषयहरुमा नियमित र आपतकालीन महामारीको समयमा सो सम्बन्धी समेत जनसाक्षरता बढाउने किसिमका कार्यक्रमहरु गरिनेछन् जसले स्वास्थ्य नीति अन्तर्गतको प्रवर्धनात्मक तथा निवारक स्वास्थ्य सेवामा टेवा पुग्नेछ। |
| सञ्चालन प्रक्रिया | • सर्वप्रथम प्रदेशको प्राथमिकतामा परेका जनस्वास्थ्यका चासोका विषयहरु साथै समसामायिक जनस्वास्थ्य समस्याहरु (जस्तै नसर्ने रोग, मानसिक समस्या,महामारी रोग,डिजास्टर आदी) को क्षेत्र निर्धारण गरी बुँदागत रुपमा लिस्ट तयार गर्नुपर्नेछ।<br>• छनौट गरिएका सम्बन्धित क्षेत्र को स्वास्थ्य सन्देशको विषयवस्तु वा सामाग्री (कार्टुन, भिडियो,फोटो,पोष्टर) बजेट कार्यन्वयन गर्ने निकायले तयार पारी सम्बन्धित विषय विज्ञसंग अनिवार्य स्वीकृत गर्नुपर्नेछ।<br>• स्वीकृत विषयवस्तुलाई व्यापक रुपमा जनसमुदायमा प्रवाह हुने गरी विभिन्न (FM, Television लगायतका संचार माध्यम,सामजिक संजाल आदि मार्फत जनचेतना फैलाउन सम्बन्धित निकायहरुसँग समन्वय गरी कार्यन्वयन गर्नुपर्नेछ। स्वास्थ्य सम्बन्धी सन्देश सामाग्री तयार गर्दा स्थानीय समुदायको भाषा, सम्प्रदाय, वर्ग, मूल्य, मान्यता तथा सँस्कृति मैत्री हुनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यन्वयन गर्ने निकायले कार्य सम्पादन पश्चात सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

### ५६. विद्यालय नर्स कार्यक्रमसँग समेत एकीकृत गरी स्थानीय तहहरुको समेत समन्वय र साझेदारीमा विद्यालय स्तरमा मुख स्वास्थ्य (Oral Health) समस्याको पहिचान तथा उपचार (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३१५)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश सरकारको समेत नीति कार्यक्रममा उच्च प्राथमिकताको मुख स्वास्थ्य, refractory error को पहिचान र व्यवस्थापनको लागि विद्यालय स्तरमा जनस्वास्थ्य का कार्यक्रमहरु संचालन शुरुवात गर्ने हेतुले यो क्रियाकलापको व्यवस्था गरिएको छ । |
| उद्देश्य | बालबालिकाको मुख / दन्त तथा आँखा सम्बन्धी समस्याको स्क्रीनिंग, सामान्य उपचार, प्रेषण र स्वास्थ्य शिक्षाको माध्यम बाट बानि व्यवहार सुधार गर्ने । |
| अपेक्षित उपलव्धी | • बालबालिकामा हुने दन्त समस्या र दाँत मुखको समस्याको हेरचाह बारे विद्यार्थीको बानी व्यवहार परिवर्तन भई दन्त समस्या न्यूनीकरण हुनेछ ।<br>• बिद्यार्थी मार्फत समुदाय, परिवारमा समेत मुख स्वास्थ्य हेरचाहको सुचाना पुगी व्यवहार परिवर्तनमा सहयोग हुनेछ । |
| सञ्चालन प्रक्रिया | • यो बजेटको परिधिमा रही अधिकतम सेवा प्रवाह गर्न जिल्ला तहको / प्रदेश तहको समीक्षाहरुमा फोकलपर्सन सहभागी भई यो कार्यक्रमको बारेमा जानकारी गराउने<br>• उक्त कार्यक्रममा नै विद्यालय नर्स भएका पालिकाहरुमा कार्यक्रम संचालनको लागि पालिका विद्यालय छनौट गर्ने यसरि छनौट गर्दा सके सम्म हिमाल पहाड र तराई सबै क्षेत्र समेटिने गरी कार्यक्रम संचालन गर्ने ।<br>• पालिका छनौट गर्दा स्थानीय तह बाट बालबालिकाहरूलाई टूथब्रस, पेष्ट उपलब्ध गराउन व्यवस्था गर्ने पालिका छनौट गर्ने ।<br>• कार्यक्रम संचालन पूर्व सम्बन्धित जिल्ला/ पालिकामा समन्वय गरी मिति निर्धारण गरेर कार्यक्रम संचालन गर्ने<br>• विद्यालय नर्स समीक्षा सँगै देखाइ सम्बन्धी समस्या (Refraction Error) तथा दन्तरोग (Dental Caries) पहिचान तथा व्यवस्थापन तथा अभिमुखीकरणमा सबै जिल्लामा अनिवार्य रुपमा यसै बजेटबाट विद्यालय नर्स संयोजक र कम्युनिटि डेन्टिष्ट सहजीकरणका लागि खटाउनुपर्नेछ।<br>• यो कार्यक्रम संगै यदि जिल्लामा आँखा सम्बन्धी सेवा दिने संस्था भएमा आँखा जाँच र परामर्श. प्रेषणको समेत एकीकृत रुपमा सेवा संचालन गर्ने । यो कार्यको लागि स्वास्थ्य कार्यालयहरुमा अग्रिम समन्वय गरी निश्चित गर्ने।<br>• कार्यक्रम संचालन गरिने जिल्लामा जादा समन्वय भए अनुसार आँखा अस्पताल/ संस्थाहरु संग बैठक/समन्वय गरी कार्यक्रम संचालन प्रक्रिया र योजना गरी सम्बन्धित पालिका/ विद्यालय /विद्यालय नर्स लाई जानकारी गराउने।<br>• यो कार्यक्रममा पालिका स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाबाट स्वास्थ्यकर्मी र विद्यालय नर्स लाई समेत सहभागी गराउने।<br><br>उक्त कार्यक्रममा विद्यालय स्तरमा गरिने क्रियाकलापहरु : |

<table>
<tr>
<td></td>
<td>
<ul><li>कक्षागत/ सामुहिक स्वास्थ्य शिक्षा</li></ul>
- मुख, दाँतमा हुन सक्ने समस्या र यसबाट हुने असर<br>
- आखाको समस्याहरु र यस बाट हुने असर<br>
- मुख स्वास्थ्य र दाँत हेरचाहको महत्व र प्रक्रिया<br>
- दांत ब्रस गर्ने तरिकाको प्रदर्शन
<ul><li>कक्षागत विद्यार्थीको मुख आँखाको परीक्षण, सामान्य उपचार र आवश्यकता भए प्रेषण</li>
<li>स्वास्थ्य परीक्षणको निम्नानुसार अभिलेख राख्ने</li></ul>
विद्यालयको नाम :                    ठेगाना :.............
<table>
<tr><th>सि.नं</th><th>नाम</th><th>उमेर / महिला/पुरुष</th><th>अवस्था / पहिचान भएको रोग</th><th>उपचार / व्यवस्थापन</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
<ul><li>परीक्षण पश्चातः</li></ul>
- परिणामको संक्षेप प्रतिवेदन – मुख्य समस्यहरू, प्रेषण गरिएको विद्यार्थीको विवरण आदि प्रस्तुत गर्ने<br>
- विद्यालय शिक्षक र विद्यालय नर्स संग बसी पहिचान भएको अवस्था बारे जानकारी गराउने<br>
- विद्यालय नर्स ले निरन्तर (मासिक) अनुगमन र थप स्वास्थ्य शिक्षा दिन जानकारी गराउने<br>
- प्रेषण भएको बालबालिकाको अनुगमन र उपचार गराएको यकिन गर्न जानकारी गराउने
</td>
</tr>
<tr>
<td>प्रतिवेदन प्रणाली</td>
<td>यो कार्य सम्पन्न गरे पछि अभिलेख बाट विश्लेषण गरी प्रतिवेदन तयार गर्ने – जम्मा संख्या, समस्याहरुको विवरण (उमेर, लिङ्ग र जात जाति अनुसार)/ वर्गीकरण गरी , गरिएका प्रयास</td>
</tr>
</table>

| | |
|---|---|
| | र भविष्यमा संचालन गर्नु पर्ने क्रियाकलापको सुजाव सहित प्रतिवेदन पेश गर्ने साथै स्वास्थ्य मन्त्रालयमा समेत पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय। |

### ५७. महामारी रोग रोकथाम, नियन्त्रण, तथा विपद व्यवस्थापन, ए.ई.एफ.आई व्यवस्थापन र जनशक्ति परिचालन (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३१७)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | खोप बाट बचाउन सकिने रोगहरूको महामारी, अन्य सरुवा तथा संक्रामक कालाजार, मलेरिया, डेन्ग्यु आदि लगायत प्राकृतिक प्रकोपको समयमा हुन सक्ने सम्भावित प्रकोप र महामारीको व्यवस्थापन, खोप पश्चात हुन सक्ने घटनाको आकस्मिक व्यवस्थापन, उपचार आदि कार्यमा पूर्व तयारी तथा ब्यबस्थापन,अनुगमन गर्न जनशक्ति परिचालन गरी तत्काल व्यवस्थापन गर्न सहजताको लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | सम्भावित प्रकोप तथा महामारी नियन्त्रण, व्यवस्थापन र प्रतिकार्य योजना तयारी र कार्यन्वयन गरीसम्भावित स्वास्थ्य जोखिम न्यूनीकरण गर्ने । |
| अपेक्षित उपलव्धी | • सम्भावित प्रकोप तथा महामारीजन्य रोगहरुको व्यबस्थापन भई स्वास्थ्य जोखिम कम हुने।<br>• आकस्मिक स्वास्थ्य समस्या, घटनाको उपचार, व्यवस्थापनमा सहयोग भई स्वास्थ्य जोखिम हुन बाट बचाउन सकिने साथै सेवा निरन्तर गर्न सहज हुने । |
| सञ्चालन प्रक्रिया | • प्राकृतिक प्रकोप जुनसुकै बेला हुन सक्ने , विगत वर्ष देखिको अवस्थाको विश्लेषण गरी गर्नु पर्ने पूर्व तयारीको अग्रिम योजना गर्ने।<br>• पोलियो उन्मुलन, दादुरा निवारण गर्ने विश्व तथा राष्ट्रिय लक्ष प्राप्तिको लागि खोप बाट बचाउन सकिने रोगहरूको तिव्र खोजपडताल र निगरानी गर्नु पर्ने भएकोले प्रदेश भित्र सम्भावित क्षेत्र (खोप कभरेज कम, विगतमा महामारी देखा परेका, पूर्णखोप सुनिश्चितता र सुक्ष्म योजना प्रभावकारी नभएका, सामाजिक, आर्थिक रुपले पिछडीएका बस्ति समुदाय आदि) को पहिचान गर्ने।<br>• खोप बाट बचाउन सकिने रोग देखा पर्ने सम्भावित स्थान (पालिका/वडा) मा पूर्णखोपको अवस्थाको अनुगमन/ विश्लेषणको लागि आवश्यकता अनुसार बाह्य स्वास्थ्यकर्मी बाट सेवा करार लीई घरधुरी सर्वेक्षण र विवरण संकलन गर्ने<br>• विगत वर्षहरुमा र यो वर्ष पनि डेन्गु , कालाजार, मलेरिया देखा परेका स्थान हरूको पहिचान गर्ने तयार गर्ने।<br>**संचालन गर्नु पर्ने क्रियाकलाप:**<br>• दादुरा लगायत खोप बाट बचाउन सकिने रोग देखा परेमा तिव्र खोजपड्ताल कार्य, लाईन लिष्टिंग र नियन्त्रणको लागि जनशक्ति परिचालन गर्ने<br>• महामारीको व्यवस्थापनको लागि आबश्यकता अनुसार प्रदेश स्तरीय द्रुत प्रतिकार्य समूह / टोलीको बैठक र अभिमुखीकरण गर्ने। |

| | |
|---|---|
| | • अन्य महामारी देखा परेमा तत्काल नियन्त्रणको लागि जनशक्ति परिचालन र आवश्यक औषधि र औषधिजन्य सामाग्रीको व्यवस्थापन गर्ने।<br>• रोग रोकथाम तथा नियन्त्रण लागि समुदाय र सरोकारवाला हरुको सहभागिता र सहयोग को लागि गोष्ठी बैठक, अभिमुखीकरण आदि गर्ने।<br>• खोप पश्चात कुनै घटना भई तत्काल उपचार, व्यवस्थापन गर्नु परेमा विरामी ओसार पसार (यातायात खर्च), आकस्मिक र सघन उपचार गर्दाको निदानात्मक र औषधि उपचार खर्च व्यवस्थापन गरी ज्यान जोखिम हुन बाट बचाउन खर्च ब्यवस्था गर्ने । यसका लागिः<br>• AEFI घटनाको अनुसन्धान प्रतिवेदन, सम्बन्धित स्वास्थ्य संस्थाको उपचार विवरण र प्रेषण, सम्बन्धित स्थानीय तहको सिफारिस, उपचार गराएको अस्पतालको दर्ता/भर्ना र उपचार पूर्जा, निदानात्मक र औषधि को पुर्जा र बिल समावेश हुनु पर्दछ । खोप पश्चात कुनै पनि घटना भएमा सम्बन्धित स्वास्थ्य संस्था, स्वास्थ्य कार्यालयले निर्देशनालय र मन्त्रालयमा समन्वय गरी विरामी प्रेषण र अस्पताल संग समन्वय गरेर मात्र सरकारी असपताल लाई प्राथमिकतामा राखी प्रेषण र उपचार गर्नु पर्दछ ।<br>• दादुरा रुबेला निवारण र पोलियो उन्मुलनको लक्ष्य प्राप्तिको लागि सबै बालबालिकाहरुले पूर्णखोप प्राप्त गरेको सुनिश्चित गर्न संचालन गरिने क्रियाकलाप बैठक, अभिमुखीकरण, प्रमाणीकरण, अनुगमन, सुपरिवेक्षण समेत यसै क्रियाकलाप बाट गर्नु पर्नेछ । |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात विस्तृत विवरण सहित प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालयको वेबसाइट मा राख्नुपर्नेछ। साथै सोही कपी स्वास्थ्य मन्त्रालयलाई समेत एक प्रति उपलब्ध गराउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय, कोशी प्रदेश, धनकुटा। |

### ५८. *विशेषज्ञ सेवा सहितको कोशी प्रदेश घुम्ती स्वास्थ्य शिविर संचालन तथा व्यवस्थापन (खर्च शिर्षक नं.: २२५२२,: २.७.२२.१३१८)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय | प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेत उल्लेख भई उच्च प्राथमिकतामा रहेको यो कार्यक्रम दुर्गम तथा सेवा बाट बिमुख, चिकित्सक/ बिशेषज्ञ सेवाबाट बन्चित क्षेत्र समुदायको जनताको लागि पायक पर्ने स्थानमा शिविर राखी सेवा उपलब्ध गर्ने व्यवस्थाको लागि यो कार्यक्रम विनियोजन गरिएको हो । |
| उद्देश्य | स्वास्थ्य सेवाको पहुँचबाट बन्चित भएका जनतालाई समतामुलक सेवा (घरदैलो / पायक स्थान) बाट विशेषज्ञ सेवा उपलब्ध गराई विरामीदर र मृत्यदर कम गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलव्धी | • दुर्गम तथा सेवा बाट बन्चित समुदाय जनताले पायक पर्ने स्थानमा नै चिकित्सक/विशेषज्ञ सेवा पाई रोगको निदान, उपचार पाई जटिलता हरुमा कमी आउने र मृत्युमा समेत कमी हुनेछ ।<br>• बिशेष गरी जटिल/नसर्ने रोग (मुटु, ब्लडप्रेसर, चिनीको रोग, दमको रोग, क्यान्सर, मृगौला रोग, मानसिक समस्या आदि) हरुको निदान, उपचार र परामर्श बाट रोग नियन्त्र, उपचार, बचावटको बारेमा व्यक्ति/ समुदायको समेत भूमिका बढी यस्ता रोगको जटिलता र रुग्णतादरमा कमी आउने छ । |
| सञ्चालन प्रक्रिया | • शिविर सञ्चालनका लागि जिल्ला छनौट गर्दा विगत देखि चिकित्सक/बिशेषज्ञ नभएका, स्वास्थ्य सेवाको उपयोग तथा पहुच कम भएका उच्च रक्तचाप, मधुमेहको दर बढि भएका) जिल्लाहरूलाई प्राथमिकतामा राखी छनौट गरी त्यस्ता जिल्लाको सम्बन्धित स्वास्थ्य कार्यालय र अस्पतालसँग समन्वय गरी कम्तीमा २ वटा स्थान पायक पर्ने केन्द्र तोकी शिविर संचालन गर्ने ।<br>• यसरी शिविर संचालन गर्नु पूर्व माथिको विवरण सहित स्वास्थ्य मन्त्रालयको समन्वयमा जिल्ला निश्चित गर्ने।<br>• जिल्लाहरूबाट स्क्रिनिंग भएका नसर्ने र मानसिक रोगहरुको समेत विवरण संकलन गरी उक्त शिविरमा उपचार तथा आवश्यक व्यबस्थापन गर्नुपर्नेछ।<br>• मानसिक रोगी/ मुटुको रोग/ रक्तचापको विरामी, मधुमेह, छाती/दमको विरामी धेरै भएको जिल्लाहरूमा विशेशज्ञ (मुटु, छाती र फिजिसिएन) र उपकरण ईको,ई.सी.जी. एवं प्रयोगशाला सेवा सहित शिविर संचालन गरी यी विशेष रोगको उपचार, परामर्श र प्रेषण गर्ने।<br>• शिविर संचालनमा बिशेषज्ञ तथा उपकरण समेत आवश्यक हुने भएकोले कोशी प्रदेश भित्रको मेडिकल कलेज, निजी अस्पताल हरु साथै कोशी, बि.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, प्रादेशिक असपताल भद्रपूर समेतको बैठक राखी शिविर संचालन र आवश्यक सहयोगको बारेमा जानकारी र छलफल गरी जिम्मेवारी बाँडफाँड गर्ने।<br>• एकिकृत रुपमा शिविर आयोजना गरी आयुर्वेद तथा होमियोप्याथी बिषेशज्ञ सेवा समेत उपलब्ध गराउनसकिनेछ।<br>• औषधि तथा औषधिजन्य सामाग्री खरिदमा बिनियोजित बजेटको बढिमा १०% सम्म खर्च गर्न सकिनेछ। यदी अपुग भएमा प्रदेश स्वास्थ्य व्यवस्थापन केन्द्रसँग समन्वय गरी व्यवस्थापन गर्न सकिनेछ।<br>• शिविर संचालन कार्तिक देखि चैत्र भित्रमा सम्पन्न गर्नु पर्नेछ ।शिविर संचालन गर्दा आवश्यक पर्ने कृयाकलापहरू (स्थानिय तह, सरोकारवालासँगको समन्वय, प्रचारप्रसार, औषधि लगायत सामाग्री व्यवस्थापन, यातायात खर्च आदि)विनियोजित बजेटको परिधि भित्र रही अधिकतम उपलब्धि प्राप्त गर्ने गरी प्रचलित **“सार्वजनिक खरिद ऐन,२०६३”, सार्वजनीक खरिद नियमावली, २०६४, "भ्रमण ऐन तथा नियमावली, “सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९”** को आधारमा खर्च गरी व्यवस्थापन गर्नुपर्नेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | यो कार्य सम्पन्न गरे पश्चात विस्तृत विवरण सहितको भौतिक आर्थिक प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालयमा अध्यावधिक गरी १ प्रति स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय |

### ५९. सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा र श्रवण दृष्टिविहिन नागरिकहरुको स्वास्थ्य उपचार लगायत अन्य सेवा सहजीकरणका लागि राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेशलाई १४ जिल्लामा दोभासे करार (खर्च शिर्षक नं: २६४१३, क्रियाकलाप कोड: ५.१.९.१)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | सरकारी तथा अन्य संस्थामा (अस्पतालहरूमा समेत) स्वास्थ्य सेवा लगायत अन्य सेवा लिन आएका सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा र श्रवण दृष्टिविहिन नागरिकहरुको स्वास्थ्य उपचार लगायत अन्य सेवा सहजीकरणका लागि अस्पतालहरुमा सो सम्बन्धीको दक्ष व्यक्तिहरु दोभासे करार लिई सेवा प्रवाहमा प्रभावकारी बनाउन यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा र श्रवण दृष्टिविहिन नागरिकहरुको स्वास्थ्य उपचार लगायत अन्य सेवा प्रवाहमा सहज र प्रभावकारी बनाउने। |
| अपेक्षित उपलव्धी | सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा र श्रवण दृष्टिविहिन नागरिकहरुको स्वास्थ्य उपचार लगायत अन्य सेवा प्रवाहमा सहज र प्रभावकारी हुनेछ। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य प्रचलित करार कार्यविधि बमोजिम राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेशलाई १ जना कार्यक्रम संयोजक सहित १४ जिल्लामा दोभाषे करार गर्ने गरी सम्झौता गरी अनुदान रकम चौमासिक रुपमा उपलब्ध गराउने।<br><br>**<u>देहाय बमोजिमका बुँदामा सम्झौता गर्न सकिनेछ:</u>**<br><br>• सम्झौतामा सो कार्यविधि अनुसार करार गर्दा जुन तहमा करारका लागि विज्ञापन गरिएको हो। प्रदेश सरकारको नियमानुसार सोही तह बरावरको कार्यजिम्मेवारी सहितको न्युनतम सेवा सुविधा हुने गरी सम्झौता गर्नुपर्नेछ।<br>• यस अघि नै सेवा करारमा नियुक्ति भई करार कार्यविधि बमोजिम प्रक्रिया पूरा भएका साथै कार्य सन्तोषजनक भएमा राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेशले सेवा करार निरन्तरता गर्न सक्ने विषय उल्लेख गर्नु पर्नेछ।<br>• सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• करार कार्य सम्पन्न पश्चात साथै प्रत्येक चौमासिकमा प्रत्येक कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन सहित राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेशले विस्तृत विवरण स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ। स्वास्थ्य निर्देशनालय प्रत्येक चौमासिक प्रतिवेदनका आधारमा राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेशलाई तलब भत्ता उपलब्ध गराउनुपर्नेछ। |

| | |
|---|---|
| | • तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |
| प्रतिवेदन प्रणाली | निर्देशनालयले स्वास्थ्य निर्देशनालयले १४ जिल्लाका सम्पुर्ण करार गरिएका कर्मचारीको विस्तृत विबरण सहित एकीकृत प्रतिवेदन चौमासिक रुपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय, राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशी प्रदेश |

### ६०. वृद्दाश्रम, मठमन्दिर, धर्मशाला, मानवसेवा आश्रममा आश्रित वृद्धवृद्धा तथा असहाय, द्वन्द प्रभावित एवं एम्बुलेन्स चालक वीमा (खर्च शिर्षक नं.: २७१११, क्रियाकलाप कोड:७.१.१.३)

| शिर्षक | विवरण |
|---|---|
| परिचय | विभिन्न बृद्दआश्रम, धर्मशाला, कथा मन्दिर आदिमा आश्रित व्यक्तिहरु तथा असाहय र द्वन्द प्रभावित व्यक्तिहरु स्वास्थ्य सेवाको पहुँच बाट टाढा रहने साथै आर्थिक अभावको कारण स्वास्थ्य सेवा बाट बन्चित हुन सक्ने हुदा प्रदेश सरकारको नीति कार्यक्रममा ब्यवस्था भए अनुसार त्यस्ता व्यक्तिहरुलाई चिकित्सक तथा स्वास्थ्यकर्मीहरु बाट स्वास्थ्य परीक्षण र उपचार गर्ने साथै भविष्यमा स्वास्थ्य सेवामा सहज पहुँचको लागि निःशुल्क बिमामा आबद्द गराउनको लागि यो कार्यक्रम विनियोजित गरिएको हो । |
| उद्देश्य | आश्रित तथा असहायहरुको स्वास्थ्य अवस्थाको पहिचान र उपचारको लागि स्वास्थ्य परीक्षण एवं निःशुल्क बीमामा आबद्द खटिई सर्वब्यापी स्वास्थ्य कभरेज वृद्धि गर्ने । |
| अपेक्षित उपलव्धी | आश्रित तथा असहाय परिवारको बिमा आबद्दताको कारण समतामुलक स्वास्थ्य सेवा तथा पहुचमा सहजीकरण हुने साथै लक्षित वर्ग नागरिक (आश्रित व्यक्ति तथा वृद्धवृद्धा) को स्वास्थ्यमा थप सुधार हुनेछ । |
| सञ्चालन प्रक्रिया | • जिल्लाहरुको समन्वयमा बृद्द बृद्दा आश्रम, मठ मन्दिर, मानव सेवा आश्रमहरूको विवरण र तहाँ के कति व्यक्ति परिवार बस्छन्, सो को विवरण संकलन र अद्यावधिक गर्ने।<br>• विवरण संकलनको फारम तयार गरी स्वास्थ्य कार्यालयको समन्वयमा ति आश्रम, मठ मन्दिर, मानव सेवा आश्रम भएका स्थानीय तह र सम्बन्धित वडाको स्वास्थ्य संस्थाका कर्मचारीसँग समन्वय गरी तथ्यांक संकलन गर्ने। साथै सार्वजनिक सूचनाको माध्यम प्रयोग गरी लक्षित समुहलाई जानकारी समेत गराउने।<br>• सो विवरणको विश्लेषण गरी कति व्यक्ति, कति परिवार साथै ति व्यक्तिहरुमा हाल भई रहेको स्वास्थ्य समस्या, खाइ रहेको औषधि आदिको विवरण तयार गर्ने । सो विवरण स्वास्थ्य कार्यालय / सम्बन्धित स्थानीय तह बाट प्रमाणित गरी माग्ने।<br>• जिल्ला एम्बुलेन्स समिति / स्वास्थ्य कार्यालय मार्फत प्रदेश भित्रको एम्बुलेन्स र चालक (सरकारी , निजी, एम्बुलेन्सको वर्ग, दर्ता अवस्था आदि) को विवरण माग गरी अध्यावधिक गर्ने।<br>• सो को आधारमा स्वास्थ्य बिमा गर्नुपर्ने जम्मा परिवार संख्या यकिन गर्ने। |

| | |
|---|---|
| | • स्वास्थ्य बीमा नियमावली,२०७५ को दफा १६ (घ) बमोजिम ७० वर्ष नाघेका जेष्ठ नागरिकको हकमा शत प्रतिशत नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तहले व्यहोर्ने भनीएको हुनाले सो १००% स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी नेपाल सरकार मार्फत गर्ने।<br>• बाँकी यस क्रियाकलापका लक्षित वर्गका नागरिकको हकमा स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी स्वास्थ्य निर्देशनालयमा विनियोजन भएको बजेटबाट स्वास्थ्य बिमामा आवद्ध नभएका वा नवीकरण श्रावण देखि असोज मसान्तभित्र गर्नुपर्ने मंसिर १ गतेदेखि लागु हुनेगरी स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी १००% प्रतिशत प्रिमियम शुल्क बराबरको शुल्क रु. ३५०० तिरी ५ जना वराबरको परिवारको पुर्ण रुपमा निःशुल्क हुनेगरी स्वास्थ्य विमा गर्ने।<br>• नियमित स्वास्थ्य बीमामा आवद्ध नागरिककोको हकमा नवीकरण गर्ने समयमा स्वास्थ्य बिमा बोर्डसँग समन्वय गरी प्रिमियम तिर्नुपर्नेछ। |
| सन्दर्भ सामाग्री | स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली,२०७५ (प्रचलित) |
| प्रतिवेदन प्रणाली | कार्य सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

## *६१. कर्मचारी करार परिक्षा सचालन (खर्च शिर्षक २२५२२, २.७.१०.१)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय/पृष्ठभूमि | सेवा प्रभावकारी बनाउन रिक्त पदहरु करार नियुक्त गर्दा अपनाउनु पने प्रक्रियाहरूमा सहज , गुणस्तर र प्रभावकारिताको लागि यो बजेटको ब्यवस्था गरिएको हो । |
| उद्देश्य | गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि चिकित्सक तथा स्वास्थ्यकर्मी करार गर्ने। |
| अपेक्षित उपलब्धि | चालु आ.व. मा बजेट विनियोजन गरे अनुरुप कोशी प्रदेश अन्तरगतका स्वास्थ्य निकायहरुमा रिक्त दरबन्दी तथा विशेष कार्यक्रम सञ्चालनका लागि करार गर्नुपर्ने स्वास्थ्यकर्मी तथा चिकित्सक करार गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहहुनेछ। |
| सञ्चालन प्रक्रिया | • श्रावण महिनाभरिमा स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालय तथा मातहतका कार्यालयहरुसँग समन्वय गरी करार गर्नुपर्ने स्वास्थ्यकर्मी तथा कर्मचारीको विस्तृत विवरण तथा सुची तयार गर्ने।<br>• विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि,२०७९ (प्रचलित) बमोजिम प्रदेश स्वास्थ्य निर्देशनालयबाट करार गर्नुपर्ने कर्मचारी नियुक्ती प्रक्रिया पहिलो त्रैमासिकभित्रमा पुर्ण गर्ने।<br>• प्रदेश सरकारको प्रचलित स्वास्थ्यकर्मी करार कार्यविधि र "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधिमा भएको व्यवस्था अनुरुप स्वास्थ्य निर्देशनालयले करार प्रक्रिया मार्फत पदपूर्ती गर्नुपर्ने जनशक्तिलाई सेवा करारमा लिनुपर्नेछ। |

| | |
|---|---|
| | • करार नियुक्ति गर्दा निर्देशनालयले बिभिन्न निकायमा रिक्त रहेका पद सो का लागि सम्बन्धित कार्यालयमा चालु आ.व. का लागि तलव भत्ता बापतको बजेट विनियोजन भएको सुनिश्चित गरी विवरण तयार गर्नुपर्नेछ ।<br>• सेवा करारमा लिने पदहरुको बिज्ञापन गर्ने, परीक्षा संचालन खर्च लगायत नतिजा प्रकाशन गर्दा सम्म लाग्ने सम्पूर्ण खर्च लोकसेवाले सञ्चालन गर्ने निर्देशिका / प्रदेशको कार्यविधि बमोजिम गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | करारको सम्पुर्ण प्रक्रिया सम्पन्न पस्चात विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वस्थ्य निर्देशनालय। |

## ६२. *Automated ESR analyzer* खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.२२.२२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आधुनिक तथा प्रविधी मैत्री प्रयोगशाला सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउनका निम्ती औजार उपकरणको व्यवस्थापन गर्ने । |
| अपेक्षित उपलब्धि | Automated ESR analyzer खरिद पश्चात ESR परीक्षण छिटो र गुणस्तरीय हुने । |
| संचालन प्रक्रिया | • प्रदेशभित्रका बायोमेडिकल ईन्जिनियरबाट USFDA र CE/ISO प्रमाणित मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसनमा ५ वर्षको लागि Routine test Parameter को Cost per test पनि माग्नुपर्नेछ र मुल्याङ्कनमा अनिवार्य केमिकल्स तथा रिएजेन्टको प्रति इकाई मुल्य समेत ध्यानमा राखी आर्थिक व्ययभार कम हुनेगरी समावेश गर्नुपर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात automated ESR analyzer जडान गरी सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर । |

### ६३. Water Distillation plant with filter system खरिद तथा जडान (खर्चशिर्षक ३११२२, कोड नं.११.३.९.४५)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रयोगशालाबाट निरन्तर सेवा प्रवाह गर्ने क्रममा दैनिक धेरै रकम खर्च हुने गरी डिस्टिल वाटर को जरुरी पर्दछ। तसर्थ आर्थिक मितव्ययिता तथा सरल उपलब्धतालाई मध्यनजर गर्दै Water Distillation plant with filter system खरिद तथा जडान गर्ने। |
| अपेक्षित उपलब्धि | Water Distillation plant with filter system खरिद तथा सञ्चालनमा आई प्रयोगशालाबाट निरन्तर सेवा प्रवाह गर्न सहजीकरण हुनेछ। |
| संचालन प्रक्रिया | • प्रदेश जनस्वास्थ्य प्रयोगशालाले बजेटको परिधिभित्र रही प्रदेश अन्तर्गतका बायोमेडिकल ईन्जिनियरबाट Water Distillation plant with filter system ISO/CE प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात Water Distillation plant with filter system जडान गरी सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद औजार उपकरणको विस्तृत विवरण e-LMIS मा Entry गर्नुका साथै सेवा प्रवाह सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ६४. AMR सर्भिलेन्स साईटका लागि सुदृढीकरणका लागि औंजार उपकरण खरिद तथा व्यवस्थापन (खर्च शिर्षक ३११२२, कोड नं. ११.३.९.९४)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेशका Antimicrobial Resistance (AMR) सर्भिलेन्स साईटहरुबाट गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण खरिद गरी व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलब्धि | प्रदेशका Antimicrobial resistance(AMR) सर्भिलेन्स साईटहरुलाई सुदृढीकरण गरी गुणस्तरीय सेवा प्रवाहका लागि आवश्यक औजार उपकरण खरिद भई सञ्चालनमा आउनेछ। |

| | |
|---|---|
| संचालन प्रक्रिया | • प्रदेश जनस्वास्थ्य प्रयोगशालाले Antimicrobial Resistance (AMR) सर्भिलेन्स साईटहरुसँग समेत समन्वय गरी AMR साइट सञ्चालनका लागि आवश्यक औजार उपकरणहरुको सुची तयार गर्ने।<br>• बजेटको परिधिभित्र रही सो सुची बमोजिम प्रदेशभित्रका बायोमेडिकल ईन्जिनियर तथा प्रयोगशाला विज्ञ समेतको टिम बाट खरिद गर्नुपर्ने औजार उपकरणको USFDA/ISO/CE प्रमाणित मेसिनको स्पेसिफिकेसन वा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले स्विकार गरेको साथै प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम स्वास्थ्य संस्थामा हस्तान्तरण तथा सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद औजार उपकरणको विस्तृत विवरण e-LMIS मा Entry गर्नुका साथै सेवा प्रवाह सहितको त्रैमासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ६५. प्रयोगशालाको नमुना संकलन कक्षमा आवश्यक संरचना निर्माण( खर्च शिर्षक नं.: ३११६१, क्रियाकलाप कोड: ११.५.४२.४)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | नमुना संकलन स्थललाई थप व्यवस्थित गरी सुविधायुक्त बनाई विरामीहरुलाई सहज तथा गुणस्तरीय सेवा प्रवाह गर्ने । |
| अपेक्षित उपलब्धि | प्रयोगशालाबाट सेवा प्रवाह सहज, व्यवस्थित तथा नागरिकमुखी हुनेछ । |
| संचालन प्रक्रिया | • नमुना संकलन गर्ने स्थानमा पार्टिसन लगायत आवश्यक संरचनात्मक तथा भौतिक संरचना सुधार,निर्माण तथा मर्मत सम्भार गर्ने।<br>• कार्यालय प्रमुख, स्टोरशाखा,सम्बन्धित इन्जिनियर र अन्य शाखाका कर्मचारीहरू समेतको बैठक र छलफलबाट कार्यालयको नमुना संकलन गर्ने स्थानमा मुख्य निर्माण कार्य, अन्य मर्मत, सम्भार (प्लास्टर मर्मत , मुख्य ठाउमा टुटे फुटेको मर्मत, टोइलेट बाथरुमको |

| | |
|---|---|
| | मर्मत तथा अत्यावश्यक सामाग्री मर्मत , मुख्य स्थानमा रंग रोगन आदि) गर्न पर्ने कार्यको विवरण तयार गर्ने।<br>• साथै निर्माण गर्नु पर्ने स्थान/कोठा, क्षेत्र र परिमाण (लम्वाई) तथा कार्यालयमा कोठा थप संरचनात्मक सुधारका लागि स्थान यकिन गरी लगत अनुमानतयार गर्नुपर्नेछ।<br>• सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन) कार्यालयमा समेत समन्वय गरी तयार गर्ने।<br>• सम्बन्धित इन्जिनियर संग समन्वय गरी न्युनतम मापदण्ड पूरा हुने गरी निर्धारण गरेर मात्र निर्माण गर्नुपर्नेछ।<br>• बजेटको परिधिमा रही संरचना निर्माण गरी बजेट बचत हुने भएमा अग्रिम प्राथमिकता निर्धारण भए अनुसार ल.ई. अनुसार अन्य मर्मतको कार्य समेत गराउन सकिनेछ।<br>• यो कार्यको योजना पहिलो त्रैमासिक बाटै शुरु गरी दोश्रो त्रैमासिकमा सम्पन्न गर्ने । डिजाइन, ल.ई. अनुसार फरक फरक कार्य सम्बन्धित गराउनु परेमा सम्बन्धित फर्म/संस्था/ व्यक्ति बाट गराउन सकिने छ। |
| प्रतिवेदन प्रणाली | नमुना संकलन कक्ष व्यवस्थित भई निर्माण कार्य सम्पन्न प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्ने । |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ६६. *Computerized Billing System ल्याव रिपोर्टिङका लागि सफ्टवेयर खरिद (खर्च शिर्षक नं.: ३११३४, क्रियाकलाप कोड: ११.६.४.२)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रयोगशालामा LIS जडान गरी गुणस्तरीय तथा छिटो सेवा प्रवाहमा सहयोग पुग्ने छ । |
| अपेक्षित उपलब्धि | प्रयोगशालाको रिपोर्ट प्रवाहमा सहजीकरण हुनेछ । |
| संचालन प्रक्रिया | • प्रयोगशालाको रिपोर्ट प्रविधी मैत्री बनाउन मेसिनहरुमा LIS प्रविधि जडान गर्नुपर्नेछ ।<br>• प्रदेश जनस्वास्थ्य प्रयोगशालाले स्वास्थ्य मन्त्रालयका आइटि ईन्जिनियरसँगको समन्वयमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही LIS खरिद तथा जडान कार्य गरी खर्च व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य खरिद सम्झौता मा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद कार्य सम्पन्न पश्चात LIS जडान तथा सेवा सुचारुको सुनिश्चितता गर्नुपर्दछ। |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै सेवा सुचारु सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, मंगलबारे। |

### ६७. कर्मचारी करार (खर्च शिर्षक नं: २२४१९, क्रियाकलाप कोड: २.५.१०.३१/ २.५.१०.२५/ २.५.१०.४/ २.५.१०.३२/ ८.३.१.१/ २.५.१०.६)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रयोगशालाको सेवा प्रवाहलाई थप गुणस्तरीय तथा सहज पहुँच बनाउनका निम्ती थप जनशक्तिको व्यवस्थापन गर्ने । |
| अपेक्षित उपलब्धि | पर्याप्त जनशक्ति व्यवस्थापनले प्रयोगशाला बाट प्रदान गरिने सेवामा गुणस्तरीयताका साथै निरन्तरता दिन सकिने छ । |
| संचालन प्रक्रिया | • २.५.१०.३१ नवौं तह विशेषज्ञ करार- १ (एक जना)<br>• २.५.१०.२५ मेडिकल ल्याव टेक्नोलोजिष्ट- २ (दुई जना)<br>• २.५.१०.४ ल्याव टेक्निसियन करार- ४ (चार जना)<br>• २.५.१०.३२ ल्याव असिष्टेन्ट करार- ३ (तिन जना)<br>• ८.३.१.१ कम्प्युटर सहायक- २ (दुई जना)<br>• प्रदेश सरकारको स्वास्थ्यकर्मी करार सम्बन्धी कार्यविधि, २०७९ (संशोधन भएमा सो समेत) को व्यवस्था बमोजिमका निकायले प्रयोगशालाका लागि कर्मचारी करारमा लिई पदपूर्ति गर्नुपर्नेछ ।<br>• उक्त कार्यक्रम संचालन गर्नका लागि आवश्यक परेमा स्वास्थ्य मन्त्रालय/स्वास्थ्य निर्देशनालयसँग समन्वय गर्न सकिनेछ ।<br>• सो कार्यविधि अनुसार अघिल्लो आ.व. मा नै सेवा करारमा नियुक्ति भई कार्यरत रहेमा र सेवा करार थपका लागि कार्य सम्पादन सन्तोषजनक भएमा करार नियुक्ति गरको कार्यालयले सेवा निरन्तर गर्न सक्नेछ।<br>• यसरी सेवा निरन्तर गरिएका त्यस्ता कर्मचारीहरुलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन।<br>**<u>२.५.१०.६ करार कर्मचारी पोशाक खर्च</u>**<br>• सम्बन्धित शिर्षकमा विनयोजित बजेट बाट सेवाका करारका कार्मचारीहरु लाई पोशाक खर्च दिने वा निरन्तरता दिनुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | करार कार्य सम्पन्न तथा कार्य सम्पादन मुल्याङ्कन फारम सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ । |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ६८. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिको लागि TB Modular तालिम २ समुह (खर्च शिर्षक नं: २२५१६, क्रियाकलाप कोड: २.६.४.१४)

| शिर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| परिचय | क्षयरोगको निदानमा संलग्न प्रयोगशालाकर्मीहरुको खकार परीक्षण सम्बन्धी ज्ञान तथा सीप अध्यावधिक गर्न तथा परीक्षण गरिएका Slide को गुणस्तर मापन गर्न TB Modular तथा LQAS विधि बारे जानकारी दिई क्षमता अभिवृधिका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरुको गुणस्तरीय खकार परीक्षण सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने। |
| अपेक्षित उपलब्धि | प्रयोगशालाकर्मीहरुको ज्ञान, सिप क्षमता अभिवृद्धि भई गुणस्तर क्षयरोग परीक्षणमा सहजीकरण भई क्षयरोग निवारणमा सहयोग पुग्नेछ । |
| संचालन प्रक्रिया | • क्षयरोग कार्यक्रम अन्तर्गतका प्रयोगशालामा कार्य गर्ने तथा हाल सम्म तालिम नलिएका कर्मचारीहरुको सुची तयार गर्ने ।<br>• तालिममा प्रति सहभागी एक माईक्रोस्कोप उपलब्ध गराई ६ दिनको तालिम संचालन गर्नुपर्नेछ ।<br>• यदि माइक्रोस्कोप अपुग हुने भएमा खरिदका लागि चालु आ.व.मा प्रदेश स्वास्थ्य निर्देशनालयमा बजेट विनियोजन भएको हुनाले सो खरिद कार्य पश्चात तालिम सञ्चालनको योजना बनाई सो तालिम पश्चातमात्र सम्बन्धित प्रयोगशालामा वितरण गर्ने गरी स्वास्थ्य निर्देशनालयसँग समन्वय गर्नुपर्नेछ।<br>• LQAS मा सहभागी गराउदा फल्स रिपोर्ट आएका संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मी हरु लाई प्राथमिकता दिनुपर्नेछ ।<br>• बजेटको परिधिभित्र रहि तालिमको आवश्यक्ता अनुसार टिप्पणी स्वीकृत गराई ब्याच र संख्या निर्धारण गरी तालिम संचालन गर्नुपर्नेछ । |
| सन्दर्भ सामाग्री | आधारभुत ZN-माइक्रोस्कोपी तालिम निर्देशिका बमोजिम अध्यापन गराउने प्रस्तुतिकरण, प्रयोगात्मक अभ्यास आदि । |
| प्रतिवेदन प्रणाली | • तालिम उपलब्ध खटिईसके पश्चात तालिम लिएका स्वास्थ्यकर्मीलाई प्रदेश स्वास्थ्य तालिम केन्द्रसँग समन्वय गरी प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ। साथै तालिमप्राप्त स्वास्थ्यकर्मीको तालिम केन्द्रमा भएको TIMS मा समेत प्रविष्ट भएको सुनिश्चित गर्नुपर्नेछ।<br>• तालिम सम्पन्न पश्चात विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तालिम लिएर गएका स्वास्थ्यकर्मीलाई निजले उपलब्ध गराएको सेवाको विस्तृत विवरण DHIS-२ मा Entry गरेको सुनिश्चित गर्नुपर्नेछ। साथै त्रैमासिक रुपमा उपलब्ध गराएको सेवाको विस्तृत विवरण प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाउन निर्देशन दिनुपर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ६९. *AMR सर्भिलेन्सका लागि प्रयोगशालाकर्मीलाई क्षमता अभिवृद्धि तथा अनसाईट कोचिङ्ग (१४ दिने) (खर्चशिर्षक नं.: २२५१२, क्रियाकलाप कोड: २.६.४.१६)*

| शिर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| उद्देश्य | प्रयोगशालाकर्मीको ज्ञान, सिप र क्षमता अभिवृद्धि तथा अनसाईट कोचिङ्ग समेत गरी Antimicrobial Resistance (AMR) को अवस्था तथा कारण पत्ता लगाई AMR न्युनीकरण गर्ने। |
| अपेक्षित उपलब्धि | Antimicrobial Resistance (AMR) को अवस्था तथा कारण पत्ता लगाई AMR न्युनीकरणका लागि प्रयोगशालाकर्मीको ज्ञान, सिप र क्षमता अभिवृद्धि तथा प्रयोगशालाको अनसाईट कोचिङ्ग समेत हुनेछ। |
| संचालन प्रक्रिया | • AMR सम्बन्धी माईक्रोवायोलोजी प्रयोगशालामा कार्यरत कर्मचारीहरुको ज्ञान र सीप क्षमता अभिवृद्धिका लागि ७ दिनको तालिम संचालन गर्ने ।<br>• अनिवार्य रुपमा AMR सम्बन्धी तालिम पुस्तिका प्रयोग गरी वा निर्माण गरी प्रयोगशालाको सेटअप भएको स्थानमा तालिम सञ्चालन गर्नुपर्नेछ<br>• उक्त तालिमका लागि आवश्यक रिएजेन्ट तथा सामाग्री प्रयोगशालामा मौजुदा नभएमा मात्र खरिद गर्न सकिने छ ।<br>• बजेटको परिधिभित्र रहि तालिमको आवश्यक्ता अनुसार टिप्पणी स्वीकृत गराई ब्याच र संख्या निर्धारण गरी तालिम संचालन गर्नुपर्नेछ ।<br>• यसै बजेट तथा कार्यक्रमबाट आवश्यक्ताको आधारमा वार्षिक कार्यतालिका स्वीकृत गराई AMR परीक्षण साइटहरुमा अनसाइट कोचिङ्ग गर्न सकिने छ । |
| प्रतिवेदन प्रणाली | • तालिम उपलब्ध खटिईसके पश्चात तालिम लिएका स्वास्थ्यकर्मीको प्रदेश स्वास्थ्य तालिम केन्द्रसँग समन्वय गरी प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ। साथै तालिमप्राप्त स्वास्थ्यकर्मीको तालिम केन्द्रमा भएको TIMS मा समेत प्रविष्ट भएको सुनिश्चित गर्नुपर्नेछ।<br>• तालिम सम्पन्न पश्चात विस्तृत प्रतिवेदन साथै अनसाइट कोचिङ्गको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तालिम लिएर गएका स्वास्थ्यकर्मीलाई मासिक रुपमा उपलब्ध गराएको सेवाको विस्तृत विवरण प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाउन निर्देशन दिनुपर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ७०. सर्भाइकल क्यान्सर स्क्रिनिङ्ग (LBC Method) कार्यक्रम व्यवस्थापन (खर्च शिर्षक नं. २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३०८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | महिलाहरुको पाठेघरको मुखको क्यान्सर परीक्षण तथा पहिचान गरी उपचारमा सहयोग पुग्ने । |
| अपेक्षित उपलब्धि | अस्पतालहरुबाट महिलाहरुको पाठेघरको मुखको क्यान्सर पहिचान गर्ने सेवा उपलब्धताका लागि सहजीकरण हुने । |
| संचालन प्रक्रिया | • प्रदेशभित्रका सरकारी स्वास्थ्य संस्थामा आएका सेवाग्राहीको VIA Positive वा पाठेघरको मुखको क्यान्सरको शंका लागेमा PAP Smear/ HPV DNA जाँचका लागि नमुना संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाई नि:शुल्क जाँच गर्ने। |

| | |
|---|---|
| | • सो निःशुल्क परीक्षणको बारेमा प्रदेश भरीका नागरिकको जानकारीका लागि वेवसाइट तथा नागरिकको पहँच हुने माध्यम प्रयोग गरी उपलब्ध गराउन सकिनेछ।<br>• उक्त परीक्षण पश्चात रिपोर्ट तयार गरी सम्बन्धित अस्पताललाई समयमा नै उपलब्ध गराउनुपर्नेछ।<br>• उक्त परीक्षणका लागि आवश्यक रिएजेण्ट/केमिकल्स समेत खरिद गर्न सकिने छ ।<br>• उक्त शिर्षकबाट नमुना संकलनमा खटिएका स्वास्थ्यकर्मीहरुको दै.भ्र.भ. तथा ढुवानीका लागि खर्च गर्न सकिने छ। |
| प्रतिवेदन प्रणाली | • खरिद गरिएको रिएजेण्ट/ केमिकल्सको विस्तृत विवरण e-LMIS मा Entry गर्ने।<br>• माशिक रुपमा सेवा उपलब्ध गराएको विस्तृत विवरण (सेवाग्राहीको नाम उल्लेख नगरी) वेबसाइटबाट जनचेतनाको लागि आम नागरिकले हेर्न सक्ने गरी सार्वजानिकिकरण गर्नुपर्नेछ।<br>• त्रैमासिक रुपमा सेवा उपलब्ध गराएको विस्तृत विवरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### *७१. खानेपानी गुणस्तर निगरानी (खर्चशिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.२३२)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | खानेपानीको नमुना संकलन पश्चात पिउन योग्य भए नभएको परीक्षण गरी गुणस्तर कायमको सुनिश्चितता गर्न पहल गर्ने । |
| अपेक्षित उपलब्धि | पिउने पानीको परीक्षण तथा गुणस्तर कायम गर्नका लागि पिउने पानीको नमुना संकलन तथा परीक्षण गरी गुणस्तर कायमको सुनिश्चितता गर्न पहल गरिनेछ। |
| संचालन प्रक्रिया | • प्रदेश मातहतका विभिन्न स्थानका खानेपानीको मुहान तथा धाराहरु बाट नमुना संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालामा क्लोरिनको मात्रा र कोलिफर्म निःशुल्क परीक्षण गर्नुपर्नेछ ।<br>• कुनै व्यक्ति, परिवार तथा समुदायले पिउने पानीको नमुना संकलन गरी परीक्षण गर्न ल्याएमा सो समेत निःशुल्क परीक्षण गर्नुपर्नेछ।<br>• सो निःशुल्क परीक्षणको बारेमा प्रदेश भरीका नागरिकको जानकारीका लागि वेवसाइट तथा नागरिकको पहँच हुने माध्यम प्रयोग गरी उपलब्ध गराउन सकिनेछ।<br>• उक्त परीक्षण पश्चात रिपोर्ट तयार गरी सम्बन्धित निकाय तथा व्यक्तिलाई उपलब्ध गराउनुपर्नेछ।<br>• यदि परीक्षण गर्दा परीक्षण गरिएको पानीमा क्लोरिनको मात्रा सामान्य भन्दा बढी र कोलिफर्म देखिएमा सरोकारवाला निकायसँग समन्वय गरी सो पानी पिउन योग्य भएको सुनिश्चित गर्नुपर्नेछ।<br>• उक्त खानेपानीको परीक्षणका लागि आवश्यक रिएजेण्ट/ केमिकल/किट समेत खरिद गर्न सकिने छ। |

| | |
|---|---|
| | • मानिसलाई स्वस्थ रहन दैनिक खाने खानेकुराको ६०-७०% पानी जरुरी पर्दछ। हामिले दैनिक पिउने गरेको पानी स्वास्थ्यका दृष्टिकोणले पिउन योग्य हुनुपर्छ। त्यसैले बजेटको परिधिभित्र रहि कम्तीमा प्रति महिना १०० वटा पिउने गरेको पानीको नमुना जाँच (क्लोरिनको मात्रा र कोलिफर्म) गरी प्रदेशभरीका नागरिकले पिउन योग्य पानी उपभोग गर्न सुनिश्चितताका लागि पहल गर्ने। |
| प्रतिवेदन प्रणाली | माशिक रुपमा पिउने पानीको जाँच तथा नतिजाको विस्तृत विवरण सहितको प्रतिवेदन वेबसाइटमा नागरिकले जानकारी पाउने गरी सार्वजनिक गर्नुपर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ७२. क्षयरोग प्रयोगशालाका लागि केमिकल तथा अन्य सामाग्री खरिद (खर्च शिर्षक नं. २७२१३, क्रियाकलाप कोड: ७.२.११.१०)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | केमिकल तथा अन्य सामाग्री खरिद गरी क्षयरोग प्रयोगशाला (माईक्रोस्कोपिक साइट) हरुबाट निरन्तर परीक्षण भई क्षयरोग निवारण तथा उन्मुलनमा सहजीकरण गर्ने । |
| अपेक्षित उपलब्धि | क्षयरोग परीक्षण प्रयोगशालाहरुबाट निरन्तर परीक्षण भई क्षयरोग निवारण तथा उन्मुलनमा सहजीकरणका लागि केमिकल्स तथा अन्य सामाग्री खरिद हुनेछ। |
| संचालन प्रक्रिया | • प्रयोगशाला विज्ञ समेतको टिम बाट खरिद गर्नुपर्ने केमिकल्स तथा रिएजेन्टको स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• क्षयरोग प्रयोगशालाका लागि केमिकल तथा अन्य सामाग्रीहरुको लगत अनुमान कायम गर्दा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला तथा अन्य सरकारी तथा गैह सरकारी तथा प्रचलित बजार भाउ अनुसार सोही प्रकारका उपकरणहरुमा प्रयोग हुने केमिकल्स तथा रिएजेन्टहरुको मुल्यलाई आधार मानी साथै प्रतिस्पर्धी हुनेगरी लगत अनुमान कायम गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो केमिकल्स तथा रिएजेन्ट ·स्पेसिफिकेसन तथा लगत अनुमान बमोजिम रहेको वा नरहेको सम्बन्धित विषय विज्ञ वा प्रयोगशालाबाट जाँच गराउनुपर्नेछ।<br>• सो जाँच ठिक भएमा केमिकल्स तथा अन्य सामाग्रीहरु सम्बन्धित स्वास्थ्य संस्थामा पठाई क्षयरोग जाँच तथा सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको केमिकल्स तथा रिएजेन्टको विस्तृत विवरण e-LMIS मा Entry गर्नुका साथै वितरणको विस्तृत विवरण सहितको त्रैमासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ७३. AMR सर्भिलेन्सका लागि साईट केमिकल्स तथा रिएजेन्ट खरिद तथा व्यवस्थापन (खर्च शिर्षक नं: २७२१३, क्रियाकलाप कोड: ७.२.११.८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | केमिकल्स तथा रिएजेन्ट खरिद गरी प्रदेशका AMR सर्भिलेन्स साईटहरुबाट Antimicrobial resistance(AMR) को अवस्था पत्ता लगाई सोको व्यवस्थापन गर्न थप योजना बनाउन सहयोग गर्ने। |
| अपेक्षित उपलब्धि | प्रदेशका AMR सर्भिलेन्स साईटहरुबाट Antimicrobial resistance(AMR) को अवस्था पत्ता लगाउन केमिकल्स तथा रिएजेन्ट खरिद भई सोको प्रयोगबाट आएको नतिजाले व्यवस्थापनका लागि गर्न थप योजना बनाउन सहजीकरण हुनेछ। |
| संचालन प्रक्रिया | • प्रयोगशाला विज्ञ समेतको टिम बाट खरिद गर्नुपर्ने केमिकल्स तथा रिएजेन्टको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले स्विकार गरेको साथै प्रतिस्पर्धी हुनेगरी प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Closed System अन्तर्गतका उपकरणहरुमा प्रयोग हुने केमिकल्स तथा रिएजेन्ट हरुको हकमा लगत अनुमान कायम गर्दा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला तथा अन्य सरकारी तथा गैह्र सरकारी तथा प्रचलित बजार भाउ अनुसार सोही प्रकारका उपकरणहरुमा प्रयोग हुने केमिकल्स तथा रिएजेन्ट हरुको मुल्यलाई आधार मानी लगत अनुमान कायम गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो केमिकल्स तथा रिएजेन्ट स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सम्बन्धित विषय विज्ञ वा प्रयोगशालाबाट जाँच गराउनुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा केमिकल्लस तथा रिएजेन्टको अनिवार्य रुपमा कम्तीमा सेल्फ लाइफ दुई तिहाई भएको हुनपर्नेछ।<br>• सो जाँच ठिक भएमा केमिकल्स तथा रिएजेन्टको प्रयोग गरी सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको केमिकल्स तथा रिएजेन्टको विस्तृत विवरण e-LMIS मा Entry गर्नुका साथै सेवा प्रवाह सहितको त्रैमासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर। |

### ७४. ल्याव केमिकल्स तथा रिएजेन्ट (खर्च शिर्षक नं: २७२१३, क्रियाकलाप कोड: ७.२.९.७)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रयोगशालामा परीक्षणका लागि प्रयोग गरिने विभिन्न रिएजेण्ट तथा कन्जुमेवल्स खरिद गरी सर्वशुलभ निदानात्मक सेवा प्रवाह गर्ने । |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | प्रयोगशालाबाट दिइने सेवाहरु को निरन्तरता साथै गुणस्तरीय, समतामुलक तथा सर्वसुलभ सेवा प्रवाहमा सहजीकरणका लागि ल्याव केमिकल्स तथा रिएजेन्ट खरिद तथा प्रयोग हुनेछ। |
| संचालन प्रक्रिया | • प्रयोगशाला विज्ञ समेतको टिम बाट खरिद गर्नुपर्ने केमिकल्स तथा रिएजेन्टको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले स्विकार गरेको स्पेसिफिकेसन तथा प्रतिस्पर्धी हुनेगरी लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Closed System अन्तर्गतका उपकरणहरुमा प्रयोग हुने केमिकल्स तथा रिएजेन्ट हरुको हकमा लगत अनुमान कायम गर्दा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला तथा अन्य सरकारी तथा गैह्र सरकारी तथा प्रचलित बजार भाउ अनुसार सोही प्रकारका उपकरणहरुमा प्रयोग हुने केमिकल्स तथा रिएजेन्ट हरुको मुल्यलाई आधार मानी लगत अनुमान कायम गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो केमिकल्स तथा रिएजेन्ट ·स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सम्बन्धित विषय विज्ञ वा प्रयोगशालाबाट जाँच गराउनुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा केमिकल्लस तथा रिएजेन्टको अनिवार्य रुपमा कम्तीमा सेल्फ लाइफ दुई तिहाई भएको हुनपर्नेछ।<br>• बिनियोजन बजेटको परिधिभित्र रहि आवश्यक कन्जुमेवल्स तथा सरसफाई समाग्री समेत खरिद गरी सेवा प्रवाह गर्न सकिनेछ।<br>• सो जाँच ठिक भएमा केमिकल्स तथा रिएजेन्टको प्रयोग गरी सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको केमिकल्स तथा रिएजेन्टको विस्तृत विवरण e-LMIS मा Entry गर्नुका साथै सेवा प्रवाह सहितको त्रैमासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| संचालन गर्ने निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बिराटनगर । |

***अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम बजेट उप शिर्षक ३७००२१०३***

*७५. अस्पतालको ढल निकासको व्यवस्थापन र लन्ड्री रुम निर्माण (खर्चशिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११. १. २. १८)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पताल र वरपरको वातावरणको स्वच्छता साथै प्रदुषित ढलबाट उत्पन्न हुन सक्ने सम्भवित संक्रमण वा महामारी रोकथाम गर्न अस्पतालको ढल निकासको व्यवस्थापन गर्ने तथा अस्पतालका संक्रमित/दुषित लुगाहरुको सुरक्षित सरसफाई/ भण्डारणका लागि लन्ड्री रुम निर्माण गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | अस्पतालबाट उत्पन्न हुने तरल फोहोरमैलाको निकास गर्न समुदायलाई असर नपर्ने गरी उचित किसिमको ढल निर्माण र व्यवस्थापन हुनेछ र अस्पतालका संक्रमित/दुषित लुगाहरुको धुलाई, सुकाई, र भण्डारण गर्न मिल्ने किसिमको लन्ड्री रुम निर्माण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • उदयपुर अस्पताल वा परिसरमा ढल निर्माण तथा व्यवस्थापनका र लन्ड्री रुम निर्माणका लागि लगत अनुमानतयार गर्नुपर्दछ।<br>• सम्बन्धित जिल्लाको शहरी विकास तथा भवन निर्माण कार्यालयमा समन्वय गरी ढल निर्माण साथै लन्ड्री रुम निर्माणका लागि डिजाइन वा लेआउट तयार गर्नुपर्दछ र सोही निकायबाट निर्माण गर्ने कर्मचारीहरु करार गरीनुपर्नेछ।<br>• ढल तथा लन्ड्री रुम सरकारी कार्यालयको कार्यालय सुरक्षाको दृष्टिकोण बाट न्युनतम मापदण्ड पूरा गरी उचाई, मोटाई, चौडाई निर्धारण गरेर निर्माण गराउने ।<br>• ढलको पाइप तथा कभर दीर्घकालीन रुपमा नफुट्ने गरी र समुदायमा खानेपानी साथै अन्य उपभोग्य स्रोतमा नमिसिने गरी निर्माण गराउनुपर्नेछ।<br>• लन्ड्री रुम निर्माण कोशी प्रदेशको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ को परिच्छेद २३ मा उल्लेख भएको लउन्ड्री सम्बन्धी मापदण्ड बमोजिम हुनुपर्नेछ।<br>• लन्ड्रीको लागि छुट्टै कोठा वा अलग्गै स्थानमा २४ घण्टा पानीको व्यवस्था हुनुपर्नेछ।<br>• कपडाहरु धुनुअघि (soiled, unsoiled, colorful, white, blood stained कपडाहरु) छुट्याउने व्यवस्था भएको हुनुपर्नेछ।<br>• लन्ड्री रुममा गुणस्तरीय वासिङ मेसिन ड्रायर फिटिङ गर्न र अस्पतालका ठूला साना कपडाहरु पट्याएर राख्न मिल्नेगरी दराज वा संरचना बनाउनुपर्नेछ।<br>• ब्ल्याङ्केट जस्ता बाक्ला कपडा सुकाउन सिधै घाम पर्ने छुट्टै स्थान हुनुपर्नेछ।<br>• फोहोर र सफा कपडा राख्न छुट्टाछुट्टै स्थानको व्यवस्था गर्नुपर्नेछ।<br>• काम गर्ने प्रयोजनका लागि पर्याप्त संख्यामा टेबुल, दराज, ट्रली, आइरन, बकेट, पिपिइ सामाग्रीको व्यवस्था हुनुपर्नेछ।<br>• बजेटको परिधिमा रही उक्त संरचनाहरु निर्माण गरी बजेट बचत हुने भएमा अग्रिम प्राथमिकता निर्धारण भए अनुसार ल.ई. अनुसार अन्य मर्मतको कार्य समेत गराउने<br>• यो कार्यको योजना पहिलो त्रैमासिक बाटै शुरु गरी दोश्रो त्रैमासिकमा सम्पन्न गर्ने । डिजाइन, ल.ई. अनुसार फरक फरक कार्य सम्बन्धित गराउनु परेमा सम्बन्धित फर्म/संस्था/ व्यक्ति बाट गराउन सकिने छ ।<br>• ढल निर्माण र व्यवस्थापन तथा लन्ड्री रुम निर्माण पश्चात सम्पुर्ण कार्यसम्पादन र खर्च विवरण बनाउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात सबै निकायहरुले खरिद गरिएको सामाग्रीको विस्तृत विवरण अनलाइन सूचना प्रणाली ( e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ। प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले सम्पन्न प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ। स्वास्थ्य निर्देशनालयले सबै अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |

| | |
|---|---|
| सञ्चालन गर्ने निकाय | उदयपुर अस्पताल। |

*७६. अस्पतालमा सेवा निरन्तरताका लागि औजार उपकरण खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.३)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आधुनिक,प्रविधी मैत्री स्वास्थ्य सेवा प्रदान गर्न अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण व्यवस्थापन गर्ने। |
| अपेक्षितउपलब्धि | अस्पतालहरुमा आवश्यक मेडिकल औजार, उपकरण उपलब्ध भई सुदृढ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहजीकरण हुनेछ। |
| सञ्चालनप्रक्रिया | १. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा विनियोजन भएको बजेट तथा कार्यक्रमबाट स्वास्थ्य निर्देशनालय, अस्पताल लगायत स्वास्थ्य मन्त्रालय मातहतका स्वास्थ्य संस्थासँग समन्वय गरी आवश्यकता तथा मागको आधारमा स्वास्थ्य मन्त्रालयसँग अनुमती लिई खरिद प्रक्रिया अघि बढाउनु पर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औजार उपकरण खरिद कार्यका लागि बायोमेडिकल ईन्जिनियर सहित मेडिकल औजार, उपकरणसँग सम्बन्धित विज्ञ बाट USFDA प्रमाणित मेसिनको स्पेसिफिकेसन तयार गर्नुपर्नेछ। यदि USFDA प्रमाणित नहुने औजार उपकरण खरिद गर्नुपर्ने भएमा CE/ISO प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नुपर्नेछ।<br>३. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ।<br>४. Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>५. खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>६. खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल/सम्बन्धित इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>७. खरिद पश्चात यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहको स्वास्थ्य संस्थाहरुको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गरी सो औजार, उपकरणबाट सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्नेछ।<br>**अस्पतालमा विनियोजन भएको बजेट तथा कार्यक्रमबाट देहाय बमोजिमका क्रियाकलापहरु गर्न सकिने छ।**<br>८. अस्पतालमा मौजुदा औजार उपकरणहरुबाट सेवा प्रदान गर्न अपुग भए नयाँ खरिद गर्न सकिनेछ। खरिद गर्नु भन्दा अगाडी औजार उपकरणहरुको मौज्दात सूची तयार |

| | |
|---|---|
| | गरी चालु हालतमा रहे नरहेको हेरी संचालनमा नआउने भएमा मात्र प्रतिस्थापन वा औजार उपकरणहरु नै नभएमा नयाँ खरिद गर्न सकिनेछ। अस्पतालले खरिद गर्ने औजार उपकरणहरुको सूची न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) लाई मध्यनजर गरी तयार गर्नुपर्नेछ<br>९. नयाँ निर्माण भएका अस्पतालहरुले समेत सेवा प्रवाहका लागि यसै शिर्षकबाट न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) बमोजिमका औजार उपकरण खरिद गरी व्यवस्थापन गर्न सकिनेछ।<br>१०. प्रत्येक अस्पतालले खरिद कार्यका लागि लगत अनुमान तयार गरी माथिको बुँदा नम्बर २,३,४,५ र ६ बमोजिम कार्य गरी सो औजार, उपकरणबाट सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात सबै निकायहरुले खरिद गरिएको सामाग्रीको विस्तृत विवरण अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ। प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले सम्पन्न प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।<br>• सबै अस्पतालहरुले खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ। स्वास्थ्य निर्देशनालयले सबै अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र र प्रदेश मातहतका सबै अस्पतालहरु। |

## *७७. कलर डप्लर ईको प्रोब सहितको USG machine (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१००)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | राष्ट्रियस्तर बाट प्राथमिकता प्राप्त सुरक्षित मातृत्व कार्यक्रमलाई थप गुणस्तरीय र प्रभावकारी बनाउनका लागि साथै डायग्नोस्टिक सेवा सुदृढीकरण र रिफरल न्युनीकरणको लागि Doppler Echo Ultrasound machine with Probe खरिदगर्ने। |
| अपेक्षित उपलब्धि | Doppler Echo Ultrasound machine with Probe मेसिन खरिद भई समयमै गर्भवती जटिलता पहिचान हुने साथै अन्य शारीरिक रोगहरु पहिचान भई समयमा व्यवस्थापन हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद कार्यका लागि प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित रेडियोलोजिष्ट/कार्डियोलोजिष्ट विज्ञको टिमबाट USFDA र CE/ISO certified मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।साथै उक्त USG Machine बाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा ।स्वास्थ्य निर्देशनालयले सबै अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | उदयपुर अस्पताल, जिल्ला अस्पताल ताप्लेजुङ र प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा। |

## ७८. अस्पतालको भौतिक संरचना निर्माण/सुधार Ramp निर्माण(खर्च शिर्षक नं: ३११६१, क्रियाकलाप कोड:11. १. ३. १)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | विरामी तथा क्लाइन्टलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि अस्पतालको भौतिक संरचना निर्माण तथा मर्मत सम्भार गर्ने। |
| अपेक्षित उपलव्धी | अस्पतालबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि अस्पतालमा आवश्यक भौतिक संरचना निर्माण तथा मर्मत सम्भार हुनेछ। |
| सञ्चालन प्रक्रिया | • इलाम अस्पतालको हकमा आगलागि भएको क्वार्टर निर्माण गर्ने। साथै संखुवासभा अस्पतालको हकमा आवश्यक भौतिक संरचना निर्माण तथा मर्मत सम्भार गर्ने।<br>• अस्पतालको प्रमुख, स्टोर शाखा, इन्जिनियर र अन्य शाखाका कर्मचारीहरू समेतको बैठक र छलफलबाट कार्यालय भवनको मुख्य निर्माण कार्य, अन्य मर्मत, सम्भार (प्लास्टर मर्मत , छत मर्मत/ सुरक्षा, ढल निकास, मुख्य ठाउमा टुटे फुटेको मर्मत, टोइलेट बाथरुमको मर्मत तथा अत्यावश्यक सामाग्री मर्मत र फेर्ने, मुख्य स्थानमा रंग रोगन आदि) गर्न पर्ने कार्यको विवरण तयार गर्ने। साथै निर्माण गर्नु पर्ने स्थान/कोठा, क्षेत्र र परिमाण (लम्वाई) तथा कार्यालयमा कोठा थप संरचनात्मक सुधारका लागि स्थान यकिन गरी लगत अनुमानतयार गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन) कार्यालयमा समन्वय गरी तयार गर्ने।<br>• सम्बन्धित इन्जिनियर संग समन्वय गरी  न्युनतम मापदण्ड पूरा हुने गरी निर्धारण गरेर मात्र निर्माण गर्नुपर्नेछ।<br>• बजेटको परिधिमा रही संरचना निर्माण गरी बजेट बचत हुने भएमा अग्रिम प्राथमिकता निर्धारण भए अनुसार ल.ई. अनुसार अन्य मर्मतको कार्य समेत गराउन सकिनेछ।<br>• यो कार्यको  योजना पहिलो त्रैमासिक बाटै शुरु गरी दोश्रो त्रैमासिकमा सम्पन्न गर्ने । डिजाइन, ल.ई. अनुसार फरक फरक कार्य सम्बन्धित गराउनु परेमा सम्बन्धित फर्म/संस्था/ व्यक्ति बाट गराउन सकिने छ। |
| प्रतिवेदन प्रणाली | बजेट विनियोजन भएका निकायले प्रगति प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयमा बुझाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | संखुवासभा र ईलाम अस्पताल। |

### ७९. निःसन्तान उपचार तथा स्त्रि रोग शल्यक्रिया सेवा विस्तार र संचालन का लागि Laparoscopy तथा Colposcopy उपकरण खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.९९)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आधुनिक तवरले क्यामेराद्वारा अवलोकन गरी निःसन्तान उपचार तथा स्त्रि रोग शल्यक्रिया गरी गुणस्तरीय निदानात्मक र उपचारात्मक सेवाको लागि Laparoscopy तथा  Colposcopy उपकरण खरिद गर्ने। |
| अपेक्षित उपलव्धी | Laparoscopy तथा Colposcopy उपकरण खरिद भई निसन्तान उपचार तथा स्त्रि रोग शल्यक्रिया सहज हुने साथै थोरै invasion बाट विरामीको उपचार सम्पन्न हुने र रिफरल कम हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेशभित्रका बायोमेडिकल ईन्जिनियर सहित सम्बन्धित विषय विज्ञको टिमबाट USFDA र CE/ISO प्रमाणित Laparoscopy तथा Colposcopy मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने। |

| | |
|---|---|
| | • खरिद पश्चात उपकरणको Post delivery Inspection/Installation बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• Laparoscopy तथा Colposcopy उपकरण खरीद गरी कार्यालयबाट सेवा सुचारु गर्ने साथै सेवा निरन्तरताको सुनिश्चित गर्ने। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल धनकुटा। |

## ८०. सेन्ट्रल हिटिंग सिस्टम खरिद तथा जडान (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१०६)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | चिसो वातावरणका कारण विरामीको स्वास्थ्य अवस्था थप प्रतिकुल हुन नदिन सेन्ट्रल हिटिंग सिस्टम खरिद तथा जडान गर्ने। |
| अपेक्षित उपलव्धी | सेन्ट्रल हिटिंग सिस्टम खरिद तथा जडान भई नवशिशु, गर्भवती तथा अन्य विरामीहरुको शरीरको तापक्रम सामान्य कायम राख्न मदत गर्नेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेशभित्रका बायोमेडिकल ईन्जिनियर बाट ISO/CE प्रमाणित सेन्ट्रल हिटिंग सिस्टम मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको (PDI) सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात जडान गरी सेवा सुचारु गर्नुपर्नेछ।<br>• आवश्यकता अनुसार अनुगमन, बैठक भत्ता र सो संग सम्बन्धित अन्य खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली ( e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल सोलुखुम्बु। |

## ८१. *Blood Culture machine* खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.९८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | विरामीको सिस्टेमिक संक्रमणको डायग्नोसिस उपयुक्त समयमा गर्न र अनुपयुक्त तरिकाले एन्टिबायोटिक प्रयोगमा कमी ल्याउन Blood culture machine खरिद गर्ने। |
| अपेक्षित उपलव्धी | Blood culture machine खरिद भई संक्रमण गर्ने जीवाणु सही रुपमा पत्ता लगाउन मदत हुने साथै विभिन्न एन्टिबायोटिकसँगको Sensitivity पत्ता लगाउन मदत हुने र एन्टिबायोटिकको जथाभावी प्रिस्क्रिप्सन र प्रयोग कम हुनेछ । |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालहरुले एक वटा Blood Culture machine खरिद तथा जडान गरी सेवा सञ्चालन गर्नुपर्नेछ ।<br>• मेसिन खरिद गर्दा प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित प्रयोगशाला विज्ञको टिमबाट USFDA approved र CE/ISO प्राप्त मेसिनको स्पेसिफिकेसन तयार गर्नु पर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसनमा ५ वर्षको लागि Routine test Parameter को Cost per test पनि माग्नुपर्नेछ र मुल्याङ्कनमा अनिवार्य सो कुरा समावेश गर्नुपर्नेछ ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ट गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदनअनिवार्य रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, जिल्ला अस्पताल पाँचथर, जिल्ला अस्पताल धनकुटा र जिल्ला अस्पताल भोजपुर। |

## ८२. GA मेसिन खरिद तथा जडान (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.२३)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | General Anesthesia दिएर गर्नुपर्ने शल्यक्रियाको लागि GA मेसिन खरिद तथा जडान गर्ने। |
| अपेक्षित उपलव्धी | आवश्यक मात्रामा GA मेसिन खरिद भई General Anesthesia दिएर गर्नुपर्ने शल्यक्रियाको संख्यात्मक र गुणात्मक स्तर अभिवृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालहरुले एक वटा General Anesthesia Machine with Anesthesia Work station with cardiac monitor खरिद तथा जडान गरी सेवा प्रवाह गर्नुपर्नेछ।<br>• मेसिन खरिद गर्दा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल ईन्जिनियर सहित Anesthesia विज्ञ (Anesthesiologist) को टिमबाट USFDA वा ISO वा CE approved मेसिनको specification तयार गर्नु पर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली ( e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | ईनरूवा अस्पताल र जिल्ला अस्पताल भोजपुर। |

## ८३. डायलाइसिस सेवा सञ्चालनका लागि बेड खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.२२.२३)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | बढ्दो संख्यामा रहेका मृगौला रोगीहरुको डायलायसिस सेवा बढाउनको लागि बेड खरिद गर्ने । |
| अपेक्षित उपलव्धी | डायलाइसिस सेवा सञ्चालनका लागि बेड खरिद भई विरामीहरुले चुस्त दुरुस्त रुपमा डायलाइसिस सेवा पाउने । |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले डायलाइसिस सेवा सञ्चालनका लागि आवश्यक बेड खरिद तथा जडान गरी सेवा प्रवाह गर्नुपर्नेछ।<br>• बेड खरिद गर्दा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल ईन्जिनियर बाट specification तयार गर्दा ISO प्रमाणित भएको हुनु पर्नेछ।<br>• आवश्यकता र उपलब्धताका आधारमा Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ट गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो कार्यबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी प्रतिवेदन तयार गरी स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयमा बुझाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल पाँचथर। |

### ८४. नयाँ अस्पताल भवनमा अक्सिजन पाइप लाईन विस्तार (संखुवासभा) (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१०८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | संखुवासभा जिल्लामा बनेको नयाँ अस्पताल भवनमा विरामीहरुलाई आवश्यक मात्रामा बेडसाइडबाट अक्सिजन प्रदान गर्न मिल्ने गरी अक्सिजन पाइप लाईन विस्तार गर्ने। |
| अपेक्षित उपलव्धी | अक्सिजन पाइप लाईन विस्तार भई नियमित अक्सिजन आपुर्तिको सेवा सुविधा उपभोग गर्न पाउने । |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले अस्पतालका विरामीको वार्डहरूमा अक्सिजनको आपूर्तिका लागि गत आ.व. मा अपुग भएका स्थानहरूमा पाइपलाइन जडान गर्नुपर्नेछ र अक्सिजन प्लान्टका लागि बुस्टर खरिद गरी पाइपलाइन समेत जडान गर्नुपर्नेछ ।<br>• पाइपलाइन जडान गर्दा प्रतिस्पर्धी हुनेगरी बायोमेडिकल इन्जिनियरबाट ISO र CE certified प्राप्त स्पेसिफिकेसन तयार गर्नुपर्नेछ।<br>• अस्पताल प्रमुख, स्टोरशाखा, इन्जिनियर र अन्य शाखाका कर्मचारीहरू समेतको बैठक र छलफलबाट अक्सिजन पाइप लाईन विस्तार, खरिद तथा जडानमा गर्न पर्ने कार्यको विवरण तयार गर्ने। साथै निर्माण गर्नु पर्ने स्थान/कोठा, क्षेत्र र परिमाण (लम्वाई, चौडाइ, उचाइ) तथा थप संरचनात्मक सुधारका लागि स्थान यकिन गरी लगत अनुमानतयार गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन) कार्यालयमा समन्वय गरी तयार गर्नुपर्दछ ।<br>• खरिद गर्ने अक्सिजन पाइप लाईनको लगत अनुमान तयार गर्नुपर्नेछ साथै बायोमेडिकल ईन्जिनियरबाट प्रमाणित गराई सो को स्पेसिफिकेसन तयार गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• अक्सिजन पाइप लाईन खरिद गर्दा सम्बन्धित इन्जिनियर संग समन्वय गरी न्युनतम मापदण्ड पूरा हुने गरी निर्धारण गरेर मात्र गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• आवश्यकता अनुसार अनुगमन, बैठक भत्ता र सो संग सम्बन्धित अन्य खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली ( e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ र स्वास्थ्य निर्देशनालयले आएको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | संखुवासभा अस्पताल। |

## ८५. पोस्टमार्टम भवन निर्माण (खर्च शिर्षक नं: ३१११२, क्रियाकलाप कोड: ११.१.२.१९)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालमा आएका शवहरुको व्यवस्थित तरिकाले पोस्टमार्टम गरी मृत्युको सहि कारण पत्ता लगाउन पोस्टमार्टम भवन निर्माण गर्ने। |
| अपेक्षित उपलव्धी | पोस्टमार्टम भवन निर्माण भई गैह्र कानुनी तरिकाले मृत्यु भएका शवहरुको व्यवस्थित तरिकाले पोस्टमार्टम भई मृत्यको सहि कारण पत्ता लाग्न सहजीकरण हुनका साथै अविलम्ब पोस्टमार्टम हुनेछ। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले अस्पतालको प्रमुख, स्टोर शाखा र अन्य शाखाका कर्मचारी हरू समेतको बैठक र छलफल बाट पोस्टमार्टम भवनको मुख्य निर्माण कार्य र पोस्टमार्टम भवनको अन्य मर्मत, सम्भार ( प्लास्टर मर्मत , छत मर्मत/ सुरक्षा,ढल निकास, मुख्य ठाउमा टुटे फुटेको मर्मत, टोइलेट बाथरुमको मर्मत तथा अत्यावश्यक सामाग्री मर्मत र फेर्ने, मुख्य स्थानमा रंग रोक्न आदि) गर्न पर्ने कार्यको विवरण तयार गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन) कार्यालयमा समन्वय गरी तयार गर्ने।<br>• निर्माण गर्ने स्थान छनौट गर्दा सामुदायिक बस्तीबाट र अस्पतालका अन्य भवनहरुबाट टाढा बनाउने।<br>• भवन सरकारी कार्यालयको कार्यालय सुरक्षाको दृष्टिकोण बाट न्युनतम मापदण्ड बजेटको परिधिमा रही भवन निर्माण गरी बजेट बचत हुने भएमा अग्रिम प्राथमिकता निर्धारण भए अनुसार ल.ई. अनुसार अन्य मर्मतको कार्य समेत गराउने।<br>• यो कार्यको योजना पहिलो त्रैमासिक बाटै शुरु गरी दोश्रो त्रैमासिकमा सम्पन्न गर्ने।<br>• डिजाइन, ल.ई. अनुसार फरक फरक कार्य सम्बन्धित गराउनु परेमा सम्बन्धित फर्म/संस्था/ व्यक्ति बाट गराउन सकिने छ ।<br>• बजेट खर्च तथा कार्य संचालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा एवं प्रदेश सरकारको खर्च कार्यविधिको अधिनमा रही गर्ने ।<br>• आवश्यकता अनुसार अनुगमन, बैठक भत्ता र सो संग सम्बन्धित अन्य खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | निर्माणकार्य पश्चात स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ र स्वास्थ्य निर्देशनालयले आएको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | ईनरूवा अस्पताल। |

## ८६. *निर्मित भवनको संरचनात्मक सुधार खर्च शिर्षक नं.: ३११६१, क्रियाकलाप कोड: ११.५.४२.२)*

| **शिर्षक** | **विवरण** |
|---|---|
| उद्देश्य | गुणस्तरीय, बैज्ञानिक र प्रभावकारी रुपमा शल्यक्रिया सेवालाई थप व्यवस्थित, विकसित र विस्तारित गर्दै लैजान तेह्रथुम जिल्लामा निर्मित शल्यक्रिया कक्ष भवनको संरचनात्मक सुधार गर्ने। |
| अपेक्षित उपलब्धि | निर्मित शल्यक्रिया कक्ष भवनको संरचनात्मक सुधार भई विरामीहरुको रिकभरीमा टेवा पुग्ने। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले अस्पतालको प्रमुख, स्टोरशाखा र अन्य शाखाका कर्मचारी हरू समेतको बैठक र छलफल बाट निर्मित भवनको संरचनात्मक (शल्यक्रिया कक्ष) सुधारको मुख्य निर्माण कार्य र अन्य मर्मत, सम्भार ( प्लास्टर मर्मत , छत मर्मत/ सुरक्षा,ढल निकास, मुख्य ठाउमा टुटे फुटेको मर्मत, टोइलेट बाथरुमको मर्मत तथा अत्यावश्यक सामाग्री मर्मत र फेर्ने, मुख्य स्थानमा रंग रोक्न आदि) गर्न पर्ने कार्यको विवरण तयार गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • तेह्रथुम जिल्लामा निर्मित शल्यक्रिया कक्षमा चुहिने लगायत थप संरचनात्मक सुधारका लागि आवश्यक स्थान यकिन गरी लगत अनुमानतयार गर्नुपर्नेछ।<br>• सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन) कार्यालयमा समन्वय गरी तयार गर्ने।<br>• यो कार्यको योजना पहिलो त्रैमासिक बाटै शुरु गरी दोश्रो त्रैमासिकमा सम्पन्न गर्ने।<br>• बजेट खर्च तथा कार्य संचालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा एवं प्रदेश सरकारको खर्च कार्यविधिको अधिनमा रही गर्ने ।<br>• आवश्यकता अनुसार अनुगमन, बैठक भत्ता र सो संग सम्बन्धित अन्य खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | निर्माणकार्य पश्चात स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ र स्वास्थ्य निर्देशनालयले आएको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल तेह्रथुम । |

### *८७. अटो क्लेभ मेसिन खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१०९)*


| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Sterilized उपकरणको प्रयोगबाट गुणस्तरीय सङ्क्रमणरहित शल्यक्रिया, ड्रेसिङ, प्रसुति लगायतका invasive procedures तथा सेवा प्रदान गर्न र अस्पतालजन्य संक्रमित फोहोरमैलालाई निर्मलीकरण गरी अस्पताल तथा वरिपरिको वाताबरणलाई संक्रमण रहित बनाउन सहजीकरणका लागि अटो क्लेभ मेसिन खरिद गर्ने। |
| अपेक्षित उपलब्धि | अटो क्लेभ मेसिन खरिद भई Sterilized उपकरणको प्रयोगबाट सेवा प्रदान हुने र Hospital-borne /Iatrogenic infection न्युनीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालहरुले कम्तीमा २५० लिटरको अटो क्लेभ मेसिन खरिद तथा जडान गरी सेवा सञ्चालन गर्नुपर्नेछ ।<br>• मेसिन खरिद गर्दा प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियरबाट प्रतिस्पर्धी हुनेगरी ISO र CE वा USFDA approved स्पेसिफिकेसन तयार गर्नु पर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ । |

| | |
|---|---|
| | • खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले आएको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल पाँचथर। |

## ८८. Placenta पिट निर्माण (खर्च शिर्षक नं.: ३१११२, क्रियाकलाप कोड: ११.१.२.२०)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालमा भईरहने नियमित प्रसुति सेवापछि संकलन हुने सालनाल (Placenta) हरुको खाल्डोमा व्यवस्थित र सुरक्षित विसर्जनको लागि Placenta Pit निर्माण गर्ने। |
| अपेक्षित उपलब्धि | Placenta Pit निर्माण भई सहज व्यवस्थित र सुरक्षित तरिकाले अस्पतालजन्य जोखिमयुक्त फोहोरमैला जैविक विघटन (organic decomposition) द्वारा उचित व्यवस्थापन भई वातावरणीय असर न्यूनीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले अस्पतालको प्रमुख, स्टोरशाखा र अन्य शाखाका कर्मचारी हरू समेतको बैठक र छलफल बाट प्लासेन्टा पिट निर्माण कार्यको तयारी गरी निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ ।<br>• प्लासेन्टा पिट निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार छन् । (श्रोत: स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका, २०७३, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय)<br>• **स्थान:** प्लासेन्टा पिट बनाउने स्थान पानीको श्रोतभन्दा ५० फिट टाढा हुनुपर्नेछ।<br>• **नाप:** खाल्डोको ब्यास १.५ मी. र गहिराई ३ देखि ४ मी. सम्म बनाउनुपर्नेछ।<br>• **खाल्डोको भित्ता:** खाल्डोको भित्ता भत्किन नदिन त्यसको भित्ता ईंटाको वा ढुङ्गाको गारोले बनाउनुपर्नेछ। सामाग्री उपलब्ध हुने स्थानहरूमा सिमेन्ट रिङ्ग लगाइ पनि यसको निर्माण गर्न सकिन्छ। यसरी सिमेन्ट रिङ्गबाट बनाएको अवस्थामा रिङ्गहरूको जोर्नीलाई १:३ सिमेन्ट बालुवाको मसला लगायर राम्ररी टाल्नुपर्नेछ। खाल्डोको भित्ता र भुईंलाई राम्ररी वाटरप्रुफिङ्ग गर्नुपर्नेछ।<br>• **ढकनी:** यस पिटमा फलामको ३०० x ४५० साइजको ढकनी राख्नुपर्नेछ।<br>• **भेन्ट पाइप:** पिट भित्र जैविक विघटनको प्रक्रियाबाट उत्पादन हुने ग्यासलाइ निकास दिन पिटको बीचमा १०० मी.मी. मोटो र १५०० मी.मी. लामो पाइप ठाडो जडान गर्नुपर्नेछ। यस पाइपको माथि हावा नछेकिने तर वर्षाको पानी नपस्ने गरी ढकनी राख्नुपर्नेछ।<br>• पिटको मुख भुईं सतह भन्दा उचाइमा राखे: पिटलाई जमिनबाट करिब १२०० मी.मी. उठाउनु पर्नेछ। |

| | |
|---|---|
| | • पिटको फेदमा माटो राख्ने: जैविक विघटनको प्रक्रियालाई प्रभावकारी बनाउन पिटको फेदमा करिब १५० मी.मी. माटो राख्नुपर्नेछ।<br>सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन) कार्यालयमा वा सम्बन्धित विषय विज्ञ संग समन्वय गरी तयार गर्न पर्नेछ।<br>Placenta Pit निर्माण गर्दा सम्बन्धित इन्जिनियर वा सम्बन्धित विषय विज्ञ संग समन्वय गरी प्रचलित न्युनतम मापदण्ड पूरा हुने गरी निर्धारण गरेर मात्र गर्नुपर्नेछ।<br>भवन सरकारी कार्यालयको कार्यालय सुरक्षाको दृष्टिकोण बाट न्युनतम मापदण्ड बजेटको परिधिमा रही भवन निर्माण गरी बजेट बचत हुने भएमा अग्रिम प्राथमिकता निर्धारण भए अनुसार ल.ई. अनुसार अन्य मर्मतको कार्य समेत गराउने। |



तस्वीरः प्लासेन्टा पिटको नमुना नक्सा

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | निर्माण कार्य पश्चात स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ र स्वास्थ्य निर्देशनालयले आएको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर। |

### ८९. *Fully Automated Biochemistry Analyser* खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.३४)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय, बैज्ञानिक, आधुनिक र प्रभावकारी रुपमा बायोकेमेस्ट्री रक्तपरीक्षण गर्न Fully Automated Biochemistry Machine (**Fully Automated Clia Machine**) खरिद गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | Fully Automated Clia Machine खरिद भई दुरुस्त रुपमा ल्याबको सेवा सुचारु भएर बिरामीहरुको अविलम्ब रोग निदान र परीक्षण हुने। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले एउटा Fully Automated Clia Machine खरिद तथा जडान गरी सेवा सञ्चालन गर्नुपर्नेछ ।<br>• मेसिन खरिद गर्दा बायोमेडिकल ईन्जिनियर र प्रयोगशाला विज्ञ/ ल्याब टेक्नोलोजिष्ट कोबाट USFDA र ISO/CE प्रमाणित मेसिनको स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को आधारमा खर्च गरी व्यवस्थापन गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसनमा ५ वर्षको लागि Routine test Parameter को Cost per test पनि माग्नुपर्नेछ र मुल्याङ्कनमा अनिवार्य केमिकल्स तथा रिएजेन्टको प्रति इकाई मुल्य समेत ध्यानमा राखी आर्थिक व्ययभार कम हुनेगरी समावेश गर्नुपर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।सो पश्चात सञ्चालनको सुनिश्चितता हुनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली ( e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल पाँचथर। |

## *१०. ख वर्ग एम्बुलेन्स खरिद (खर्च शिर्षक नं: ३११२१, क्रियाकलाप कोड: ११.३.५.२)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय/ पृष्ठभूमि | जिल्ला तहमा संचालनमा रहेका एम्बुलेन्सहरुको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन तथा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम नियमन समेत गर्न जिल्ला एम्बुलेन्स समितिहरूको नियमित बैठक बसी समीक्षा एवं थप व्यवस्थापन गर्न यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम न्युनतम एम्बुलेन्सको आपुर्ति आवश्यकता पूरा गर्न तथा एम्बुलेन्स सेवा लाई थप प्रभावकारी बनाउन ख वर्ग एम्बुलेन्स खरिद गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलब्धी | जिल्लामा रहेका एम्बुलेन्सहरूको गुणस्तर नियमन तथा सेवा सञ्चालन प्रक्रियामा आवश्यक सहजीकरण हुनेछ र आवश्यकता अनुसार Medically equipped ख वर्ग एम्बुलेन्स खरिद भई विरामीहरुको आकस्मिक स्वास्थ्य अवस्थामा द्रुत गतिमा उद्धार तथा प्रेषण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालहरुले ख वर्ग एम्बुलेन्स खरिद गरी संचालन गर्नुपर्नेछ।<br>• राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ मा रहेको ब्यवस्था बमोजिम गठीत जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको नियमित बैठक बस्नुपर्नेछ।<br>• सो समितिले उक्त निर्देशिकामा भएको व्यवस्था अनुसार (परिमार्जन भएमा सो समेत) बमोजिमका कार्य गरी निर्णयहरुको अभिलेख अध्यावधिक गरी राख्नुपर्नेछ।<br>• एम्बुलेन्स खरिद गर्दा गाडी खरिदका लागि अटोमोबाइल र मेकानिकल ईन्जिनियर र भित्रका बायोमेडिकल औजार उपकरणका लागि बायोमेडिकल इन्जिनियर सहितको टिमबाट प्रतिस्पर्धी हुनेगरी ISO/CE प्राप्त गरेको प्रमाणित एम्बुलेन्सको स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को आधारमा खर्च गरी व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्ष)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ।<br>• खरिद पश्चात एम्बुलेन्स स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच सम्बन्धित इञ्जिनियरबाट गराउनु पर्नेछ।सो पश्चात सञ्चालन गरि सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ र स्वास्थ्य निर्देशनालयले आएको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | जिल्ला अस्पताल खोटाङ, जिल्ला अस्पताल भोजपुर र जिल्ला अस्पताल पाँचथर। |

### ९१. *Endoscopy Machine खरिद (खर्चशिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.११०)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आधुनिक र प्रभावकारी तरिकाले Upper Gastrointestinal system सम्बन्धी समस्याहरुको निदान गर्न Endoscopy Machine खरिद गर्ने। |
| अपेक्षित उपलव्धी | Endoscopy Machine खरिद भई समयमा रोग निदान हुन सहयोग हुने। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले Endoscopy Machine खरिद तथा जडान गरी सेवा सञ्चालन गर्नुपर्नेछ ।<br>• मेसिन खरिद गर्दा प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित सम्बन्धित विषय विज्ञको टिमबाट USFDA र ISO/CE प्राप्त मेसिनको स्पेसिफिकेसन तयार गर्नुपर्नेछ। स्पेसिफिकेसन तयार गर्दा ENT Scope को सेट समेत राखि गर्नुपर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर। |

## १२. *Maternity Ward निर्माण (खर्च शिर्षक नं.: ३११११२, क्रियाकलाप कोड: ११.१.२.७)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रसुति र पुर्व/पश्च प्रसुति सम्बन्धी विरामीहरुको उचित स्याहारको लागि आवश्यक मापदण्ड अनुसार Maternity Ward निर्माण गर्ने । |
| अपेक्षित उपलव्धी | Maternity Ward निर्माण भई सम्बन्धित विरामीहरुले गुणस्तरीय सुरक्षित मातृत्व सेवा पाउन मदत पुग्ने र मातृ तथा नवजातशिशुको रुग्णता र मृत्युदर न्युनीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले गत आ.व. मा अपुग भएको निर्माण कार्य अस्पतालको प्रमुख, स्टोरशाखा र अन्य शाखाका कर्मचारी हरू समेतको बैठक र छलफल बाट म्याटर्निटि वार्डको मुख्य निर्माण कार्य र अन्य मर्मत, सम्भार ( फ्लोरिङ, टायलिङ, प्लास्टर मर्मत , छत मर्मत/ सुरक्षा,ढल निकास, टोइलेट बाथरुमको मर्मत तथा अत्यावश्यक सामाग्री मर्मत , रंग रोक्न आदि) गर्न पर्ने कार्यको विवरण तयार गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • यो पहिलाको आर्थिक वर्षको निरन्तर बजेट तथा कार्यक्रम भएको हुनाले सोही बमोजिम म्याटर्निटि वार्ड निर्माणका लागि आवश्यक लगत अनुमानतथा प्रक्रिया अपनाई गर्न सकिनेछ।<br>• सो अनुसार निर्माण तथा मर्मतको कार्यको लगत अनुमानर Design गर्न भवन तथा सहरी बिकास (नजिकको जिल्ला, प्रदेश कार्यालय/ डिभिजन) कार्यालयमा समन्वय गरी तयार गर्ने।<br>• म्याटर्निटि वार्ड निर्माण स्वास्थ्य संस्था सञ्चालन मापदण्ड २०७७ को परिच्छेद ५ को अन्तरङ्ग विभागको मापदण्ड लिस्टको ५ देखि १० नंबर बुँदा सम्म लेखे बमोजिम हुनुपर्नेछ।<br>• म्याटर्निटि वार्ड निर्माणका लागि मातृ तथा नवजात शिशुको स्वास्थ्य प्रवर्द्धनको क्षेत्रमा कार्य गरीरहेका संस्थाबाट लागत साझेदारीमा म्याटर्निटि भवन निर्माणका लागि प्रस्ताव पेश भएमा मन्त्रालयको स्वीकृति लिई निर्माण गर्नुपर्नेछ।<br>• यो कार्यको योजना पहिलो त्रैमासिक बाटै शुरु गरी तेश्रो त्रैमासिकमा सम्पन्न गर्ने।<br>• बजेट खर्च तथा कार्य संचालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा एवं प्रदेश सरकारको खर्च कार्यविधिको अधिनमा रही गर्ने ।<br>• आवश्यकता अनुसार अनुगमन, बैठक भत्ता र सो संग सम्बन्धित अन्य खर्च यसै शिर्षकबाट व्यवस्थापन गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | निर्माणकार्य पश्चात स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ र स्वास्थ्य निर्देशनालयले आएको प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | उदयपुर अस्पताल। |

## *१३. जेनेरेटर खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.७.२)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय/ पृष्ठभूमि | नियमित बैठक बसी समीक्षा एवं थप व्यवस्थापन गर्न यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालमा विद्युत चाहिने सबै उपकरणहरु विना रुकावट सञ्चालन गर्न जेनेरेटर खरिद गर्ने। |
| अपेक्षित उपलव्धी | जेनेरेटर खरिद भई विद्युत नभएको समयमा पनि नियमित रुपमा स्वास्थ्य र प्रशासनिक सेवा प्रवाह हुने। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका अस्पतालले जेनेरेटर खरिद तथा जडान गरी सेवा सञ्चालन गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • जेनेरेटर खरिद गर्दा मेकानिकल/इलेक्ट्रिकल ईन्जिनियर सहित सम्बन्धित विषय विज्ञ को टिम बाट स्पेसिफिकेसन तयार गर्नुपर्नेछ जसमा एक थान (कम्तीमा १२० KVA with auto restart) हुनुपर्नेछ ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर। |

### *१४. टोकन सिस्टम मेसिन खरिद तथा व्यवस्थापन (खर्च शिर्षक नं.: ३११३४, क्रियाकलाप कोड: ११.३.२२.२४)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | ओपीडीका विरामीहरुको व्यवस्थित क्रमबद्द जाँचपड्तालको लागि टोकन सिस्टम मेसिन खरिद तथा व्यवस्थापन हुने। |
| अपेक्षित उपलब्धि | टोकन सिस्टम मेसिन खरिद तथा व्यवस्थापन भई पालैपालो ओपीडीका विरामीहरुको चेकजाँच सुलभ सहज र झन्झटरहित हुने। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका अस्पतालले टोकन सिस्टम मेसिन खरिद तथा व्यवस्थापन गरी सेवा सञ्चालन गर्नुपर्नेछ ।<br>• खरिद गर्नुपर्ने टोकन सिस्टम मेसिन आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• टोकन सिस्टम मेसिन जडान गर्दा प्रतिस्पर्धी हुनेगरी सम्बन्धित प्राविधिक इन्जिनियरबाट स्पेसिफिकेसन तयार गर्नुपर्नेछ र ISO र CE प्रमाणित भएको सुनिश्चित गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल ईन्जिनियर बाट आधिकारिक स्पेसिफिकेसन प्रमाणित गरी मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। सम्पुर्ण प्रक्रिया पश्चात सेवा सुचारुको सुनिश्चितता गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | संखुवासभा अस्पताल। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली ( e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |

## *९५. सिटिस्क्यान मेसिन खरिद (खर्च शिर्षक नं.: ३११३४, क्रियाकलाप कोड: ११.३.९.११९)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय, बैज्ञानिक र प्रभावकारी रुपमा डायग्नोस्टिक सेवा विस्तार गर्न सिटिस्क्यान मेसिन खरिद गर्ने। |
| अपेक्षित उपलब्धि | सिटिस्क्यान मेसिन खरिद भई विरामिहरुको रोग पत्ता लगाउन सहज हुने साथै अस्पतालको न्युनतम सेवा मापदण्ड स्कोर सुधार हुन मदत पुग्नेछ। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका जिल्ला अस्पतालले कम्तीमा पनि १२८ Slice, ६४ rows detector को CT Scan मेसिन खरिद तथा जडान गरी सञ्चालन गर्नुपर्नेछ ।<br>• मेसिन खरिद गर्दा प्रदेशभित्रका बायोमेडिकल ईन्जिनियर र रेडियोलोजिष्टको टिमबाट USFDA ISO/CE प्राप्त हुनेगरी स्पेसिफिकेसन बनाउनु पर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ। |

| | |
|---|---|
| | • खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियर र रेडियोलोजिष्टबाट अनिवार्य रुपमा गराई प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली ( e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | संखुवासभा अस्पताल। |

### *९६. सिसिटिबि खरिद तथा जडान (खर्च शिर्षक नं: ३११३४, क्रियाकलाप कोड: ११.३.२२.२५)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | स्वास्थ्य सेवा तथा प्रशासनिक सेवामा पारदर्शिता साथै अस्पताल विरामी र कर्मचारीको सुरक्षाको लागि सिसिटिबि खरिद तथा जडान गर्ने। |
| अपेक्षित उपलब्धि | सिसिटिबि खरिद तथा जडान भई सुरक्षा र पारदर्शिताको सुनिश्चितता हुनेछ। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रममा बजेट विनियोजित भएका अस्पतालले सिसिटिबि खरिद तथा जडान गरी सेवा सञ्चालन गर्नुपर्नेछ ।<br>• सिसिटिबि खरिद गर्दा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल ईन्जिनियर सहित सम्बन्धित विषय विज्ञ को टिम बाट स्पेसिफिकेसन ISO/CE तयार गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियर र सम्बन्धित विषय विज्ञ बाट गराउनु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | • खरिद प्रक्रिया सम्पन्न पश्चात अनलाइन सूचना प्रणाली (e-LMIS /PAMS) मा प्रविष्ठ गर्नुपर्नेछ।<br>• खरिद प्रक्रिया सम्पन्न पश्चात सो औजार उपकरणबाट स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरी सम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ |
| सञ्चालन गर्ने निकाय | संखुवासभा अस्पताल। |

### *९७. स्वास्थ्यकर्मीहरुको NICU/ICU Exposure (खर्च शिर्षक नं: २२५१२, क्रियाकलाप कोड: २.७.२२.१३२१)*

| शिर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| उद्देश्य | ICU/NICU सेटअप भएका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको Exposure साथै क्षमता अभिवृद्धिका लागि ICU/NICU सञ्चालनमा आइसकेका संस्थाहरुमा Practical Orientation/Training गराई स्वास्थ्यकर्मीहरुको NICU/ICU Exposure गराउने। |
| अपेक्षित उपलब्धि | स्वास्थ्यकर्मीहरुको NICU/ICU Exposure गराई स्वास्थ्य संस्थामा ICU/NICU सुचारु र गुणस्तरीय रुपले संचालन हुन र अन्यत्र प्रेषण नभईकन सेवाग्राहीको उपचार संस्थामै हुन मदत पुग्नेछ। |
| सञ्चालन प्रक्रिया | • ICU/NICU सेटअप भएका अथवा ICU/NICU को लागि प्रस्तावित स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिवृद्धिको लागि बजेट नियोजित जिल्लामा भएका अस्पतालमा NICU/ICU Exposure गराउन पर्नेछ।<br>• यस कार्यक्रम प्रदेश मातहतका अस्पताल, स्थानीय तहका अस्पताल, स्वास्थ्य चौकी, लगायतका संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई १५ दिन वा आवश्यक्ताको आधारमा NICU/ICU एक्सपोजर प्रादेशिक अस्पताल भद्रपुर, संखुवासभा अस्पताल, उदयपुर अस्पताल र जिल्ला अस्पताल धनकुटामा गराउनुपर्नेछ ।<br>• प्रदेश मातहतका अस्पताल, हिमाली र पहाडी जिल्ला स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी एक्सपोजर गराउनुपर्नेछ।<br>• यस कार्यक्रममा विनियोजन भएको बजेटबाट बजेट विनियोजन भएको अस्पतालमा एक्सपोजरमा आउने स्वास्थ्यकर्मीलाई दैनिक भ्रमणभत्ता, खाजा, सिकाउने सम्बन्धित अस्पतालका स्वास्थ्यकर्मीलाई स्थानीय भत्ता तथा खाजामा खर्च गर्नुपर्नेछ।<br>• सहभागीको सूची तयार गर्दा सेवाग्राही बढी आउने अस्पताल तथा पहिला प्रदेश मातहतका अस्पतालमा कम्तीमा २ जना हुनेगरी र त्यसपछि हिमाली र पहाडी जिल्लाका दुर्गम स्वास्थ्य संस्थाहरुलाई प्राथमिकतामा राखेर तयार गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक अस्पताल भद्रपुर, संखुवासभा अस्पताल, उदयपुर अस्पताल र जिल्ला अस्पताल धनकुटा। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम समन्पन्न भएपछि पृष्ठपोषण सहितको विस्तृत कार्यसम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालय अनिवार्य पठाउनुपर्नेछ। साथै स्वास्थ्य निर्देशनालयले ४ वटा अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |

### *१८. क्लिनिकल तालिम साइट सुदृढीकरण (खर्च शिर्षक: २२५२२, क्रियाकलाप कोड: २.५.११.४१)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय, बैज्ञानिक र प्रभावकारी रुपमा क्लिनिकल तालिम साईट व्यवस्थापन र सञ्चालनका लागि कायम रहेका तालिम साइटहरुलाई थप व्यवस्थित, विकसित र विस्तारित गर्दै जाने। |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | गुणस्तरीय र प्रभावकारी क्लिनिकल तालिम व्यवस्थापन र सञ्चालनका लागि सूचीकृत भएका तालिम साइटहरुलाई अनुदान उपलब्ध हुनेछ र तालिम साइटहरू थप व्यवस्थित, विकसित र विस्तारित हुनेछन् । |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य तालिम केन्द्रले प्रदेश भित्रका क्लिनिकल साईटहरुसँग नियमित सम्पर्क गर्ने ।<br>• तालिम सञ्चालन भईरहेका बेला स्वास्थ्य तालिम केन्द्र, स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य निर्देशनालयबाट तालिम गुणस्तरको नियमित अनुगमन गर्ने ।<br>• तालिमका अद्यावधिक विषयवस्तुहरुले माग गरे अनुरुपका औजार, उपकरण वा प्रविधिको लेखाजोखा गर्ने ।<br>• वास्तविक आवश्यकता पहिचान गरी क्लिनिकल तालिम साइटका लागि आवश्यक पर्ने विद्युतीय उपकरण तथा तालिमको विषय सान्दर्भिक क्लिनिकल औजारहरु खरिद र साइटको वाइरिङ्ग, प्लम्बिङ्ग एवं इन्टरनेट जडानका लागि खर्च स्वीकृत गराई यो बजेटको सदुपयोग गर्नु पर्नेछ ।<br>• तालिम साइट स्थापना भए पश्चात स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन बुझाउनुपर्नेछ ।<br>• प्रदेश भरीका कम्तीमा सरकारि स्वास्थ्य संस्था (स्थानीय तथा प्रदेश) मा कार्यरत कर्मचारिले हालसम्म लिएको तालिमको विस्तृत विवरण Training management Information System (TIMS) मा अनिवार्य Entry गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | तालिम साइट सुदृढीकरणका लागि गरिएका गतिविधिहरु पश्चात सो प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| कार्यक्रम सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य तालिम केन्द्र। |

## *१९. क्लिनिकल तालिम साइट सुदृढीकरण (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.५.११.४१)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय, बैज्ञानिक र प्रभावकारी रुपमा क्लिनिकल तालिम साईट व्यवस्थापन र सञ्चालनका लागि कायम रहेका तालिम साइटहरुलाई थप व्यवस्थित, विकसित र विस्तारित गर्दै लैजाने। |
| अपेक्षित उपलब्धि | तालिम साइटहरुबाट गुणस्तरीय रुपमा क्लिनिकल तालिम संचालन हुने। |
| सञ्चालन प्रक्रिया | • बजेट विनियोजन भएका क्लिनिकल साईटहरुको नियमित अनुगमन नियमन गरी मापदण्ड पूरा भए/नभएको यकिन गरी तथ्याङ्कको अध्यावधिक अभिलेख राखे।<br>• तालिमका अद्यावधिक विषयवस्तुहरुले माग गरे अनुरुपका औजार, उपकरण वा प्रविधिको लेखाजोखा गर्ने।<br>• वास्तविक आवश्यकता पहिचान गरी क्लिनिकल तालिम साइटका लागि आवश्यक पर्ने विद्युतीय उपकरण तथा तालिमको विषय सान्दर्भिक क्लिनिकल औजारहरु आवश्यक भएमा सम्बन्धित निकायबाट माग भए अनुरुप औचित्य पुँष्टयाइ र |

| | |
|---|---|
| | प्राथमिकताका आधारमा सो सामग्रीको व्यवस्थापन गरी सम्बन्धित तालिम साइटमा हस्तान्तरण तथा जडान गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम समन्पन्न भएपछि पृष्ठपोषण सहितको विस्तृत कार्यसम्पन्न प्रतिवेदन स्वास्थ्य निर्देशनालय अनिवार्य पठाउनुपर्नेछ। साथै स्वास्थ्य निर्देशनालयले २ वटै अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | संखुवासभा अस्पताल र धनकुटा अस्पताल। |

### *१००. सेवा निरन्तरताका लागि विशेषज्ञ चिकित्सक करार (खर्च शिर्षक नं: २२४१९, क्रियाकलाप कोड: २.५.१०.१७)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय/ पृष्ठभूमि | हालको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका पद तथा जनशक्तिको कमीभएको कारण गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा कमी हुने वा सेवा अबरुद्ध हुने भएको हुनाले त्यस्ता जिल्लाहरुमा विशेषज्ञ चिकित्सकहरु करारमा नियुक्ति गरी सेवा प्रभावकारी बनाउन यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | स्वीकृत दरबन्दी संरचना अनुसार रिक्त रहेको विशेषज्ञ चिकित्सक पदमा पदपूर्ति गर्ने। |
| अपेक्षित उपलब्धी | विशेषज्ञ चिकित्सक करार भई कार्यालयको सेवा प्रवाह विशिष्टिकृत स्वास्थ्य सेवा प्रभावकारी रुपमा उपलब्ध हुने साथै जनसमुदायमा विशिष्टिकृत स्वास्थ्य सेवाको सर्वब्यापि पहुँचमा सहजीकरण हुने। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि,२०७९ बमोजिम प्रदेश स्वास्थ्य मन्त्रालयबाट करार नियुक्ति भई आएका विशेषज्ञ चिकित्सकलाई करार सम्झौता अनुसार तोकिएको अवधिको तलव भत्ता प्रदान गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व. मा प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि,२०७९ बमोजिम प्रदेश स्वास्थ्य मन्त्रालयबाट करार नियुक्ति भई आएका विशेषज्ञ चिकित्सक कार्यरत रहेको र करार म्याद थप आवश्यक भएमा र निज कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा करार निरन्तरताका लागि स्वास्थ्य मन्त्रालयमा कार्य सम्पादन मूल्याङ्कन फारम सहित सिफारिस गरी पठाउने र स्वास्थ्य मन्त्रालयले आवश्यक अध्ययन गरी पुन करार निरन्तरता गर्न सक्नेछ।<br>• सो करार निरन्तरता गरेका विशेषज्ञ चिकित्सकलाई समेत सम्बन्धित अस्पतालले यसै शिर्षकबाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | करार प्रक्रियाबाट नियुक्त भई आएका कर्मचारीको विवरण, कार्य प्रगतिको जानकारी स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले सबै अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक अस्पताल भद्रपुर, इलाम अस्पताल, संखुवासभा अस्पताल, उदयपुर अस्पताल, ईनरूवा अस्पताल। |

## १०१. मेडिकल ल्याब टेक्नोलोजिकष्ट (खर्च शिर्षक नं: २२४१९, क्रियाकलाप कोड: २.५.१०.२५)

| शिर्षक | विवरण |
|---|---|
| परिचय/ पृष्ठभूमि | हालको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका पद तथा जनशक्तिको कमीभएको कारण सेवा संचालनमा असर पर्ने भएकोले त्यस्ता अस्पतालहरुमा मेडिकल ल्याब टेक्नोलोजिष्ट करारमा नियुक्ति गरी सेवा प्रभावकारी बनाउन यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | स्वीकृत दरबन्दी संरचना अनुसार रिक्त रहेको मेडिकल ल्याब टेक्नोलोजिकष्ट पदमा पदपूर्ति गर्ने। |
| अपेक्षित उपलव्धी | मेडिकल ल्याब टेक्नोलोजिकष्ट करार भई प्रयोगशाला सेवा प्रवाह र स्वास्थ्यका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि, २०७९ बमोजिम प्रदेश स्वास्थ्य निर्देशनालयबाट करार नियुक्ति भई आएका मेडिकल ल्याब टेक्नोलोजिकष्टहरूलाई करार सम्झौता अनुसार तोकिएको अवधिको तलव भत्ता प्रदान गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व. मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थपका लागि कार्य सन्तोषजनक भएमा निज मेडिकल ल्याब टेक्नोलोजिकष्टको करार निरन्तरताका लागि स्वास्थ्य निर्देशनालयमा कार्य सम्पादन मुल्याङ्कन फारम समेत राखी सिफारिस गर्नुपर्नेछ।<br>• सो करार निरन्तरता गरेका कर्मचारिलाई समेत सम्बन्धित अस्पतालले यसै शिर्षकबाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |
| प्रतिवेदन प्रणाली | करार प्रक्रिया बाट नियुक्त भई आएका कर्मचारीको विवरण, कार्य प्रगतिकोजानकारी स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | ताप्लेजुङ्ग अस्पताल,पाँचथर अस्पताल ,इनरुवा अस्पताल,धनकुटा अस्पताल,ओखलढुङ्गा अस्पताल,खोटाङ्ग अस्पताल,तेह्रथुम अस्पताल,भोजपूर अस्पताल,सोलुखुम्बु अस्पताल र इलाम अस्पताल। |

## १०२. स्वास्थ्यकर्मी करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड : २.५.१०.१५)

| शिर्षक | विवरण |
|---|---|
| परिचय/ पृष्ठभूमि | हालको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका पद तथा थप जनशक्तिको कमी भएको कारण सेवा संचालनमा असर पर्ने भएकोले त्यस्ता अस्पताल, जिल्ला अस्पताल साथै स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मी करारमा नियुक्ति गरी सेवा प्रभावकारी बनाउन यो शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गर्ने र स्वास्थ्य सेवा प्रभावकारी बनाउने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्यकर्मीहरु करार भई कार्यालयको सेवा प्रवाह र स्वास्थ्यका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि,२०७९ (प्रचलित) बमोजिम करार नियुक्ति भई आएका स्वास्थ्यकर्मीहरुलाई करार सम्झौता अनुसार तोकिएको अवधिको तलव भत्ता प्रदान गर्नुपर्नेछ।<br>• सो कार्यविधि अनुसार यस अघि नै सेवा करारमा नियुक्ति भई कार्य सन्तोषजनक भएको पाइएमा सम्बन्धित निकायले सेवा करार निरन्तरता गर्न सक्नेछ।<br>• सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व.मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थप भएका स्वास्थ्यकर्मीहरुको समेत सम्बन्धित कार्यालयले यसै शिर्षक बाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भई आएका कर्मचारी लाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ ।<br>• स्वास्थ्य मन्त्रालय मातहतका सबै कार्यालयले सम्पूर्ण करारको विवरण अनिवार्य स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाँउनु पर्नेछ ।स्वास्थ्य निर्देशनालयले सम्पुर्ण करारको एकीकृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन। |
| प्रतिवेदन प्रणाली | करार प्रक्रिया बाट नियुक्त भई आएका कर्मचारीको विवरण, कार्य प्रगतिको जानकारी स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | सबै अस्पतालहरु। |

## १०३. बायोमेडिकल ईन्जिनियर करार (खर्च शिर्षक नं.: २२४१९, क्रियाकलाप कोड: २.५.१०.१)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलब्धि | पर्याप्त जनशक्ति व्यवस्थापनले अस्पतालहरूबाट प्रदान गरिने गुणस्तरीय सेवामा निरन्तरता दिन सकिनेछ। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रचलित कर्मचारी करार कार्यविधि बमोजिम करार नियुक्ती भएका बायोमेडिकल इन्जिनियर लाई करार सम्झौता अनुसार तोकिएको अवधिको तलव भत्ता प्रदान गर्नुपर्नेछ।<br>• सो कार्यविधि अनुसार यस अघि (आ.व. २०८०/०८१) नै सेवा करारमा नियुक्ति भई कार्य सन्तोषजनक भएमा सम्बन्धित कार्यालयले सेवा करार निरन्तरता गर्न सक्नेछ।<br>• सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व.मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थप भएका समेत बायोमेडिकल इन्जिनियर लाई बजेट विनियोजन भएका सम्बन्धित कार्यालयले यसै शिर्षक बाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भएका कर्मचारीलाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन।. |
| प्रतिवेदन प्रणाली | करार कार्य सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति ब्यबस्थापन केन्द्र, बिराटनगर र प्रादेशिक अस्पताल, भद्रपुर। |

### १०४. BMET करार (खर्च शिर्षक नं: २२४१९, क्रियाकलाप कोड: २.५.१०.२६)

| शिर्षक | विवरण |
|---|---|
| परिचय/पृष्ठभूमि | सेवा प्रभावकारी बनाउन रिक्त पदहरु करार नियुक्त गर्दा अपनाउनु पने प्रक्रियाहरूमा सहज , गुणस्तर र प्रभावकारिताको लागि यो बजेटको ब्यवस्था गरिएको हो । |
| उद्देश्य | गुणस्तरीय नियमित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि medical equipment को मर्मतसम्भार गर्न BMET करार गर्ने। |
| अपेक्षित उपलब्धि | चालु आ.व. मा बजेट विनियोजन गरे अनुरुप कोशी प्रदेश अन्तरगतका स्वास्थ्य निकायहरुमा रिक्त दरबन्दी तथा medical equipment को मर्मतसम्भारका लागि करार गर्नुपर्ने BMET नियुक्त गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि,२०७९ (प्रचलित) बमोजिम प्रदेश करार नियुक्ती भएका BMET लाई करार सम्झौता अनुसार तोकिएको अवधिको तलव भत्ता प्रदान गर्नुपर्नेछ।<br>• सो कार्यविधि अनुसार यस अघि (आ.व. २०८०/०८१) नै सेवा करारमा नियुक्ति भई कार्य सन्तोषजनक भएमा सम्बन्धित कार्यालयले सेवा करार निरन्तरता गर्न सक्नेछ। |

| | |
|---|---|
| | • सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व.मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको र करार म्याद थप भएका समेत BMET लाई बजेट विनियोजन भएका सम्बन्धित कार्यालयले यसै शिर्षक बाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भएका कर्मचारीलाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन।. |
| प्रतिवेदन प्रणाली | करार गरे पश्चात सो को विस्तृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई। |
| सञ्चालन गर्ने निकाय | बजेट विनियोजन भएका अस्पतालहरु, प्रदेश आपुर्ति स्वास्थ्य व्यवस्थापन केन्द्र। |

### *१०५. सेवा निरन्तरताका लागि फिसियोथेरापिस्ट करार (खर्च शिर्षक नं: २२४१९, क्रियाकलाप कोड: २.५.१०.१३)*

| शिर्षक | विवरण |
|---|---|
| परिचय/पृष्ठभूमि | सेवा प्रभावकारी बनाउन रिक्त पदहरु करार नियुक्त गर्दा अपनाउनु पने प्रक्रियाहरूमा सहज , गुणस्तर र प्रभावकारिताको लागि यो बजेटको ब्यवस्था गरिएको हो । |
| उद्देश्य | गुणस्तरीय नियमित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विरामीहरुको फिजियोथेरापी गर्न BMET करार गर्ने। |
| अपेक्षित उपलब्धि | चालु आ.व. मा बजेट विनियोजन गरे अनुरुप कोशी प्रदेश अन्तरगतका स्वास्थ्य निकायहरुमा रिक्त दरबन्दी आपुर्ति तथा फिसियोथेरापि सेवाका लागि करार गर्नुपर्ने फिसियोथेरापिस्ट नियुक्त गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश सरकारको प्रचलित स्वास्थ्यकर्मी करार कार्यविधि र "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधिमा भएको व्यवस्था अनुरुप स्वास्थ्य निर्देशनालयले करार प्रक्रिया मार्फत पदपूर्ती गर्नुपर्ने जनशक्तिलाई सेवा करारमा लिनुपर्नेछ।<br>• करार नियुक्ति गर्दा निर्देशनालयले बिभिन्न निकायमा रिक्त रहेका पद सो का लागि सम्बन्धित कार्यालयमा चालु आ.व. का लागि तलव भत्ता बापतको बजेट विनियोजनभएकोसुनिश्तित गरी विवरण तयार गर्नुपर्नेछ ।<br>• सेवा करारमा लिने पदहरुको बिज्ञापन गर्ने, परीक्षा संचालन खर्च लगायत नतिजा प्रकाशन गर्दा सम्म लाग्ने सम्पूर्ण खर्च लोकसेवाले सञ्चालन गर्ने निर्देशिका / प्रदेशको कार्यविधि बमोजिम गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | करार गरे पश्चात सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई । |
| सञ्चालन गर्ने निकाय | बजेट विनियोजन भएका अस्पतालहरु। |

## १०६. फिजियोथेरापि सहायक करार (खर्च शिर्षक नं : २२४१९, क्रियाकलाप कोड : २.५.१०.२७)

| शिर्षक | विवरण |
|---|---|
| परिचय/पृष्ठभूमि | सेवा प्रभावकारी बनाउन रिक्त पदहरु करार नियुक्त गर्दा अपनाउनु पने प्रक्रियाहरूमा सहज , गुणस्तर र प्रभावकारिताको लागि यो बजेटको ब्यवस्था गरिएको हो । |
| उद्देश्य | गुणस्तरीय नियमित र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि विरामीहरुको फिजियोथेरापी गर्न फिजियोथेरापि सहायक करार गर्ने। |
| अपेक्षित उपलब्धि | चालु आ.व. मा बजेट विनियोजन गरे अनुरुप कोशी प्रदेश अन्तरगतका स्वास्थ्य निकायहरुमा रिक्त दरबन्दी आपुर्ति तथा फिसियोथेरापि सेवाका लागि करार गर्नुपर्ने फिसियोथेरापि सहायक नियुक्त गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह हुनेछ। |
| सञ्चालन प्रक्रिया | • करार नियुक्ति गर्दा निर्देशनालयलेबिभिन्न निकायमा रिक्त रहेका पद सो का लागि सम्बन्धित कार्यालयमा चालु आ.व. का लागि तलव भत्ता बापतको बजेट विनियोजनभएकोसुनिश्चित गरी विवरण तयार गर्नुपर्नेछ ।<br>• सेवा करारमा लिने पदहरुको बिज्ञापन गर्ने, परीक्षा संचालन खर्च लगायत नतिजा प्रकाशन गर्दा सम्म लाग्ने सम्पूर्ण खर्च लोकसेवाले सञ्चालन गर्ने निर्देशिका / प्रदेशको कार्यविधि बमोजिम गर्नुपर्नेछ।<br>• प्रादेशिक अस्पताल भद्रपुर, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, जिल्ला अस्पताल ईनरूवा र उदयपुर अस्पतालले एक/एक जना फिजियोथेरापि सहायक करार सेवामा लिनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | करार गरे पश्चात सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयलाई र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई । |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक अस्पताल भद्रपुर, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, जिल्ला अस्पताल ईनरूवा र उदयपुर अस्पताल। |

## १०७. करार कर्मचारी पोशाक खर्च (खर्चशिर्षक नं: २२४१९, क्रियाकलापकोड: २.५.१०.६)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | करारका कर्मचारीहरुको कार्यउत्प्रेरणा उच्च राख्न र पेशागत एकरुपता बनाउन करार कर्मचारी पोशाक खर्च प्रदान गर्ने। |
| अपेक्षित उपलब्धि | करारका कर्मचारीहरुले पोशाक खर्च प्राप्त गरी निजामति पोशाकमा कार्यालयमा सेवा प्रदान गर्ने। |
| सञ्चालन प्रक्रिया | • अस्पतालहरूले यस शिर्षकमा विनियोजित बजेटबाट स्वास्थ्य सेवाका करारका कर्मचारीहरुलाई पोशाक खर्च दिने वा निरन्तरता दिनुपर्नेछ।<br>• विनियोजित बजेट बाट तोकिएको करार नियुक्त कर्मचारी लाई नियमानुसार वर्षमा एक पटक तोकिएको रकम नगदै सोही महिनाको तलव भत्ता संगै उपलब्ध गराउने<br>• यसरि भुक्तानी भएको खर्च विवरण आर्थिक प्रशासन शाखाले अद्यावधिक गरी राख्ने |
| प्रतिवेदन प्रणाली | अस्पतालहरुले सो को प्रतिवेदन स्वास्थ्य निर्देशनालयलाई र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई । |

| | |
|---|---|
| सञ्चालन गर्ने निकाय | सबै अस्पतालहरु। |

### १०८. आङ्ग खस्ने समस्या भएका महिलाहरूको निःशुल्क शल्यक्रिया कार्यक्रम (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.११)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आङ्ग खस्ने समस्या (POP)बाट पिडित महिलाहरूको पाठेघर लगायतका अंगहरुको स्वास्थ्यमा थप जटिलता आउन नदिन निःशुल्क शल्यक्रिया र उपचारको व्यवस्था मिलाउने। |
| अपेक्षितउपलब्धि | आङ्ग खस्ने समस्या (POP)बाट पिडित महिलाहरूलाई निःशुल्क र सहज रूपमा शल्यक्रिया सेवा प्राप्त भई वृद्धावस्थाको स्वास्थ्य साथै जीवनको गुणस्तर (Quality Adjusted Life Years) वृद्धि हुने । |
| सञ्चालनप्रक्रिया | • आङ्ग खस्ने समस्याको शल्यक्रिया व्यवस्थापन गर्न अस्पतालमा एक जना स्वास्थ्यकर्मी सम्पर्क व्यक्ति तोकी जिम्मेवारी दिनुपर्नेछ ।<br>• अस्पतालले स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयसँग समन्वय गरी सम्भावित आङ्ग खस्ने समस्या भएका महिलाहरूको विवरण तयार गर्नुपर्नेछ ।<br>• शल्यक्रियाको मिति तय गरी सम्बन्धित स्थानीय तहलाई पत्राचार गर्ने र आम सञ्चारका माध्यमबाट सूचना प्रशारण गर्नुपर्नेछ ।<br>• अस्पतालहरूले "पाठेघर उपचार सम्बन्धी खस्ने समस्याको रोकथाम (आङ्ग) , कार्यविधि निर्देशिका-२०६५ (दोस्रो संशोधन २०६८)"बमोजिमको व्यवस्था र विनियोजित बजेटको परिधि भित्र रही अस्पताल स्वयंले कार्यसंचालन गर्नुपर्नेछ ।<br>• यस शिर्षकमा विनियोजित बजेटबाट स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी हात्तीपाईले रोगको प्रकोप बढी भएको स्थान छनौट गर्नुपर्नेछ।<br>• छनौट भएका स्थानीय तहहरुमा आङ्ग खस्ने रोगीहरुको पहिचान गर्न स्थानीय तहको समन्वयमा वडा स्तरमा स्वास्थ्यकर्मी, जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्नु पर्दछ ।<br>• त्यस्ता समुदायमा आङ्ग खस्ने बारेमा जानकारीमूलक विवरण समावेश गरी पर्चा पम्प्लेट तयार गरी उपलब्ध गराउनु पर्दछ।<br>• स्वास्थ्य संस्था मार्फत समुदायमा रहेका आङ्ग खस्ने विरामीहरुको विवरण संकलन गर्न स्वास्थ्य कार्यालयले फारम/रजिष्टर तयार गरी उपलब्ध गराउनु पर्दछ।<br>• प्राप्त विवरणको आधारमा थप उपचार, निःशुल्क शल्यक्रियाको लागि सरकारी अस्पताल लाई प्राथमिकतामा राखी स्वास्थ्य कार्यालयले विनियोजित बजेटको परिधिभित्र रही सेवा प्रदान गर्न सक्ने सरकारी, नीजि तथा सहकारी अस्पताल, मेडिकल कलेजसँग प्रचलित नियमानुसार शल्यक्रिया सेवा प्रदान गर्ने सम्झौता गर्नुपर्नेछ।<br>• निजी, सहकारी तथा मेडिकल कलेजहरुबाट अधिकतम रू ७००० ।०० भित्र सेवा प्रदान गर्न आसय/कोटेसन लिएर प्रतिस्प्रधात्मक प्रक्रियाबाट दर रेट निर्धारण गरी सम्झौता गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • उपचार तथा शल्यक्रियाका लागि निःशुल्क सेवा प्रदान गर्न सम्झौता भएका अस्पतालहरुमा प्रेषण गर्न स्वास्थ्य संस्थाहरुलाई जानकारी गराउने साथै स्थानीय एफ.एम./ रेडियो/ भिडियो बाट समेत सूचना प्रवाह गर्ने<br>• आङ्ग खस्ने शल्यक्रियाको स्थानीय रूपमा प्रचार प्रसारका लागि निःशुल्क सेवा, सेवा प्रदायक अस्पताल, शल्यक्रियाको फाइदा आदि लगायत प्रचलित ऐन तथा नियम अनुसार स्थानीय एफ.एम. रेडियोहरुमा सूचना प्रसारण, व्यानर तथा अन्य सन्देश सामाग्री तयार गर्नका लागि खर्च गर्न सकिनेछ।यस कार्यका लागि बढीमा रु.५००००।- (रूपियाँ पचास हजार सम्म मात्र।-) खर्च गर्न सकिनेछ। अपुग भएमा स्थानीय तह, साझेदार निकायहरुसँग समन्वय गर्नु पर्दछ।<br>• शल्यक्रिया सेवा बापत सम्झौता गरेका अस्पताललाई प्रतिकेश रु.७०००।००(रू, सात हजार मात्र) का दरले शोधभर्ना रकम उपलब्ध गराउनुपर्नेछ।प्रति केश छुट्याइएको रकमबाट नै विरामी लाई शल्यक्रिया गर्दा र सो पश्चात लाग्ने आवश्यक औषधि तथा अन्य सामाग्री साथै व्यवस्थापन जस्तै औषधि तथा औषधिजन्य सामाग्री, लठ्याउने औषधि (एनास्थेसिया),एन्टीबायोटिक,एन्टीसेप्टिक, सुचर सामाग्री, कटनगज, ब्लेड, गाउन आदी कटनगज ब्लेड, गाउनआदि परीक्षण (प्रयोगशाला तथा रेडियोलोजिकल जाँच), र अपरेशन कार्यका लागि प्रत्यक्ष रूपमा संलग्न हुने कर्मचारीका लागि प्रोत्साहन खर्च समेत यसै रकम बाट व्यबस्था गर्नु पर्नेछ ।<br>• अपरेशन गरेका विरामीलाई कुनै जटिलता भएमा समेत यही बाँडफाँडको परिधि भित्र रही व्यवस्थापन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | शल्यक्रिया गरिएका सेवाग्राहीहरूको विवरण HMIS को प्रजनन रूग्णता रजिष्टर र DHIS २ मा प्रविष्ट गर्नुपर्नेछ । सेवाग्राहीहरूको विवरण अस्पतालहरूले त्रैमासिक रूपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालयमा अनिवार्य रूपमा बुझाउनपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक अस्पताल भद्रपुर,ईलाम अस्पताल, संखुवासभा अस्पताल,उदयपुर अस्पताल, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, जिल्ला अस्पताल धनकुटा। |

### *१०९. प्रदेश स्तरीय स्वास्थ्य संस्था तथा सरकारी अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड : २.७.२२.३५)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवाका लागि न्युनतम सेवा मापदण्डको समीक्षा गर्ने र सुधारका लागि कार्ययोजना बनाउने। |
| अपेक्षितउपलब्धि | अस्पतालहरुबाट प्रदान गरिने सेवाहरुको गुणस्तर अभिबृद्धि हुनेछ। |
| सञ्चालनप्रक्रिया | • नेपाल सरकार द्वारा स्वीकृत बिभिन्न तहका अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) अनुसार अस्पतालमा तोकिए बमोजिम समिति गठन गर्नुपर्नेछ।<br>• उक्त समितिको बैठक प्रत्येक त्रैमासिकको पहिलो महिनामा बसी अस्पतालको सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षहरुको आन्तरिक मूल्याङ्कन र हाल सम्मको कार्यान्वयनको अवस्था बारे लेखाजोखा गरी अभिलेख राख्नुपर्नेछ। |

| | |
|---|---|
| | • आन्तरीक मूल्याङ्कनका आधारमा सुधार गर्नुपर्ने पक्षहरु पहिचान गरी कार्ययोजना बनाई लागु गर्नुपर्नेछ। कार्ययोजनामा समयसीमा र जिम्मेवार व्यक्ति अनिवार्य तोक्नुपर्नेछ। उक्त बैठक संचालन वापत प्रति व्यक्ति रू. २०० मा नबढ्ने गरी यसै शिर्षकबाट खर्च गर्न सकिनेछ।<br>• प्रत्येक वर्ष स्वास्थ्य निर्देशनालयको समन्वयमा न्यूनतम सेवा मापदण्डको संयुक्त लेखाजोखा तथा मूल्याङ्कन गर्नुपर्नेछ र सोको लागि सम्बन्धित श्रोतव्यक्ति<br>• कर्मचारीलाई परिचालन गर्न दैनिक भ्रमण भत्ता वापतको रकम यस शिर्षकबाट भुक्तानी गर्नुपर्नेछ।<br>• यस शिर्षकमा विनियोजित बाँकी रहेको रकमबाट अस्पतालहरुले कार्ययोजनामा उल्लेखित सुधार गर्नुपर्ने पक्षहरुको लागि खर्च गर्न सकिनेछ। जस्तैः CPD/CME, सामाजिक परीक्षण (Social Audit), Clinical Audit, QI Committee आदि।<br>• यस शिर्षकमा विनियोजित बजेटबाट कर्मचारी राख्न पाइने छैन। |
| सञ्चालनगर्नेनिकाय | सबै अस्पतालहरू |
| प्रतिवेदन प्रणाली | अस्पतालहरुले प्रत्येक पटक गरेको मूल्याङ्कन र कार्ययोजनाको विस्तृत विवरण स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले प्रदेश भरिको अस्पतालहरूको एकमुष्ठ विवरण त्रैमासिक रूपमा स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |

### ११०. *Maternity Waiting Home* (प्रसुति प्रतिक्षा कक्ष) सञ्चालन खर्च (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड: २.७.२२.२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | मातृ तथा नवशिशु मृत्युका कारणको ३ ढिलाईहरु कम गरी मातृ तथा शिशु रुग्णता दर साथै मृत्यु दर कम गर्ने र गर्भवती, प्रसव र सुत्केरी अवस्थामा जटिलता पहिचानको लागि र निगरानीमा राख्नुपर्ने गर्भवती र सुत्केरी आमा तथा नवजातशिशुका लागि आवास सेवा उपलब्ध गराउने । |
| अपेक्षित उपलब्धि | गर्भवती र सुत्केरी आमा तथा नवजातशिशुका लागि आवास सेवा उपलब्ध गराई हुनसक्ने जटिलताहरूको समयमै पहिचान गरी गर्भवती तथा सुत्केरी महिलाहरूले समयमै उपचार सेवा प्राप्त गर्ने र मातृ तथा शिशु रुग्णता दर र मृत्यु दर कम हुनेछ । |
| सञ्चालन प्रक्रिया | • बजेट विनियोजन भएका अस्पतालहरुले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागद्वारा जारी गरिएको “हिमाली तथा पहाडी जिल्लाहरूमा गर्भवती तथा सुत्केरी महिलाहरूका लागि आवास गृहसेवा संचालन निर्देशिका, २०७८” बमोजिम कार्यसंचालन गर्नुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | अस्पतालहरुले यस शिर्षकमा विनियोजित रकमबाट सेवा पाएका महिलाहरूको विवरण त्रैमासिक रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालय समक्ष अनिवार्य पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | इलाम अस्पताल, जिल्ला अस्पताल खोटाङ, र भोजपुर । |

## १११. अस्पतालमा निःशन्तान उपचार सेवा विस्तार तथा सञ्चालनका लागि आवश्यक औषधि तथा औषधिजन्य सामाग्री खरिद (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३१२)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | जिल्लामै निःशन्तान दम्पतीहरुको उपचार सहज बनाउन उक्त सेवा विस्तार तथा तथा सञ्चालन लागि आवश्यक औषधि र औषधिजन्य सामाग्री खरिद गर्ने। |
| अपेक्षित उपलब्धि | आधुनिक चिकित्सा प्रविधि साथै औषधीको प्रयोगबाट सेवाग्राही दम्पतीहरुले आवश्यक उपचार र सन्तान सन्तुष्टि प्राप्त गर्ने। |
| सञ्चालन प्रक्रिया | • यो बजेट तथा कार्यक्रम भएका अस्पतालहरुले स्त्रिरोग विशेषज्ञ भएमा मात्र निःसन्तान उपचार सेवा सुचारु हुने भएकोले सर्वप्रथम स्त्रिरोग विशेषज्ञको सुनिश्चितता गर्नुपर्नेछ।<br>• स्त्रिरोग विशेषज्ञको संयोजकत्वमा निःशुल्क निःसन्तान उपचार सेवा सुचारु र निरन्तरताका लागि आवश्यक केमिकल्स, रिएजेन्ट, औषधी, उपकरणको सुची तयार गरी सो व्यवस्थापनका लागि सम्बन्धित विज्ञ को टिम बाट WHO Good Manufacturing Practices (GMP)/ र औषधिजन्य सामाग्रि खरिद गर्दा USFDA Certified/CE/ISO Certified हुनुपर्नेछ।<br>• औजार उपकरणको हकमा Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• प्रमाणित तथा प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च गर्नुपर्नेछ।<br>• सम्पुर्ण व्यवस्थापनपछि निःशुल्क निःसन्तान उपचार सेवा सुचारु गरी निरन्तरताको सुनिश्चित गर्नुपर्नेछ।<br>• सेवाको बारेमा आम नागरिक सम्म पुर्याउनका लागि बिभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरी निःशुल्क सेवाको बारेमा जानकारी दिनुपर्नेछ।<br>• धनकुटा अस्पतालले IUI समेतको निःशुल्क सेवा र अन्य अस्पतालले IUI र IVF बाहेकको सेवा उपलब्ध गराउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | अस्पतालले माशिक रुपमा सेवा उपलब्ध गराएको विस्तृत विवरण (दम्पति वा व्यक्तिको नाम बाहेक) आफ्नो आधिकारिक वेबसाइटमा राखि सार्वजानिकिकरण गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | संखुवासभा,उदयपुर र धनकुटा अस्पताल। |

## ११२. प्रसुती जटिलताका लागि रिफरल सेवा (खर्च शिर्षक नं: २२५२२, क्रियाकलाप कोड: २.७.२२.४)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | मातृ तथा नवजात शिशु मृत्युदर न्युनीकरण गर्ने। |
| अपेक्षित उपलब्धि | प्रसुति जटिलता भएका महिला तथा जटिल स्वास्थ्य समस्या भएका नवजात शिशुहरुको समयमै प्रेषण भई प्रभावकारी उपचार सेवाबाट मातृ तथा नवजात शिशु मृत्युदर न्युनीकरण हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • यस शिर्षकको बजेट कार्यान्वयनका लागि सर्वप्रथम एम्बुलेन्स तथा सवारी साधनको दर रेट निर्धारण गर्नु पर्नेछ ।<br>• यसका लागि अस्पतालले यातायात व्यवसायी, एम्बुलेन्स संचालक।चालक, सम्बन्धित स्थानीय तहका प्रतिनिधि आदिसँग छलफल गरी नजिकको रिफरल अस्पतालहरूको दुरीका आधारमा दर रेट निर्धारणको निर्णय गराउनु पर्नेछ ।<br>• रिफर गर्दा सम्बन्धित अस्पतालमा व्यवस्थापन हुन नसक्ने र तत्काल उपचार आवश्यक भएका गर्भवती तथा सुत्केरी महिलाहरूलाई आकस्मीक रूपमा रिफर गर्न सकिनेछ ।<br>• यसरी रिफर भएमा प्रत्येक विरामीको रिफरलको कारण र विरामीको अवस्था खुल्ने कागजात (Partograph) को प्रतिलिपी र रिफरल स्लीपको प्रतिलिपी संलग्न गरी अस्पतालमा निवेदन दिए पश्चात प्रेषण खर्च बापतको रकम एम्बुलेन्स।सवारी साधनलाई उपलब्ध गराउनुपर्नेछ ।<br>• रिफर गर्नु परेमा ड्युटीमा रहेको स्टाफले अस्पताल प्रमुख र प्रसुति विभाग प्रमुखसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्नुपर्नेछ ।<br>नोटः आर्थिक रुपले अति बिपन्न परिवारका तत्काल जन्मिएका नवजात शिशुलाई जटिल स्वास्थ्य समस्या देखा परि नवजात शिशु सघन उपचार कक्ष (NICU) मा भर्ना गरी उपचार गर्नु पर्ने भएमा समेत सो को रेफरका लागि यसै कार्यक्रमबाट खर्च गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | अस्पतालहरुले यस शिर्षकमा विनियोजित रकमबाट प्रेषण सेवा पाएका विरामीहरुको विवरण अस्पतालको सूचना पाटीमा मासिक रुपमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्नेछ र सो को प्रतिवेदन त्रैमासिक रुपमा स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालय समक्ष अनिवार्य पेश गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक अस्पताल भद्रपुर बाहेक प्रदेश मातहतका सबै अस्पतालहरु (इलाम अस्पताल, उदयपुर अस्पताल, इनरूवा अस्पताल, संखुवासभा अस्पताल, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, तेह्रथुम, धनकुटा, ताप्लेजुङ, पाँचथर अस्पतालहरु। |

### ११३. प्रसुति सेवा सञ्चालन लागि skill Enhancement and Rotation (खर्चशिर्षक नं.: २२५२२, क्रियाकलाप कोडः2.7.22. ४८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रसुतिकर्मीहरुको क्षमता अभिवृद्धि गर्न र एकीकृत गुणस्तरीय प्रसुति सेवा तथा व्यवस्थापनका लागि Skill Enhancement र Rotation गर्ने। |
| अपेक्षित उपलब्धि | प्रसुतिकर्मीबाट हुने प्रसुतीको संख्यामा वृद्धि हुने। |
| सञ्चालन प्रक्रिया | बर्थिंग सेन्टरहरुमा सुत्केरी गराउने नर्सिंग कर्मचारी हरुको क्षमता अभिब्रिद्दिको लागि प्रत्येक जिल्लामा (तेर्हथुम, सोलुखुम्बुमा कम्तीमा ५ जना र अन्य अस्पतालमा कम्तीमा १० जना लाई जिल्ला तहको असपतालमा Clinical Exposure गराउनः |

| | |
|---|---|
| | • प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश सरकार, प्रदेश नं १ को आर्थिक कार्यविधि ऐन  बमोजिम तालिम केन्द्रले तालिम संचालन गर्नुपर्नेछ।<br>• यस कार्यक्रम  प्रदेश मातहतका अस्पतालमा स्थानीय तहका अस्पताल, स्वास्थ्य चौकी, लगायतका संस्थाहरुको नर्सिङ स्टाफलाई १५ दिने प्रसुती एक्सपोजर गराउनुपर्नेछ ।<br>• प्रदेश मातहतका अस्पताल, हिमाली र पहाडी जिल्ला स्वास्थ्य कार्यालय तथा स्थानीय तहसँग समन्वय गरी एक्सपोजर गराउनुपर्नेछ।<br>• यस कार्यक्रममा विनियोजन भएको बजेटबाट बजेट विनियोजन भएको अस्पतालमा एक्सपोजरमा आउने स्वास्थ्यकर्मीलाई दैनिक भ्रमणभत्ता, खाजा, सिकाउने सम्बन्धित अस्पतालका स्वास्थ्यकर्मीलाई स्थानीय भत्ता तथा खाजामा खर्च गर्नुपर्नेछ।<br>• सहभागीको सूची तयार गर्दा दुर्गम र सेवाग्राही बढी आउने स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीलाई पढि प्राथमिकता दिनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सञ्चालन गरे पश्चात सोको प्रतिवेदन स्वास्थ्य निर्देशनालयलाई र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई  । |
| सञ्चालन गर्ने निकाय | सबै अस्पतालहरू। |

### *११४. संक्रमण रोकथाम  तथा सरसफाइ सामाग्री खरिद (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड: ७.२.११.१)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालमा फोहोरमैला व्यवस्थापन तथा संक्रमण रोकथामका लागि चाहिने औषधि तथा औषधिजन्य सामाग्रीहरूको खरिद गर्ने । |
| अपेक्षित उपलब्धि | अस्पतालहरूमा स्वास्थ्य संस्थाजन्य संक्रमण दर न्यूनीकरण हुनेछ । |
| सञ्चालन प्रक्रिया | • यस शिर्षकबाट देहाय बमोजिमका कार्यहरु सञ्चालन गर्नका निम्ति खर्च गर्न सकिनेछ:<br>• स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका लागि कभर भएको (Swing lead, square shape) बाल्टी, प्रचलित मापदण्ड अनुसारको कलर कोड (रातो, पहेलो र हरियो) बाटाहरु प्रत्येक वार्ड तथा ओ.पी.डी. का लागि, सिरिन्ज कटर, सेफ्टी बाकस, तथा फोहोर संकलन तथा बर्गिकरणमा संलग्न  कर्मचारीहरुका लागि बुट, प्लाष्टिक गाउन, चश्मा तथा पन्जाहरु खरिद तथा व्यवस्थापन गर्नुपर्नेछ।<br>• सङ्क्रमण न्यूनीकरणका लागि आवश्यक केमिकल्स, क्लोरिन, फिनेल, साइडेक्स, हारपिक लगायत सघन उपचार कक्ष, शल्यकृया कक्ष फ्युमिगेट गर्न आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्नुपर्नेछ।<br>• फोहोरमैला उत्पन्न भएको स्थल देखि व्यवस्थापन गर्ने स्थलसम्म लैजानका निम्ति चक्का भएक ट्रली खरिद गर्न सकिनेछ। |

| | |
|---|---|
| | • फोहोरमैला व्यवस्थापनका लागि स्वीकृत निर्देशिका र सो सम्बन्धी मापदण्डमा उल्लेख भए अनुरुप अन्य व्यवस्थापन गर्नुपर्नेछ। |
| प्रतिवेदनप्रणाली | अस्पतालले खरिदको प्रतिवेदन स्वास्थ्य निर्देशनालयलाई र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयलाई । |
| सञ्चालन गर्ने निकाय | सबै अस्पतालहरू। |

### ११५. आपतकालिन आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन(खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.७१)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | विभिन्न प्रकारका महामारी तथा प्राकृतिक विपद्ले निम्त्याउने स्वास्थ्य समस्याको समयमै रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलब्धि | महामारी तथा प्राकृतिक विपदले निम्त्याउने स्वास्थ्य समस्याको समयमानै प्रतिकार्य, व्यवस्थापन प्रभावकारी रुपमा हुनेछ। |
| सञ्चालन प्रक्रिया | • विगतमा आइपरेका महामारीजन्य रोग, बदलिँदो रोगको फैलावट तथा प्राकृतिक विपदले निम्त्याउन सक्ने आपतकालीन स्वास्थ्य समस्याको आकलन गरी सोही बमोजिम रोकथाम, नियन्त्रण तथा समाधानका लागि आवश्यक गतिविधिहरु सञ्चालन गर्न सकिनेछ।<br>• यस शिर्षकबाट अस्पतालहरुमा महामारीजन्य रोग, बदलिँदो रोगको फैलावट तथा प्राकृतिक विपदबाट आएका स्वास्थ्य समस्याको व्यवस्थापन तथा उपचार गर्नुका साथै रोगको प्रकृति अनुरुप आइसोलेसन कक्ष व्यवस्थापन, स्वास्थ्यकर्मीहरुलाई आवश्यक सुरक्षाका सामग्री, अन्य औषधीजन्य सामग्री व्यवस्थापन गर्नुपर्नेछ।<br>• आपतकालीन अवस्थामा विपद् व्यवस्थापनका लागि स्थलगत टोली खटाउनुपर्ने भएमा Rapid Response Team परिचालन यस शिर्षकको बजेटबाट गर्न सकिनेछ।<br>• स्वास्थ्य कार्यालयहरुले विपद्को अवस्थापमा तत्काल आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीको व्यवस्थापन, स्थलगत अनुगमन लगायत समन्वयकारी कार्य गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले PHEOC र स्वास्थ्य निर्देशनालय सँग समन्वय गरी आवश्यक सामग्रीको सुचि तयार गरी माग भए बमोजिमका आक्स्मिक रुपमा चाहिने औषधि तथा स्वास्थ्य सामाग्री खरिद गरी मौज्दात राख्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले मातहतका निकायहरुबाट माग भए बमोजिमका आकस्मिक रुपमा चाहिने औषधि तथा स्वास्थ्य सामाग्री खरिद गरी मौज्दात राख्नुपर्नेछ।<br>• खरिद तथा व्यवस्थापन पश्चात आपुर्तिकेन्द्रले उक्त सामाग्रीहरु सम्बन्धित अस्पताल तथा स्वास्थ्य कार्यालयमा उपलब्ध गराई सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ।<br>• स्वास्थ्य कार्यालय तथा अस्पतालहरुले यो कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा गर्नुपर्नेछ। स्वास्थ्य निर्देशनालयले सबै स्वास्थ्य कार्यालय |

| | |
|---|---|
| | तथा अस्पतालबाट आएको प्रतिवेदन एकीकृत गरी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ । |
| प्रतिवेदन प्रणाली | • बजेट विनियोजन भएका सबै कार्यालयहरुले खरिद भएका सामाग्रीहरु e-LMIS/PAMS मा entry गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले खरिद पश्चात उक्त सामाग्रीहरु सम्बन्धित अस्पताल तथा स्वास्थ्य कार्यालयमा उपलब्ध गराई सो को जानकारी मन्त्रालयमा गराउनु पर्नेछ।<br>• अस्पताल तथा स्वास्थ्य कार्यालयले कार्यक्रम सम्पन्न भए पश्चात स्वास्थ्य निर्देशनालयमा प्रतिवेदन ।स्वास्थ्य निर्देशनालयले सबै कार्यालयबाट आएको प्रतिवेदन एकीकृत गरी एकीकृत प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, सबै अस्पताल र स्वास्थ्य कार्यालयहरु। |

### ११६. *गर्भवती सुत्केरी सेवामा अस्पतालहरुबाट निदानात्मक सेवा (प्रयोगशाला र भिडियो एक्सरे) र १० वर्ष मुनिका लक्षित वर्गका बालबालिकाहरुको निःशुल्क उपचार सेवा (खर्च शिर्षक नं.: २२५२२, क्रियाकलाप कोड: २.७.२२.१३००)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | सुरक्षित मातृत्व कार्यक्रम र नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तर र प्रभावकारी बनाउन गर्भवती सुत्केरि सेवामा अस्पतालहरुबाट निदानात्मक सेवा (प्रयोगशाला र भिडियो एक्सरे) र १० वर्ष मुनिका लक्षित वर्गका बालबालिकाहरुको निःशुल्क उपचार सेवा दिने। |
| अपेक्षित उपलब्धि | लक्षित वर्गलाई निःशुल्क उपचार सेवा दिई समतामुलक स्वा्स्थ्य सेवाको उपलब्धता र पहुँच मा वृद्धि भई विश्वव्यापी स्वास्थ्य कवरेजमा सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • बजेट विनियोजन भएका सबै अस्पतालहरुले आमा सुरक्षा कार्यक्रम अन्तर्गत पर्ने नियमित गर्भवती तथा सुत्केरी जाँचको क्रममा गराउनुपर्ने प्रयोगशाला र भिडियो एक्सरे परीक्षण ५० प्रतिशत संस्थाबाट र बाँकी यस शिर्षकको बजेटबाट भुक्तानी हुने गरी गर्भवती सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धी सहजीकरण सामाग्रीमा लेखिएको तालिका अनुसुची-४ बमोजिमको रुटिनमा सेवाग्राहीहरुलाई उक्त सेवाहरु निशूल्क प्रदान गर्नुपर्नेछ।<br>• यो सेवा उपलब्ध गराउदा गर्भवती तथा सुत्केरी अबस्था कारण आकस्मिक जाँच गर्नुपर्ने भएमा सो जाँच समेत निशुल्क गर्नुपर्नेछ।<br>• सामाजिक सेवा इकाइ निर्देशिका २०७८, (परिमार्जित २०७९) को परिच्छेद-३ मा लेखे बमोजिम लक्षित वर्ग (गरीब, अतिगरीब, आपङ्ग, असाहय, सिमान्तकृत, बन्चितिकरणमा परेका समुदाय आदी)मा पर्ने १० वर्षमुनिका बालबालिकाहरुलाई उचित छनौट प्रक्रिया मिलाई उक्त परिच्छेदमा उल्लेख भएअनुसारको उपयुक्त निःशुल्क उपचार सेवा दिनुपर्नेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | • प्रत्येक महिना बजेट बिनियोजन भएका सबै अस्पतालहरुले अनुसुची ५ र ७ बमोजिम फारम भरी स्वास्थ्य निर्देशनालयमा पठाउनुपर्नेछ।<br>• प्रत्येक महिना अनुसुची ६ र ८ बमोजिम फारम भरी सेवाग्राहिले देख्ने स्थानमा स्वास्थ्य सस्थामा अनिवार्य टास गर्नुपर्नेछ।<br>• सबै अस्पतालबाट मासिक रुपमा आएका अनुसुची ५ र ७ लाई स्वास्थ्य निर्देशनालयले एकिकृत गरी चौमासिक रुपमा स्वास्थ्य मन्त्रालयमा अनिवार्य प्रतिवेदन पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | सबै अस्पतालहरु। |

## ११७. अस्पतालजन्य फोहोर मैला व्यवस्थापन (खर्च शिर्षक नं: २५५२२, क्रियाकलाप कोड: २.७.२५.१८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पतालको वातावरण दुर्गन्धरहित संक्रमणरहित बनाउन तथा हुन सक्ने महामारी प्रकोपबाट रोकथाम गर्न अस्पतालजन्य फोहोरमैला व्यवस्थापन गर्ने। |
| अपेक्षित उपलब्धि | अस्पतालजन्य फोहोरमैला व्यवस्थापन भई Potential Hospital borne infection/Epidemic कम हुने र स्वच्छ र स्वस्थ वातावरणमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सहज हुने। |
| सञ्चालन प्रक्रिया | • यस शिर्षकबाट देहाय बमोजिमका कार्यहरु सञ्चालन गर्नका निम्ति खर्च गर्न सकिनेछ:<br>• स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनका लागि कभर भएको (Swing lead, square shape) बाल्टी, प्रचलित मापदण्ड अनुसारको कलर कोड (रातो, पहेलो र हरियो) बाटाहरु प्रत्येक वार्ड तथा ओ.पी.डी. का लागि, सिरिन्ज कटर, सेफ्टी बाकस, तथा फोहोर संकलन तथा बर्गिकरणमा संलग्न कर्मचारीहरुका लागि बुट, प्लाष्टिक गाउन, चश्मा तथा पन्जाहरु खरिद तथा व्यवस्थापन गर्नुपर्नेछ।<br>• सङ्क्रमण न्यूनीकरणका लागि आवश्यक केमिकल्स, क्लोरिन, फिनेल, साइडेक्स, हारपिक लगायत सघन उपचार कक्ष, शल्यकृया कक्ष फ्युमिगेट गर्न आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्नुपर्नेछ।<br>• फोहोरमैला उत्पन्न भएको स्थल देखि व्यवस्थापन गर्ने स्थलसम्म लैजानका निम्ति चक्का भएक ट्रली खरिद गर्न सकिनेछ।<br>• फोहोरमैला व्यवस्थापनका लागि स्वीकृत निर्देशिका र सो सम्बन्धी मापदण्डमा उल्लेख भए अनुरुप अन्य व्यवस्थापन गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न भए पश्चात स्वास्थ्य निर्देशनालयमा र स्वास्थ्य निर्देशनालयले स्वास्थ्य मन्त्रालयमा अनिवार्य प्रतिवेदन पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | बजेट विनियोजन भएका जिल्ला अस्पतालहरु। |

## ११८. आई. टि. सव इन्जिनियर करार (खर्च शिर्षक नं: २२४१९, क्रियाकलाप कोड: २.५.१०.४१)

| शिर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| उद्देश्य | अस्पतालको सेवा प्रवाह गर्दा आउन सक्ने सूचना प्राविधिक कार्यहरु address गर्न आई. टि. सव इन्जिनियर करार नियुक्ति गर्ने। |
| अपेक्षित उपलब्धि | आई. टि. सव इन्जिनियर करार नियुक्त भई सूचना प्रविधिको संचालन, सुधार भई क्रियाकलापहरुको संचालन, कार्यन्वयनमा प्राविधिक एवं व्यबस्थापकीय सुधार हुनको साथै प्रगति गर्न सहज हुनेछ ।<br>प्राविधिक समस्याहरु समाधान भएर गुणस्तरीय सेवामा नियमितता हुने। |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटको परिधि भित्र रही प्रदेश प्रचलित कर्मचारी करार कार्यविधि बमोजिम करार नियुक्ती गर्नुपर्नेछ।<br>• सो कार्यविधि अनुसार यस अघि (आ.व. २०८०/०८१) नै सेवा करारमा नियुक्ति भई कार्य सन्तोषजनक भएमा सम्बन्धित कार्यालयले सेवा करार निरन्तरता गर्न सक्नेछ।<br>• सेवा करार निरन्तरता भएका कर्मचारीलाई कार्यविधि र सम्झौता अनुसारको सेवा सुविधा यसै बजेट बाट भुक्तानी गर्नुपर्नेछ।<br>• अघिल्ला आ.व.मा प्रदेश स्वास्थ्य कर्मचारी कार्यविधि अनुसार यसै शिर्षकमा करार नियुक्ति भई कार्यरत रहेको कर्मचारिलाई यसै शिर्षक बाट तलव भत्ता भुक्तानी गर्नुपर्नेछ ।<br>• करार नियुक्त भएका कर्मचारीलाई सम्झौता अनुसार कार्य लगाउने, अनुगमन गर्ने र कार्य सन्तोषजनक नभएमा सो को जानकारी स्वास्थ्य मन्त्रालयमा पठाउनुपर्नेछ ।<br>• तर अन्य प्रकृतिका करारलाई करार म्याद थप गरी वा नियुक्त गरी यस शिर्षकबाट तलब भत्ताको व्यवस्था गर्न पाईनेछैन।. |
| प्रतिवेदन प्रणाली | आई. टि. सव इन्जिनियर करार गरे पश्चात सो को प्रतिवेदन स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयलाई। |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक अस्पताल, भद्रपुर। |

### ११९. औजार उपकरणहरुको Standard Specification तयारीको लागि सम्बन्धित विज्ञ सहितको कार्यशाला गोष्ठी २ दिन (खर्च शिर्षक २२५११, २.६.३.२७)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय स्वास्थ्यका औजार उपकरण, सवारी साधन खरिदमा सहजीकरण गराई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्धताको सुनिश्चितताामा सहयोग गर्न। |
| अपेक्षित उपलब्धि | गुणस्तरीय स्वास्थ्य सेवा उपलब्धताको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्यका औजार उपकरण, सवारी साधन खरिदमा सहजीकरणका लागि औजार उपकरण खररिदका लागि प्रदेश स्तरिय स्पेसिफिकेसन बैक निर्माण हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • प्रदेश आपुर्ति केन्द्रले कम्तीमा चालु आर्थिक वर्षमा यस मन्त्रालयलबाट औजार उपकरण तथा सवारि साधन खरिदका लागि विनियोजन भएका औजार उपकरण तथा सवारि साधनको सुची तयार गर्ने।<br>• बायोमेडिकल इन्जिनियर सहित स्वास्थ्यका औजार उपकरणसँग सम्बन्धित विषय विज्ञको बढीमा १० जनाको कार्यशाला गोष्टि सञ्चालन गर्ने।<br>• उक्त गोष्ठिमा उपकरण तथा सवारि साधन खरिदका लागि अधिकतम प्रतिस्पर्धा हुने गरी स्पेसिफिकेसन निर्माणका लागि छलफल गर्ने।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा बिभागको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• उक्त कार्यशाला गोष्ठिबाट स्पेसिफिकेसन बैंक तयार गर्नुपर्नेछ तयार गर्दा २ दिन भन्दा बढी लाग्ने भएमा बजेटको परिधिभित्र रहि उक्त २ दिनभन्दा बढी दिनको बैठक भत्ता तथा खाजामा खर्च गर्न सकिनेछ। |
| प्रतिवेदन प्रणाली | कार्यसम्पन्न पश्चात स्वास्थ्य मन्त्रालयको वेबसाइटमा "प्रादेशिक स्पेसिफिकेसन बैंक, २०८१" राख्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र। |

### १२०. Biomedical Hub Center स्थापनाका लागि औजार उपकरण खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.२२.६)

| शिर्षक | विवरण |
|---|---|
| पृष्ठभूमि/परिचय | रोग पहिचान,निदान तथा उपचारमा प्रयोगमा आउने विभिन्न प्रकारका औजार उपकरणले स्वास्थ्य सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेको हुन्छ। यी मेसिनहरुको नियमित चेकजाँच तथा मर्मत संभार नभएमा सामान बिग्रिएर थन्किने नयाँ किन्नुपर्ने साथै स्वास्थ्य उपचारमा बाधा पुग्ने भएकाले नियमित मर्मत संभार गरी औजार उपकरणको कार्यक्षमता बढाउने उद्देश्यले बायोमेडिकल इन्जिनियर सहितको बायोमेडिकल हव सेन्टर यस कोशी प्रदेशको स्वास्थ्य मन्त्रालय मातहतको प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रभित्र संचालनमा आएको छ। उक्त प्रादेशिक बायोमेडिकल व्यवस्थापन इकाइलाई आवश्यक पर्ने औजार उपकरण उपलब्ध गराई प्रभावकारी रूपमा संचालन व्यवस्थापनको लागि यो कार्यक्रमको व्यवस्था गरिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्था तथा अस्पतालहरुमा रहेका औजार उपकरणहरुको मर्मत संभार गरी चालु अवस्थामा राख्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य संस्था तथा अस्पतालहरुमा रहेका औजार उपकरणहरुको मर्मत संभार गरी चालु अवस्थामा रहि बिरामीहरुले गुणस्तरीय स्वास्थ्य सेवा पाउनुका साथै नयाँ खरिद गर्नु नपर्ने कारणले राज्यलाइ आर्थिक व्यय भार समेत कम हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • केन्द्रिय बायोमेडिकल वर्कशपसँग समन्वय गरी मर्मत संभारका लागि आवश्यक पर्ने टुल्सहरुको सुचि तयार गर्ने।<br>• खरिद गर्नुपर्ने सामाग्रीहरु बायोमेडिकल ईन्जिनियरबाट USFDA तथा अन्य प्रमाणित औजार उपकरणको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो सामाग्रिहरुको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। साथै सो टुल्सहरु सञ्चालनमा आएको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, बिराटनगर। |

### *१२१. एक्सरे DR मेसिन 500 MA खरिद (खर्चशिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१०४)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | एक्सरे DR मेसिन ५०० MA खरिद गरी स्वास्थ्य सम्बन्धी समस्याको उपयुक्त रेडियोलोजिकल निदान गर्नका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य सम्बन्धी समस्याको उपयुक्त रेडियोलोजिकल निदान गर्नका एक्सरे DR मेसिन ५०० MA खरिद गरी सुचारु हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने एक्सरे DR मेसिन ५०० MA अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• DR मेसिन ५०० MA सामाग्रीको खरिद कार्यका लागि प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित रेडियोलोजिष्ट विज्ञको टिम बाट USFDA र CE/ISO प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार |

| | |
|---|---|
| | लिन सकिनेछ। खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापनकेन्द्र विराटनगर। |

### *१२२. OPG- एक्सरे मेसिन खरिद (खर्चशिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१०५)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | OPG- एक्सरे मेसिन खरिद गरी दाँतसम्बन्धी समस्याको उपयुक्त निदान गर्नका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | दाँतसम्बन्धी समस्याको उपयुक्त निदान गर्नका OPG- एक्सरे मेसिन खरिद गरी सुचारु हुनेछ। |
| सञ्चालन प्रक्रिया | • OPG-एक्सरे मेसिन सामाग्रीको खरिद कार्यका लागि प्रदेशभित्रका बायोमेडिकल ईन्जिनियर सहित सम्बन्धित बिषय विज्ञको टिमबाट USFDA र ISO/CE प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने। |

| | |
|---|---|
| | • खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• यो बजेट तथा कार्यक्रम धनकुटा अस्पतालबाट माग भई विनियोजन भएको हुनाले खरिदका सम्पुर्ण कार्य पश्चात धनकुटा अस्पतालमा हस्तान्तरण गरी सेवा सुचारुको सुनिश्चितता गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर। |

## *१२३. अटोक्लेभ मेसिन खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१०९)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवा संक्रमण रहित हुनका रोकथामका लागि प्रयोगमा आउने शल्यचिकित्सा तथा अन्य सामाग्रीको निर्मलिकरण गर्नका लागि अटो क्लेभ मेसिन खरिद गर्ने। |
| अपेक्षित उपलब्धि | अटो क्लेभ मेसिन खरिद भई अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रवाह हुने स्वास्थ्य सेवा संक्रमण रहित हुनका रोकथामका लागि प्रयोगमा आउने शल्यचिकित्सा तथा अन्य सामाग्रीको निर्मलिकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने एक्सरे मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• अटो क्लेभ मेसिन खरिद कार्यका लागि प्रदेश बायोमेडिकल ईन्जिनियरबाट मेसिनको प्रतिस्पर्धी हुनेगरी कम्तीमा १५ लिटर क्षमताको बिद्युतिय अटोक्लेभ मेसिनको स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा १ वर्ष)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ। |

| | |
|---|---|
| | • खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद पश्चात सोको विवरण स्वास्थ्य मन्त्रालयलाई पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर। |

## १२४. Color Foetal Doppler मेसिन खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.१११)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Color Foetal Doppler मेसिन खरिद गरी गर्भमा रहेको बच्चाहरुको मुटुको धडकन जाँच गरी जटिलता हुनबाट बचाउने। |
| अपेक्षित उपलव्धी | गर्भमा रहेको बच्चाहरुको मुटुको धडकन जाँच गर्नका लागि Color Foetal Doppler मेसिन खरिद हुनुका साथै जटिलता हुनबाट बचाउनुका साथै शिशु मृत्यु दरमा कमी हुनमा सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने Color Foetal Doppler अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• Color Fetal Doppler मेसिन खरिद कार्यका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल ईन्जिनियरबाट USFDA वा ISO/CE प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर। |

### *१२५. Radiant Baby Warmer खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.११२)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Radiant Baby Warmer खरिद गरी प्रसुतिकेन्द्रमा नवजात शिशुलाई हाइपोथर्मीया हुनबाट बचाउनका लागि आवश्यक्तानुसार सञ्चालन गर्ने। |
| अपेक्षित उपलव्धी | Radiant Baby Warmer खरिद गरी प्रसुतिकेन्द्रमा नवजात शिशुलाई हाइपोथर्मीया हुनबाट बचाई शिशुमृत्युदरमा न्युनीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने Radiant Baby Warmer अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले स्वास्थ्य निर्देशनालयसंग समन्वय Radiant baby warmer उपकरण खरिद कार्यका लागि प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियरबाट USFDA र ISO/CE प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली२०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |

| | |
|---|---|
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर। |

### *१२६. ग्रामिण अल्ट्रासाउन्ड खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.११८)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | ग्रामिण अल्ट्रासाउन्ड मेसिन खरिद गरी गर्भवती तथा सुत्केरि महिला तथा भ्रुणमा हुने र भएको स्वास्थ्य समस्या समयमा नै निदान तथा पहिचान गरी समयमा नै व्यवस्थापनका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | गर्भवती तथा सुत्केरि महिला तथा भ्रुणमा हुने तथा भएको स्वास्थ्य समस्या समयमा नै निदान तथा पहिचान गर्नका लागि ग्रामिण अल्ट्रासाउन्ड मेसिन खरिद तथा सञ्चालन भई समयमा नै व्यवस्थापनका लागि सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने ग्रामिण अल्ट्रासाउन्ड मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई  मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• ग्रामिण अल्ट्रासाउन्ड मेसिन खरिद कार्यका लागि प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित रेडियोलोजिष्ट (विज्ञ) को टिमबाट USFDA र ISO/CE प्रमाणित पोर्टेवल मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्थाभए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापनकेन्द्र विराटनगर। |

## १२७. Delivery bed खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड : ११.३.९.११४)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रषव सेवा उपलब्ध गराउन Delivery Bed खरिद गरी व्बस्थापन गर्ने। |
| अपेक्षित उपलव्धी | Delivery Bed खरिद गरी प्रशव सेवा उपलब्ध गराउन सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने Delivery Bed अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ। साथै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले स्वास्थ्य निर्देशनालयसंग समन्वय गरी बर्थिङ सेन्टरहरुको लागि आवश्यक डेलिभरि बेडको परिमाण झिकाइ खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ।<br>• Delivery Bed खरिद कार्यका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल ईन्जिनियरबाट प्रतिस्पर्धी हुनेगरी ISO/CE Certified स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर। |

## १२८. USG Machine खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.११७)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | USG Machine खरिद गरी स्वास्थ्य समस्याको समयमा नै निदान तथा पहिचान गरी उचित उपचारका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य समस्याको समयमा नै निदान गर्नका लागि USG Machine खरिद मेसिन खरिद भई उचित उपचारमा सहजीकरण हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने भिडियो एक्सरे मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले USG Machine उपकरण खरिद कार्यका लागि प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित रेडियोलोजिष्ट विज्ञको टिमबाट USFDA र ISO/CE प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरेको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर। |

### १२९. *Pulse Oxymeter (Table top type)* *खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.११५)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Pulse Oxymeter (Portable hand held with wire) खरिद गरी स्वासप्रस्वाश सम्बन्धी स्वास्थ्य समस्याको डिग्री समयमा नै पहिचान गरी उचित उपचारका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य समस्याको समयमा नै निदान गर्नका लागि Pulse Oxymeter (Portable hand held with wire) मेसिन खरिद भई उचित उपचारमा सहजीकरण हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • खरिद गर्नुपर्ने Pulse Oxymeter (Portable hand held with wire) मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले pulse Oxymeter (Portable hand held with wire) उपकरण खरिद कार्यका लागि प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित फिजिसियन/पल्मोनोलोजिष्ट विज्ञको टिमबाट USFDA वा CE/ISO प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गरी सञ्चालनको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापनकेन्द्र विराटनगर। |

### *१३०. प्रयोगशाला सपोर्ट Semi Analyzer machine खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.२६)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Semi Analyzer machine मेसिन खरिद गरी स्वास्थ्य समस्याको समयमा नै निदान गरी उचित उपचारका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलब्धी | स्वास्थ्य समस्याको समयमा नै निदान गर्नका लागि Semi Analyzer machine मेसिन खरिद भई उचित उपचारमा सहजीकरण हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • खरिद गर्ने Semi Analyzer machine मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले Semi Analyzer machine उपकरण खरिद कार्यका लागि बायोमेडिकल ईन्जिनियर र प्रदेश जनस्वास्थ्य प्रयोगशालाका ल्याब टेक्नोलोजिष्ट सहित को संलग्नतामा USFDA र CE/ISO प्रमाणित मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिदऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसनमा ५ वर्षको लागि Routine test Parameter को Cost per test पनि माग्नुपर्नेछ र मुल्याङ्कनमा अनिवार्य केमिकल्स तथा रिएजेन्टको प्रति इकाई मुल्य समेत ध्यानमा राखी आर्थिक व्ययभार कम हुनेगरी समावेश गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर। |

### *१३१. विद्यालय नर्स कार्यक्रमका लागि औजार उपकरण खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.३०)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आवश्यक औजार उपकरण (ल्यापटप, प्रिन्टर लगायत अन्य) हरु खरिद गरी विद्यालय नर्सिङ्ग कार्यक्रमको प्रभावकारितामा वृद्धि गर्ने। |

| | |
|---|---|
| अपेक्षित उपलव्धी | विद्यालय नर्सिङ्ग कार्यक्रम शुरुवात तथा प्रभावकारिताका लागि आवश्यक औजार उपकरण (ल्यापटप, प्रिन्टर लगायत अन्य) हरु खरिद तथा हस्तान्तरण भई कार्यान्वयनमा अउनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी बजेटको परिधिभित्र रहि "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन कार्यविधि,२०७६" बमोजिम आ.व. २०८०/०८१ मा नयाँ विद्यालयमा गएका विद्यालय नर्सका लागि ल्यापटप प्रिन्टर लगायत अन्य औजार उपकरण माग गरी सो मागको आधारमा खरिद प्रक्रिया अघि बढाउनु पर्नेछ।<br>• आ.व. २०८०/०८१ मा नयाँ विद्यालयमा गएका विद्यालय नर्सका लागि ल्यापटप प्रिन्टर लगायत अन्य औजार उपकरण यस बजेटबाट अपुग भएमा "अस्पतालमा सेवा निरन्तरताका लागि अन्य औजार उपकरण खरिद,११.३.९.३" क्रियाकलापबाट समेत व्यवस्थापन गर्न सकिनेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो सामाग्रिको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम सम्बन्धित स्वास्थ्य कार्यालय हुदै स्थानीय तह मार्फत विद्यालय (विद्यालय नर्स) मा हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर। |

### *१३२. Fully Automated Biochemistry Analyzer खरिद (खर्च शिर्षक नं: ३११२२, क्रियाकलाप कोड: ११.३.९.३४)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Fully Automated Biochemistry Analyzer मेसिन खरिद गरी स्वास्थ्य समस्याको समयमा नै निदान गरी उचित उपचारका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | स्वास्थ्य समस्याको समयमा नै निदान गर्नका लागि Fully Automated Biochemistry Analyzer मेसिन खरिद भई उचित उपचारमा सहजीकरण हुनेछ। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | १. खरिद गर्ने Fully Automated Biochemistry Analyzer मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले Fully Automated Biochemistry Analyzer उपकरण खरिद कार्यका लागि बायोमेडिकल ईन्जिनियर र प्रदेश भित्रका प्रयोगशालाका ल्याब टेक्नोलोजिष्ट/विज्ञ सहित को संलग्नतामा USFDA र CE/ISO प्रमाणित मेसिनको प्रतिस्पर्धी हुने गरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिदऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>३. स्पेसिफिकेसनमा ५ वर्षको लागि Routine test Parameter को Cost per test पनि माग्नुपर्नेछ र मुल्याङ्कनमा अनिवार्य केमिकल्स तथा रिएजेन्टको प्रति इकाई मुल्य समेत ध्यानमा राखी आर्थिक व्ययभार कम हुनेगरी समावेश गर्नुपर्नेछ।<br>४. Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>५. खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>६. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>७. खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इन्जिनियरबाट गराउनु पर्नेछ।<br>८. खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ।<br>९. <u>प्रदेश जनस्वास्थ्य प्रयोगशालाको हकमा:</u> माथि को बुँदा नं.२,३,४,५ र ६ बमोजिम खरिद गरी सञ्चालन तथा निरन्तरताको सुनिश्चितता गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र र प्रदेश जनस्वास्थ्य प्रयोगशाला बिराटनगर। |

### *१३३. Mortuary (शव गृह) का लागि फ्रिज खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.५)*

| शिर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| उद्देश्य | Mortuary (शव गृह) का लागि फ्रिज खरिद गरी पोस्टमार्टम गर्नुपर्ने शवलाई तापक्रम व्यबस्थित गरी सो शवको मृत्यु हुनुको कारण पत्ता लगाउन साथै शव सडिनबाट बचाइ सो शवबाट फैलन सक्ने रोग नियन्त्रणमा सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | पोस्टमार्टम गर्नुपर्ने शवलाई तापक्रम व्यबस्थित गरी सो शवको मृत्यु हुनुको कारण पत्ता लगाउन साथै शव सडिनबाट बचाइ सो शवबाट फैलन सक्ने रोग नियन्त्रणमा सहजीकरण गर्नका लागि Mortuary (शव गृह) का लागि फ्रिज खरिद भई सञ्चालनमा आउनेछ। |
| सञ्चालन प्रक्रिया | १. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले खरिद गर्ने Mortuary (शव गृह) का लागि फ्रिज अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई  मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>२. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले Mortuary फ्रिज खरिद कार्यका लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल ईन्जिनियरबाट फ्रिजको CE/ISO प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>३. चारवटा वा सो भन्दा माथिको च्याम्बर वा मोर्चरी फ्रिज मात्र खरिद गर्नु पर्नेछ।<br>४. Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>५. खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>६. स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>७. खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>८. खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ।<br>**ईनरूवा अस्पताल र खोटाङ अस्पतालको हकमा:** माथिको बुँदा नं.२,३,४ र ५ बमोजिम खरिद कार्य गरी Mortuary (शव गृह) मा फ्रिज सञ्चालनमा ल्याउनुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै सम्पन्न प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |

| | |
|---|---|
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर, ईनरूवा अस्पताल र खोटाङ अस्पताल । |

*१३४. Hematology analyzer (5 parts) खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.६)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Hematology analyzer (५ parts) मेसिन खरिद गरी स्वास्थ्य समस्याको समयमा नै निदान गरी उचित उपचारका लागि सहजीकरण गर्ने। |
| अपेक्षितउपलव्धी | स्वास्थ्य समस्याको समयमा नै निदान गर्नका लागि Hematology analyzer (५ parts) मेसिन खरिद भई उचित उपचारमा सहजीकरण हुनेछ। |
| सञ्चालनप्रक्रिया | • खरिद गर्ने Hematology analyzer (५ parts) मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले Hematology Analyzer(५parts) उपकरण खरिद कार्यका लागि प्रदेशभित्रका बायोमेडिकल ईन्जिनियर र प्रदेशका ल्याब टेक्नोलोजिष्ट/प्रयोगशाला बिज्ञ सहितको संलग्नतामा USFDA र ISO/CE प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिदऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसनमा ५ वर्षको लागि Routine test Parameter को Cost per test पनि माग्नुपर्नेछ र मुल्याङ्कनमा अनिवार्य केमिकल्स तथा रिएजेन्टको प्रति इकाई मुल्य समेत ध्यानमा राखी आर्थिक व्ययभार कम हुनेगरी समावेश गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर। |

### १३५. *Echocardiography* (ECG) मेसिन खरिद (खर्चशिर्षकनं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.८६)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | Electrocardiography मेसिन खरिद गरी मुटुको समस्याको समयमा नै पहिचानका लागि सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | मुटुको समस्याको समयमा नै पहिचानका लागि सहजीकरणका लागि Electrocardiography मेसिन खरिद तथा सेवा सुचारु हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्ने Electrocardiography मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले Electrocardiography उपकरण खरिद कार्यका लागि बायोमेडिकल ईन्जिनियरबाट USFDA र ISO/CE प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन गरी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ।<br>**नोटः** यो माग तथा आवश्यक Electrocardiography भएको तर भुलबस entry गर्दा **Echocardiography (ECG)** हुन गएकोले **Electrocardiography (ECG)** नै खरिद गर्नुपर्नेछ। |

| | |
|---|---|
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर। |

### १३६. Stretcher खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.११६)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | दुर्गम क्षेत्र वा अस्पतालमा विरामीलाई सहज यात्रा गराउनका लागि स्ट्रेचर खरिद भई सम्बन्धित स्वास्थ्य संस्थामा पुर्याउने। |
| अपेक्षित उपलव्धी | स्ट्रेचर खरिद भई दुर्गम क्षेत्र वा अस्पतालमा विरामीलाई सहज यात्रा गराउनका लागि सम्बन्धित स्वास्थ्य संस्थामा पुर्याइनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्ने एक्सरे स्ट्रेचर अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले Stretcher खरिद कार्यका लागि बायोमेडिकल ईन्जिनियरबाट प्रतिस्पर्धी हुनेगरी ISO/CE प्रमाणीत स्पेसिफिकेसन तथा लगत अनुमान तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद कार्य गर्नु पर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो सामाग्रीको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदनप्रणाली | कार्यक्रम सम्पन्न पश्चात स्ट्रेचरको विस्तृत विवरण सहित e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर। |

### १३७. एक्सरे मेसिन (डिजिटल सिस्टम) खरिद (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.९५)

| शिर्षक | विवरण |
|---|---|

| | |
|---|---|
| उद्देश्य | प्रदेशभित्रका स्वास्थ्य संस्थाबाट उपलव्ध हुने सेवामा एक्सरे सेवा थप वा गुणस्तरीय निदानात्मक सेवा उपलब्ध गरी उपयुक्त उपचारमा सहजीकरण गर्ने। |
| अपेक्षित उपलव्धी | एक्सरे मेसिन खरिद तथा हस्तान्तरण भई सम्बन्धित स्वास्थ्य संस्थाबाट सेवा प्रवाह भई उपयुक्त उपचारमा सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | • खरिद गर्ने एक्सरे मेसिन अनुसुची-३ बमोजिम माग र आवश्यक्ताको आधारमा कार्यक्रम तथा बजेट विनियोजन भएको हुनाले सो लाई मानी संख्या तथा स्थान निर्धारण गर्नुपर्नेछ।<br>• प्रदेश भित्रका बायोमेडिकल ईन्जिनियर सहित रेडियोलोजिष्ट विज्ञको टिमबाट USFDA र CE/ISO प्रमाणित मेसिनको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तयार गरी प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract **(कम्तीमा ३ वर्षको हुनेगरी)** को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद सम्झौतामा अधिकतम Warranty Period उल्लेख गरी सो अवधिको मर्मत सम्भार आपूर्तिकर्ताबाट नै गर्नको लागि सुनिश्चित गर्ने।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात निर्देशिकाको अनुसुची-३ र यसको बुँदा नं १ मा निर्धारण गरको संख्या र स्थान बमोजिम अस्पतालमा र स्थानीय तहका स्वास्थ्य संस्थाको हकमा सम्बन्धित स्वास्थ्य कार्यालय मार्फत हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात खरिद गरिएको सामाग्रीको विस्तृत विवरण e-LMIS/PAMS मा Entry गर्नुका साथै मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर। |

### *१३८. परिवार नियोजन सेवाका लागि आवश्यक औजार उपकरण खरिद तथा व्यवस्थापन (खर्च शिर्षक नं.: ३११२२, क्रियाकलाप कोड: ११.३.९.९७)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेश मातहतका प्रत्येक अस्पतालबाट स्थाइ बन्ध्याकरण (परिवार योजना ) सेवा निरन्तरताको सुनिश्चितताका लागि औजार उपकरण खरिद गर्ने |
| अपेक्षित उपलव्धी | आवश्यक औजार उपकरण खरिद तथा व्यवस्थापन भई अस्पतालमा निरन्तर स्थाई बन्ध्याकरण (परिवार योजना ) सेवाका लागि सहजीकरण हुनेछ। |

| | |
|---|---|
| सञ्चालनप्रक्रिया | • परिवार नियोजन का सामाग्री खरिद गर्दा स्वास्थ्य निर्देशनालय र प्रदेश मातहतका अस्पतालहरुसँग समन्वय गरी आवश्यक औजार उपकरणहरुको सुचि तयार गर्नु पर्नेछ।<br>• खरिद कार्यका लागि सामाग्रिको बायोमेडिकल इन्जिनियरबाट उपकरणहरुको प्रतिस्पर्धी हुनेगरी स्पेसिफिकेसन तथा लगत अनुमान तयार गर्ने।<br>• विनियोजित बजेटबाट कार्ययोजना अनुसार औजार उपकरण खरिद गर्दा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को अधिनमा रही खरिद कार्य तथा खर्च र व्यवस्थापन गर्नुपर्नेछ।<br>• स्पेसिफिकेसन तयार गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं स्वास्थ्य मन्त्रालय कोशी प्रदेशको टेक्निकल स्पेसिफिकेसन ब्याङ्कलाई पनि आधार लिन सकिनेछ ।<br>• Maintenance Contract को कार्यशर्त अनिवार्य स्पेसिफिकेसनमा उल्लेख भएको हुनुपर्छ।<br>• खरिद पश्चात स्पेसिफिकेसन बमोजिम रहेको वा नरहेको सो मेसिनको जाँच बायोमेडिकल इञ्जिनियरबाट गराउनु पर्नेछ।<br>• खरिद पश्चात मातहतका अस्पतालहरुलाई मागको आधारमा हस्तान्तरण गर्नु पर्नेछ। |
| प्रतिवेदन प्रणाली | कार्यक्रम सम्पन्न पश्चात मासिक प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर। |

### १३९. औषधिहरुको गुणस्तर परीक्षण (खर्च शिर्षक नं.: २२५२२ क्रियाकलाप कोड: २.७.२२.१३१०)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तरीय औषधिको उपलब्धता सुनिश्चित गर्ने। |
| अपेक्षितउपलव्धी | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले खरिद गर्ने औषधिको गुणस्तर परीक्षण गरी गुणस्तरीय औषधि नागरिकलाइ उपलब्ध गराउने। |
| सञ्चालनप्रक्रिया | • प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रले खरिद गरेका औषधिहरुको गुणस्तर माथि शंका लागेका औषधिहरु तथा अधिक परिमाण तथा धेरै ब्याच भएका औषधिहरुको नमुना संकलन गरी राष्ट्रिय औषधि प्रयोगशाला वा नेपाल सरकारद्वारा मान्यता प्राप्त ल्याबोरेटरिमा गुणस्तर परीक्षणका लागि पठाउनुपर्नेछ ।<br>• राष्ट्रिय औषधि प्रयोगशाला वा नेपाल सरकारद्वारा मान्यता प्राप्त बोरेटरिमा गुणस्तर परीक्षणको लागि पठाइएका औषधिहरुको नमुना जाँचको नतिजा सम्बन्धित कार्यालयलाई पठाउने साथै नागरिकलाई समेत जानकारी हुनेगरी आफ्नो वेवसाइटमा राख्नुपर्नेछ। |

| | |
|---|---|
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र |

## १४०. निःशुल्क औषधी तथा अन्य औषधी खरिद (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड: ७.२.९.१)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | आधारभूत स्वास्थ्य सेवा सुनिश्चितताका लागि आवश्यक औषधि तथा औषधिजन्य सामाग्री खरिद गर्ने। |
| अपेक्षित उपलब्धि | आवश्यक औषधि तथा औषधिजन्य सामाग्रीको समयमै आपुर्ति भई स्वास्थ्य संस्थाबाट सेवाको उपलब्धता तथा पहुचमा सहजीकरण हुनेछ। |
| सञ्चालन प्रक्रिया | १. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक निःशुल्क औषधी तथा औषधीजन्य सामाग्रीहरू चालु आ.व. का लागि गरिएको पूर्व प्रक्षेपणका (Quantification and Forecasting) आधारमा खरिद गर्नुपर्नेछ ।<br>२. औषधी खरिद गर्दा प्रदेशले खरिद गर्नुपर्ने औषधीलाइ प्राथमिकतामा राखी निःशुल्क सुचिमा रहेका अन्य औषधि खरिद गर्नुपर्नेछ।<br>३. औषधि खरिद गर्दा DDA दर्ता भएका प्रतिस्पर्धी हुने गरी WHO-GMP Certified कम्पनीको खरिद गर्नुपर्नेछ।<br>४. प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिम खरिद कार्य गर्नुपर्नेछ ।<br>५. स्पेसिफिकेसन तयार गर्दा औषधीको अनिवार्य रुपमा कम्तीमा सेल्फ लाइफ दुई तिहाई भएको हुनपर्नेछ।<br>६. खरिद पश्चात औषधीको Post Delivery inspection सम्बन्धित जनशक्तिबाट गराउनु पर्नेछ र आवश्यकतानुसार औषधिको गुणस्तर जाँच गर्नुपर्नेछ।<br>७. खरिद पश्चात सो औषधीहरू प्रदेश मातहतका सबै अस्पताल र स्वास्थ्य कार्यालयहरूमा हस्तान्तरण गर्नुपर्नेछ ।<br>८. स्वास्थ्य कार्यालयमा भएको फार्मेसीको कर्मचारिले प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट उपलब्ध भएको औषधि पूर्व प्रक्षेपणका आधारमा जिल्लाका स्थानीय तहमा वितरण गर्नुपर्नेछ। साथै Rational use of drug भए नभएको सुनिश्चित गर्नुपर्नेछ।<br>९. फार्मेसीको कर्मचारि नभएको स्वास्थ्य कार्यालयमा अन्य प्राविधिक कर्मचारीलाई फोकल पर्सनको जिम्मेवारी दिई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रबाट उपलब्ध भएको औषधि पूर्व प्रक्षेपणका आधारमा जिल्लाका स्थानीय तहमा वितरण गर्नुपर्नेछ साथै Rational use of drug भए नभएको सुनिश्चित गर्नुपर्नेछ।<br>अस्पतालहरुले यस शिर्षकमा विनियोजित बजेटबाट ढुवानी हुन समय लाग्ने तर तत्काल आवश्यक पर्ने निःशुल्क सूचिमा रहेका औषधीहरु प्राथमिकीकरण गरी खरिद गर्नुपर्नेछ। प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्रसंग समन्वय गरी प्रक्रिया अघि बढाउनुपर्नेछ।<br>१०. अस्पतालहरुले यस शिर्षकमा विनियोजित बजेटबाट खरिद गर्दा माथिका बँदा नम्बर १,२,३ र ४ बमोजिम गर्नुपर्नेछ। |

| | |
|---|---|
| | ११. खरिद भएका औषधिहरू सेवाग्राहीलाई आवश्यकता (Rational use of drug) को आधारमा उपचार गर्नुपर्नेछ। |
| प्रतिवेदन प्रणाली | • औषधी खरिद पश्चात सोको विस्तृत विवरण र खपत चुस्त रुपमा e-LMIS मा Entry गर्ने।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औषधी खरिद तथा ढुवानी पश्चात सोको विवरण स्वास्थ्य मन्त्रालयलाई ।<br>• प्रदेश मातहतका अस्पतालहरूले औषधि वितरणको मासिक विवरणको अभिलेख राखी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालय समक्ष प्रतिवेदन पठाउनुपर्नेछ।<br>• स्वास्थ्य कार्यालयहरूले आफ्नो जिल्लाका स्वास्थ्य संस्थाहरूबाट विवरण संकलन गरी मासिक रूपमा स्वास्थ्य निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर र सबै अस्पतालहरु। |

### *१४१. हेमोफिलिया बंशाणुगत रोगहरुको व्यवस्थापनको लागि औषधी खरिद (खर्च शिर्षक नं: २७२१३, क्रियाकलाप कोड: ७. २. ९. ३१)*

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | हेमोफिलिया भएका विरामीहरूको गुणस्तरीय जिवनयापन तथा उपचारका लागि आवश्यक औषधि खरिद गर्ने। |
| अपेक्षित उपलब्धि | आवश्यक औषधि खरिद भई हेमोफिलिया भएका विरामीहरूको उपचार व्यवस्थापन सहज हुनेछ। |
| सञ्चालन प्रक्रिया | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले प्रदेशस्थित हेमोफिलिया सोसाइटी, नेपाल संग आवश्यक समन्वय गरी हेमोफिलिया उपचार व्यवस्थापनका लागि खरिद गर्नुपर्ने आवश्यक औषधिको सूची तथा परिमाण निर्धारण गर्नुपर्नेछ ।<br>• औषधि खरिद गर्दा DDA दर्ता भएका GMP Certified कम्पनी र खरिद पश्चात औषधीको गुणस्तर यकिन सम्बन्धित जनशक्ति बाट गराउनु पर्नेछ।<br>• खरिद प्रक्रिया प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिमका गर्नुपर्नेछ ।<br>• खरिद पश्चात सो औषधिहरू सम्बन्धित रोगका विरामीहरुको आवश्यकता अनुसार उपलब्धता हुने गरी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले भण्डारण, व्यवस्थापन तथा ढुवानी गर्नुपर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र बिराटनगर । |
| प्रतिवेदन प्रणाली | औषधी खरिद पश्चात सोको विस्तृत विवरण र खपत चुस्त रुपमा e-LMIS मा Entry गर्ने। |

| | |
|---|---|
| | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औषधी खरिद पश्चात सोको विवरण र खपत सम्बन्धी विवरण खुलाई स्वास्थ्य मन्त्रालयलाई । |

*आयुर्वेद तथा वैकल्पिक चिकित्सा तर्फ सञ्चालन गरिने कार्यक्रमहरू*

## *१४२. आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुको न्युनतम सेवा मापदण्डको अनुगमन तथा समीक्षा*

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.२२.१३१६ |
| **उद्देश्य** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु तथा प्रादेशिक आयुर्वेद अस्पतालले प्रदान गर्ने न्यूनतम सेवाको मापदण्डको मापन गरी तोकिएको मापदण्ड पूरा गर्न सहयोग गर्ने । |
| **अपेक्षित उपलब्धि** | अस्पताल तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरूको स्वास्थ्य सेवा सम्बन्धि तोकिएको राष्ट्रिय मापदण्डको मापन भई स्वास्थ्य सेवाहरूको प्रभावकारीतामा वृद्धि हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • प्रदेश मातहतका अस्पताल तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा MSS मापनको कार्य अर्ध-वार्षिक रुपमा गर्नु पर्दछ ।<br>• यस कार्यक्रम अन्तर्गत आयुर्वेद अस्पताल तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुमा MSS सुधारका लागि विवरण संकलन तथा प्रतिवेदन तयार गरी पुस्तिका प्रकाशन गर्नु पर्नेछ ।<br>• विस्तृत कार्ययोजना तयार गरी कार्यक्रम सञ्चालन गर्नु अगावै अस्पताल तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुसंग समन्वय र पत्राचार गर्नुपर्दछ ।<br>• कार्ययोजना अनसुार नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको न्यूनतम सेवा मापदण्ड निर्देशिका बमोजिमको टोली तयार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।<br>• कार्यक्रमका लागि स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश र आयुर्वेद विभागसंग समन्वय गर्ने तथा प्रदेशभित्र स्वास्थ्य सेवाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको क्षेत्रका क्रियाशील निकायलाई समेत सहभागी गराउन सकिनेछ।<br>• बजेटको **परिधि** भित्र रही तेश्रो त्रैमासीकमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख, प्रादेशिक आयुर्वेद अस्पतालका निर्देशक र फोकल पर्सन सहभागी गराई समग्र MSS कार्यको प्रदेश तहमा समीक्षा गर्नुपर्नेछ ।<br>• स्वास्थ्य मन्त्रालयले कार्यक्रमको अनुगमन गर्नेछ । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | स्वास्थ्य निर्देशनालय, धनकुटा। |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १४३. विद्यालय नर्सलाई आयुर्वेद तथा योग शिक्षा सम्बन्धि अभिमुखिकरण

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.१३२९ |
| उद्देश्य | • स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवनशैली सम्बन्धि सचेतना गराउने।<br>• योगको वारेमा जानकारी दिने तथा योगका विभिन्न क्रियाकलापहरुको वारेमा अभ्यास गराउने ।<br>• घर वरीपरीका जडीबुटी र तीनका उपयोगको बारेमा सामान्य जानकारी गराउने । |
| अपेक्षित उपलब्धि | • स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवनशैली सम्बन्धि सचेतना प्राप्त भई स्वस्थ समाज निर्माण भएको हुनेछ।<br>• स्वस्थ जीवनका लागि योगको वारेमा जानकारी प्राप्त भई योग अभ्यास आफुले पनि गर्ने र अरुलाई पनि गराउने छन् ।<br>• स्थानीय स्तरमा प्राप्त हुने जडीबुटीको उपयोगीता वारे जानकारी भई विद्यालय परिसर तथा आफ्नो घर वरिपरि पनि रोप्न प्रोत्साहित हुनेछन् । |
| सञ्चालन प्रक्रिया | • कोशी प्रदेशको मोरङ्ग, झापा, सुनसरी तथा उदयपुर जिल्लाका विभिन्न विद्यालयहरुमा कार्यरत विद्यालय नर्सहरुलाई सहभागी गराई उपयुक्त समय र स्थानमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागद्वारा तत् सम्बन्धि जारी गरिएको Module for Ayurveda and Yoga Education at School Program लाई आधार गरी पाँच कार्यदिन हुनेगरी प्रयोगात्मक कक्षालाई प्राथमिकता दिएर अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• बढीमा २५ जना सहभागीलाई समावेश गरी कम्तीमा ३ पटक यो कार्यक्रम सञ्चालन गर्ने ।<br>• तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य निर्देशनालय, धनकुटा। |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१४४. आयुर्वेद स्वास्थ्यकर्मीहरुका लागि पञ्चकर्म-पूर्वकर्म तालिम*

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.२३ |
| उद्देश्य | आयुर्वेद स्वास्थ्यकर्मीहरुको पञ्चकर्म-पूर्वकर्म सम्बन्धि सीपको विकास, पुनर्ताजगी तथा क्षमता अभिवृद्धि गर्ने । |
| अपेक्षित उपलब्धि | • आयुर्वेद स्वास्थ्यकर्मीहरुको पञ्चकर्म-पूर्वकर्म सम्बन्धि सीप विकास एवं पुनर्ताजगी भई दक्षता अभिवृद्धि भएको हुनेछ।<br>• आयुर्वेद सेवा कार्यक्रमहरु प्रभावकारी र व्यवस्थित तवरले सञ्चालन गर्न सहयोग पुग्नेछ । |
| सञ्चालन प्रक्रिया | • जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा जिल्ला भित्रका आयुर्वेद औषधालयहरुबाट समेत पञ्कर्म-पूर्वकर्म सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी/अभ्यंगकर्ताहरुबाट सहभागी छनौट गरी उपयुक्त समय र स्थानमा तालिम सञ्चालन गर्ने ।<br>• स्वास्थ्य निर्देशनालयबाट तत् सम्बन्धि जारी गरिएको पञ्चकर्म-पूर्वकर्म म्यानुअल अनुसार पाँच कार्यदिन हुनेगरी प्रयोगात्मक कक्षालाई प्राथमिकता दिएर पञ्चकर्म-पूर्वकर्म सम्बन्धि तालिम सञ्चालन गर्ने ।<br>• बढीमा १५ जना सहभागीलाई समावेश गरी कम्तीमा ३ पटक यो तालिम सञ्चालन गर्ने ।<br>• तालिम सम्पन्न भए पश्चात सहभागीहरुको विवरण स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, विराटनगर पठाउने ।<br>• तालिम संचालन पश्चात् तालिमको सहभागीहरुको विवरण प्रदेश तालिम केन्द्रले TIMS मा अनिवार्य अध्यावधिक गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा हालसम्म प्रदेशभित्रका उक्त तालिम लिएका स्वास्थ्यकर्मीको विस्तृत विवरण TIMS मा अध्याबधिक गर्नुपर्नेछ।<br>• स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरुको विवरण सहितको विस्तृत विवरण सहितको प्रतिवेदन अनिवार्य रुपमा स्वास्थ्य मन्त्रालयमा पेश गर्नुपर्नेछ। |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सञ्चालन गर्ने निकाय | स्वास्थ्य तालिम केन्द्र, धनकुटा। |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१४५.प्रादेशिक आयुर्वेद अस्पतालमा पञ्चकर्म सेवाको सञ्चालन तथा सुदृढीकरण*

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.१३२५ |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको जाँच गरी पञ्चकर्मको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्द्धन, आवश्यक उपचार र उचित परामर्श दिने । |
| अपेक्षित उपलब्धि | • यस सेवाबाट विरामी तथा सेवाग्राहीहरूको स्वास्थ्य संरक्षण, प्रवर्द्धन र पुर्नस्थापनामा सघाउ पुग्नेछ एवं व्याधि न्यूनीकरण हुनेछ । |
| सञ्चालन प्रक्रिया | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर पञ्चकर्म-पूर्वकर्म सेवा सञ्चालनार्थ एक जना महिला र एक जना पुरुष गरी जम्मा दुई जना अभ्यंगकर्तासंग सेवा करार गर्ने ।<br>• अभ्यंगकर्ताका लागि कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको तथा मान्यता प्राप्त शिक्षण संस्था/आयुर्वेद चिकित्सकको निगरानीमा आयुर्वेद संस्थाबाट कम्तीमा ३ महिनाको तालिम प्राप्त गरेको हुनुपर्नेछ ।<br>• अभ्यंगकर्ताले पूर्वकर्म, पञ्चकर्म कक्षको सरसफाई गर्ने, आवश्यक सामाग्रीहरु तयार गर्ने तथा चिकित्सकको निगरानीमा आयुर्वेद अस्पतालमा आएका सेवाग्रहीहरुलाई अभ्यंग(तेल मालिश), स्वेदन, शिरोधारा लगायतका कामहरु गर्ने ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने ।<br>• पञ्चकर्म सेवा संचालन भएको आयुर्वेद अस्पतालमा सेवा प्रयोजनका लागि AHMIS मा तोकिए बमोजिमको फाराम बनाउने ।<br>• अस्पतालमा आएका सेवाग्राहीहरुलाई स्वास्थ्य जाँच गरी समस्याको पहिचान गरी आवश्यकता अनुसार पञ्चकर्म सेवाका लागि सिफारिस गर्ने ।<br>• पंचकर्म अन्तर्गत रहेका प्रधान कर्म वमन, विरेचन, अनुवाशन वस्ति, आस्थापन वस्ति, तथा नस्य कर्महरू सञ्चालन गर्ने ।<br>• कार्यक्रम संचालनको लागि आवश्यक उपकरण औषधि लगायत अन्य सामाग्री बजेट व्यवस्था भएअनुसार अनुसूची १,२ मा तोकिए बमोजिम गर्ने । |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा । |
| बजेट बाँडफाँड | ५,७२,०००/-(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरिएको) र ४,२८,०००/- (सञ्चालन तथा व्यवस्थापन खर्च) |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१४६. प्रादेशिक आयुर्वेद अस्पतालमा सेवा सुदृढीकरण एवं विस्तार*

<table>
<tr><td>उपशीर्षक</td><td>विवरण</td></tr>
<tr><td>खर्च शीर्षक नं</td><td>२२५२२</td></tr>
<tr><td>क्रियाकलाप कोड</td><td>२.७.२२.१३२४</td></tr>
<tr><td>उद्देश्य</td><td>आयुर्वेद विशेषज्ञ सेवा सहितको अन्तरंग सेवा भएको प्रादेशिक आयुर्वेद अस्पतालमा सेवा सुदृढीकरण एवं विस्तार गर्ने ।</td></tr>
<tr><td>अपेक्षित उपलब्धि</td><td>प्रादेशिक आयुर्वेद अस्पतालमा सेवा सुदृढीकरण एवं विस्तार भई सेवाग्राहीहरुले गुणस्तरीय आयुर्वेद सेवा प्राप्त गरेका हुनेछन् ।</td></tr>
<tr><td>सञ्चालन प्रक्रिया</td><td><ul><li>प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको प्रावधान अनुसार खरिद गरी व्यवस्थापन गर्ने ।</li><li>प्रादेशिक आयुर्वेद अस्पतालको सुदृढीकरण एवं विस्तारको लागि आवश्यक पर्ने विरामी भर्ना गर्ने वेड, फर्निचर तथा औजार उपकरण, ल्यावका उपकरण तथा अन्य व्यवस्थापनको कार्य यसै कार्यक्रमबाट बजेट बाँडफाँड अनुसार स्वास्थ्य मन्त्रालय संग समन्वय गरी सम्पन्न गर्ने ।</li><li>प्रादेशिक आयुर्वेद अस्पतालका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरिएको न्यूनतम सेवा मापदण्ड (MSS) ले तोकेको लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने क्रियाकलापलाई प्राथमिकता दिई व्यवस्थापनको कार्य गर्ने ।</li><li>स्वास्थ्य मन्त्रालयले कार्यक्रमको अनुगमन गर्नेछ ।</li></ul></td></tr>
<tr><td>बजेट बाँडफाँड</td><td><table>
<tr><td>क्र.सं</td><td>विवरण</td><td>बजेट(रु हजारमा)</td><td>कैफियत</td></tr>
<tr><td>१.</td><td>USG मेसिन खरिद</td><td>२०००</td><td></td></tr>
<tr><td>२.</td><td>ल्याव व्यवस्थापन</td><td>४००</td><td></td></tr>
<tr><td>३.</td><td>शल्य (OT) व्यवस्थापन</td><td>४००</td><td></td></tr>
<tr><td>४.</td><td>अन्तरंग व्यवस्थापन</td><td>६५०</td><td></td></tr>
<tr><td>५.</td><td>वहिरंग व्यवस्थापन</td><td>१५०</td><td></td></tr>
<tr><td>६.</td><td>फिजियोथेरापी व्यवस्थापन</td><td>१००</td><td></td></tr>
<tr><td>७.</td><td>आकास्मिक कक्ष व्यवस्थापन</td><td>३००</td><td></td></tr>
<tr><td>८.</td><td>क्यान्टिन व्यवस्थापन</td><td>१००</td><td></td></tr>
<tr><td>९.</td><td>पुस्तकालय व्यवस्थापन</td><td>२००</td><td></td></tr>
<tr><td>१०.</td><td>खाद्यान्न</td><td>७००</td><td>भर्ना भएका विरामीका लागि व्यवस्था गर्न</td></tr>
</table></td></tr>
<tr><td>सञ्चालन गर्ने निकाय</td><td>प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा।</td></tr>
<tr><td>सन्दर्भ सामाग्री</td><td>निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम ।</td></tr>
</table>

### *१४७. आयुर्वेद स्वास्थ्य केन्द्र/ अस्पतालमा EMR प्रणाली सञ्चालन*

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.१३२३ |
| उद्देश्य | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रादेशिक आयुर्वेद अस्पतालमा विद्युतीय मेडिकल अभिलेख (EMR ) प्रणाली सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रादेशिक आयुर्वेद अस्पतालमा विद्युतीय मेडिकल अभिलेख (EMR ) प्रणाली सञ्चालन भएको हुनेछ।<br>स्वास्थ्य संस्थाको आन्तरिक नियन्त्रण प्रणाली तथा सुशासनमा सुधार भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | • विनियोजित बजेटबाट जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालले तेश्रो पक्षसंग सम्झौता गरी EMR प्रणाली जडान गर्नु पर्नेछ।<br>• यस अघि EMR प्रणाली जडान भई लागु भएका आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालले यो शीर्षकमा विनियोजित बजेटबाट सो प्रणालीको नवीकरण गर्नु पर्नेछ ।<br>• EMR प्रणाली जडन भएपछि जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालले अनिवार्य रुपमा प्रयोगमा ल्याउनु पर्नेछ ।<br>• यस कार्यको अनगुमन स्वास्थ्य निर्देशनालय धनकुटा तथा स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशले गर्नेछ । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सञ्चालन गर्ने निकाय | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा। |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१४८. आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुको न्युनतम सेवा मापदण्ड सुधार कार्यक्रम*

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.१३२७ |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालहरुमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि न्युनतम सेवा मापदण्डको समीक्षा गर्ने र सुधारका लागि कार्ययोजना बनाई लागु गर्ने । |
| अपेक्षित उपलब्धि | आयुर्वेद अस्पतालहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा वृद्धि हुने । |
| सञ्चालन प्रक्रिया | • नेपाल सरकारद्वारा स्वीकृत जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रादेशिक आयुर्वेद अस्पतालको न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards) अनुसार अस्पतालमा तोकिए बमोजिम समिति गठन गर्नुपर्नेछ।<br>• उक्त समितिको बैठक प्रत्येक त्रैमासिकको पहिलो महिनामा बसी अस्पतालको सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षहरुको आन्तरिक मूल्याङ्कन र हालसम्मको कार्यान्वयनको अवस्था बारे लेखाजोखा गरी अभिलेख राख्नुपर्नेछ। |

| | |
|---|---|
| | • आन्तरिक मूल्याङ्कनका आधारमा सुधार गर्नुपर्ने पक्षहरु पहिचान गरी कार्ययोजना बनाई लागु गर्नुपर्नेछ। कार्ययोजनामा समयसीमा र जिम्मेवार **व्यक्ति** अनिवार्य तोक्नुपर्नेछ। उक्त बैठक संचालन वापत प्रति**व्यक्ति** रु.२०० खाजा खर्च नबढ्ने गरी यसै शीर्षकबाट खर्च गर्न सकिनेछ।<br>• प्रत्येक वर्ष स्वास्थ्य निर्देशनालयको समन्वयमा कम्तीमा दुई पटक न्यूनतम सेवा मापदण्डको बाह्य मूल्याङ्कन गर्नुपर्नेछ ।<br>• यस शीर्षकमा विनियोजित रकमबाट वार्षिक रूपमा एकपल्ट सामाजिक परिक्षण (Social Audit) गराई सोको अभिलेख राख्नुपर्नेछ।<br>• यस शीर्षकमा विनियोजित बाँकी रकमबाट कार्ययोजनामा उल्लिखित सुधार गर्नुपर्ने पक्षहरूको लागि खर्च गर्न सकिनेछ। यस शीर्षकमा विनियोजित बजेटबाट कर्मचारी राख्न पाइने छैन।<br>• प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद गरी व्यवस्थापन गर्ने ।<br>• यस शीर्षकमा विनियोजित बजेट बाँडफाँड अनुसार हुने गरी खर्च गर्नुपर्नेछ। |
| **बजेट बाँडफाँड** | (बजेट रु हजारमा) |

| **कृयाकलाप**<br>**आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पताल** | **बैठक संचालन** | **सामाजिक परीक्षण** | **कार्ययोजनामा उल्लिखित सुधारका लागि** | **जम्मा** |
|---|---|---|---|---|
| प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर | ४० | ५० | ३१० | ४०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग | ३० | ५० | २२० | ३०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा | ३० | ५० | २२० | ३०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सुनसरी | ३० | ५० | २२० | ३०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, उदयपुर | ३० | ५० | २२० | ३०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, इलाम | ३० | ५० | २२० | ३०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर | ३० | ५० | २२० | ३०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ताप्लेजुङ | ३० | ५० | १२० | २०० |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धनकुटा | ३० | ५० | २२० | ३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तेह्रथुम | ३० | ५० | २२० | ३०० |
| | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भोजपुर | ३० | ५० | १२० | २०० |
| | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, संखुवासभा | ३० | ५० | २२० | ३०० |
| | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, खोटाङ्ग | ३० | ५० | २२० | ३०० |
| | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ओखलढुंगा | ३० | ५० | १२० | २०० |
| | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सोलुखुम्बु | ३० | ५० | १२० | २०० |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । | | | | |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । | | | | |

## *१४९. आयुर्वेद सम्बन्धि सूचना सन्देश/डकुमेन्टरी निर्माण*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.२२.४३ |
| **उद्देश्य** | • आयुर्वेद सम्बन्धि सूचना, सन्देशमुलक सामग्रीहरु डकुमेन्टरी तयारी गरी आम नागरिकहरुलाई सम्बन्धित संस्थावाट प्रदान गरिने सेवा सम्बन्धि जानकारी हुने ।<br>• आरोग्य प्राप्तिका लागि विभिन्न उपायवारे जनचेतनामा अभिवृद्धि हुने । |
| **अपेक्षित उपलब्धि** | • आयुर्वेद सम्बन्धि सूचना, सन्देशमुलक सामग्रीहरु, डकुमेन्टरी निर्माण भई प्रकाशन तथा प्रशारणका माध्यमबाट सेवाग्राहीहरुको आयुर्वेद स्वास्थ्य संस्थामा सेवाको प्रवाह बढ्नेछ ।<br>• स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), सद्वृत, आचार रसायन, स्वस्थकर जीवनशैली, व्याधिक्षमता, **स्थानीय** जडिबुटीको उपयोगिता, पञ्चकर्म, योग लगायतका आयुर्वेदका संस्थाहरुवाट प्रदान गरिने सेवाहरु सम्बन्धि जानकारी प्राप्त गरी नागरिकहरु सुसूचीत हुनेछन् । |
| **सञ्चालन प्रक्रिया** | • आयुर्वेद सम्बन्धि सूचना, सन्देशमुलक सामग्रीहरु, डकुमेन्टरी तयारी गरी विभिन्न सञ्चार माध्यम एवं सामाजिक सञ्जालमा प्रसारण तथा प्रकाशन गर्ने । |

| | |
|---|---|
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरंग, इलाम र उदयपुर। |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१५०. सःशुल्क आयुर्वेद अस्पताल फार्मेसी सञ्चालन*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.२२.८४ |
| **उद्देश्य** | विरामी एवं सेवाग्राहीहरुलाई आफ्नै फार्मेसी मार्फत सुलभ दरमा गुणस्तरीय आयुर्वेद औषधिहरु उपलब्ध गर्ने । |
| **अपेक्षित उपलब्धि** | विरामी एवं सेवाग्राहीहरुलाई सुलभ दरमा गुणस्तरीय आयुर्वेद औषधिहरु उपलब्ध हुनाले आयुर्वेद सेवाको प्रभावकारीता अभिवृद्धि भएको हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तरगत रहेर सःशुल्क आयुर्वेद अस्पताल फार्मेसी सञ्चालनका लागि एक जना वैद्य चौथो तहमा करारमा नियुक्ति गर्ने ।<br>• उक्त जनशक्तिको लागि आवश्यक पारिश्रमिकको व्यवस्था चिकित्सक स्वास्थ्यकर्मी तथा हेल्पर करार अन्तर्गत गरिएको छ ।<br>• यस अघि सःशुल्क आयुर्वेद अस्पताल फार्मेसीमा काम गर्दै आएकालाई निरन्तरता दिन सकिनेछ ।<br>• प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर तथा धनकुटामा सःशुल्क आयुर्वेद अस्पताल फार्मेसीको सुरुवाती सञ्चालनका लागि सिड मनीको समेत व्यवस्था गरिएको हुँदा सोही बमोजिम नियमानुसार आयुर्वेद औषधिहरुको व्यवस्था गर्ने ।<br>• व्यवस्थापन खर्चबाट सःशुल्क फार्मेसीकालागि आवश्यक रहेको फर्निचर, कम्प्युटर, सफ्टवेयर आदिको व्यवस्था गर्न सकिनेछ।<br>• सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने । |
| **बजेट बाँडफाँड** | (बजेट रु हजारमा) |

| | संस्थाको नाम | बीज रकम (Seed Money) | व्यवस्थापन खर्च |
|---|---|---|---|
| १. | प्रदेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा | ७०० | १२० |
| २. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धनकुटा | ५०० | ३२० |

| | |
|---|---|
| | ३. \| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर \| ५०० \| ३२० |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग, झापा, उदयपुर, धनकुटा, पाँचथर ,इलाम तथा प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । |
| **सन्दर्भ सामाग्री** | अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१५१. नागरिक आरोग्य कार्यक्रम सेवा केन्द्र विस्तार एवं अभियान सञ्चालन*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.२२.१३२२ |
| **उद्देश्य** | • स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने ।<br>• आधारभूत आयुर्वेद स्वास्थ्य सेवा समेत उपलव्ध गराउने ।<br>• "मेरो स्वास्थ्य मेरो जिम्मेवारी" को मूल मर्ममा रही आफ्नो र समुदायको स्वास्थ्यको जिम्मेवारी बोध गरी स्थानीय तहमा स्वास्थ जीवनशैली अवलम्वनका लागि अभियानमूलक कार्यक्रमका रुपमा नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान सञ्चालन गर्ने । |
| **अपेक्षित उपलब्धि** | • नागरिकहरु आफ्नो समुदायको स्वास्थ्य प्रति सचेत भएका हुनेछन्।<br>• स्वस्थ जीवनशैली अवलम्बनको माध्यमबाट नागरिकको स्वास्थ्य प्रवर्द्धन भएको हुनेछ ।<br>• विभिन्न सर्ने तथा नसर्ने रोगहरु न्यूनीकरण गर्न सघउ पुग्नेछ। |
| **सन्चालन प्रक्रिया** | • आयुर्वेद स्वास्थ्य संस्था नभएका पालिकाहरूलाई प्राथमिकतामा राखी नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने ।<br>• मोरंग जिल्लामा दुईवटा पालिका तथा सुनसरी, इलाम र संखुवासभामा १/१ पालिकामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने।<br>• नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान सञ्चालन गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तरगत रहेर अभियानकर्ताका लागि सेवा करार सम्झौता गर्ने ।<br>• नागरिक आरोग्य सेवा केन्द्र तथा नागरिक आरोग्य अभियान सञ्चालन गर्ने अभियनकर्ता कम्तीमा AAHW वा सो सरहको अध्ययन गरी आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनुपर्नेछ । कार्यबोझको आधारमा स्थानीय तहको खर्चबाट थप जनशक्तिको पनि व्यवस्था गर्न सकिनेछ ।<br>• प्रत्येक महिनाको कार्यतालिका बनाई त्यसको आधारमा कार्यहरु सम्पादन गर्ने ।<br>• नागरिक आरोग्य सेवा केन्द्रका लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधार तथा अन्य व्यवसथापन सम्बन्धित स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ। |

| | |
|---|---|
| | • यो कार्यक्रम स्वास्थ्य निर्देशनालय,धनकुटा तथा सम्बन्धित स्थानीय तहसंग समन्वय गरी सञ्चालन गर्नुपर्नेछ ।<br>**नागरिक आरोग्य अभियानमा गर्ने कार्यहरुः-**<br>• जिल्ला मार्फत प्राप्त अभियानसंग सम्बन्धित पुस्तक, पम्पलेट, ब्रोसर तथा हाते पुस्तिका लगायतका सूचनामूलक सामाग्रिहरु सम्बन्धित व्यक्ति, समुदाय तथा विद्यालयमा वितरण गर्ने।<br>• नागरिक आरोग्य अभियान सञ्चालन भएको स्थानीय तह, स्वास्थ्य संग सम्बन्धित संघ संस्था र वडा कार्यालयसंग समन्वय गर्दै स्वास्थ्य संग सम्बन्धित कार्यक्रममा सहभागिता जनाउने।<br>• स्वस्थ जीवनशैली, योग तथा जडीबुटी सम्बन्धि जानकारी स्थानीय विद्यालय र समुदायलाई दिने ।<br>• नागरिक आरोग्य समित र समुह समेतको सहयोगमा विद्यार्थी, शिक्षक, जनप्रतिनिधि, नागरिक समाज लगायतको सहभागिता मा नागरिक आरोग्य अभियान सञ्चलन गर्ने।<br>• अभियान अन्तर्गत समुदायको तथ्याङ्क संकलन तथा जीवनशैली परीक्षण गर्ने ।<br>• स्थानीयरुपमा वा जिल्लामा क्रियाशील योग समुहको सहयोगमा माग र आवश्यकता अनुसार सम्बन्धित पालिकाको समन्वयमा योग साधना तथा ध्यान शिविर सञ्चालन गर्ने । |
| **बजेट बाँडफाँड** | नागरिक आरोग्य सेवा केन्द्रमा कार्यरत जनशक्ति व्यवस्थापनका लागि रु ३,६०,०००/- तथा बाँकी रकमबाट नागरिक आरोग्य अभियानमा समुदायको तथ्याङ्क संकलन, जीवनशैली परीक्षण, स्थानीय तहका विभिन्न ठाउँमा योग साधना तथा ध्यान शिविर लगायत नागरिक आरोग्य अभियान सञ्चालन तथा व्यवस्थापन गर्ने । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरंग, सुनसरी, इलाम र संखुवासभा। |
| **सन्दर्भ सामाग्री** | नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका,२०७६, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१५२. स्वस्थ जीवन प्रवर्द्धनका लागि योगाभ्यास कार्यक्रम*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.२२.१३२८ |
| **उद्देश्य** | • योगको माध्यमबाट नागरिकको स्वास्थ्य संरक्षण, प्रवर्द्धन तथा रोगीको रोग व्यवस्थापनका लागि नियमित योगाभ्यास गराउने ।<br>• योग र स्वस्थ जीवन शैलीको बारेमा जानकारी गराउने र व्यवहारमा ल्याउन प्रोत्साहित गर्ने ।<br>• चिकित्सा सम्बद्ध योग (Therapeutic Yoga) को आवश्यकतानुसार अभ्यास गराउने । |

| | |
|---|---|
| **अपेक्षित उपलब्धि** | • नियमित योग अभ्यासको माध्यमबाट रोग प्रतिरोधात्मक क्षमतामा बृद्धि भई नागरिकको स्वास्थ्य संरक्षण एवं प्रवर्द्धन तथा रोगीको रोग व्यवस्थापनका भएको हुनेछ।<br>• योग र स्वस्थ जीवन शैलीको बारेमा जानकारी प्राप्त भई दीर्घायु जीवन यापन गर्न मद्दत पुग्नेछ ।<br>• समुदायमा मानसिक रोग तथा नसर्ने रोगहरुको प्रकोप न्युनीकरण गर्न सघाउ पुग्नेछ । |
| **सन्चालन प्रक्रिया** | • यस कार्यक्रमको सञ्चालनका लागि आयुर्वेद स्वास्थ्यकर्मी वा आयुर्वेद चिकित्सक वा योग प्रशिक्षक मार्फत प्रत्येक दिन विहानको समयमा सहभागीलाई नियमीत योग अभ्यास गराउने ।<br>• योग प्रशिक्षकको हकमा मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३० कार्यदिनको योग प्रशिक्षण सम्बन्धि तालिम लिएको हुनुपर्नेछ ।<br>• योगाभ्यास सञ्चालनका लागि कार्यतालिका बनाएर कार्यालय प्रमुख नीयमित तालिका अनुसार सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने ।<br>• योग हलको व्यवस्था भएका आयुर्वेद संस्थाहरुमा सोही स्थानमा तथा नभएमा उपयुक्त संघ संस्थासंग समन्वय गरी योग अभ्यासको लागि हलको प्रवन्ध गर्ने ।<br>• आयुर्वेदमा उल्लेख भए अनुसारको स्वस्थ जीवनशैली आहार विहार आदिको विषयमा जानकारी गराउने।<br>• प्रत्येक हप्ता यस कार्यक्रममा सहभागीको रक्तचाप,तौल मापन गरि अभिलेख राख्ने ।<br>• मधुमेहका रोगी भएमा प्रत्येक महिना रगतमा चिनी र पिसावमा अल्वुमिनको मात्रा परीक्षण गर्न लगाई त्यसको अभिलेख राख्ने ।<br>• स्वास्थ्यमा आएको विशेष परिवर्तन भएमा त्यसको समेत अभिलेख राख्ने । |
| **बजेट बाँडफाँड** | नियमीत योगाभ्यास गराए बापत प्रशिक्षण कार्यमा संलग्न जनशक्तिलाई महिनाको ६,०००/- हुने गरी खर्चको व्यवस्था गर्ने र त्यसका लागि प्रति महिना कम्तीमा २० वटा सेसन अनिवार्य सञ्चालन भएको हुनुपर्नेछ ।बाँकी रहेको रकम रु २८,०००/- बाट व्यवस्थापन खर्च गर्ने । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१५३. USG मेसिन खरिद*

| उपशीर्षक | विवरण |
|---|---|
| **खर्च शीर्षक नं** | ३११२२ |

| | |
|---|---|
| **क्रियाकलाप कोड** | ११.३.९.११७ |
| **उद्देश्य** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालले USG मेसिन खरिद गरी सञ्चालन गर्ने । |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र/अस्पतालद्वारा रोग निदानका लागि आवश्यक USG को सेवा सञ्चालन भएको हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • स्वास्थ्य सेवाको आवश्यक रहेको मेडीकल उपकरण तथा औजार खरिद गर्न स्पेसिफिकेसन तयार गर्ने ।<br>• स्पेसिफिकेसन तयारीका लागि बायोमेडिकल इन्जिनियर एवं सम्बन्धित विज्ञ मार्फत गर्ने ।<br>• स्पेसिफिकेसन तयार गर्नको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको, स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिनेछ।<br>• स्पेसिफिकेसन बमोजिम खरिद गर्नुपर्ने मेडिकल उपकरण तथा औजारको लगत अनुमानतयार गर्ने ।<br>• लगत अनुमानतयार भएपछि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको प्रावधान अनुसार खरिद कार्य सम्पन्न गर्ने ।<br>• खरिद गरिने उपकरण ISO certified तथा CE mark वा USFDA certified भएको हुनुपर्नेछ ।<br>• खरिद गरिएका मेडिकल उपकरण तथा औजारको नियमानुसार गुणस्तर जाँच गर्ने ।<br>• खरिद गरिएको मेडीकल उपकरण तथा औजारको गुणस्तर जाँच गर्दा स्पेसिफिकेसन बमोजिम भएको पाइएमा स्वीकार गर्ने र नियमानुसार भुक्तानी दिने ।<br>• जडान गरिएको उपकरण पुर्ण क्षमतामा सञ्चालनमा आएको प्राविधकबाट यकिन गर्ने ।<br>• सम्झौतामा अधिकतम Warranty Period को उल्लेख गरी सो अवधिको मर्मत सम्भार उपकरण आपुर्तिकर्ताबाट नै गर्नका लागि सुनिश्चित गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग। |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १५४.डिजिटल X-ray मेसिन खरिद तथा जडान

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | ३११२२ |
| क्रियाकलाप कोड | ११.३.९.९५ |
| उद्देश्य | प्रदेशिक आयुर्वेद अस्पताल लखनपुरले डिजिटल X-ray मेसिन खरिद गरी सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | प्रदेशिक आयुर्वेद अस्पताल लखनपुरद्वारा रोग निदानका लागि आवश्यक X-Ray सेवा सञ्चालन भएको हुनेछ । |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य सेवाका आवश्यक रहेको मेडीकल उपकरण तथा औजार खरिद गर्न स्पेसिफिकेसन तयार गर्ने ।<br>• स्पेसिफिकेसन तयारीका लागि बायोमेडिकल इन्जिनियर एवं सम्बन्धित विज्ञ मार्फत गर्ने ।<br>• स्पेसिफिकेसन तयार गर्नको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको, स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको Technical Specification Bank को सहायता लिन सकिनेछ।<br>• स्पेसिफिकेसन बमोजिम खरिद गर्नुपर्ने मेडिकल उपकरण तथा औजारको लगत अनुमानतयार गर्ने।<br>• लगत अनुमानतयार भएपछि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको प्रावधान अनुसार खरिद कार्य सम्पन्न गर्ने ।<br>• खरिद गरिने उपकरण ISO certified तथा CE mark वा USFDA certified भएको हुनुपर्नेछ ।<br>• खरिद गरिएका मेडिकल उपकरण तथा औजारको नियमानुसार गुणस्तर जाँच गर्ने ।<br>• खरिद गरिएको मेडीकल उपकरण तथा औजारको गुणस्तर जाँच गर्दा स्पेसिफिकेसन बमोजिम भएको पाइएमा स्वीकार गर्ने र नियमानुसार भुक्तानी दिने ।<br>• जडान गरिएको उपकरण पुर्ण क्षमतामा सञ्चालनमा आएको प्राविधकबाट यकिन गर्ने ।<br>• सम्झौतामा अधिकतम Warranty Period को उल्लेख गरी सो अवधिको मर्मत सम्भार उपकरण आपुर्तिकर्ताबाट नै गर्नका लागि सुनिश्चित गर्ने । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सञ्चालन गर्ने निकाय | प्रदेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा । |

| | |
|---|---|
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१५५. आयुर्वेद स्वास्थ्य केन्द्र/ अस्पतालमा EMR प्रणाली सञ्चालनका लागि कम्प्युटर प्रिन्टर खरिद*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | ३११२२ |
| **क्रियाकलाप कोड** | ११.३.२२.२६ |
| **उद्देश्य** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रादेशिक आयुर्वेद अस्पतालमा विद्युतीय मेडिकल अभिलेख (EMR) प्रणाली सञ्चालनका लागि कम्प्युटर लगायत उपकरण खरिद गर्ने । |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा प्रादेशिक आयुर्वेद अस्पतालमा विद्युतीय मेडिकल अभिलेख (EMR) प्रणाली सञ्चालन लागि कम्प्युटर लगायत उपकरण खरिद भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • EMR प्रणाली सञ्चालन गर्न आवश्यक रहेको कम्प्युटर लगायतको उपकरण खरिद गर्न स्पेसिफिकेसन तयार गर्ने ।<br>• स्पेसिफिकेसन तयारीका लागि कम्प्युटर इन्जिनियर वा सम्बन्धित विज्ञ मार्फत गर्ने ।<br>• स्पेसिफिकेसन बमोजिम खरिद गर्नुपर्ने कम्प्युटर लगायतको उपकरणको लगत अनुमानतयार गर्ने।<br>• लगत अनुमानतयार भएपछि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा भएको प्रावधान अनुसार खरिद कार्य सम्पन्न गर्ने ।<br>• खरिद गरिएका कम्प्युटर लगायतको उपकरणको नियमानुसार गुणस्तर जाँच गर्ने ।<br>• खरिद गरिएको कम्प्युटर लगायतको उपकरणको गुणस्तर जाँच गर्दा स्पेसिफिकेसन बमोजिम भएको पाइएमा स्वीकार गर्ने र नियमानुसार भुक्तानी दिने ।<br>• जडान गरिएको उपकरण पुर्ण क्षमतामा सञ्चालनमा आएको प्राविधकबाट यकिन गर्ने ।<br>• सम्झौतामा अधिकतम Warranty Period को उल्लेख गरी सो अवधिको मर्मत सम्भार उपकरण आपुर्तिकर्ताबाट नै गर्नका लागि सुनिश्चित गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरंग तथा प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा। |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

### १५६. आयुर्वेद औषधि खरिद (खर्च शिर्षक नं: २७२१३, क्रियाकलाप कोड: ७.२.९.८)

| शिर्षक | विवरण |
|---|---|
| उद्देश्य | • स्थानीय रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुनेगरी अत्यावश्यक आयुर्वेद औषधि खरिद गर्ने ।<br>• नि:शुल्क औषधि सहितको आयुर्वेद सेवा निरन्तर प्रवाह गर्ने । |
| अपेक्षित उपलब्धि | आयुर्वेद अस्पतालहरुबाट सेवा लिने विरामीहरुले नि:शुल्क रुपमा आवश्यक सेवा र औषधिको नियमित उपलब्धता हुनेछ। |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागद्वारा तोकिएको अत्यावश्यक आयुर्वेद औषधिहरुको गत वर्षको खपतको आधारमा परिमाण निर्धारण गर्ने ।<br>• औषधि खरिद गर्दा औषधि व्यवस्था विभागबाट अनुमति प्राप्त कम्पनी र खरिद पश्चात् औषधिको गुणस्तर यकिन सम्बन्धित जनशक्तिबाट गराउनु पर्नेछ ।चुर्ण औषधिहरुको हकमा मान्यता प्राप्त औषधि परीक्षण प्रयोगशालाबाट microbial test comply भएको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।<br>• खरिद गरिने औषधिको औषधि व्यवस्था विभागबाट अनुमती प्राप्त भएको उत्पादन अनुज्ञा पत्र र बजार बिक्रि वितरण प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार अत्यावश्यक आयुर्वेद औषधिहरु खरिद गर्ने ।<br>• प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्रद्वारा खरीद गरीएका औषधिहरु जिल्ला आयुर्वेद स्वास्थ केन्द्रहरु तथा प्रादेशिक आयुर्वेद अस्पताललाई मागका आधारमा वितरण योजना बनाई ढुवानी गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने निकाय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र विराटनगर, प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा, सबै जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु। |
| प्रतिवेदन प्रणाली | • औषधिको खरिद कार्य सम्पन्न पश्चात e-LMIS मा समेत Entry गर्नुपर्नेछ।<br>• प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले औषधी खरिद तथा ढुवानी पश्चात सोको विवरण स्वास्थ्य मन्त्रालयलाई गर्नुपर्नेछ ।<br>• प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य संस्थाहरुले औषधि वितरण को मासिक विवरणको अभिलेख राखी स्वास्थ्य निर्देशनालय र स्वास्थ्य मन्त्रालय समक्ष प्रतिवेदन पठाउनुपर्नेछ । |

### १५७. आयुर्वेद सेवा कार्यक्रम सम्बन्धि समन्वयात्मक समीक्षा

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.१३१ |
| उद्देश्य | जिल्लामा रहेका आयुर्वेद संस्थाहरुबाट सञ्चालित आयुर्वेद सेवा कार्यक्रमहरुको समीक्षा गरी सेवा प्रवाहमा गुणस्तरीयता र प्रभावकारीतामा वृद्धि गर्ने । |
| अपेक्षित उपलब्धि | आयुर्वेद सेवा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग पुग्नेछ । |

| | |
|---|---|
| **सञ्चालन प्रक्रिया** | • जिल्ला भित्रका आयुर्वेद औषधालयहरु तथा नागरिक आरोग्य सेवा केन्द्रका प्रमुख हरुको उपस्थितिमा समन्वयात्मक छलफल गरी अघिल्लो आ.वमा सञ्चालित कार्यक्रमहरुको समीक्षा र आगामी आ.वमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुको योजना तर्जुमा समेत गर्ने । <br>• संघ, प्रदेश र स्थानीय सरकारबाट उपलब्ध भएका कार्यक्रमका विषयमा छलफल गर्दै राज्यबाट प्रत्याभुत गरिएको आधारभुत आयुर्वेद सेवा समेतलाई थप सुदृढ गर्दै प्रभावकारी सेवा प्रदान गर्ने विषयमा छलफल गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

### *१५८. महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.२२.८५ |
| **उद्देश्य** | समुदायमा आयुर्वेद सेवा सम्बन्धि ज्ञानको अभिवृद्धि गर्ने । |
| **अपेक्षित उपलब्धि** | आयुर्वेद सेवा सम्बन्धि समुदायमा प्रचार प्रसार भई आयुर्वेद संस्थाहरुमा सेवाग्राहीहरुको संख्यामा वृद्धि हुने । |
| **सञ्चालन प्रक्रिया** | • जिल्लामा आयुर्वेद स्वास्थ्य केन्द्र/ आयुर्वेद औषधालय/ सेवा केन्द्र रहेको पालिका संग समन्वय गरेर कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको विवरण तयार गर्ने । <br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले सोही पालिकामा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सहभागी गराई आयुर्वेद चिकित्सा माथि प्रकाश पार्दै आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । <br>• आयुर्वेद संस्था रहेका जिल्ला स्थित अन्य पालिकाहरुमा कार्यक्रम सञ्चालन गर्दा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रबाट एक जना संयोजक एवं सम्बन्धित आयुर्वेद संस्थाको समन्वयमा बजेटको परिधी भित्र रही यो अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । <br>• आयुर्वेद सेवा सम्बन्धि अभिमुखीकरण कार्यक्रम लिन बाँकी रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई क्रमशः: सहभागी गराउने व्यवस्था मिलाउने । <br>• उक्त कार्यक्रमको सञ्चालनका लागि स्वास्थ्य निर्देशनालय धनकुटा एवं सम्बन्धित जिल्ला स्वस्थ्य कार्यालयसंग समन्वय गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |

| | |
|---|---|
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु, आयुर्वेद औषधालय, नागरिक आरोग्य सेवा केन्द्र । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१५९. कर्मचारी करार परीक्षा सञ्चालन*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.१०.१ |
| **उद्देश्य** | करारमा कर्मचारीहरु छनौट गर्ने । |
| **अपेक्षित उपलब्धि** | करारमा कर्मचारीहरु छनौट भई स्वास्थ्य केन्द्र/अस्पतालको सेवा प्रवाहमा सुधार भएको हुनेछ । |
| **सञ्चालन प्रक्रिया** | • सेवा करारमा लिनुपर्ने पदहरुको सुची तयार गर्ने र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अनुसार सेवा करारमा लिन परीक्षा संचालन गर्ने ।<br>• परीक्षा संचालनका सम्पूर्ण क्रियाकलापहरुका लागि अनुमानित खर्च बाँडफाँड गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउने,<br>• प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि बमोजिम सेवा करारमा लिने पदहरुको विज्ञापन गर्ने, परीक्षा संचालन गरी नतिजा प्रकाशन गर्ने। |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर, मोरंग, धनकुटा, उदयपुर तथा प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१६०. चिकित्सक स्वास्थ्यकर्मी तथा हेल्पर करार*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२४१३ |
| **क्रियाकलाप कोड** | २.५.७.१० |
| **उद्देश्य** | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार गर्ने । |
| **अपेक्षित उपलब्धि** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु तथा अस्पतालमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार भएको हुनेछ। |
| **सञ्चालन प्रक्रिया** | • सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि अन्तर्गत रहेर आयुर्वेद स्वास्थ्य केन्द्र तथा अस्पतालहरुमा जनशक्ति करार सेवामा लिनुपर्ने तथा गत आ.व. मा |

नियुक्ति भई कार्यरत रहेकालाई कार्यसम्पादनको आधारमा निरन्तरता दिन सकिनेछ।

- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार गर्ने प्रयोजनका लागि तपसील बमोजिम जनशक्ति करार सेवामा लिई सेवा सञ्चालन गर्ने ।

**क. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरंग**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | कन्सल्टेण्ट आयुर्वेद विज्ञ | नवौं | १ | |
| २. | आयुर्वेद चिकित्सक | आठौं | १ | |
| ३. | होमियोप्याथी चिकित्सक | आठौं | १ | |
| ४. | होमियोप्याथी सहायक | पाँचौ | १ | |
| ५. | स्टाफ नर्स | पाँचौ | १ | |
| ६. | अनमी | चौथो | ३ | |
| ७. | वैद्य | चौथो | ३ | |
| ८. | का.स | श्रेणी विहिन | २ | |

**ख. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, झापा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | आठौं | १ | |
| २. | फिजियोथेरापी असिष्टेण्ट | पाँचौ | १ | |
| ३. | स्टाफ नर्स | पाँचौ | १ | |

**ग. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, इलाम**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | आठौं | १ | |
| २. | स्टाफ नर्स | पाँचौ | १ | |
| ३. | अनमी | चौथो | २ | |
| ४. | वैद्य | चौथो | ३ | |
| ५. | का.स | श्रेणी विहिन | २ | |

**घ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, उदयपुर**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | कन्सल्टेण्ट आयुर्वेद विज्ञ | नवौं | १ | |
| २. | होमियोप्याथी चिकित्सक | आठौं | १ | |
| ३. | होमियोप्याथी सहायक | पाँचौ | १ | |
| ४. | स्टाफ नर्स | पाँचौ | १ | |
| ५. | वैद्य | चौथो | १ | |

**ङ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | आठौं | १ | |
| २. | अनमी | चौथो | २ | |
| ३. | वैद्य | चौथो | १ | |
| ४. | का.स | श्रेणी विहिन | १ | |

**च. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सुनसरी**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | आयुर्वेद चिकित्सक | आठौं | १ | |

**छ. प्रादेशिक अस्पताल, भद्रपुर, झापा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | होमियोप्याथी चिकित्सक | आठौं | १ | |
| २. | होमियोप्याथी सहायक | पाँचौ | १ | |

**ज. मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, मोरंग**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | होमियोप्याथी चिकित्सक | आठौं | १ | |
| २. | होमियोप्याथी सहायक | पाँचौ | १ | |

**झ. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, धनकुटा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | वैद्य | चौथो | १ | |

**ञ. प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा**

| क्र.सं | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | वैद्य | चौथो | १ | |

- यस अन्तर्गतका शीर्षकहरूमा विनियोजित बजेटहरूबाट तोकिएका कर्मचारी बाहेक अन्य कर्मचारीलाई तलब भत्ता दिन मिल्नेछैन।
- सेवा करारमा भएका कर्मचारीको कार्यसम्पादनको नियमित मुल्याङ्कन र अनुगमन गर्ने ।

| | |
|---|---|
| | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको सुदृढीकरण तथा विस्तार भएका स्वास्थ्य संस्थाहरुमा सेवा प्रयोजनका लागि AMIS मा तोकिए बमोजिमको फाराम बनाउने र नीयमित प्रतिवेदन स्वास्थ्य निर्देशनालयमा पठाउने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम ।(जनशक्तिको लागि पारिश्रमिक तथा चाडपर्व खर्च समेत समावेश गरिएको) |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ, झापा, सुनसरी, इलाम, उदयपुर, धनकुटा र पाँचथर तथा मदनभण्डारी अस्पताल तथा ट्रमा सेन्टर, उर्लावारी, प्रादेशिक अस्पताल, भद्रपुर, प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१६१. होमियोप्याथि औषधि खरिद (खर्च शिर्षक नं.: २७२१३, क्रियाकलाप कोड: ७.२.९.६)*

| **शिर्षक** | **विवरण** |
|---|---|
| उद्देश्य | मुख्य रुपमा देखिने रोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुनेगरी होमियोप्याथी औषधि खरिद गरी निःशुल्क औषधि सहितको सेवा निरन्तर प्रवाह गर्ने । |
| अपेक्षित उपलब्धि | होमियोप्याथि सम्बन्धी आवश्यक सेवा र औषधिको नियमित उपलब्धता हुनेछ । |
| सञ्चालन प्रक्रिया | • होमियोप्याथी औषधि खरीद गर्दा जनस्वास्थ्य सेवा नियमावली, २०७७ को आधारभूत स्वास्थ्य सेवा ( होमियोप्याथी ) मा उल्लेख भएका रोगहरुलाई प्राथमिकतामा राखेर खरीद गर्नुपर्नेछ ।<br>• होमियोप्याथि औषधी चालु आ.व. का लागि गरिएको पूर्व प्रक्षेपणका (Quantification and Forecasting) आधारमा खरिद गर्नुपर्नेछ ।<br>• होमियोप्याथि औषधि खरिद गर्दा DDA दर्ता भएका GMP Certified कम्पनी र खरिद पश्चात औषधीको गुणस्तर यकिन सम्बन्धित जनशक्तिबाट गराउनुपर्नेछ।<br>• चुर्ण औषधीहरुको हकमा मान्यता प्राप्त औषधी परीक्षण प्रयोगशालाबाट microbial test comply भएको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।<br>• होमियोप्याथि औषधि खरिद गर्दा दर्ता प्रमाणिकरण भएका कम्पनी र खरिद पश्चात औषधीको Post Delivery inspection सम्बन्धित जनशक्तिबाट गराउनु पर्नेछ।<br>• प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा व्यवस्था भए बमोजिम खरिद कार्य गर्नुपर्नेछ ।<br>• खरिद पश्चात सो औषधिहरू सम्बन्धित अस्पतालले Rational use of drug लाई मध्यनजर गरी उपचार गर्नुपर्नेछ।. |
| प्रतिवेदन प्रणाली | खरिद कार्य सम्पन्न पश्चात खरिद गरिएको औषधिकोको विस्तृत विवरण e-LMIS मा Entry गर्नुका साथै वितरण सहितको प्रतिवेदन स्वास्थ्य मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ। |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक अस्पताल, भद्रपुर, मदन भण्डारी अस्पताल ट्रमा सेन्टर। |

## १६२. निःशुल्क विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर

| उपशीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.२९३ |
| उद्देश्य | • प्रदेशमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायहरुमा विशेषज्ञ सेवा सहितको निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गर्ने । |
| अपेक्षित उपलब्धि | • प्रदेशमा आयुर्वेद स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायको विशेषज्ञ आयुर्वेद स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि हुनुका साथै थप उपचारका लागि प्रादेशिक आयुर्वेद अस्पतालमा प्रेषण हुनेछ । |
| सञ्चालन प्रक्रिया | • कोशी प्रदेश भित्र सेवाको पहुँचबाट टाढा रहेका जनसमुदायको बसोबास क्षेत्रमा, विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालनको योजना तयार गर्ने ।यसरी शिविर संचालन गर्दा प्रादेशिक आयुर्वेद अस्पताल हाताभित्र आयोजना गर्न पाइने छैन।<br>• स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा स्थानीय तहसंग आवश्यक समन्वय गरी विशेषज्ञ आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>• शिविर सञ्चालन गर्नु पूर्व कम्तीमा १५ दिन अगाडि देखि प्रचारप्रसार गर्ने ।<br>• शिविर सञ्चालन गर्दा विभिन्न विशेषज्ञ सेवा सहितको सेवा प्रदान गर्नु पर्नेछ ।<br>• शिविरलाई आवश्यक पर्ने औषधिहरु समेत यसै कार्यक्रमबाट खरिद गर्नुपर्नेछ । |
| बजेट बाँडफाँड | बजेट अख्तियारीमा भए बमोजिम । |
| सञ्चालन गर्ने निकाय | प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा । |
| सन्दर्भ सामाग्री | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## १६३. निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य शिविर

| शीर्षक | विवरण |
|---|---|
| खर्च शीर्षक नं | २२५२२ |
| क्रियाकलाप कोड | २.७.२२.२७ |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धि सचेतना र सेवा प्रवाह गर्ने । |
| अपेक्षित उपलब्धि | आयुर्वेद स्वास्थ्य संस्था नभएका स्थानहरूमा स्वास्थ्य लाभ हुनका साथै आयुर्वेद चिकित्सा सम्बन्धि सचेतना अभिवृद्धि समेत भएको हुनेछ । |

| | |
|---|---|
| **सन्चालन प्रक्रिया** | • आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू छनोट गरी जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले आवश्यकता अनुसार चिकित्सक सहितको जनशक्ति परिचालन गरी कार्ययोजना अनुसार शिविर संचालन गर्ने।<br>• स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय धनकुटा तथा स्थानीय तहसंग आवश्यक समन्वय गरी निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य शिविर सञ्चालन गर्ने ।<br>• जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मोरंग, झापा एवं उदयपुरले होमियोप्याथी चिकित्सकलाई समेत समावेश गरी शिविर सञ्चालन गर्ने ।<br>• शिविरलाई आवश्यक पर्ने औषधिहरु समेत यसै कार्यक्रमबाट खरिद गरी व्यवस्थापन गर्ने ।<br>• शिविर सञ्चालन भएपछि त्यसको प्रतिवेदन स्वास्थ्य निर्देशनालय धनकुटामा पठाउने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१६४. आयुर्वेद चिकित्सकहरुलाई CME कार्यक्रम*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.५.११.१८ |
| **उद्देश्य** | आयुर्वेद चिकित्सकहरुका लागि Continue Medical Education (CME ) कार्यक्रम सञ्चालन गर्ने। |
| **अपेक्षित उपलब्धि** | यस क्रियाकलापले गर्दा आयुर्वेद चिकित्सकहरु बीचमा ज्ञान सीपको आदान प्रदान भई प्रादेशिक आयुर्वेद अस्पताल तथा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवाहरुमा थप सुधार भएको हुनेछ तथा सेवाग्राहीहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन् । |
| **सञ्चालन प्रक्रिया** | • प्रत्येक पन्ध्र दिनमा अनलाइन मार्फत कक्षा सञ्चालनका लागि समय तालिका तयार गर्ने र कक्षा सञ्चालनका लागि आयुर्वेद चिकित्सकहरुलाई संलग्न गराउने भूमिका अस्पताल प्रमुखले निर्वाह गर्नु पर्नेछ ।<br>• प्रत्येक पन्ध्र दिनमा अनलाइन कक्षा सञ्चालन गर्दा कुनै निश्चित बार एवं समय तोकी सबै चिकित्सकहरुलाई सहभागी हुन प्रेरित गर्ने ।<br>• बजेटको परिधि भित्र रही CME कक्षा सहजिकरण गर्ने व्यक्तिलाई सहजिकरण बापतको भत्ता दिने । |

| | |
|---|---|
| | • विनियोजन भएको रकम प्रचलित आर्थिक प्रशासन सम्बन्धि ऐन, नियम, कार्यविधि, मापदण्ड बमोजिम खर्च गर्ने।<br>• CME सञ्चालन भएको दिन अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रको न्यूनतम सेवा मापदण्डहरुको वारेमा समेत छलफल गर्न सकिने ।<br>• CME सञ्चालनका लागि एउटा छुट्टै अभिलेख /निर्णय पुस्तिका राखी त्यसमा सञ्चालन गरिएको मिति, समय, संयोजक/प्रमुखको नाम, सहभागीहरुको नाम, थर, पद, संस्था सहितको विवरण, कार्यक्रममा उठेका तथा छलफल भएका मुख्य मुख्य विषयबस्तुहरु क्रमबद्ध रुपमा उल्लेख गरी संयोजक/प्रमुखबाट प्रमाणित गराई दुरुस्त राखे ।<br>• यसको प्रतिवेदन नियमित रुपमा स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश विराटनगरमा पेश गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

## *१६५. कार्यालय परीसरमा नमुना जडीबुटी उद्यान निर्माण*

| **उपशीर्षक** | **विवरण** |
|---|---|
| **खर्च शीर्षक नं** | २२५२२ |
| **क्रियाकलाप कोड** | २.७.२५.८ |
| **उद्देश्य** | आयुर्वेद संस्थामा आएका सेवाग्राहीहरुलाई स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरुको पहिचान, कृषि, संरक्षण तथा प्रयोग सम्बन्धि जानकारी हुने । |
| **अपेक्षित उपलब्धि** | अस्पताल परिसरमा स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरुको उद्यान व्यवस्थापन हुने एवं<br>सेवा ग्राहीलाई उपलब्ध जडिबुटीको पहिचान तथा प्रयोगको बारेमा जानकारी हुने |
| **सञ्चालन प्रक्रिया** | • स्थानीय स्तरमा उपलब्ध हुने उपयोगी जडिबुटीहरूको सुची तयार गर्ने ।<br>• उपलब्ध जडिबुटीहरु अस्पताल परिसरमा भएको खाली जग्गामा लगाउने व्यवस्था गर्ने ।<br>• प्रचलित नियमानुसार खरिद प्रक्रिया अपनाई जडिबुटी खरिद गर्ने ।<br>• जडिबुटीहरुको परिचय खुल्ने गरि लेबलिंग गरि नियमित संरक्षण, सम्बर्धन तथा व्यवस्थापन गर्ने । |
| **बजेट बाँडफाँड** | बजेट अख्तियारीमा भए बमोजिम । |

| | |
|---|---|
| **सञ्चालन गर्ने निकाय** | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र उदयपुर, इलाम तथा खोटाङ्ग । |
| **सन्दर्भ सामाग्री** | निर्देशिका, कार्यविधि, मापदण्ड आदि तथा अन्य प्रचलित ऐन नियम । |

*आ.व. २०८१/०८२ स्थानीय तहबाट सञ्चालन हुने बजेट तथा कार्यक्रम सञ्चालन मार्गदर्शन*

**कार्यान्वयन गर्ने निकाय: बजेट विनियोजन भएका** स्थानीय **तहहरु**

**कार्यक्रम संचालन प्रक्रिया :**

१. आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन र सन्चालनको मुख्य जिम्मेवारी स्थानीय तहको रहेको छ। बिभिन्न सेवाहरु संचालनको लागि संघीय सशर्त क्रियाकलाप र बजेट समेत उपलब्ध हुने गरेको छ। असपताल, स्वास्थ्य केन्द्रहरुको भौतिक संरचना निर्माणमा समेत साझेदारीमा संघीय बजेट प्राप्त भई भवन निर्माण भएका छन। कतिपय स्थानमा स्थानीय तहको आवश्यकतामा स्वास्थ्यकेन्द्र हरु खोलिएको छ। धेरै स्थानीय तहहरुको स्वास्थ्य संस्थाको भवन पूर्ण निर्माण नभएको, भवन र कोठा पर्याप्त नभएको र सामान्य औजार उपकरणको अभाव भई सेवा प्रवाहमा कठिन भएको भनी अधिक योजना माग भई आउने गरेको पाइएको छ।

२. स्वास्थ्य मन्त्रालय मुलत स्वास्थ्य सेवाका क्रियाकलापहरु(जनस्वास्थ्य सेवा, असपताल सेवा, आयुर्वेदिक सेवा) को व्यवस्थापन र सन्चालन गर्ने मुख्य जिम्मेवारी बोकेको मन्त्रालय हो । यो मन्त्रालयमा प्राप्त वार्षिक बजेट बाट भौतिक पूर्वाधारमा योजना संचालनको लागि बजेट पर्याप्त हुदैन । तथापि आधारभूत स्वास्थ्य सेवा संचालनमा चाहिने न्युनतम भौतिक पूर्वाधारको व्यवस्थापनमा सहयोग होस् भनी केहि रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको छ। यो रकम पर्याप्त नहुने भएकोले स्थानीय तहको समेत साझेदारीमा यी योजनाहरु सम्पन्न गर्नु पर्नेछ।

३. स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका योजनाहरू कुन स्थानमा कुन कार्यको लागि कति रकम विनियोजन भएको हो आर्थिक वर्षको शुरुमा कार्यपालिका बैठकमा छलफल र जानकारी गर्ने। विनियोजन भएको स्थानीय तह क्रियाकलापको नाम, वजेट PLMBIS बाट हेर्नुपर्नेछ।

४. विनियोजित बजेट र क्रियाकलाप तोकिएकै क्रियाकलाप र स्थानमा सम्पन्न गर्नु पर्नेछ ।

५. प्राप्त बजेट र तोकिएको क्रियाकलाप अनुसार भौतिक निर्माण/ मर्मत गर्न पहिलो त्रैमासिक भित्र स्थानीय तहको प्राविधिक वा अन्य प्राविधिक बाट नक्सा, डिजाईन र लागत इस्टमेट तयार गराई कार्यपालिका बाट स्वीकृत गराउनु पर्दछ ।

६. योजनाको विस्तृत योजना स्वीकृत भए पछि लागत, साझेदारी, योजना कार्यान्वयनको प्रक्रिया र अवधि बारे निर्णय सहित स्वास्थ्य मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

७. आधारभूत स्वास्थ्य सेवा संचालनको लागि न्युनतम आवश्यक भौतिक पूर्वाधारको लागि उपलब्ध भएकोले विनियोजित बजेट अपुग भएमा स्थानीय तहबाट साझेदारी गरी योजना सम्पन्न हुने सुनिश्चित गर्नु पर्नेछ ।

८. निर्माण शुरु गर्नु अघि सो योजनाको बारे सम्बन्धित वडाको अध्यक्ष, जनप्रतिनिधि र प्राविधिक समेतले सम्बन्धित वडामा वडाबासी र सरोकारवालाहरुलाई आयोजनाको विस्तृत विवरण ( कुल लागत मूल्य, निर्माण हुने योजन्ना, निर्माण प्रक्रिया, ठेकेदार/समिति , अवधि आदि) बारे जानकारी गराई सोही भेला बाट १ जना महिला सहित ३ जनाको अनुगमन समिति समेत गठन गरी निर्माण/ मर्मत कार्यको अनुगमनको जिम्मेवारी दिने।

९. निर्माण/मर्मत कार्य तेस्रो त्रैमासिक भित्र सम्पन्न गर्ने गरी योजना र व्यवस्थापन गर्नुपर्नेछ।

१०. निर्माण तथा मर्मत कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार गर्नु पर्नेछ। यो रकम बाट कन्टिनजेन्सी, भईपरी आउने, अनुगमन सुपरिवेक्षण लगायत अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन।

११. कार्य सम्पन्न भए पछि सो को प्राविधिक प्रतिवेदन, वास्तविक आर्थिक, भौतिक प्रगति विवरण कार्यपालिका बाट निर्णय गराउनुपर्नेछ र सो प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा समेत जानकारी गराउनु पर्नेछ।
१२. त्रियुगा नगरपालिकाको वडा नम्बर १७ आधारभूत स्वास्थ्य चौकी भवन मर्मत को विनियोजन बजेट तथा क्रियाकलापमा त्रियुगा नगरपालिकाको वडा नम्बर १६ को आधारभूत स्वास्थ्य सेवा केन्द्र (सुकौरा भवन) मर्मत गर्नुपर्नेछ।
१३. सालेवा दोभाने स्वास्थ्य चौकी मर्मतमा विनियोजन वजेट तथा क्रियाकलापमा साल्पासिलोछो वडा नं ६ स्वास्थ्य चौकी मर्मत सम्भार गर्नुपर्नेछ।
१४. दोभाने स्वास्थ्य चौकी भवन मर्मत, साल्पासिलिछो-६ मा विनियोजन भएको बजेट तथा क्रियाकलापमा साल्पासिलिछो-५ फेदीमा, दोभाने स्वास्थ्य चौकी भवन निर्माण गर्नुपर्नेछ (वडा मात्र परिवर्तन)।
१५. षडानन्द नगरपालिकामा स्वास्थ्य चौकी, साउने भवन मर्मत र भोजपुर नगरपालिकामा पोपङला खोप केन्द्र निर्माण बाहेकको बजेट तथा कार्यक्रम माथिका १ देखी ११ नम्बर बुँदासम्म भनीए बमोजिम सञ्चालन गर्नुपर्नेछ।

अनुसूची -१

पञ्चकर्म कक्षमा प्रयोग गरिने मुख्य उपकरणहरु

| क्र.सं | उपकरण |
|---|---|
| १. | द्रोणी टेवल ( ९ x २.५ x २.५ फिट ) |
| २. | अभ्यंग टेवल ( ७ x ३ x २.५ फिट ) |
| ३. | स्वेदन बक्स (विरामीलाई सुताएर वा बसाएर स्वेदन गर्न मिल्ने) |
| ४. | धारा यन्त्र |
| ५. | वाष्फ यन्त्र |
| ६. | वस्ति नेत्र |
| ७. | ग्यास स्टोभ सेट |
| ८. | टब |
| ९. | मोर्टर र पेस्टल |
| १० | साना भाँडाहरू बटुका, चम्चा आदि |

अनुसूची-२

पञ्चकर्ममा प्रयोगहुने मुख्य औषधि सामाग्रीहरू

| | | | |
|---|---|---|---|
| १ | दशमूल तेल | २० | यष्टिमधु, आमलकी |
| २ | एरण्ड तेल | २१ | शीग्रु, अर्क, एरण्ड, अम्लिका, पद्मक पत्र |
| ३ | लाक्षादि तेल | २२ | निर्गुण्डी , बलामूल, लसुन |
| ४ | महामाषादि तेल | २३ | तितेपाति |
| ५ | महानारायण तेल | २४ | धतुरो |
| ६ | प्रसारीणी तेल | २५ | गहत |
| ७ | सैन्धवादि तेल | २६ | कुमारी |
| ८ | षडविन्दु तेल | २७ | तुलसी, पारीजात, गुडुची, पुनर्नवा |
| ९ | ब्राम्ही तेल | २८ | कागती र अन्य साइट्रस फ्रुट |
| १० | त्रिफला घृत | २९ | हरिद्रा, मेथी, दालचीनी, सुकमेल, |
| ११ | गोघृत | ३० | शुण्ठी, मुस्ता, सौंफ |
| १२ | तिल तेल, सर्स्यूं तेल | ३१ | सैन्धव लवण |
| १३ | दशमूल चुर्ण | ३२ | मधु |
| १४ | मदनफलादि चुर्ण | ३३ | तक्र, दुग्ध |
| १५ | इच्छाभेदी रस | ३४ | मुद्ग, गहुँ एवं माष चुर्ण |
| १६ | आरग्वध | ३५ | षष्टी शाली धान्य |
| १७ | त्रिवृत | ३६ | कोरा कपडा |
| १८ | वचा | ३७ | छानेको बालुवा आदि । |
| १९ | इक्षु रस | | |

अनुसुची-३

प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बाट खरिद भई वितरण हुने स्वास्थ्यका औजार उपकरण सामाग्री वितरण गर्नुपर्ने जिल्ला तथा स्थानीय  तहको नाम)

| सि.नं. | क्रियाकलाप | खर्च शिर्षक | वितरण गर्नु पर्ने जिल्ला स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | OPG- एक्सरे मेसिन खरिद | ३११२२ | जिल्ला अस्पताल, धनकुटा |
| २ | Nebulizer मेसिन खरिद | ३११२२ | जन्तेढुंगा गापा (खोटाङ) स्वास्थ्य चौकीको लागि |
| | | | धनकुटा नपा ५ शहरी स्वास्थ्य क्लिनिक |
| | | | धनकुटा नपा ६ शहरी स्वास्थ्य क्लिनिक |
| | | | धरान उप मनपा (सुनसरी) ३ नम्बर आधारभूत स्वासेके |
| | | | महाकुलुङ (सोलुखुम्बु) गुदेल स्वास्थ्य चौकी |
| | | | साल्पासिलिछो २ ( भोजपुर) कुलुङ स्वास्थ्य चौकी |
| | | | खोटेहाङ गापा (खोटाङ) इन्द्रेणी आधारभूत अस्पताल |
| | | | साकेला गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | सिलीचोङ गापा (संखुवासभा) खुंवा सामुदायिक स्वास्थ्य इकाई |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) पापुङ स्वास्थ्य चौकी |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) लिवाङ स्वास्थ्य चौकी |
| | | | चम्पादेवी गापा (ओखलढुंगा) आधारभूत अस्पतालको लागि |
| | | | थुलुङ दूधकोशी ४ (सोलुखुम्बु) जुबु स्वास्थ्य चौकीको लागि |
| | | | सुनकोशी गापा (ओखलढुंगा) सिस्नेरी स्वास्थ्य चौकीको लागि |
| | | | सुर्योदय नपा (ईलाम) आधारभूत अस्पतालको लागि |
| | | | सुर्योदय नपा (मांसेबुङ) आधारभूत अस्पतालको लागि |
| | | | आमचोक गाँउपालिका वडा नं. १०, पाङ्चा, भोजपुर |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| ३ | Delivery Bed | ३११२२ | खिजिदेम्वा गापा (ओखलढुंगा) आधारभूत अस्पतालको लागि |
| | | | जन्तेढुंगा गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | साकेला गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |

| | | | |
|---|---|---|---|
| | | | त्रियुगा नपा (उदयपुर) वडा नम्बर १६ को स्वास्थ्य चौकीको लागि |
| | | | चम्पादेवी गापा (ओखलढुंगा) आधारभूत अस्पतालको लागि |
| | | | कचनकवल गापा (झापा) आधारभूत अस्पतालको लागि |
| | | | चिसंखुगढी गापा (ओखलढुंगा) आधारभूत अस्पतालको लागि |
| | | | सुनकोशी गापा (ओखलढुंगा) आधारभूत अस्पतालको लागि |
| | | | महाकुलु गापा ३ (सोलुखुम्बू) स्वास्थ्य चौकी छेस्काम |
| | | | सिलिचोङ गापा (संखुवासभा) यांसिम्मा सामुदायिक बर्थिङ सेन्टर |
| | | | धर्मदेवी नपा (संखुवासभा) माम्लिङ स्वास्थ्य चौकी |
| | | | सभापोखरी गापा (संखुवासभा) आधारभूत अस्पतालको लागि |
| | | | मकालु गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) पापुङ स्वास्थ्य चौकी |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) लिवाङ स्वास्थ्य चौकी |
| | | | साल्पासिलिछो २ ( भोजपुर) कुलुङ स्वास्थ्य चौकी |
| | | | रतुवामाइ ७ सिजुवा (मोरंग) स्वास्थ्य संस्थाका लागि |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| ४ | Color Fetal Doppler मेसिन खरिद | ३११२२ | जन्तेढुंगा गापा (खोटाङ) बर्थिङ सेन्टरको लागि |
| | | | आमचोक गापा (भोजपुर) बर्थिङ सेन्टरको लागि |
| | | | साल्पासिलिछो गापा (भोजपुर) बर्थिङ सेन्टरको लागि |
| | | | महाकुलुङ गापा (सोलुखुम्बु) बर्थिङ सेन्टरको लागि |
| | | | धनकुटा नपा ६ शहरी स्वास्थ्य क्लिनिक |
| | | | धनकुटा नपा ५ शहरी स्वास्थ्य क्लिनिक |
| | | | अरुण गाउँपालिका बर्थिङ सेन्टरको लागि |
| | | | फुङलिङ गापा (ताप्लेजुङ) अंशुभञ्ञयांङ स्वा चौकी बर्थिङ सेन्टर |
| | | | सन्दकपुर गापा (ईलाम) लुरिङटार स्वास्थ्य चौकी बर्थिङ सेन्टर |
| | | | महाकुलुङ (सोलुखुम्बु) गुदेल स्वास्थ्य चौकी बर्थिङ सेन्टर |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) पापुङ स्वास्थ्य चौकी |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) लिवाङ स्वास्थ्य चौकी |

| | | | |
|---|---|---|---|
| | | | चम्पादेवी गापा (ओखलढुंगा) आधारभूत अस्पतालको लागि |
| | | | थुलुङ दूधकोशी ४ (सोलुखुम्बु) जुबु स्वास्थ्य चौकीको लागि |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| ५ | ECG मेसिन खरिद | ३११२२ | फक्तालुङ गापा-ताप्लेजुङ(आधारभुत अस्पतालको लागि) |
| | | | खाँदवारी नगरपालिका(संखुवासभा)-नगर अस्पतालका लागि |
| | | | देवानगञ्ज गापा (सुनसरी) आधारभूत अस्पतालको लागि |
| | | | सिलीचोङ गापा (संखुवासभा) ताम्कू प्राथमिक स्वास्थ्य केन्द्र |
| | | | महाकुलुङ (सोलुखुम्बु) प्राथमिक आधारभूत अस्पतालको लागि |
| | | | आठराई गापा १ (तेह्रथुम) संक्रान्ती आधारभूत अस्पतालको लागि |
| | | | झापा गाउँपालिकाको आधारभुत अस्पताल |
| | | | साकेला गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | रावाबेशी गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | थुलुङ दूधकोशी (सोलुखुम्बु) आधारभुत अस्पतालको लागि |
| | | | पाखिबास नरपालिका ४ (धनकुटा) पाखिबास आधारभूत अस्पतालको लागि |
| | | | गौरादह नगरपालिका, (नगर अस्पताल) |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| ६ | अटोक्लेभ मेसिन | ३११२२ | खाँदवारी नगरपालिका(संखुवासभा)-नगर अस्पतालका लागि |
| | | | बेलबारी नपा ९ (मोरंग) -डाँगीहाट स्वास्थ्य चौकीको लागि |
| | | | पाखिबास नरपालिका ४ (धनकुटा) पाखिबास आधारभूत अस्पतालको लागि |
| | | | धनकुटा नपा ६ (धनकुटा) शहरी स्वास्थ्य क्लिनिक |
| | | | धनकुटा नपा ५ (धनकुटा) शहरी स्वास्थ्य क्लिनिक |
| | | | भोजपुर नपा १ (भोजपुर) आधारभूत स्वास्थ्य केन्द्र |
| | | | आमचोक गापा ९ (भोजपुर) स्वास्थ्य चौकी बर्थिङ सेन्टरको लागि |
| | | | महाकुलुङ गापा २ (सोलुखुम्बु) पेल्माङ आधारभूत स्वा केन्द्र |
| | | | महाकुलुङ गापा ४ (सोलुखुम्बु) तुमाउ आधारभूत स्वा केन्द्र |

| | | | |
|---|---|---|---|
| | | | साल्पासिलिछो २ ( भोजपुर) कुलुङ स्वास्थ्य चौकी |
| | | | देवानगञ्ज गापा २ (सुनसरी) स्वास्थ्य संस्थाको लागि |
| | | | बिराटनगर मनपा (मोरंग) वडा ८ को स्वास्थ्य संस्थाको लागि |
| | | | सिलीचोङ गापा ३(संखुवासभा) याचाम्खा सामुदायिक स्वा इकाइका लागि |
| | | | रतुवामाई नपा ५ (मोरंग) गोबिन्दपुर स्वास्थ्य चौकीको लागि |
| | | | थुलुङ दूधकोशी ४ (सोलुखुम्बु) जुबु स्वास्थ्य चौकीको लागि |
| ७ | ग्रामिण अल्ट्रासाउन्ड खरिद | ३११२२ | फक्तालुङ गापा-ताप्लेजुङ(आधारभुत अस्पतालको लागि) |
| | | | भोटखोला गापा(संखुवासभा)- बर्थिङ सेन्टरका लागि |
| | | | साल्पासिलिछो गापा ५ (भोजपुर) फेदि आधारभूत स्वास्थ्य सेवा केन्द्र बर्थिङ सेन्टरको लागि |
| | | | छथर जोरपाटी गापा (धनकुटा) बर्थिङ सेन्टरका लागि |
| | | | चिचिला गापा वडा २ (संखुवासभा)- बर्थिङ सेन्टरको लागि |
| | | | रौतामाइ गापा (उदयपुर) बर्थिङ सेन्टर स्वास्थ्य संस्थाको लागि |
| | | | महाकुलुङ गापा (सोलुखुम्बु) बर्थिङ सेन्टरको लागि |
| | | | चैनपुर नपा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | आमचोक गापा (भोजपुर) बर्थिङ सेन्टरको लागि |
| | | | साकेला गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | सिलिचोङ गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | हलेसी तुवाचुङ नपा (खोटाङ) दुर्छिम आधारभूत अस्पतालको लागि |
| ८ | एक्सरे DR मेसिन 500 MA | ३११२२ | ईटहरी उमनपा (सुनसरी) ईटहरी अस्पतालको लागि |
| ९ | पोस्टमार्टम मर्चरी फ्रिज | ३११२२ | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| | | | सागुरीगढी गाँउपालिकाको डाँडाबजार प्राथमिक स्वास्थ्य केन्द्र |
| १० | Radiant Baby Warmer खरिद | ३११२२ | सिलीचोङ गापा(संखुवासभा)- यांसिम्मा सामुदायिक स्वा इकाई बर्थिङ सेन्टरको लागि |
| | | | सिलीचोङ गापा(संखुवासभा)- याफू आधारभूत स्वा के बर्थिङ सेन्टरको लागि |
| | | | पाखिबास नरपालिका ४ (धनकुटा) पाखिबास आधारभूत अस्पतालको लागि |

| | | | |
|---|---|---|---|
| | | | मकालु गापा ३ (संखुवासभा)- पाथिभरा स्वास्थ्य चौकी बर्थिङको लागि |
| | | | फेदाप गाउँपालिका (तेह्रथुम)- इसुबु स्वा चौकी बर्थिङ सेन्टरको लागि |
| | | | चम्पादेवी गापा (ओखलढुंगा)- वडा नम्बर ६ को स्वास्थ्य चौकी |
| | | | टेम्केमयुम गापा (भोजपुर) बर्थिङ सेन्टरको लागि |
| | | | महाकुलुङ गापा (सोलुखुम्बु) प्राथमिक आधारभूत अस्पतालको लागि |
| | | | सन्दकपुर गापा (ईलाम) लुरिङटार स्वास्थ्य चौकी बर्थिङ सेन्टर |
| | | | ताप्ली गापा (उदयपुर) ओख्ले स्वास्थ्य चौकी |
| | | | खोटेहाङ गापा (खोटाङ) इन्द्रेणी आधारभूत अस्पताल |
| | | | शहीदभूमी गाउँपालिका (धनकुटा) आँखीसल्ला स्वास्थ्य चौकी बर्थीङ सेन्टर |
| | | | मांसेबुङ गापा (ईलाम) गजुरमुखी स्वास्थ्य चौकी बर्थीङ सेन्टर |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) पापुङ स्वास्थ्य चौकी |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) लिवाङ स्वास्थ्य चौकी |
| ११ | Pulse Oxymeter (Table top type) खरिद | ३११२२ | धरान उप मनपा (सुनसरी) ३ नम्बर आधारभूत स्वासेके |
| | | | चम्पादेवी गापा (ओखलढुंगा)- वडा नम्बर ६ को स्वास्थ्य चौकी |
| | | | फिदिम नपा (पाँचथर)जाल्पा आधारभूत बर्थिङ सेन्टर |
| | | | सिद्दीचरण नपा (ओखलढुंगा) ठूलोछाप स्वास्थ्य चौकी |
| | | | महाकुलुङ (सोलुखुम्बु) गुदेल स्वास्थ्य चौकी बर्थिङ सेन्टर |
| | | | महाकुलुङ गापा ३ (सोलुखुम्बु) स्वा चौकी छेस्काम |
| | | | साल्पासिलिछो २ ( भोजपुर) कुलुङ स्वास्थ्य चौकी |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) पापुङ स्वास्थ्य चौकी |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) लिवाङ स्वास्थ्य चौकी |
| | | | चम्पादेवी गापा (ओखलढुंगा) आधारभूत अस्पतालको लागि |
| | | | थुलुङ दूधकोशी ४ (सोलुखुम्बु) जुबु स्वास्थ्य चौकीको लागि |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| १२ | स्थानीय तहका लागि Semi-Auto | ३११२२ | धर्मदेवि नपा (संखुवासभा)-आधारभूत अस्पतालको लागि |
| | | | महाकुलुङ (सोलुखुम्बु) गुदेल स्वा चौकी ल्याब सेवाका लागि |

| | | | |
|---|---|---|---|
| | Biochemistry खरिद | | खाँदवारी नगरपालिका(संखुवासभा)-नगर अस्पतालका लागि |
| | | | आठराई गापा १ (तेह्रथुम) संक्रान्ती आधारभूत अस्पतालको लागि |
| | | | जन्तेढुंगा गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | मादी नपा (संखुवासभा)-आधारभूत अस्पतालको लागि |
| | | | साकेला गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | झापा गाउँपालिकाको आधारभुत अस्पताल |
| | | | चौदण्डी नपा (उदयपुर) आधारभूत अस्पतालको लागि |
| | | | गौरादह नगरपालिका, (नगर अस्पताल) |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| १३ | स्थानीय तहका लागि Hematology Analyzer(C-Part) खरिद | ३११२२ | पाँचखपन गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | बाह्रदशी गापा (झापा) बाह्रदशी आधारभूत अस्पतालका लागि |
| | | | चैनपुर नपा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | मैवाखोला गापा (ताप्लेजुङ) आधारभूत अस्पतालको लागि |
| | | | खाँदवारी नगरपालिका(संखुवासभा)-नगर अस्पतालका लागि |
| | | | बुद्द शान्ती गापा (झापा) आधारभूत अस्पतालको लागि |
| | | | साल्पासिलिछो २ ( भोजपुर) कुलुङ स्वास्थ्य चौकी |
| | | | पाख्रिबास नरपालिका ४ (धनकुटा) पाख्रिबास आधारभूत अस्पतालको लागि |
| | | | जन्तेढुंगा गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| १४ | Fully Automated Biochemistry Analyzer Machine खरिद | ३११२२ | बेलबारी नपा (मोरंग) -नगर अस्पतालको लागि |
| | | | मकालु गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | महाकुलुङ गापा (सोलुखुम्बु) आधारभूत अस्पतालको लागि |
| | | | मादि नपा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | साकेला गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | रामप्रसाद राई (भोजपुर) आधारभूत अस्पतालको लागि |
| | | | लेटाङ नपा (मोरङ) आधारभूत अस्पतालको लागि |

| | | | |
|---|---|---|---|
| | | | बेलका नपा (उदयपुर) आधारभूत अस्पतालको लागि |
| | | | बुढीगंगा गापा (मोरंग) आधारभूत अस्पतालको लागि |
| | | | फाप्लु जिल्ला अस्पताल (सोलुखुम्बु) |
| १५ | Stretcher खरिद | ३११२२ | महाकुलुङ (सोलुखुम्बु) गुदेल स्वास्थ्य चौकी |
| | | | महाकुलुङ गापा २ (सोलुखुम्बु) पेल्माङ आधारभूत स्वा केन्द्र |
| | | | महाकुलुङ गापा ४ (सोलुखुम्बु) तुमाउ आधारभूत स्वा केन्द्र |
| | | | साल्पासिलिछो २ ( भोजपुर) कुलुङ स्वास्थ्य चौकी |
| | | | साल्पासिलिछो ५ ( भोजपुर) फेदी आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| | | | सन्दकपुर गापा (ईलाम) लुरिङटार स्वास्थ्य चौकी |
| | | | सन्दकपुर गापा (ईलाम) जमुना स्वास्थ्य चौकी |
| | | | सभापोखरि गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | मकालु गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | सिलिचोङ गापा(संखुवासभा)-दांखिला सामुदायिक स्वास्थ्य केन्द्र |
| | | | फक्तालुङ गापा-ताप्लेजुङ(आधारभुत अस्पतालको लागि) |
| | | | फेदाप गापा (तेह्रथुम) ईसुबु स्वास्थ्य चौकी बर्थिङ सेन्टरका लागि |
| | | | सिदिङ्वा गापा (ताप्लेजुङ) लिम्बिदिन स्वास्थ्य चौकीको लागि |
| | | | माप्य दुधकोशी गापा ७ (सोलुखुम्बु) आधारभूत स्वास्थ्य केन्द्रको |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) पापुङ स्वास्थ्य चौकी |
| | | | मिक्वाखोला गापा (ताप्लेजुङ) लिवाङ स्वास्थ्य चौकी |
| | | | झापा गाउँपालिकाको आधारभुत अस्पताल |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा प्रदेशभित्रका अन्य स्वास्थ्य संस्थाहरु |
| १६ | एक्सरे मेसिन (डिजिटल सिस्टम) खरिद | ३११२२ | फक्तालुङ गापा-ताप्लेजुङ(आधारभुत अस्पतालको लागि) |
| | | | मकालु गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | बेलबारी नपा (मोरंग) -नगर अस्पतालको लागि |
| | | | महालक्ष्मी नपा (धनकुटा) महालक्ष्मी प्राथमिक अस्पतालको लागि |
| | | | सभापोखरि गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | कानेपोखरी गापा ४ (मोरंग) आधारभूत अस्पतालको लागि |
| | | | धर्मदेवि नपा(संखुवासभा)-आधारभूत अस्पतालको लागि |

| | | | |
|---|---|---|---|
| | | | आमचोक गापा (भोजपुर) आधारभूत अस्पतालको लागि |
| | | | साकेला गापा (खोटाङ) आधारभूत अस्पतालको लागि |
| | | | सिलिचोङ गापा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | महाकुलङ गापा (सोलुखुम्बु) आधारभूत अस्पतालको लागि |
| | | | खाँदवारी नगरपालिका(संखुवासभा)-नगर अस्पतालका लागि |
| | | | ग्रामथान गापा (मोरङ) आधारभूत अस्पतालको लागि |
| | | | सिरीजंगा गापा (ताप्लेजुङ) प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोक |
| | | | बराहक्षेत्र नपा २ (सुनसरी) चतरा अस्पतालको लागि |
| | | | झापा गाउँपालिकाको आधारभुत अस्पताल |
| | | | आमचोक गाँउपालिका वडा नं. १०, पाङ्चा, भोजपुर |
| | | | मिक्लाजुङ्ग गाउँपालिका, मोरङ्ग |
| | | | गौरादह नगरपालिका, (नगर अस्पताल) |
| | | | माग र आवश्यक्ताको आधारमा प्रदेश मातहतका अस्पताल तथा अन्य प्रदेशभित्रका स्वास्थ्य संस्थाहरु |
| १७ | USG Machine खरिद | ३११२२ | मादि नपा(संखुवासभा)-आधारभुत अस्पतालको लागि |
| | | | खाँदवारी नगरपालिका(संखुवासभा)-नगर अस्पतालका लागि |

[*प्रति निकाय १ थान उपलब्ध हुने गरी सामग्री हस्तान्नतरण गर्नुपर्नेछ*]

*अनुसुची- ४*

*गर्भाबस्थामा गर्नुपर्ने जाँचहरुको सुची*

| सि. नं. | गर्भावधी | गराउनुपर्ने परीक्षण |
|---|---|---|
| १ | पहिलो सम्पर्क:१२ हप्तासम्म | हेमोग्लोबिन ब्लड ग्रुप युरिन आल्बुमिन<br>भि डि आर एल एच आइ भी HbsAg<br>२४ हप्ताभन्दा पहिले अल्ट्रासाउन्ड स्क्यान |
| २ | दोश्रो सम्पर्क:१६ हप्तासम्म | हेमोग्लोबिन युरिन आल्बुमिन २४ हप्ताभन्दा पहिले अल्ट्रासाउन्ड स्क्यानः गरेको छैन भने |
| ३ | तेश्रो सम्पर्क:२० देखि २४ हप्ता | हेमोग्लोबिन युरिन आल्बुमिन |
| ४ | चौथो सम्पर्क:२८ हप्ता | युरिन आल्बुमिन |
| ५ | पाँचौ सम्पर्क:३२ हप्ता | युरिन आल्बुमिन |
| ६ | छैठौं सम्पर्क:३४ हप्ता | युरिन आल्बुमिन |
| ७ | सातौं सम्पर्क:३६ हप्ता | युरिन आल्बुमिन |
| ८ | आठौं सम्पर्क:३८ हप्ता | युरिन आल्बुमिन |
| ९ | अन्तिम त्रैमासिक | विशेषज्ञको सल्लाह बमोजिम अन्य जाँच आवश्यक परेमा सो समेत निशुल्क गर्ने। |
| १० | यदी महिला गर्भावस्थामा तोकिएको समयमा नियमित गर्नुपर्ने कुनैपनि जाँच नगराई गर्भवती महिला अस्पताल आएमा सो अगाडि गर्नुपर्ने जाँचहरु समेत गराउनुपर्नेछ। | |

**नोटः**

१. रक्तअल्पता वा हेमोग्लोबिनको न्युन मात्राको सङ्केत र लक्षणहरु भएमा पुर्ण रक्त गणना (Complete Blood Count) गर्ने वा सुविधा उपलब्ध नभएमा प्रेषण गर्ने।

२. सुविधा उपलब्ध छ भने पिसाबमा लक्षण नदेखाउने ब्याक्टेरिया पत्ता लगाउनका लागि सुरुको पिसाबलाई बग्न दिएर बीचको पिसाबलाई कल्चर टेस्ट गर्ने।

३. महिलाहरुलाई ज्वरो वा सम्बन्धित लक्षणहरु भएमा औलो र क्षयरोगको जाँच गर्ने।

४. विश्व स्वास्थ्य संगठन २०१३ गर्भावस्थाको २४ र २८ औं हप्ताको बीचमा वा गर्भावस्थाको अन्य कुनै पनि समयमा नियमित परीक्षणको क्रममा एक चरणको ७५ ग्राम ग्लुकोज खाँदा त्यसप्रति शरीरले देखाउने प्रतिक्रियाको परीक्षण (single step ७५ gm Oral Glucose Tolerance Test, OGTT) प्रयोग गरेर गर्भावस्थासंग सम्बन्धित मधुमेह रहे नरहेको पत्ता लगाउन सिफारिस गर्दछ।

**साभारः** गर्भवती सेवा तथा सुत्केरी सेवा निरन्तरता सम्बन्धी सहजीकरण सामाग्री, २०७९, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग

*अनुसुची-५*

*गर्भाबस्था तथा प्रसुतिमा महिलाहरुलाई उपलब्ध गराइएका जाँचहरुको अभिलेख तथा प्रतिवेदन फारम*

| सि.नं. | सेवाग्राही महिलाको नाम | उमेर | ठेगाना | मोबाइल नम्बर | जाँच गरिएको सेवाको प्रकार | जाँच गर्दा लागेको शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |

*अनुसुची- ६*

*गर्भाबस्था तथा प्रसुतिमा महिलाहरुलाई उपलब्ध गराइएका जाँचहरुको माशिक रुपमा सस्थामा टास गर्नुपर्ने फारम*

| सि.नं. | उमेर | ठेगाना | जाँच गरिएको सेवाको प्रकार | जाँच गर्दा लागेको शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |

*अनुसुची- ७*

*१० वर्षमुनिका बालबालिकालाई उपलब्ध गराइएका स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन फारम*

| सि.नं. | सेवाग्राहीको नाम | उमेर | ठेगाना | मोबाइल नम्बर | प्रदान गरिएको सेवाको प्रकार | प्रदान गर्दा लागेको सेवाको शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |

*अनुसुची- ८*

*१० वर्षमुनिका बालबालिकालाई उपलब्ध गराइएका स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन फारम*

| सि.नं. | उमेर | लिङ्ग | उमेर | ठेगाना | प्रदान गरिएको सेवाको प्रकार | प्रदान गर्दा लागेको सेवाको शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |

*अनुसुची-९*

*स्थानीय तह तहतका न्यनतम सेवा मापदण्ड (MSS) समीक्षा गर्नुपर्ने सरकारी अस्पतालहरुको नामावली*

| सि.नं. | MSS का लागि जिम्मेवार निकाय | MSS समीक्षा गर्नुपर्ने अस्पतालहरु |
|---|---|---|
| १ | स्वास्थ्य कार्यालय झापा | कनकाई नगर अस्पताल<br>दमक अस्पताल<br>बिर्तामोड नगर अस्पताल<br>शनिस्चरे नगर अस्पताल |

| | | |
|---|---|---|
| | | मेचिनगर नगर अस्पताल<br>गौरिगञ्ज नगर अस्पताल |
| २ | स्वास्थ्य कार्यालय मोरङ्ग | सुन्दर हरैचा अस्पताल<br>पथरी अस्पताल<br>लेटाङ्ग अस्पताल<br>केराबारी अस्पताल<br>मिक्लाजुङ्ग अस्पताल<br>ग्रामथान अस्पताल |
| ३ | स्वास्थ्य कार्यालय सुनसरी | चतरा अस्पताल<br>इटहरि अस्पताल |
| ४ | जिल्ला अस्पताल ईनरुवा | दुहवी अस्पताल<br>हरिनगर अस्पताल<br>रामधुनी अस्पताल |
| ५ | जिल्ला अस्पताल उदयपुर | बेलका अस्पताल<br>उदयपुरगढी अस्पताल |
| ६ | स्वास्थ्य कार्यालय उदयपुर | चौदण्डिगढी अस्पताल |
| ७ | स्वास्थ्य कार्यालय धनकुटा | पाखिबास अस्पताल<br>महालक्ष्मी अस्पताल |
| ८ | जिल्ला अस्पताल भोजपुर | हतुवागढी अस्पताल<br>अरुण गाँउपालिका अस्पताल |
| ९ | जिल्ला अस्पताल संखुवासभा | चैनपुर असपताल<br>सिलिचोङ्ग अस्पताल (ताम्कु)<br>मकालु अस्पताल |
| १० | जिल्ला अस्पताल ताप्लेजुङ्ग | धुङ्गेसाङ्गु अस्पताल<br>सिरिजङ्गा तेल्लोक अस्पताल |
| ११ | जिल्ला अस्पताल, पाँचथर | रवि अस्पताल |
| १२ | जिल्ला अस्पताल ईलाम | चुलाचुली अस्पताल<br>सुर्योदय फिकल अस्पताल |
| १३ | जिल्ला अस्पताल तेह्रथुम | मेन्छ्याम अस्पताल<br>फेदाप अस्पताल<br>लालीगुराँस अस्पताल |
| १४ | स्वास्थ्य कार्यालय, खोटाङ्ग | ऐसेलुखर्क अस्पताल<br>हलेसी तुवाचुङ्गा अस्पताल |
| १५ | स्वास्थ्य कार्यालय, ओखलढुङ्गा | खिदिम्बा अस्पताल |
| १६ | जिल्ला अस्पताल अस्पताल ओखलढुङ्गा | चिसाङ्खुगढी अस्पताल |

| | | |
|---|---|---|
| १७ | जिल्ला अस्पताल फाप्लु, सोलुखुम्बु | सोताङ्ग अस्पताल<br>थुलुङ्ग दुध कोशी अस्पताल<br>नेचा सल्यान अस्पताल |